# पहिलो अध्याय

# शोधपरिचय

## १.१ शोधशीर्षक :

यस शोधपत्रको शीर्षक **'गोविन्द भट्टका समालोचनाको अध्ययन'** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन :

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको पाठ्यक्रममा आधारित भई तयार गरिएको प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर तह (नेपाली), दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको निम्ति सम्पन्न गरिएको छ ।

## १.३ शोधसमस्या :

**'गोविन्द भट्टका समालोचनाको अध्ययन'** शीर्षकको शोधकार्य निम्न समस्यामा केन्द्रित रहेको छ :

क) गोविन्द भट्टको जीवनी र व्यक्तित्व  कस्तो रहेको छ ?

ख) नेपाली समालोचनामा गोविन्द भट्टको योगदान कस्तो रहेको छ ?

ग) गोविन्द भट्टका समालोचनाभित्र के कस्तो विषय र प्रवृत्ति रहेको छ ?

घ) गोविन्द भट्टद्वारा लिखित भूमिकाहरूको महत्व कस्तो छ ?

ङ) प्रगतिवादी नेपाली समालोचनामा भट्टको योगदान कस्तो रहेको छ ?

## १.४ अध्ययनको उद्देश्य :

प्रस्तावित शोधकार्य निम्न उद्देश्यमा आधारित रहेको छ :

क) गोविन्द भट्टको जीवनक्रम र व्यक्तित्वको पहिचान गर्नु,

ख) प्रगतिवादी नेपाली समालोचकका रूपमा गोविन्द भट्टलाई चिनाउनु,

ग) गोविन्द भट्टको समालोचना यात्राको अध्ययन गर्नु,

घ) समालोचक गोविन्द भट्टको समालोचनाको कृतिपरक अध्ययन गर्नु,

ङ) प्रगतिवादी नेपाली समालोचनामा उनको योगदानको वारेमा मूल्याङ्कन गर्नु,

## १.५ पूर्वकार्यको समीक्षा :

समालोचक गोविन्द भट्टको समालोचकीय व्यक्तित्वका बारेमा हालसम्म गहन अध्ययन भएको छैन । विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा उनका बारेमा प्रशस्तै चर्चा भए पनि उनको समालोचकीय व्यक्तित्वका बारेमा अनुसन्धनात्मक अध्ययन भने भएको पाइँदैन ।

समालोचक गोविन्द भट्टका बारेमा हालसम्म जे-जस्ता कार्यहरू भएका छन् तिनीहरूका विवरण र समीक्षा यहाँ गरिएको छ ।

(क) मोहनराज शर्माले नेपाली साहित्यको संक्षिप्त इतिहास (ने.रा.प्र.प्र.: २०३४, पृष्ठ १३०) मा प्रगतिवादी आलोचना पद्धतिलाई हुर्काउने वरिष्ठ समीक्षकहरूको पंक्तिमा गोविन्द भट्टलाई उभ्याएका छन् ।

(ख) ऋषिराम भुसालले प्रगतिवादी नेपाली समालोचना स्थिति परिधि (सङ्कलन परिवार : २०३८) लेखमा गोविन्द भट्टलाई हृदयचन्द्रसिँह प्रधानमा जस्तै देशको ऐतिहासिक सन्दर्भमा विषयवस्तुलाई राखेर जाँच्ने प्रवृत्ति भएका तथा परिपक्व अध्येताको रूपमा लिएका छन् ।

(ग) विश्वनाथ भण्डारीको केन्द्रविन्दुमा दृष्टिविन्दु सँगाल्दा (केन्द्रविन्दु, केन्द्र १, विन्दु २, श्रा.भा. २०४१, पृष्ठ ५६) शीर्षक लेखमा प्रगतिवादी समालोचक गोविन्द भट्टले नेपाली साहित्यमा देखिएका विकृति, विसङ्गतिका छिद्र-छिद्रलाई औँल्याएको कुरा उल्लेख गरिएको छ ।

(घ) तारानाथ शर्मा, नेपाली साहितयको इतिहास (नवीन प्रकाशन : २०५१, पृष्ठ २६४) कृतिमा गोविन्द भट्ट राजनैतिक दृष्टिकोणलाई बढी महत्व दिएर साहित्यकारलाई जोख्छन् भनी मूल्याङ्कन गर्दछन् ।

(ङ) नरेन्द्र चापागाईं र दधिराज सुवेदी (संपा) काव्य समालोचना (पूर्वाञ्चल साहित्य प्रतिष्ठान : २०५२, पृ: ८८७) कृतिको सम्पादकीयमा गोविन्द भट्ट मार्क्सवादी सौन्दर्यशास्त्रका परिधिमा रहेर गहकिलो समालोचना लेख्ने तीक्ष्ण र परिष्कृत प्रतिभा भएका व्यक्ति हुन् भनी मूल्याङ्कन गरिएको छ ।

(च) हुमकुमारी पाण्डेयले, त्रि.वि. कीर्तिपुर नेपाली शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आठौं पत्रको प्रयोजनको लागि ‘साहित्यकार गोविन्द भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन’ (२०५५) नामक शोधपत्र तयार

पारेकी छिन् । स्रष्टाको जीवन व्यक्तित्व र कृतिकारको कृतिमा दिन खोजको विचार र सन्देशलाई केन्द्रित गरेर स्रष्टाको जीवन र व्यक्तित्वको सापेक्षतामा समाजशास्त्रीय दृष्टिकोणबाट समालोचना गर्ने पद्धतिको स्थापना र विकासमा गोविन्द भट्टको प्रमुख योगदान रहेको छ भनी मूल्याङ्कन गरेकी छिन् ।

(छ) घनश्याम कँडेल (संपा) नेपाली समालोचना (साझा प्रकाशन : २०५५, पृ: ण) कृतिको सम्पादकका तर्फबाटमा सस्तो नारा र गालीगलौजबाट पर बसेर प्रगतिवादलाई मूल सैद्धान्तिक आधारका रूपमा ग्रहण गर्दै गहन चिन्तनमा आधारित आफ्ना कला - साहित्यसम्बन्धी विचारलाई स्वस्थ एवम् सन्तुलित ढङ्गले समालोचनाका रूपमा व्यक्त गर्नु समालोचक गोविन्द भट्टको विशेषता हो भनी मूल्याङ्कन गर्दछन् ।

(ज) रविलाल अधिकारी, प्रगतिवादी नेपाली समालोचना (लेकाली प्रकाशन : २०५६, पृष्ठ १९२) कृतिमा प्रगतिवादी नेपाली समालोचनाको मूल्याङ्कन गर्दा गोविन्द भट्टको कृतित्व कोसेढुङ्गा बनेर देखा परेको यथार्थ पनि यहाँ विर्सन सकिन्न भन्दै मूल्याङ्कन गर्दछन् ।

(झ) नरेन्द्रराज प्रसाईं (संपा) नेपाली साहित्यका समालोचक र समालोचना (एकता प्रकाशन : २०५७ , पृष्ठ १४१ ) कृतिमा गोविन्द भट्ट समालोचना पद्धतिलाई माथिल्लो दर्जाको साहित्यिक निष्ठाका रूपमा स्वीकार्ने गर्छन् भनी मूल्याङ्कन गरेका छन् ।

ञ) घनश्याम ढकालले (संपा) यथार्थवादी नेपाली समालोचना (गण्डकी साहित्य संगम : २०६२, पृ: घ) कृतिको आमुखमा वर्तमानको प्रगतिवादी समालोचना शुद्ध प्रगतिवादी नभएर प्रगतिशील र प्रगतिवादी दुबैको समष्टिगत रूप हो भन्दै यसै धारअन्तर्गत राखेर गोविन्द भट्टलाई मूल्याङ्कन गरेका छन् ।

### १.६ शोधपत्रको औचित्य :

नेपाली समालोचनाका क्षेत्रमा योगदान पुऱ्याउने गोविन्द भट्टका बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको सन्दर्भमा अध्ययन गरिएको शोधकार्य भइसकेको भएपनि उनको समालोचनात्मक योगदान र कृतित्वको कृतिपरक अध्ययन गरी नेपाली समालोचनाका क्षेत्रमा उनको योगदानको चर्चा गर्नुका साथै मूल्याङ्कन गर्नु नै यसको औचित्य रहेको छ ।

### १.७ अध्ययनको सीमाङ्कन :

समालोचक गोविन्द भट्टद्वारा लिखित **'गोविन्द भट्टका समालोचना**-२०५५', समालोचनात्मक कृति र **'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू** -२०५७' समालोचनात्मक निबन्ध कृतिको कृतिपरक अध्ययन गरी नेपाली समालोचनाका क्षेत्रमा गोविन्द भट्टले पुऱ्याएको योगदानमाथि प्रकाश पार्ने कार्यमा यो शोधकार्य सीमित रहेको छ ।

### १.८ सामग्री सङ्लन विधि :

प्रस्तावित शोधकार्यलाई विश्वसनीय एवम् पूर्ण प्रामाणिक बनाउन विविध सामग्रीको सङ्कलन, अध्ययन-सम्पादनको आवश्यकता देखिन्छ । प्रस्तुत शोधकार्यको लागि अवलम्बन गरिएको सामग्री सङ्कलन विधि मूलत : पुस्तकालयीय रहेको छ । यसैगरी क्षेत्रीय अनुसन्धान विधिको अवलम्बनद्वारा पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.९ शोधविधि :

प्रस्तावित शोधकार्यलाई पूर्णता दिन कृतिपरक, सैद्धान्तिक, व्यावहारिक, जीवनीपरक तथा समाजपरक समालोचना प्रणालीका साथै वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक विधिको अवलम्बन गरिको छ ।

### १.१० शोधपत्रको ढाँचा :

प्रस्तुत शोधपत्रको बाह्य संरचनालाई संगठित र व्यवस्थित रूप दिनका लागि निम्न अध्याय एवम् शीर्षक-उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एक : शोधपरिचय ।

अध्याय दुई : समालोचक गोविन्द भट्टको जीवनी र व्यक्तित्व ।

अध्याय तीन : नेपाली समालोचना परम्परा र गोविन्द भट्ट ।

अध्याय चार : गोविन्द भट्टका समालोचनात्मक कृतिहरूको अध्ययन ।

अध्याय पाँच : उपसंहार ।

सन्दर्भग्रन्थसूची ।

# दोस्रो अध्याय

# गोविन्द भट्टको जीवनी र व्यक्तित्व

## २.१ जीवन सन्दर्भ

### २.१.१ जन्म र बाल्यकाल

नारायणी अञ्चलमा पर्ने रौतहट जिल्लाको पुरेनवा गाउँमा वि.सं. १९९४ साल साउन २ गते विहीबार बाबु रूद्रनाथ उपाध्याय र आमा शैलपुत्रीदेवीको जेठो छोराको रूपमा तर्कनाथ (तपेश्वर) भट्टको जन्म हुन्छ । कट्टर ब्राह्मण परिवारको कठोर धार्मिक अनुशासनमा रही निरन्तर संस्कृत भाषाका लघुसिद्धान्तकौमुदी, रुद्री, चण्डीजस्ता पुस्तकका पानामा हराउने उही तर्कनाथ भट्ट आजका वरिष्ठ साहित्यकार, चिन्तक तथा समालोचक गोविन्द भट्ट हुन् (शोधनायकबाट प्राप्त जानकारी) । धादिङ पैत्रिक थलो भएका भट्ट काठमाडौंस्थित लाजिम्पाटको खोर्सानेटारमा बसोबास गर्छन् ।

टाइफाइड रोगबाट ग्रसित सुत्केरी आमा शैलपुत्रीदेवीको रोगी कोखबाट अर्धमृत अवस्थामा भट्टको जन्म हुन्छ । त्यसैले उनी आमाको पोषिलो दूध र न्यानो अँगालोबाट बञ्चित भई कमजोर शारीरिक अवस्थाको सिकार बन्दछन् । यसकारण भट्ट हजुरआमाको अधिक वात्सल्य-प्रेम र निगरानीमा बाल्यकाल बिताउँछन् । उनी घरबाहिर हिँडडुल गर्न र साथीहरूसँग खेलेर रमाउन पनि पाउँदैनन् । परिणामस्वरूप यसैबेलादेखि भट्टमा अन्तर्मुखी स्वभाव विकसित हुन्छ भने बाह्र बर्षको कलिलो उमेरमै मातृवियोग सहनुपर्दा उनको बालहृदयमा कहिल्यै नपुरिने गहिरो चोट लाग्दछ । त्यसैले उनी खोलाको किनारमा एक्लै बसिरहने, मान्छेको भीडबाट टाढै रहने, साथीभाइ, छरछिमेक कसैलाई नभेट्ने, एकान्तमा बसी किताबहरू पढिरहने, कविता लेख्न प्रयास गर्ने, सङ्गीत सुन्ने आदि कार्य गरी मन बहलाउने प्रयास गर्दथे । बुबा रुद्रनाथ उपाध्यायद्वारा सङ्कलित वेद, पुराण, महाभारत, रामायण, कृष्णचरित्रलगायत अन्य पुस्तकहरू भट्टले त्यसैबेला पढेका थिए (शोधनायकबाट प्राप्त जानकारी) । आफ्ना बालदौंतरीहरूसँग धोको फुकाएर खेल्ने पूर्ण स्वतन्त्रता नपाए पनि भकुन्डो र पौडी भनेपछि हुरूक्क हुने भट्ट लुकिछिपी साथीहरूलाई साथ दिन भने पछि पर्दैनथे ।

यसरी हजुरआमाको अघोर मायासँगै कठोर अनुशासन तथा आफन्तहरूको एकोहोरो निगरानी र पूर्ण धार्मिक वातावरणमा रही संस्कृत भाषाको निरन्तर अध्ययनमै गोविन्द भट्टको बाल्यकाल व्यतीत भएको पाइन्छ ।

### २.१.२ शिक्षादीक्षा

संस्कृतमय पारिवारिक वातावरणमा हुर्किएका गोविन्द भट्टको अक्षरारम्भ घरमै सम्पन्न हुन्छ । उनी नौ वर्षको हुँदा गौरको श्री ३ जुद्ध हाइस्कूलमा कक्षा चारमा भर्ना हुन्छन् र सोही स्कूलबाट माध्यमिक तहसम्मको शिक्षा पूरा गर्दछन् । विद्यालय अध्ययनकै क्रममा वि.सं. २००८ सालमा **"शोषितपुकार"** कविता र **"आमा नेपाल"** निबन्धको प्रकाशन गरी साहित्य लेखनको आरम्भसँगै साहित्यिक कार्यक्रम, गोष्ठि, हस्तलिखित पत्रिका प्रकाशन आदि कार्यमा अभिरुचिपूर्वक संलग्न रहन्छन् । वि.सं. २०११ सालमा वनारसबाट प्रवेशिका परीक्षामा उत्कृष्ट स्थान हासिल गर्छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

परिवारमा बढ्दो आर्थिक सङ्कटलाई झेल्दै द्रोणशमशेरको सहयोगमार्फत वि.सं. २०१२ सालमा वनारसको दयानन्द एङ्लो बैदिक कलेजमा आई.ए. तहको शिक्षाको लागि भर्ना हुन्छन् । आई. ए. अध्ययनकै क्रममा तत्कालीन वनारसको धार्मिक वातावरण तथा निरस घरायसी वातावरणका कारण उनी केही समय बैरागी बनेपनि भरतमोहन अधिकारी, कमल कोइराला, गणेशराज शर्मा जस्ता प्रगतिशील साथीहरूको निकटताले पुनः पढाइमा रूचि लागी आई. ए. परीक्षा उत्तीर्ण गर्न सफल हुन्छन् । यसरी पढाइमा उत्कृष्टता हासिल गरेकै कारण निःशुल्क छात्रवृत्तिमा अध्ययनरत भट्ट सन् १९५८ मा काशी हिन्दु विश्वविद्यालयबाट बी.ए. सम्मको अध्ययन पूरा गर्न सफल हुन्छन् (पाण्डेय : शो.प. २०५५) ।

भारत सरकारबाट प्राप्त हुने कोलम्बो छात्रवृत्तिमा छानिएका भट्ट लखनउ विश्वविद्यालयबाट दर्शनशास्त्रमा एम. ए. उत्तीर्ण हुन्छन् । पछि पुनः सन् १९६१ मा कोलम्बो योजनाको निःशुल्क छात्रवृत्तिमा छानिई पाश्चात्य दर्शनअन्तर्गत विद्यावारिधि शोधकार्यमा दत्तचित्त भएर लाग्दछन् । तोकिएको समयमा शोधकार्य पूरा नभएको साथै अर्थाभाव पूरा गर्ने बैकल्पिक स्रोत कतै नपाएकोले गोविन्द भट्टको पी.एच.डी. गर्ने सपना जीवनभर पूरा हुँदैन ।

### २.१.३ पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था

कट्टर ब्राह्मण परिवारको कठोर अनुशासनमा रही निरन्तर संस्कृत शिक्षाको एकोहोरो अध्ययनमा गोविन्द भट्टको बाल्यकाल व्यतीत भएको पाइन्छ । पाश्चात्य साहित्य र दर्शनको प्रभाव, प्रगतिशील विचारका साथीहरूको सङ्गत, दयनीय पारिवारिक आर्थिक अवस्थाका कारण गर्नुपरेको संघर्ष तथा तत्कालीन निरङ्कुश सामन्ती राज्यव्यवस्थाको शोषण र दमनको परिणामस्वरूप भट्ट प्रगतिवादी दर्शनलाई आत्मसात् गर्दछन् (शोधनायकबाट प्राप्त जानकारी) । वि.सं. २०१२ सालमा वनारसको दयानन्द एङ्लो वैदिक कलेजमा अध्ययन गर्दै ट्युसन पढाउने क्रममा आफ्नै विद्यार्थी इन्दिरा पुरीसँग प्रेम गरी वि.सं. २०२० साल जेठ १७ गते उनीसँगै

अन्तर्जातीय विवाह गर्दछन् । पारिवारिक तिरस्कार, गाउँले तथा आफन्तहरूको विरोधलाई पन्छाउँदै इन्दिरासँगै जीवन बिताइरहेका भट्ट व्यावहारिक दृष्टिले पनि प्रगतिशील देखिन्छन् । वि.सं. २०२२ र २०२४ मा क्रमशः लूना र शिरीष नाम गरेका दुई छोरीको जन्म हुन्छ । हाल उनीहरूमध्ये जेठी लूना भट्ट डाक्टरी पेसा गरी अमेरिकामा बस्दछिन् भने कान्छी छोरी शिरीष क्षेत्री भारतमा बसेर बैवाहिक जीवन बिताइरहेकी छिन् ।

निम्नमध्यम वर्गीय भट्ट आर्थिक सङ्कटको रापमा पिल्सिदै सङ्घर्षको जीवनयात्रालाई अघि बढाउँछन् । ट्युसन पढाएर खर्च जुटाउने भट्ट एम.ए. पास गरिसकेपछि पनि जागिर नपाउँदा परिवार धान्न पुनः ट्युसन नै पढाउन बाध्य भएको पाइन्छ । आफ्ना लेखहरू छपाएबापत प्राप्त पैसा र ट्युसनबाट प्राप्त पैसा नै यो समयको उनको प्रमुख आयस्रोत देखिन्छ । यसरी सङ्घर्षशील जीवन विताइरहेका गोविन्द भट्टले वि.स. २०२९ सालदेखि २०३६ सालसम्म प्रथम पटक र वि.स २०४२ देखि २०४९ सालसम्म दोस्रो पटक गरी क्रमशः **'चीन रेडियो अन्तर्राष्ट्रिय**'मा नेपाली भाषा विशेषज्ञ र **'चीन सामाजिक विज्ञान एकेडेमीमा'** अतिथि प्राध्यापक भई कार्य गरेपछिचाहिँ उनको आर्थिक अवस्थामा सुधार आएको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । श्रीमती इन्दिरा भट्टको शिक्षणकार्यबाट पनि भट्टलाई आर्थिक राहत मिलेको पाइन्छ । पछि **'गोरखापत्र संस्थानको अध्यक्ष'**(२०५२), **'श्री सगरमाथा दैनिकको प्रधान सम्पादक**' (२०५३) र **'नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्राज्ञ'** (२०६२) भई कार्य गरेका भट्टको वर्तमान आर्थिक अवस्था भने राम्रै रहेको पाइन्छ । यसरी भिन्न-भिन्न समयमा भिन्नभिन्न पेसामा लाग्नुपर्ने बाध्यता रहे पनि परिश्रमी भट्टको मिहिनेतको फल नै उनको जीविकोपार्जनको मुख्य स्रोत हो भने स्वतन्त्र चिन्तनमनन, अध्ययन-अनुसन्धानका क्षेत्रमा गरिएको परिश्रम नै अर्थोपार्जनको वर्तमान स्रोत रहेको बुझिन्छ ।

हाल लाजिम्पाट काठमाडौँको खोर्सानिटारस्थित दुई तले सुन्दर घरमा श्रीमती इन्दिरासँग बसिरहेका भट्ट भेटघाट, छलफल र साहित्यिक-साँस्कृतिक कार्यक्रममा व्यस्त रहेका छन् । विभिन्न नयाँपुराना लेखकका कृतिहरूको भूमिका लेखिदिएर प्रेरणा र हौसला प्रदान गर्दै निरन्तर किताबका ठेलीहरूमा आफूलाई हराइरहने सत्तरी वर्षे भट्टले **"स्वाध्यायन मा प्रमदः"** भन्ने उपनिषद्को उक्तिलाई व्यवहारमा उतारेको पाइन्छ ।

## २.२ गोविन्द भट्टको व्यक्तित्व

### २.२.१ बाह्य व्यक्तित्व

सत्तरी वसन्त पार गरिसकेका भट्टको लगभग पाँच फिट उचाइ र ७० के.जी. तौल भएको पुष्ट शरीर, कालो वर्ण र मझौला कद मिलेको पाइन्छ । भ्याप्प सेतै फुलेका लामालामा कपाल र दाह्री, फराकिलो नाक, ठूल्ठूला कान, राम्रा आँखा, बाटुलो निधार नै भट्टको बाह्य व्यक्तित्व हो । वाल्यकालमा पिँजड रोगी भट्ट यौवनसँगै फुटबल, कुस्ती, पौडी आदि खेलेर स्वस्थ बने भने अद्यापि बिहान बेलुकाको नियमित योग र ध्यानद्वारा पूर्ण स्वस्थ रहेका छन् । जीवन र जगतलाई महान् विपना ठान्ने प्रगतिशील चिन्तक गोविन्द भट्टको बाह्य व्यक्तित्व प्रेरणादायी छ ।

### २.२.२ आन्तरिक व्यक्तित्व

मान्छेको आहारविहार, रहनसहन, आचारविचार, भावना र व्यवहारसित उसको आन्तरिक व्यक्तित्व गाँसिएको हुन्छ । गोविन्द भट्टको साहित्यिक व्यक्तित्वअन्तर्गत मूलतः समालोचक व्यक्तित्व रहे पनि निबन्धकार, कवि, भूमिका लेखक, पत्रकार, अनुवादक आदि व्यक्तित्व रहेका छन् । उनका यी व्यक्तित्वहरूका बारेमा तलका उपशीर्षकहरूमा छलफल गर्नु उपयुक्त हुन्छ ।

### २.२.३ समालोचक व्यक्तित्व

गोविन्द भट्टको साहित्यिक व्यक्तित्वका विभिन्न पाटामध्ये समालोचक व्यक्तित्व प्रमुख पाटो हो । कविताविधाबाट नेपाली साहित्यमा प्रवेश गरेका भट्ट नेपाली समालोचनाका क्षेत्रमा बढी सफल भएका छन् । उनले सैद्धान्तिक र व्यावहारिक दुबै किसिमका समालोचना गरेका छन् । भट्टको **"गोविन्द भट्टका समालोचना** -२०५५" नामक एउटा मात्र समालोचना कृति प्रकाशित भएपनि **"गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू**-२०५७" समालोचनात्मक निबन्धहरू समेटिएको कृति पनि यस क्षेत्रमा उल्लेख्य छ । यसैगरी विभिन्न साहित्यकारहरूका कृतिहरूमा लेखिएका भूमिका, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, निबन्ध, अभिमत र अन्तर्वाताहरू पनि उनका समालोचनाका साक्ष्य हुन् ।

"प्रगतिवादले स्थापना गरेका सैद्धान्तिक मान्यताहरूलाई व्यावहारिकतामा परिचालन गर्न उपयुक्त सम्भावनाहरू खोज्ने शैली लिई तार्किकता र विश्लेषणात्मकता अँगाल्दै भट्टले सन्तुलितरूपमा आफ्ना आलोचनाहरू लेखेका छन् । भट्ट मूलरूपमा राष्ट्रवादी प्रवृत्तिका प्रगतिवादी समालोचक हुन् । नेपाल र नेपालीको विकास र उत्थानका निम्ति प्रगतिवाद आवश्यक छ र प्रगतिवादले नै राष्ट्रियताको संरक्षण र उत्थान गर्न सक्छ भन्ने प्रगतिवाद र राष्ट्रवादका बीचको समन्वित भावनामा यी दुबैको सार्थकता देख्ने प्रवृत्ति भट्टका समालोचनामा पाइन्छ (अधिकारी :

२०५६, पृ: १८८) ।" "रूढिग्रस्त, अवैज्ञानिक र असामाजिक विचारसित संघर्ष गरेर नयाँ, वैज्ञानिक र समष्टिवादी जनसंस्कृतिको विकास गरिनुपर्छ भन्ने धारणा राख्ने भट्टका समालोचना मार्क्सवाद र त्यसको कला-साहित्यसित सम्बन्धित दृष्टिकोणमा आधारित छन् भन्ने कुरा स्पष्ट छ (कँडेल : २०५५, पृ:१६६) ।"

जे होस्, गोविन्द भट्ट एक बौद्धिक, प्रतिभाशाली, प्रखर एवं सशक्त समालोचक हुन् । मार्क्सवादी दर्शनलाई नेपाली सन्दर्भका साथ प्रस्तुत गरी विशिष्ट किसिमको मौलिक नेपाली समालोचना परम्पराको निर्माण उनको अभीष्ट देखिन्छ । शास्त्रीयपद्धति, जनपक्षीय विचार, ज्ञानविज्ञानका अवधारणाहरू, समाजिक-साँस्कृतिक मूल्यमान्यता तथा युगीन विकास आदिको सेरोफेरोमा कृति र कृतिकारको मूल्याङ्कन गर्ने गोविन्द भट्ट प्रगतिशील समालोचक हुन् भन्ने यथार्थ विभिन्न विचारक, विद्वान तथा समालोचकहरूको धारणाबाट प्राप्त हुन्छ ।

### २.२.४ निबन्धकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये गोविन्द भट्टको निबन्धकार व्यक्तित्व पनि प्रखर र सशक्त बनेको पाइन्छ । वि.स. २००८ सालमा वनारसबाट प्रकाशित हुने युगवाणी पत्रिकामा **"नेपाल आमा"** शीर्षकको निबन्ध छपाई पुरस्कृत पनि भएको पाइन्छ । उनका उन्नाइसवटा निबन्धहरूको सङ्गालो **"गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू**-२०५९" सालमा प्रकाशित भयो । यसदेखि बाहेक उनका विभिन्न पत्रपत्रिकामा छरिएका वैचारिक लेखहरू पनि प्रशस्तै पाइन्छन् । पूर्वार्द्धभन्दा उत्तरार्द्धमा भट्टको वैचारिकता प्रवल बनेको साक्ष्य उनका पछिल्ला सिर्जनाहरूबाट प्राप्त हुन्छ । "विचारमा जीवन सापेक्षता, भाषामा स्पष्टता, सरलता र अभिव्यक्तिमा यथार्थता हुनु भट्टका निबन्धमा पाइने प्रगतिवादिताको मूल धर्म हो (सुवेदी : २०४३, पृ:१६२) ।" निजात्मक, भावपरक, पत्रात्मक, जीवनीपरक, प्रबन्धात्मक, विचार-प्रधानजस्ता विविध शैलीका प्रयोक्ता भट्ट मूलतः वैचारिक एवं दार्शनिक निबन्धकार हुन् । मार्क्सवादी चिन्तनलाई नेपाली परिवेश-सापेक्ष नवीनता प्रदान गर्ने अभीष्ट भएका भट्ट खारिएका निबन्धकार हुन् ।

### २.२.५ कवि व्यक्तित्व

गोविन्द भट्ट २००८ सालमा वनारसको **युगवाणी** पत्रिकामा **शोषित पुकार** शीर्षकको कविता प्रकाशन गरी सिर्जनाक्षेत्रमा प्रवेश गरेका हुन् । तत्कालीन निरङ्कुश राजनीतिक वातावरणका कारण भट्टले विभिन्न छद्‌मनामद्वारा पनि कविता छपाएको पाइन्छ । **आकुल**, **व्याकुल** तथा **जी.बी.** जस्ता उपनामद्वारा कविता छपाउने भट्टले सुरूमा हिन्दी भाषामा कविता लेखेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारी) । हालसम्म भट्टका **गुण्डा-दर्प-दलन** (२०४३), र

**शान्तिसन्देश** (२०२४) दुईवटा लामा कविता र लगभग छत्तीस वटाजति फुटकर कविताहरू पनि प्रकाशित भइसकेका छन् ।

गोविन्द भट्टका कवितामा सरल, सरस र नरम भाषाको प्रयोग भएको पाइन्छ । काव्यात्मकता र वैचारिकताको कुमजोडाइ पाइने भट्टका कविताले प्रगतिशील विचारको पक्षपोषण गर्दछन् ।

### २.२.६ अनुवादक व्यक्तित्व

गोविन्द भट्टको व्यक्तित्वको अर्को महत्वपूर्ण पाटो अनुवादक व्यक्तित्व पनि हो । भट्टले तत्कालीन जनवादी चीनका नेता अध्यक्ष माओ त्से तुङद्वारा लिखित **अन्तर्विरोध बारे** (२०२५) जस्तो विश्वविख्यात दार्शनिक कृतिलाई नेपाली भाषामा अनुवाद गरेका छन् । तत्कालीन राजनीतिक अवस्थामा पार्टीभित्र देखिने वैचारिक विचलन, खटपट र द्वन्द्वजस्ता गम्भीर खतरालाई पन्छाउने उद्देश्य लिएर लेखिएको यस कृतिको महत्व अद्यापि उल्लेख्य छ । मार्क्सवादअन्तर्गत द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित यस कृतिको अनुवाद गरी भट्टले आफूलाई एक सचेत र सिद्धहस्त अनुवादकको रूपमा उभ्याएका छन् । भट्टले अङ्ग्रेजी भाषाबाट नेपालीमा नेपाली भाषाबाट अङ्ग्रेजी भाषामा अन्य विभिन्न भाषाका रचनाहरू पनि अनुवाद गरेको पाइन्छ । विश्वसंस्कृतिसँग परिचित हुन, लेखकहरूलाई सङ्कीर्णताबाट मुक्त गर्न र आफ्नो भाषालाई समृद्ध पार्नका लागि अनुवाद हुनुपर्छ । मातृभाषा भनेको घरको झ्याल हो, अनुवादले घरको छतबाट देखिने फराकिलो दृश्य देखाउँछ भन्ने भट्टले उपर्युक्त कृतिहरूका अतिरिक्त **हो चि मिन्हका कविताहरू**, अफ्रिकाली/अरबेली कविताहरू साथै माओ त्से तुङका कविताहरू पनि अनुवाद गरेका छन् । हिन्दी, अङ्ग्रेजी, संस्कृत तथा नेपाली भाषामा राम्रो दख्खल भएका भट्टको अनुवादक व्यक्तित्व पनि उच्च रहेको पाइन्छ ।

### २.२.७ भूमिका लेखक व्यक्तित्व

गोविन्द भट्टको व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये भूमिका लेखक व्यक्तित्व पनि उल्लेख्य रहेको पाइन्छ । भट्टको भूमिका लेखन शैली मौलिक एवं पृथक् खालको रहेको पाइन्छ । प्रगतिशील विचारका पक्षधर भट्ट सैद्धान्तिक मान्यताकै परिधिमा रही कृतिको सूक्ष्म विश्लेषणमा मात्रै सीमित रहेका छैनन् । कृति र कृतिकारको पृष्ठभूमि, सामाजिक सङ्घर्ष, परिस्थिति र प्रभावको साङ्गोपाङ्ग अध्ययनका क्षेत्रमा भट्टको भूमिका लेखक व्यक्तित्व फैलिएको पाइन्छ । नयाँ तथा सिकारु साहित्यकारका कृतिको भूमिका लेखी प्रेरणा र हौसला प्रदान गर्ने चाहना भट्टमा रहेको पाइन्छ । अपरिचित र मोफसलका स्रष्टाहरूका कृतिलाई प्राथमिकता दिई भूमिका लेख्ने भट्ट गुणग्राही समीक्षकका रूपमा आफूलाई प्रस्तुत गर्दछन् । सिकारु स्रष्टाहरूलाई हौसला प्रदान गर्ने सन्दर्भमा

गुणको बढी तारिफ गरी दुर्गुणहरूलाई सुझावका रूपमा प्रस्तुत गर्नु भट्टको भूमिका लेखनमा देखिएको मौलिकपन हो ।

लगभग पैंतीस/चालीसवटा जति भूमिका लेखिसकेका भट्टका कतिपय भूमिकाहरूको आयाम व्यापक रहेको पाइन्छ । मूलतः स्रष्टाहरूको प्रतिभालाई प्रस्फुटन गराउनु, उचित सल्लाह-सुझाव, हौसला र प्रेरणा प्रदान गर्नु, मौलिकतातर्फ बढी झुकाव राख्नु, गुणग्राही बनी दोषहरूप्रति खासै चासो नदेखाउनु आदि शक्ति र सीमाहरूको बीचमा भट्टको भूमिका लेखक व्यक्तित्वले पहिचान प्राप्त गर्दछ ।

**२.२.८ सामाजिक तथा राजनीतिक व्यक्तित्व**

गोविन्द भट्टले साहित्य सिर्जनाका साथसाथै सामाजिक क्षेत्रमा पनि उल्लेख्य योगदान दिएका छन् । साहित्य साधानासँगै सामाजिक उत्थानका लागि संघ-संस्थामा संलग्न हुँदै उत्सुकतापूर्वक जिम्मेवारी वहन गरेको पाइन्छ । **अफ्रो एशियाली जनएकता सङ्गठन नेपालको सचिव, नेपाल शान्तिपरिषद्मा सह-सचिव, नेपाल चीन मैत्री सङ्घको प्रकाशन विभागका निर्देशक, सन् १९६६ मा अफ्रो एसियाली लेखक सम्मेलन(पेचिङ)मा नेपाली प्रतिनिधि मण्डलको सदस्य, चीन रेडियो अन्तर्राष्ट्रियमा नेपाली भाषा विशेषज्ञ, चीन सामाजिक विज्ञान एकेडेमीमा अतिथि प्राध्यापक लगायत अध्यक्ष प्रगतिशील लेखक संघ** (२०५२), **कार्यकारी अध्यक्ष गोरखापत्र संस्थान** (२०५२), **श्री सगरमाथा दैनिकको प्रधान सम्पादक** (२०५३/०५४), **नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्राज्ञ** (२०६२) जस्ता संस्थाहरूमा रही महत्वपूर्ण भूमिका सफलतापूर्वक निर्वाह गरेको प्रष्ट हुन्छ ।

मार्क्सवादी विचारबाट प्रभावित भट्ट कुनै पनि राजनीतिक पार्टीको टिकट लिएर पार्टी राजनीतिमा सक्रिय रहेको पाइँदैन । सुरुमा काङ्ग्रेस पार्टी निकट रहे पनि पछि प्रगतिशील विचारका साथीहरूको सङ्गत तथा मार्क्सवादी दर्शनको अध्ययनले गर्दा कम्युनिष्ट पार्टीतर्फ आकृष्ट हुन्छन् । कम्युनिष्ट विचारका समर्थक भट्ट पार्टीगत राजनीतिको सीमित घेरामा नसमेटिए पनि आफूलाई एमाले निकट व्यक्तिको रूपमा गरिएको मूल्याङ्कनलाई केवल संयोग मात्र भएको स्वीकार्दछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

यसरी साहित्य तथा विभिन्न सामाजिक-साँस्कृतिक संघ-संस्थामा आबद्ध रही सामाजिक विसङ्गतिलाई हटाउन सङ्गठित भई लाग्नुले भट्टमा सामाजिक दायित्वबोध उच्च रहेको पाइन्छ । त्यस्तै प्रगतिशील विचारबाट प्राप्त प्रेरणा र प्रभावद्वारा कम्युनिष्ट पार्टीप्रति आकृष्ट भई बेलाबेलामा राजनीतिक सल्लाहसमेत प्रदान गरी स्वस्थ राजनीतिक वातावरणको निर्माणमा प्रत्यक्ष-अप्रत्यक्ष भूमिका खेल्नुले भट्टको राजनीतिक व्यक्तित्व पनि उल्लेख्य रहेको प्रष्ट हुन्छ ।

### २.२.९. साहित्यिक मान्यता र वैचारिक अवधारणा

कवि, निबन्धकार र समालोचकका साथै चिन्तक एवम् दार्शनिक व्यक्तित्वका रूपमा स्थापित गोविन्द भट्टका दार्शनिक वैचारिक चिन्तनहरू साहित्य यात्राको प्रथम चरणका निबन्धहरूबाटै अभिव्यक्त भएका पाइन्छन् । भट्टद्वारा अभिव्यक्त मार्क्सवादी, भौतिकवादी चिन्तनहरू निबन्धका अतिरिक्त लेख, रचना, अन्तर्वार्ता तथा भूमिकासम्म फैलिएको छ । राजनीति, कला, साहित्य, धर्म दर्शन आदि विषयमा प्रस्तुत चिन्तनहरू लेखरचना, अन्तर्वार्ता, छलफल, गोष्ठी, सम्मेलन आदिका माध्यमबाट जनसमक्ष आएका छन् । यस्ता विचारहरूले राष्ट्रिय हित विपरीत भएका सैद्धान्तिक, वैचारिक अवधारणाहरूको खण्डन गरी सही र सटीक रूपमा राष्ट्रिय चिन्तनलाई अघि सार्ने काम गरेका छन् । विदेशी अन्धानुकरणका विरोधी भट्ट नेपाली कला, साहित्य र संस्कृतिका हरेक क्षेत्रमा मौलिक राष्ट्रिय मूल्य र मान्यताको स्थापनाद्वारा विदेशी संस्कृतिसित प्रतिस्पर्धा गर्दै जनतालाई आफूतिर आकर्षित गर्न सक्नुपर्ने राय व्यक्त गर्दछन् । सामन्ती निरङ्कुश राज्यव्यवस्थाद्वारा दयनीय जीवनयापन गर्न विवश निम्नवर्गीय नेपाली जनताहरूप्रति भट्टले सहानुभूति प्रस्तुत गरेका छन् । राष्ट्रको दयनीय अवस्थाप्रति चिन्तन गर्दै स्वतन्त्र एवं समृद्ध राष्ट्रको कामना गर्नु भट्टको चिन्तनको मूल अभिप्राय हो । सरल, सहज र सटीक ढङ्गले आफ्ना जनपक्षीय दार्शनिक विचारहरूलाई रचनाहरूमार्फत अभिव्यक्त गर्नु उनको चिन्तनको वैशिष्ट्य हो । राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, परराष्ट्रनीति, साहित्य, कला, संस्कृति, राष्ट्रिय शिक्षानीति, निम्नवर्गीय जनता तथा महिला, दलित, जनजाति आदि विविध विषयमा भट्टका मौलिक चिन्तनहरू अभिव्यक्त भएका छन् । सामन्ती, पूँजीवादी, कुसंस्कारका विरुद्ध अभिव्यक्त चिन्तनहरू मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादमा आधारित रहेका छन् । धर्म, दर्शन, साहित्य, इतिहास आदि विषयलाई मार्क्सवादी आँखाबाट हेर्नु भट्टको चिन्तनगत प्रवृत्ति हो ।

भट्टले महिला समस्यामा केन्द्रित चिन्तनसम्बन्धी रचनाहरूमा नारीजातिको स्वतन्त्रता र विकासका निम्ति परम्परागत धर्म र संस्कृतिको पुनर्मूल्याङ्कन गर्नु पर्ने राय व्यक्त गरेका छन् । मूलतः नारीसमस्यालाई हेर्ने सही दृष्टिकोण र उपयोगी कार्यशैली जरुरी रहेको धारणा व्यक्त गरेका छन् । सिद्धान्त र व्यवहार बीचको समानताद्वारा मात्रै नारीमुक्ति सम्भव हुने ठहर भट्टको छ । दर्शनशास्त्रका विद्यार्थी भट्टका दर्शनसँग सम्बन्धित लेखहरू पनि उल्लेख्य रहेका छन् । ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण, माओवादी सौन्दर्यशास्त्र, नौलोजनवाद, नौलो जनवादी संस्कृति, विकासवाद, यथार्थवाद, आलोचनात्मक यथार्थवाद, सामाजिक मानववाद, व्यक्तिस्वतन्त्रतावाद आदि विभिन्न दर्शनसँग सम्बन्धित विचारहरू भट्टका विभिन्न लेखहरूमा प्रस्तुत भएका छन् । मूलतः वैज्ञानिक दृष्टिकोण, पूँजीवाद, सामन्तवाद विरोधी भावना,

साम्राज्यवादी, उपनिवेशवादी, विस्तारवादी नीतिको विरोध, राष्ट्रनिर्माणमुखी सोच, स्वतन्त्रता, समानता एवं राष्ट्रियता सम्बन्धी चिन्तनहरू भट्टका लेखहरूका प्रमुख पक्षहरू हुन् ।

नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा उत्कृष्ट स्थान बनाउन सफल भट्टका समालोचनात्मक धारणाहरूपनि महत्वपूर्ण छन् । समालोचनाले समाजलाई सही वाटो देखाउनु पर्छ भन्ने विचार भट्टको छ । भट्ट आफ्ना समालोचनाहरूले वर्तमान नेपाली साहित्यभित्र वैचारिक संघर्षको अभियान चलाउन सक्नु पर्ने, समीक्षाक्षेत्रका परम्परावादी शास्त्रीय सिद्धान्त र पाश्चात्य समालोचनाप्रणालीको खण्डन गर्दै मौलिक नेपाली प्रगतिवादी समीक्षासिद्धान्तका विकल्पमा प्रस्तुत भई नेपाली साहित्यले समाज र संस्कृतिका क्षेत्रमा रूपान्तरणकारी भूमिका खेल्नुपर्दछ भन्ने मान्यता स्थापित गर्न सक्नुपर्ने धारणा व्यक्त गर्दछन् । प्रगतिशील साहित्य कहिलेकाहीँ नारावादी पनि बन्न सक्ने धारणा भट्टको छ किनकि अशिक्षित जनताका लागि ठाडै लेख्नु र बोल्नुपर्ने हुँदा त्यस्तोमा सरल, स्पष्ट र नारावादी साहित्य उपयोगी हुने गर्दछ । भट्टका विचारमा प्रगतिशील साहित्य उपयोगी हुने गर्दछ । भट्टका विचारमा प्रगतिशील साहित्यको वैचारिक सारतत्व भनेको सामन्तवाद, साम्राज्यवाद, अवैज्ञानिक तथा अन्धविश्वासी कुराहरूको विरोध गरी समग्र शोषणबाट जनतालाई मुक्ति दिने हुनुपर्दछ । "नेपाली समालोचना पनि नेपाली नै हुनुपर्दछ । नेपालको आफ्नै सौन्दर्यशास्त्रीय चेतना छ, जुन हाम्रो इतिहास, भूगोल र संस्कृतिले निर्धारित गरेको छ (गोविन्द भट्टद्वारा प्राप्त जानकारी) ।" भट्टको यस धारणाका सम्बन्धमा वरिष्ठ प्रगतिवादी सौन्दर्यचिन्तक निनु चापागाइँ भन्दछन् "भट्टले आग्रह गरेको मौलिक नेपाली प्रगतिवादी समीक्षासिद्धान्तको स्थापना सम्बन्धी धारणा अस्पष्ट हुनुमा भट्टको दृष्टिदोष प्रमुख कारण हो । उनी चीनको दृष्टिकोणले नेपाल, नेपाली साहित्य र कला-संस्कृतिलाई हेर्दछन् । राजालाई समेत सँगै लिएर जाने चिन्तन चीनियाँ शासकवर्गबाट प्रभावित चिन्तन हो । भट्ट लामो समयसम्म चीनमा गएर वस्नु यसको प्रमुख कारण हुन सक्छ (चापागाइँबाट प्राप्त जानकारी) । "

त्यसैगरी अर्का प्रगतिशील साहित्यकार तथा समालोचक खगेन्द्र संग्रौलाको विचारमा "गोविन्द भट्टको बल भनेको सौन्दर्यचिन्तनभन्दा दर्शन हो । उनले साहित्य समीक्षामा मार्क्सवादी सौन्दर्यशास्त्रीय मानकलाई राम्ररी प्रयोग गरेका छैनन् । भट्टले साहित्यको शिल्पपक्षलाई उपेक्षा गरी साहित्यमा राजनीतिक नारालाई महत्व दिएका छन् । आजसम्म उनको लेखनमा त्यसै नाराको प्रभाव छ (संग्रौलाबाट प्राप्त जानकारी) ।" परन्तु वि.सं. २०२० को दशकमा सङ्कटग्रस्त बनेको नेपाली प्रगतिवादी-मार्क्सवादी विचारको बीउ जोगाउने कार्यमा भट्टको योगदान महत्वपूर्ण रहेको ठहर संग्रौलाले गरेका छन् । सरल भाषामा गम्भीर समालोचना लेख्न सकिन्छ भन्ने दृष्टान्त बनेका भट्ट सुपठित, संयमित व्यक्तित्व हुन् । सिद्धान्त, दर्शन र सौन्दर्य आदि कुरामा मौलिक दृष्टिकोण बनाई अगाडि बढेका भट्ट यान्त्रिक छैनन् भन्ने विचार साहित्यकार रूद्र खरेलको छ । "नेपाललाई

राम्ररी बुझेर ऐतिहासिक प्रगतिवादी दृष्टिकोणबाट नेपाली परिवेश अनुकूल कृतिको मूल्याङ्कन गर्ने भट्ट प्रत्येक प्रगतिवादी साहित्यकारलाई अध्ययन गर्ने आधार हुन् (रूद्र खरेलबाट प्राप्त जानकारी)।" यसर्थ समालोचक भट्टको समालोचनाकारिताका सम्बन्धमा फरक-फरक मतहरू रहेको पाइन्छ ।

भट्टका विचारमा प्रगतिवादी साहित्यकारहरूले आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर तपस्या गरिरहनु पर्दछ । आदर्श र नैतिकता महत्वपूर्ण कुरा हुन् । व्यक्तिले आदर्शच्यूत र भ्रष्ट हुनु तथा सिद्धान्तबाट बिचलित बन्नु निन्दनीय छ । सैद्धान्तिक तथा नैतिक दृढता प्रगतिवादी, क्रान्तिकारी साहित्यकारहरूका गहना हुन् । "कुनै पनि प्रगतिशील लेखकले सिद्धान्त र व्यावहारमा एकरूपता कायम गर्नै पर्दछ र यो त्यसको चरित्रको एक अनिवार्य पक्ष नै हो । त्यस्तो नगर्नेहरू अन्ततः आफ्नो मार्गबाट विचलित र पतित भएर जान्छन् । जनताले प्रगतिवादीहरूसित इमान्दारिताको अपेक्षा गरेका हुन्छन् (दीपशिखाः पृ.६) ।" त्यसरी चिन्तन र व्यावहारबीच समानता र सन्तुलन रहनु पर्ने धारणा प्रस्तुत गरेपनि स्वयं भट्ट कतिपय सन्दर्भ, प्रसङ्ग तथा समय खण्डमा विवादित समेत बनेका पाइन्छन् । मूलतः वि.सं.२०६२ सालमा तत्कालीन राजा ज्ञानेन्द्र शाहद्वारा शासनव्यवस्था सञ्चालन गर्दाको अवधिमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्राज्ञ बनेर प्रवेश गरेका भट्ट विवादको घेरामा तानिन्छन् । यतिमात्र नभई तत्कालीन शाही शासनकालमा भट्टद्वारा विभिन्न पत्रपत्रिका तथा सञ्चारमाध्यमबाट दिइएका अभिव्यक्तिहरू उक्त कदमको समर्थनमा रहेको भन्ने आरोप पनि भट्टमाथि लागेको पाइन्छ । यसै सन्दर्भमा एकातिर भट्ट **'प्रगतिशील लेखक सङ्घ'** को वरिष्ठ सल्लाहकार रहनु तथा अर्कातिर निरङ्कुश शाही कदमको समर्थनमा अभिव्यक्तिहरू दिँदै प्रज्ञाप्रतिष्ठानमा प्राज्ञको रूपमा प्रवेश गर्नु जस्ता कारणहरू देखाई प्रगतिशील साहित्यकार तथा प्रलेस सदस्य खगेन्द्र संग्रौलाले प्रलेसबाट राजिनामासमेत दिएको पाइन्छ । "अतीतमा श्री भट्ट मार्क्सवादी समीक्षक र प्रगतिशील लेखकसङ्घको अध्यक्ष हुनुहुन्थ्यो । वर्तमानमा उहाँ एकसाथ प्रगतिशील लेखक संघको सल्लाहकार र शाही प्रज्ञाप्रतिष्ठानका सदस्य हुनुहुन्छ । प्रगतिशील लेखकसंघका पदासीन अधिकारीहरूमा भट्टको विरोधाभाषी दोहोरोपद, उहाँको नग्न अवसरवादी प्रवृत्ति र उहाँको घोर लज्जाहीनताप्रति मृतवत् मौनता व्याप्त छ । यो घातक मौनतामा भट्टमार्गी वैचारिक स्खलन र नैतिक क्षयीकरणको प्रतिध्वनि टड्कारै सुन्न सकिन्छ ( सङ्ग्रौलाद्वारा प्रेषित राजिनामा पत्र, ३ साउन २०६२) ।"

यसैगरी तत्कालीन ज्ञानेन्द्र शाहको निरङ्कुश शासन विरुद्धमा सञ्चालित लोकतान्त्रिक आन्दोलनमा देशभरका सारा सचेत, प्रगतिशील बुद्धिजीवीहरू लगायत आम नागरिकहरू सडकमा उत्रिसक्दा गोबिन्द भट्टजस्ता वरिष्ठ प्रगतिशील, मार्क्सवादी चिन्तकद्वारा आन्दोलनलाई समर्थन नगरेको प्रसङ्ग कोट्याउँदै साहित्यकार हरिगोविन्द लुइँटेल भन्दछन्- 'भन्नलाई भने आफूलाई ठूलै प्रजातन्त्रवादी वा प्रगतिशील भानुभक्त हुँ भन्दै हिँड्ने यी भातमारा मानुभक्तहरू लोकतान्त्रिक

आन्दोलनमा सहभागी हुँदैनन् (जनएकताः वर्ष ११, अङ्क २६) ।' उपर्युक्त विषयप्रसङ्ग भट्टको नियत नभई सीमा भएको ठहर प्रगतिशील समालोचक हेमनाथ पौडेलको छ । "प्रज्ञाप्रतिष्ठानकालमा पनि सञ्चारमाध्यममा बोलिएका कुरालाई लिएर उनको आलोचना नभएको होइन तापनि वैचारिक प्रतिवद्धता र लेखनमा हालसम्म कुनै अन्तर आएको छैन, निरन्तरता नै छ । सिद्धान्तनिष्ठता हुँदाहुँदै पनि सन्तुलन कायम गर्ने दृष्टिले व्यावहारिक विनम्रता प्रकट गर्दा वा कतिपय राजनीतिक सन्दर्भहरूमा कुरा गर्नेहरूका वर्गस्वार्थ र बेइमानी नियत नबुझी बोलिदिनाले कहिलेकाहीँ उनी विवादमा तानिन्छन् (कृष्णमणि साहित्य पुरस्कारद्वारा सम्मानित स्रष्टाहरूः पृ.१०)" भन्ने पौडेलको विचार "आफ्नो नियत त्यस्तो नभएको तर मिडियाले गलत ढङ्गले प्रस्तुत गरिदिएर विवादित बनाएको (भट्टद्वारा प्राप्त जानकारी)" भन्ने भट्टको विचारसंग मेल खान्छ । तापनि तत्कालीन शाहीशासनको विरुद्ध सञ्चालित आन्दोलनमा भट्टजस्ता मार्क्सवादी, प्रगतिशील चिन्तक, विचारक तथा समालोचकले सडकमा ओर्लिन नसक्नु, टेलिभिजन तथा अखवारहरूका माध्यमबाट प्रतिगमनलाई सहयोग पुग्ने गरी अभिव्यक्ति दिनु, नेपाली प्रगतिवादी स्रष्टा तथा समालोचकहरूले समेत भट्टको तत्कालीन अभिव्यक्ति तथा व्यावहारको विरुद्धमा आवाज बुलन्द पार्नु आदि कारणहरूका आधारमा भट्टद्वारा तत्कालीन निरङ्कुश शाही कदमलाई घुमाउरो किसिमले सहयोग गरेको स्पष्ट हुन्छ । यसर्थ भट्टद्वारा व्यक्त विचार र उनका व्यावहारबीच असन्तुलन रहेको स्पष्ट देखिन्छ ।

## २.३ निष्कर्ष

रौतहट जिल्लाको पुरेनवास्थित रमणीय समथल भूमिमा जन्मेका गोविन्द भट्ट सुरुदेखि नै प्रकृतिका अनन्य उपासकका रूपमा देखा पर्दछन् । कमजोर स्वास्थ्य तथा अधिक ममताका कारण बाल्यकालमा बाहिरी प्रकृतिसँगको घुलमिलमा कमी भएको कारण बढी अन्तर्मुखी तथा संकोची प्रवृत्तिका देखिन्छन् । "केही गर्न जन्मेको हुँ अरुभन्दा म भिन्न हुँ र भिन्न हुनु पर्दछ भन्ने प्रेरणाले सानैदेखि झक्झक्याइएका गोविन्द भट्ट केही स्वतन्त्र र स्वच्छन्दतावादी प्रवृत्तिका भए पनि अरुलाई दुःख नदिने र सकेसम्म सहयोग गर्ने तथा सोझो र इमान्दार प्रकृतिका देखा पर्दछन् । कृत्रिमता र आडम्वर सर्वथा उनको जीवनदेखि टाढा रहेका देखिन्छन् । बाबुको आधुनिक शिक्षाप्रतिको अनुरागसँगै अंग्रेजी शिक्षाको उज्जालो घाममा रमाउँदै गोविन्द भट्टले माध्यामिकस्तरसम्मको शिक्षा गौरमा पूरा गरेको देखिन्छ । पारिवारिक तथा विद्यालयको प्रेरणास्पद साहित्यिक वातावरणबाट प्रेरित हुँदै कविता लेखनमा क्रियाशील देखिएका भट्ट अध्ययनको क्रममा बनारस र लखनउ पुगेपछि फराकिलो तथा प्रतिस्पर्धात्मक साहित्यिक वातावरणमा जुझारु रूपमा अगाडि बढेको अनुभव हुन्छ । सांसारिक संघर्षबाट पलायन भई उन्मुक्त हुन खोज्ने भट्टका जीवनमा इन्दिरासँगको भेटघाट र मित्रतापूर्ण व्यवहार उल्लेखनीय संयोग र जीवनको महत्वपूर्ण मोडका रूपमा देखा

पर्दछ । प्राइभेट शिक्षण पेशा नै अध्ययनको प्रमुख स्रोतकारूपमा रहेको र कम्युनिष्ट साथीहरूको सहयोग पनि उनको जीवनको महत्वपूर्ण प्राप्ति रहेको तथ्य उल्लेखनीय छ ।

सुरुदेखि नै कम्युनिष्ट आन्दोलनका सहयोगी तथा पूर्ण समर्थकका रूपमा चिनिएका भट्ट पार्टीको विदेश नीतिको अन्धानुकरण गर्ने प्रवृत्तिको विरोध गर्दै नेपाली भूमि, जनजीवन र संस्कृति तथा माटो अनुरूपको चिन्तन र राजनीति नेपालमा विकसित हुनुपर्छ भन्ने भनाइमा अडिग रहँदै स्वतन्त्ररूपले प्रगतिशील दिशामै क्रियाशील रहेका देखिन्छन् । यही चिन्तनले उनको साहित्यमा मलजल थपेको कुरा पनि स्पष्ट छ । विभिन्न समस्याहरू झेल्दै पी.एच.डी. सम्मको अध्ययन गरेका गोविन्द भट्ट तत्कालीन एकतन्त्रीय पंचायती सरकारका कारण प्राध्यापन पेशा अपनाउनबाट बञ्चित रही विभिन्न सङ्घ संस्थाहरूमा अस्थायी जागिरमै विचरण गर्दै आएका देखिन्छन् ।

गोविन्द भट्टको बाल्यजीवन ज्यादा अव्यावहारिक र पढ्ने लेख्ने काममै सीमित देखिन्छ भने युवावस्थाको जीवन संघर्षशील र प्रगतिवादी चेतनाबाट प्रभावित प्रतीत हुन्छ । पछिल्ला दिनहरूमा उनी निकै संयमी, परिपक्व, दार्शनिक चिन्तन्-मनन्मा साधनारत रहेका छन् । सत्तरी वर्षको जीवनमा निकै कठिन आरोहअवरोहहरू पार गर्दै अहिले पनि उनी जीवन संग्रामकै धरातलमा गतिमान देखिन्छन् ।

# तेस्रो अध्याय

# प्रगतिवादी नेपाली समालोचना र गोविन्द भट्ट

## ३.१ विषय प्रवेश

यस अध्यायमा नेपाली समालोचनामा प्रगतिवादको चर्चा गर्दै प्रगतिवादी नेपाली समालोचना र गोविन्द भट्टका समालोचनात्मक कृतिहरूको अध्ययन गरिएको छ ।

## ३.२ नेपाली समालोचनाका सन्दर्भमा प्रगतिवाद

नेपाली साहित्यकै सबैभन्दा कान्छो विधा समालोचना हो । यसले ११५ वर्षे आयु पार गरिसकेको छ । नेपाली समालोचनाको आरम्भ मोटामोटी रूपमा नेपाली साहित्यको माध्यमिक कालसँगै भएको हो । मोतीराम भट्टको **आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र १९४८** नै नेपाली साहित्यको पहिलो समालोचनात्मक ग्रन्थ हो । वि.सं. १९४८ देखि १९९९ सम्मको अवधिलाई नेपाली समालोचनाको पहिलो चरण मानिन्छ । यस चरणमा मूलरूपमा प्रभावपरक लेखन भएको पाइन्छ । वीरेन्द्रकेशरी अर्ज्यालको **वेसरी** (१९७५), राममणि आदीको **कवितारीति** (१९६६), कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय** (१९७५), शम्भुप्रसाद ढुङ्गेलको **भानुभक्त आचार्यको जीवन चरित्र** (२०४९), **कविताको फल** (१९७७), सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** (१९७९) आदि यस समयमा लेखिएका उल्लेख्य समालोचनाहरू हुन् ।

नेपाली समालोचनाका क्षेत्रमा १९९९ देखि २००७ सम्मको अवधिलाई दोस्रो चरण मानिन्छ । यस चरणमा परिचय तथा प्रशंसाका साथसाथै समालोचकहरूमा तार्किक तथा बौद्धिक क्षमता पनि बढेको पाइन्छ । **रामकृष्ण शर्मा, बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, ईश्वर बराल, यदुनाथ खनाल, रत्नध्वज जोशी** आदि समालोचकहरू यस समयमा विशेष सक्रिय भएका पाइन्छन् । यस अवधिमा व्यावहारिक तथा सैद्धान्तिक समालोचना लेखनको पनि आरम्भ भयो । कृतिगत एवम् तुलनात्मक समालोचनाको आरम्भ, रचनाको सामाजिक, राजनैतिक, ऐतिहासिक पृष्ठभूमि र मनोवैज्ञानिक विश्लेषण आदि यस समयका समालोचनामा पाइने पहिचान हुन् (खनालः शो.प.२०६३) ।

वि.सं. २००८ देखि २०२५ सम्मको अवधि नेपाली समालोचनाको तेस्रो चरण हो । यस समयमा आएर नेपाली समालोचनाले धेरै फड्को माऱ्यो । यस अवधिमा **हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, ताना शर्मा, डी.पी. अधिकारी, डिल्लीराम तिमल्सिना** लगायत असंख्य समालोचकहरू सक्रिय देखिन्छन् । यस समयमा ऐतिहासिक समालोचना, प्रगतिवादी समालोचना, व्याख्यात्मक समालोचना, जीवनीपरक समालोचना, निर्णयात्मक समालोचना जस्ता प्रवृत्तिहरू

देखिए । धेरै समालोचनात्मक पद्धतिहरूको प्रयोग भएता पनि प्रगतिवादको व्यापक प्रभाव यस समयमा देखियो । यस चरणको मूल उपलब्धि भनेको प्रगतिवादी समालोचनाको नेतृत्वदायी लेखन हो । कृष्णचन्द्रसिंह प्रधानको **भञ्ज्याङनिरै** कविता सङ्ग्रहको भूमिकाबाट प्रगतिवादी समालोचनाको जन्म भयो ।

### ३.३ प्रगतिवादी नेपाली समालोचनाको आरम्भ

नेपाली समालोचनाको क्षेत्रमा प्रगतिवादी चिन्तन परम्परा एक्कासि देखापरेको होइन । सोभियत सङ्घमा सम्पन्न अक्टोबर क्रान्तिपछि मार्क्सवादी साहित्यको व्यापकरूपमा प्रचार हुनथाल्यो । **"विश्वका मजदुर एक हौं"** भन्ने नारासहित सुरु भएको यो आन्दोलनको असर नेपालमा पनि पर्न थाल्यो । यसरी विश्व साहित्यको प्रभाव साथै २००६ सालमा **नेपाल कम्युनिष्ट पार्टीको स्थापना** र २००७ सालको नेपाली राजनीतिको परिवर्तनसँगै नेपाली साहित्यमा आएको नवीन चेतनाको लहरले नेपाली प्रगतिवादी धारलाई समातेको हो । समालोचनामा प्रगतिवादको प्रयोग २००७ सालको सेरोफेरोदेखि आरम्भ भए तापनि यसको पृष्ठभूमि **नैवेद्य समालोचना** १९७९ देखि नै तयार भएको मान्न सकिन्छ । सूर्यविक्रम ज्ञवालीको **नैवद्य** समालोचनामा समाजपरक समालोचनाको छनक पाइन्छ । तर, कृति र समाजको द्वन्द्वात्मक सम्वन्धको अध्ययनको अभावमा यो समालोचना समाजपरक समालोचना पनि बन्न सकेको छैन । ज्ञवाली पछिका हृदयचन्द्रसिंह प्रधानका **हाम्रो साहित्य (१९९५), साहित्यः एक दृष्टिकोण** (२००४) जस्ता समालोचनात्मक रचनामा प्रगतिवादलाई प्रच्छन्न रूपमा देखाउने प्रयास गरेका छन् तर तत्कालीन राजनीतिक वातावरणले गर्दा उनी पूर्णरूपमा सफल भने हुन सकेका छैनन् । **नेपाल कम्युनिष्ट पार्टीको स्थापना** (२००६) र २००७ सालको क्रान्तिपछिको खुकुलो वातावरणमा नेपाली समालोचनाका क्षेत्रमा प्रगतिवाद स्पष्ट रूपमा देखा पर्न थाल्यो । वि.सं. २००८ मा प्रकासित **भञ्ज्याङनिरै** कविता सङ्ग्रहका स्रष्टा कृष्णचन्द्रसिंह प्रधानले यो सङ्ग्रहका लागि लेखेको ८३ पृष्ठ लामो भूमिकामा प्रगतिवादी साहित्यको सैद्धान्तिक चर्चा गरिएको छ । २००८ सालमा प्रकाशित कृष्णचन्द्रसिंह प्रधानको कविता सङ्गालो **भञ्ज्याङनिरै** को भूमिकालाई नेपाली प्रगतिवादी साहित्यको घोषणापत्र मानिन्छ । यसमा नेपाली साहित्यमा प्रगतिवादको परिभाषा, स्वरूप, चरित्र र साहित्यिक क्रियाकलाप बनेर देखापरेका अन्य देशका गतिविधिलाई समेत देखाउन खोजिएको छ (अधिकारीः पृः ९१) । प्रधानले यस कृतिमा राजनीतिमा समाजवाद र साहित्यमा प्रगतिवाद एकै हुन् भनेर प्रगतिवादलाई परिभाषित गरेका छन् । यो भूमिकादेखि आजसम्म प्रवगतिवादी नेपाली समालोचनाले चरणबद्धरूपमा आफूलाई विकसित गर्दै लगेको छ । प्रगतिवादी नेपाली समालोचनामा धेरै उतारचढाव तथा मतमतान्तरहरू आए । यसमा समालोचकहरू पनि नयाँ थपिँदै र पुराना घट्दै गए । तरपनि, प्रगतिवादी समालोचना प्रभावकारी, सशक्त र सुदृढ धाराका

रूपमा अगाडि बढ्दै गइरहेको छ । यसरी एक प्रभावकारी धाराका रूपमा विकसित हुँदै गएको प्रगतिवादी नेपाली समालोनामा स्पष्ट रूपमा विभिन्न चरणहरू देखिएका छन् ।

### ३.४ प्रगतिवादी नेपाली समालोचनाको चरण विभाजन

प्रगतिवादी साहित्य राजनीतिक घटनाक्रमबाट प्रवाहित हुने भएकाले प्रगतिवादी नेपाली समालोचनाले पनि तत्कालीन राजनीतिक परिवेशले जन्मने अनुकूलता प्राप्त गऱ्यो । नेपालमा २००७ सालको क्रान्तिपछि सबै किसिमका विचारधारा र साहित्यक चिन्तन् एवम् प्रवृत्तिको विकास भएको परिवेशमा प्रगतिवादी साहित्य-समालोचना लेखनको प्रवृत्ति र चिन्तन्को पनि विकास भएको हो ; यसैले प्रगतिवादी नेपाली समालोचनाको प्रारम्भ भएको समय पनि २००७ साललाई मान्नु उपयुक्त देखिन्छ (पूर्ववत पृ:८३) । २००७ सालमा राणाहरूका हातको शक्ति जनताका हातमा पर्न गयो । यसले गर्दा मौलिक हक र अधिकारको स्थापना, अभिव्यक्तिको स्वतन्त्रता, विभिन्न सङ्घ संस्थाहरूको गठन, राजनीतिक सहभागिता जस्ता विषयमा जनताहरूको चासो बढ्न थाल्यो । यस किसिमको परिवेशबाट प्रभावित भई साहित्यकर्मीहरू नयाँ चिन्तन र शैलीमा आफ्ना गतिविधिहरू सञ्चालन गर्दै गए । यस्तो खुकुलो वातावरणमा प्रगतिवादी नेपाली समालोचना पनि गतिशील बन्न लालायित भएको देखिन्छ । यस समयका समालोचनाले प्रगतिवादको परिभाषा, स्वरूप, वर्गीय धारणाको चरित्र चिनाउने काम गरेका छन् । कृष्णचन्द्रसिंह प्रधान, हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, गोविन्दप्रसाद लोहनीजस्ता समालोचकहरू प्रगतिवादी समालोचनाका प्रारम्भिक चरणका समालोचकहरू हुन् ।

२०१७ सालमा भएको प्रजातन्त्रको दुर्घटनापछि प्रगतिवादी साहित्यले फस्टाउने राम्रो वातावरण पाएन । अघिल्लोजस्तो सहज अवस्था यस समयमा रहेन । यस समयमा कतिपय समालोचकहरूले पञ्चायतका प्रलोभनलाई पछ्याए भने कतिपय समालोचकहरूले आफ्नो दायित्वलाई बिर्सेनन् (पूर्ववत पृ: १४६) । परिभाषित प्रगतिवादी समालोचनाका स्वरूपलाई सुदृढ र बलियो बनाउनु, समालोचकीय गहिराई र गाम्भीर्य देखापर्नु, विचलनवादी र सिद्धान्तनिष्ठ समालोचकका वीचमा सीमारेखा कोरिनुजस्ता विशेषताहरू यस निरङ्कुश राज्यव्यवस्थाभित्रका प्रगतिवादी समालोचनामा पाइन्छन् । डी.पी. अधिकारी, आनन्ददेव भट्ट, सरिता ढकाल, ताना शर्मा, गोविन्द भट्ट, मोहन दुवालजस्ता समालोचकहरूले प्रतिकूल अवस्थामा पनि प्रगतिवादी समालोचनामा ठूलो योगदान दिए ।

पञ्चायती व्यवस्थाको अन्त्य २०४६ सालमा भएको भए पनि २०३६ सालदेखि नै यसको अन्त्य हुनसक्छ भन्ने मानसिकता नेपाली जनतामा पर्न गएको थियो । २०३६ सालमा राजाले नै जनमत सङ्ग्रहको घोषणा गर्नुपरेपछि जनपक्षीय नेता, कार्यकर्ता एवम् जनतामा परिवर्तनको

सपना मौलाएको थियो । २०३६ सालपछिका क्रियाकलापले २०४६ मा पञ्चायतको जरो उखेल्ने सफलता प्राप्त गरेका हुन् । यस परिवेशमा प्रगतिवादी साहित्य समालोचनाले व्यापक धरातलमा आफ्नो सामर्थ्य पोखेका छन् र गुणात्मक विकास गर्ने दिशा समातेका छन् । चैतन्य, हीरामणि शर्मा, जगदीशचन्द्र भण्डारी, निनु चापागाईं, ताराकान्त पाण्डेय, ऋषिराज बराल, दिल साहनी, विष्णु प्रभात, गोपीन्द्र पौडेल, ईश्वरचन्द्र ज्ञवाली, घनश्याम ढकाल, मोदनाथ प्रश्रित, चूडामणि रेग्मी, रमेश भट्टराई, सुधा त्रिपाठी, राजेन्द्र सुवेदी, नरेन्द्र चापागाईं, नन्दीश अधिकारी, रामहरि पौड्याल, सुकुम शर्मा, देवी गौतम, पुरुषोत्तम सुवेदी, डा. रविलाल अधिकारी, भवानीप्रसाद पाण्डे, नरेन्द्र चापागाईं, रामप्रसाद ज्ञवाली, डी.आर.पोखरेल, अनिरुद्ध तिम्सिना, हेमनाथ पौडेल, दिल साहनी, गंगा उप्रेती लगायतका विभिन्न समालोचकहरूले दिएको योगदान यस समयको प्रगतिवादी समालोचनाको विकासमा महत्वपूर्ण रहेको छ ।

२०४६ सालमा पुनः प्रजातन्त्र प्राप्ति भएपछि खुम्चिएर बस्नुपर्ने अवस्थाबाट सबै जनताले मुक्ति पाए । बहुदलीय व्यवस्थाको पुनः स्थापनापछि खुला रूपमा सभासम्मेलन गर्ने, देश र जनताका हितमा बोल्नेजस्ता संवैधानिक प्रावधानले प्रगतिवादी साहित्य समालोचनाले निर्बाधरूपमा फस्टाउने मौका प्राप्त गरेको छ । यस समयमा विचारको सम्प्रेषण खुला रूपमा हुनुका साथै स्रष्टाहरूको पोखिने क्रममा पनि व्यापकता पाइन्छ । यस समयमा अघिल्लै समयका समालोचकहरू नै सक्रिय रहेका छन् र यसका साथै केही नयाँ समालोचकहरू पनि थपिएका छन् । केही समालोचकहरूमा वैचारिक बिचलन पनि यस समयमा देखिन्छ ।

यसरी प्रगतिवादी नेपाली समालोचनामा स्पष्ट रूपमा चार चरणहरू देखिएका छन् । प्रगतिवादी नेपाली समालोचनाका अध्येता रविलाल अधिकारीले आफ्नो अध्ययनमा प्रगतिवादी नेपाली समालोचनालाई २००७ सालदेखि २०१६ सालसम्मको चरण प्रथम चरण, २०१७ देखि २०३६ सालसम्मको चरण दोस्रो चरण र २०३६ सालदेखि हालसम्मको समय तेस्रो चरण भनेर चरण विभाजन गरेका छन् (पूर्ववत पृ: ८३) तर २०३६ देखि हालसम्मको अवधिमा २०४६ सालको राजनीतिक परिवर्तन र त्यसले साहित्यिक क्षेत्रमा पारेको प्रभावका कारणले गर्दा उक्त लामो अवधिलाई एकै चरणमा राख्नु सान्दर्भिक देखिँदैन । यसैले प्रगतिवादी नेपाली समालोचनालाई चार चरणमा विभाजन गर्नु उपयुक्त देखिन्छ :

पहिलो चरण - २००७/८ सालदेखि २०१६ सालसम्म

दोस्रो चरण - २०१७ सालदेखि २०३५ सालसम्म

तेस्रो चरण - २०३६ सालदेखि २०४५ सालसम्म

चौथो चरण - २०४६ सालदेखि हालसम्म ।

यसरी अगाडि बढ्दै गएको प्रगतिवादी नेपाली समालोचनाको दोस्रो चरणमा विभिन्न सैद्धान्तिक तथा व्यावहारिक समालोचनासहित गोविन्द भट्टको आगमन हुन्छ । **गोविन्द भट्टका समालोचना** (२०५५), **गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू** (२०५९) लगायत पुस्तकाकाररूप प्राप्त गर्न नसकी विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका महत्वपूर्ण समालोचनात्मक लेखहरूद्वारा भट्टले प्रगतिवादी समालोचनाको क्षेत्रलाई फराकिलो पारेका छन् ।

### ३.५ गोविन्द भट्टको समालोचना यात्रा

गोविन्द भट्टले साहित्यका कविता-काव्य, निबन्ध, समालोचना, भूमिका, संस्मरण, वैचारिक लेख आदि विविध विधामा कलम चलाएका छन् । वि.सं. २००९ सालमा वनारसबाट प्रकाशित हुने **'युगवाणी'** पत्रिकामा **'शोषितपुकार'** कविता र **'आमा नेपाल'** निबन्ध छपाएर भट्ट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । नेपाली समालोचनामा महत्वपूर्ण समालोचकको रूपमा स्थापित भट्टको स्थान प्रगतिवादी नेपाली समालोचकको रूपमा उल्लेख्य रहेको छ । नेपाली प्रगतिवादी समालोचनाको दोस्रो चरण (वि.सं. २०१७-२०३५ सम्म) मा समालोचक भट्टको लेखनले तीव्रता पाएको पाइन्छ । त्यसपछि भट्टद्वारा एकाध समालोचनाहरू लेखिए पनि मूलतः उनी भूमिका लेखनमा समाहित भएका पाइन्छन् ।

भट्टद्वारा लेखिएका भूमिकाहरूको स्थान समालोचकीय मूल्यका दृष्टिले उत्कृष्ट छ । आफ्ना भूमिकाहरूमा भट्टले स्रष्टाहरूका कृतिको अध्ययन, अन्वेषण र मूल्याङ्कन गरी सटिक निष्कर्ष दिएका छन् । प्रगतिशील सैद्धान्तिक मान्यताको परिधिमा रही कृतिको सूक्ष्म विश्लेषणसंगै कृति र कृतिकारको पृष्ठभूमि, सामाजिक संघर्ष, परिस्थिति र प्रभावको साङ्गोपाङ्ग अध्ययन गरी निष्कर्षमा पुग्नु समालोचक भट्टको भूमिका लेखनको विशेषता हो । सामाजिक उपयोगिताका कसीमा कृति र कृतिकारको गम्भीर अध्ययन पछि निष्कर्षमा पुगेर लेखिएका भट्टका भूमिकाहरूलाई समालोचनाका पूरक ठानी यहाँ अध्ययन गर्ने काम गरिएको छ ।

भट्टद्वारा मूलतः सैद्धान्तिक र अंशतः व्यावहारिक समालोचनाहरू लेखिएका छन् । भट्टद्वारा लिखित सैद्धान्तिक-वैचारिक समालोचनाहरूले नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा विशिष्ट स्थान प्राप्त गरेका छन् । हालसम्म केवल एउटै मात्र **'गोविन्द भट्टका समालोचना'** (२०५५) समालोचना कृति प्रकाशित भएको छ । यद्धपि उनका **'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू'** (२०५९), **'नेपाललाई बुझ्ने समस्याः एक लामो र कठिन प्रक्रिया'** (२०४१), **'चीनका चार आधुनिकीकरणहरू'** (२०४३) जस्ता सानाठूला पुस्तकाकार कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा हालसम्म प्रकाशित समालोचनात्मक निबन्ध, लेख तथा अन्तर्वार्ताहरूको अध्ययन, विश्लेषण नगरी समालोचक भट्टको अध्ययन अपूर्ण नै रहने छ ।

चार दशकभन्दा लामो समालोचना यात्रा पार गरिसकेका समालोचक भट्टले प्रगतिवादी नेपाली समालोचनाको विकासमा महत्वपूर्ण कार्य गरेका छन् । सङ्ख्यात्मक भन्दा गुणात्मक लेखन रुचाउने भट्टको गम्भीर लेखनले व्यापकता पनि अँगालेको पाइन्छ । **'गोविन्द भट्टका समालोचना'** (२०५५) कृति नै भट्टको सर्वप्रथम प्रकाशित समालोचना कृति हो । जसमा एघारवटा सैद्धान्तिक समालोचना र चौधवटा प्रतिभा तथा कृतिसम्वन्धी व्यावहारिक समालोचनाहरू सङ्कलित छन् । रविलाल अधिकारीद्वारा सम्पादित यस कृतिभित्रका कतिपय समालोचनाले तत्कालीन (२० को दशकतिर) नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । भट्टले वि.सं. २०१७ सालमा **'हृदयचन्द्र विचार र दर्शन'** समालोचना प्रकाशित गरी यस क्षेत्रमा प्रवेश गरेका हुन् भने वि.सं. २०१९ सालमा **'सौता एक मूल्याङ्कन'** शीर्षकको समालोचनामार्फत् कृतिपरक समालोचनाको पनि आरम्भ गर्दछन् ।

यसरी **'हृदयचन्द्र विचार र दर्शन'** (२०१७) बाट सुरु भएको भट्टको समालोचना लेखन वि.सं. २०२८ सालसम्म निरन्तररूपमा अघि बढेको पाइन्छ । यसपछि भट्टद्वारा छिटफुटरूपमा समालोचनात्मक लेखहरू बेलाबेला लेखिए पनि मूलभूतरूपमा उनी नयाँ तथा पुराना साहित्यकारहरूका कृतिको भूमिका लेखनमै सीमित रहन्छन् । परन्तु भट्टद्वारा लेखिएका भूमिकाहरूले समालोचकीय मूल्य र मान्यतालाई मूलभूतरूपमा आत्मसात् गरेको कारण तिनलाई समालोचनाअन्तर्गत नै अध्ययन गर्नु जरुरी छ । यसर्थ भट्टको समालोचना यात्रालाई दुई भागमा विभाजन गरी निम्नानुसार अध्ययन गर्नु सान्दर्भिक देखिन्छ । ती यस प्रकार विभाजित छन्:

१. प्रथमचरण वा उर्वरकाल (वि.सं.२०१७ देखि वि.सं.२०२८ सम्म) । र

२. द्वितीयचरण वा भूमिकालेखनकाल (वि.सं.२०२८ पछि हालसम्म) ।

गोविन्द भट्टद्वारा प्रथम चरण (वि.सं.२०१७-२०२८)मा लेखिएका **'शिरीषको फूल कि कागजको फूल'**, **'तीन घुम्ती कि छाडावादलाई स्वीकृति'**, **'आशमायालाई केलाएर हेर्दा'**, **'लक्ष्मीप्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति'**, **'कविता, कल्पना र यथार्थ'**, **'नवनेपालमा साहित्यकारको दायित्व'**, **'आजको नेपाली साहित्य र त्यसका केही समस्याहरू'**, **'अराजकतावादी लेखकहरूसँग'**, **'वीर एन्टियसको सम्झना र आधुनिक नेपाली साहित्य'**, **'प्रगतिवाद र मानवतवाद'**, **'अघाएको साहित्य र भोकाएको साहित्य'**, आदि चर्चित समालोचनाहरूले तत्कालीन समयमा गरेको योगदान महत्वपूर्ण छ । आवश्यकता पर्दा मात्र कलम चलाउने स्वभाव भएका भट्टले उपर्युक्त समालोचनाहरू तत्कालीन परिस्थितिको आवश्यकतालाई महसुस गरी लेखेको स्पष्ट हुन्छ । यसर्थ भट्टका समालोचनाहरू न्यून संख्यामा रहनुको कारण यो पनि देखिन्छ ।

द्वितीयचरण वा भूमिकालेखनकालमा (वि.सं.२०२८ पछि) चाहिँ भट्टद्वारा न्यून संख्यामा समालोचना तथा वहुसंख्यकरूपमा भूमिकाहरू लेखिएका छन् । यस अवधिमा **'साहित्यमा विश्वदृष्टिकोणको प्रश्नबारे', 'नेपाली कविताबारे केही विचार गर्दा', 'बाढी, आगो र युद्धको सौन्दर्यशास्त्र', 'गोपालप्रसाद रिमालः आफ्नो युगका एक बेजोड योद्धा', 'मावचतुङ्को सौन्दर्यशास्त्र र नेपाली साहित्य', तथा 'कवि भूपिशेरचन र केही टिप्पणीहरू'** जस्ता सैद्धान्तिक र व्यावहारिक समालोचनात्मक लेखहरू लेखिएका पाइन्छन् । संख्यात्मक दृष्टिले थोरै भएपनि यस अवधिमा लेखिएका यी समालोचनाहरूको मूल्य ठूलो छ । मूलतः भूमिका लेखनकार्यमै भट्टको अधिकांश समय व्यतीत भए पनि समालोचनात्मक मूल्यका दृष्टिले अधिकांश भूमिकाहरू पठनीय, सङ्ग्रहणीय तथा विश्लेषणयोग्य रहेका छन् । जसको अध्ययनविना समालोचक गोविन्द भट्टको अध्ययन तथा मूल्याङ्कन अधुरो रहने छ ।

**'गोविन्द भट्टका समालोचना'** (२०५५)मा भट्टद्वारा मार्क्सवादी प्रगतिवादी सौन्दर्यशास्त्र सम्बन्धी समालोचनात्मक लेखहरूका साथै नेपाली साहित्य र विश्वसाहित्यका महत्वपूर्ण प्रतिभा तथा कृतिहरूमाथि समालोचनात्मक लेखहरू लेखिएको पाइन्छ । यी लेखहरूको अध्ययनबाट भट्ट गम्भीर अध्ययन, चिन्तन-मनन र पूर्वापर कृतिको बारम्बार अध्ययनपछि मात्रै समालोचना लेख्दछन भन्ने पनि प्रमाणित हुन्छ । **'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू'** (२०५९) भट्टको अर्को समालोचनात्मक निबन्धहरूको सङ्ग्रह हो । यसमा सङ्कलित जम्मा उन्नाइसवटा निबन्धहरूमध्ये पाँचवटा समालोचनात्मक निबन्धहरू पूर्वप्रकाशित **'गोविन्द भट्टका समालोचना'** कृतिमा पहिल्यै प्रकाशित भइसकेका हुन् । बाँकी चौधवटा निबन्धहरूमा पनि साहित्यिक समालोचकीय मूल्यका दृष्टिले सबै चर्चायोग्य देखिदैनन् । जम्मा नौवटा लेखहरू समालोचनाका निकट रहेका छन् । यिनमा मूलतः प्रतिभासम्बन्धी व्यावहारिक समालोचनाकै बाहुल्यता रहेको छ । तीमध्ये तीनवटा लेखहरू विदेशी लेखकसँग सम्बन्धित छन् भने तीनवटा नेपाली लेखकहरूसँग सम्बन्धित संस्मरणहरू रहेका छन् । बाँकी तीन लेखमध्ये एकमा नेपाली साहित्य, समाज र विभिन्न साहित्यिक सम्मेलनभित्र देखिएका सवल-दुर्वल पक्षहरूलाई केलाउन कार्य गरिएको छ र अन्य दुई लेखमा नेपाली बुद्धिजीविभित्र देखिएका वैचारिक, चिन्तनगत कमीकमजोरीहरूको निक्र्यौल गरी उचित बाटो देखाउने कार्य गरिएको छ । समग्रमा यो कृति गोविन्द भट्टका वैचारिक निबन्धहरूको सङ्ग्रह हो । पूर्वप्रकाशित पाँचवटा समालोचनात्मक लेखहरूलाई पुनः प्रकाशन गरिनु, भाषिक शुद्धाशुद्धिको बिल्कुलै ख्याल नगरिनु आदि दोषहरूका कारण यस कृतिको सम्पादन पक्ष अत्यन्तै कमजोर रहेको स्पष्ट हुन्छ ।

यहाँ उपर्युक्त दुई कृतिहरूको मूलभूत अध्ययन, विश्लेषण तथा मूल्याङ्कनबाट नै समालोचक गोविन्द भट्टका समालोचनात्मक मान्यताहरू निर्धारित गरिएको छ । तथापि भट्टका यी

दुबै कृतिहरूमा समेटिन नसकेका विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समालोचना, संस्मरण, लेख, अन्तर्वार्ता, निबन्ध आदिको अध्ययन पनि अपरिहार्य नै छ । यसैगरी भट्टको **'नेपाललाई बुझ्ने समस्याः एक लामो र कठिन प्रक्रिया'** (२०४३) कृतिले पनि नेपाल र नेपाली जनतालाई केन्द्रविन्दु मानी यहाँका साहित्य, कला, शिक्षासंस्कृति, दर्शन, राजनीति, चिन्तनमनन् आदि निर्देशित हुनुपर्ने प्रगतिशील विचारको प्रस्तुतीकरण गरेको छ । भट्टका विचारमा संसारका अरू कुराझैं विचार, स्वभाव, चरित्र आदि पनि स्थायी, अपरिवर्तनीय र देशकाल निरपेक्ष कुरा नभएर परिस्थितिजन्य सापेक्षित कुरा हुन् । "राष्ट्रिय आवश्यकता र नेपाली जनताको व्यापक हितलाई ध्यान राखेर नेपाली समाजका बनोटको ऐतिहासिक विश्लेषणसहित तीता-पीरा निष्कर्षहरू व्यक्त गरिएको भट्टको प्रस्तुत पुस्तिका नेपाल र नेपालीका हितलाई ध्यान राखेर लेखिएको महत्वपूर्ण कृति हो र राष्ट्रिय चिन्तनको नमुना हो । व्यवहारबाट भागेर आदर्शवादी दार्शनिकताका कुराहरूमात्र गर्दै खाली हात बस्न नखोज्ने उहाँको व्यवहारवादी दर्शनको साहित्यिक प्रतिफल प्रस्तुत कृति भौतिकवादी दर्शनको व्यवहारवादी उदाहरण पनि हो (अधिकारी, २०५५,१९५) ।" यस कृतिमा भट्टले संवेदनशील भएर खास-खास सन्दर्भहरू प्रस्तुत गर्दै प्रगतिशील ढंगबाट नेपालका समस्याहरू प्रस्तुत गरी समाधानका सकारात्मक सुझावहरू दिएका छन् ।

भट्टद्वारा विभिन्न समयमा लेखिई विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका तर उपर्युक्त सङ्कलनमा नसमेटिएका केही महत्वपूर्ण समालोचनात्मक वैचारिक लेखहरू पनि यहाँ उल्लेख्य छन् । यी हुन् **'रुन्चे हाँसोहरू'** (रूपरेखा पूर्णाङ्क.४८), **'वन्दुक कलम भाइ-भाइ'** (सगुन २०२२), **'मावचतुङ्को सौन्दर्यशास्त्र र नेपाली साहित्य'** (प्रलेस ४,२०५२), **'कवि भूपि शेरचन र केही टिप्पणीहरू'** (यथार्थवादी नेपाली समालोचना, २०६३) जसमा भट्टका वैचारिक मार्क्सवादी सौन्दर्यशास्त्रीय मूल्यहरू अभिव्यक्त भएका छन् ।

# चौथो अध्याय

# गोविन्द भट्टका समालोचनाको अध्ययन

## ४.१ विषय प्रवेश

समालोचक भट्टले समालोचनाका लागि साहित्यका प्रायः सबै विधाको छनोट गरे पनि सापेक्षित रूपमा पद्यविधाभन्दा गद्यविधालाई नै बढी महत्व दिएका छन् । संख्यात्मक रूपमा भट्टका पद्यविधाका समालोचना कम छन् । समालोचक भट्टले व्यावहारिकभन्दा सैद्धान्तिक समालोचना बढी लेखेका छन् । यहाँ मार्क्सवादी प्रगतिशील समालोचकको रूपमा गोविन्द भट्टका समालोचनाको प्रवृत्तिगत अध्ययनका क्रममा प्रकाशित **'गोविन्द भट्टका समालोचना'** (२०५५) र **'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू'** (२०५९) कृतिको अध्ययन गर्नुका साथै भट्टद्वारा विभिन्न स्रष्टाका कृतिमाथि लेखिएका भूमिकाहरूको अध्ययन तथा पुस्तकाकार रूप प्राप्त नगरेका केही महत्वपूर्ण लेखहरूको पनि अध्ययन गरिएको छ ।

## ४.२ **गोविन्द भट्टका समालोचना** (२०५५) समालोचनात्मक कृतिको अध्ययन

**गोविन्द भट्टका समालोचना** (२०५५) गोविन्द भट्टको उत्कृष्ट समालोचनात्मक कृति हो । यो कृति नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा उल्लेख्य छ । यो कृति भट्टद्वारा विभिन्न समयमा लेखिएका फुटकर समालोचनाहरूको सङ्ग्रह हो । भट्टको प्रस्तुत कृतिले वि.सं.२०५४ सालको सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कारसमेत प्राप्त गरेको छ । "श्री भट्टको प्रस्तुत गम्भीर एवम् प्रगतिवादी समालोचना सङ्कलन प्रकाशनमा आएपछि नेपाली साहित्य र साहित्यकारलाई वैज्ञानिक दृष्टिकोणले अध्ययन गर्न निकै सघाउ पुग्ने विश्वास हामीले लिएका छौं । प्रस्तुत समालोचनाको ग्रन्थ प्रकाशनपछि प्रगतिवादी समालोचना विधामा देखिएको अन्यौलको स्थिति पनि हट्ने आशा गरेका छौं (सिलवाल, २०५५: प्रकाशक) ।" भट्टको यस कृतिबाट प्रगतिवादी नेपाली समीक्षाक्षेत्रमा महत्वपूर्ण योगदान पुगेको छ । यस कृतिमा भट्टका एघारवटा सैद्धान्तिक समालोचना र चौधवटा व्यावहारिक समालोचनाहरू समावेश भएका छन् । यीमध्ये भट्टका **'शिरीषको फूल कि कागजको फूल', 'तीन घुम्ती कि छाडावादलाई स्वीकृति', 'आशमायालाई केलाएर हेर्दा', 'वाढी, आगो र युद्धको सौन्दर्यशास्त्र'** जस्ता चर्चित प्रगतिशील समालोचनाहरू रहेका छन् । भट्टले समालोचनाको सैद्धान्तिक र व्यावहारिक पक्षको प्रस्तुतीकरण गर्दै नेपाली साहित्यका प्रमुख प्रतिभाहरूको मूल्यनिर्धारण गरेका छन् । भट्टले मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई वस्तुपरक ढङ्गबाट प्रस्तुत गर्दै समाजशास्त्रीय चिन्तनलाई व्यावहारिक रूप दिएका छन् । **'गोविन्द भट्टका समालोचना'** भित्रका निबन्धहरूलाई सैद्धान्तिक र व्यावहारिक गरी दुई भागमा निम्नानुसार अध्ययन गरिएको छ ।

### ४.२.१ सैद्धान्तिक समालोचना

साहित्य सिद्धान्तको खोजी, व्याख्या र परिचयलाई सैद्धान्तिक समालोचना भित्र राख्न सकिन्छ । भट्टका व्यावहारिक समालोचनाभन्दा सिद्धान्तकेन्द्रित समालोचनाको संख्या बढी छ । यसरी भट्टले संख्यात्मक तथा गुणात्मक दुबै दृष्टिले महत्वपूर्ण समालोचनाहरू लेखेका छन् । मूलतः भट्ट सैद्धान्तिक समालोचनाक्षेत्रका सशक्त समालोचक हुन् ।

यस सङ्ग्रहमा जम्मा एघारवटा सैद्धान्तिक समालोचनाहरू समाविष्ट छन् । जसमा **'नवनेपालमा साहित्यकारको भूमिका'** पहिलो समीक्षात्मक लेख हो । जसमा सामाजिक रूपान्तरणमा गतिशील र निर्माणमुखी चिन्तनको महत्वपूर्ण भूमिका रहने उल्लेख गरिएको छ । लेखक र पाठक दुबै समाजका अभिन्न अङ्ग भएकाले लेखकमा सामाजिक दायित्ववोध हुनुपर्दछ किनकि लेखकीय स्वतन्त्रता निरपेक्ष नभई यो सामाजिक धरातलमा सधैं सापेक्ष हुन्छ भन्ने विचार भट्टको छ । त्यसका लागि साहित्यकारले आफ्नो देशको इतिहास, संस्कृति र साहित्यको गहिरो अध्ययन गरी स्पष्ट, यथार्थवादी दृष्टिकोणद्वारा हरेक स्थितिको विश्लेषण गरेर सिर्जना गर्नु पर्दछ । लेखकीय स्वतन्त्रताको नाममा अस्तित्ववादीहरूले अन्याय र शोषणवाट पीडित जनताप्रति धोका दिएर नैतिक र सामाजिक अपराध गरिरहेको ठहर भट्टको छ । यसर्थ आज देश इतिहासको एउटा नौलो र क्रान्तिकारी अध्यायबाट गुज्रदै नवनेपाल निर्माणमा जुटिरहेको सन्दर्भमा समाजसापेक्ष, वस्तुपरक, यथार्थवादी दङ्गले लेखक, कवि तथा समालोचक सबैले आ-आफ्नो ठाउँबाट योगदान गर्नुपर्ने विचार भट्टको छ ।

**'आजको नेपाली साहित्य र यसका केही समस्याहरू'** शीर्षकको समीक्षामा जनपक्षीय साहित्य र साहित्यकारको प्रशंसा र जनविरोधी साहित्य र साहित्यकारको भर्त्सना गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । फ्रायडवाद र अस्तित्ववादको नाममा विदेशी छाडा संस्कृतिको नक्कल गरी नेपाली समाज र जनतालाई पथभ्रष्ट बनाउने नक्कली मयुरहरूप्रति भट्टले आक्रोश पोखेका छन् । भट्टका विचारमा सजिलो भाषामा मौलिक नेपाली संस्कृतिअनुरूप समाजसापेक्ष रचनाहरूको सिर्जना गरी जनातामा चेतना फैलाउन र शिक्षाप्रचारको आन्दोलनमा सक्रियरूपले लाग्न साहित्यकारहरू अग्रसर हुनुपर्दछ । "साहित्यकारले आफ्नो दायित्व सम्भ्केर जनतालाई शिक्षित बनाउने काममा शरिक हुने, आफ्ना देशका सभ्यता, संस्कृति र मान्यताहरू चिनाउने जस्ता कामद्वारा जनतामा पुगेर प्रगतिशील भावनाको विकास गर्न र समस्याहरूको समाधान गर्नुपर्ने दिशा सङ्केत गरिएको छ । सैद्धान्तिक आदर्श बोकेर मात्र साहित्यकारले समस्या समाधान गर्न नसक्ने हुँदा व्यावहारिक बनेर पनि दायित्व पूरा गर्नुपर्छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ (अधिकारी, २०५६:१३४) ।"

भट्टका विचारमा साहित्यकार कलाको सिपाही हो, जो विचारमा इमान्दार हुनुपर्छ र उसले आफ्ना रचनाद्वारा समाजका विकृतिहरू पन्छाउन आवश्यक परे कलमलाई खुकुरी बनाएर बेइमानी गर्नेहरूको घाँटी पनि छिनाल्न सक्नुपर्दछ ।

**'अराजकतावादी लेखकहरूसँग'** शीर्षकको अर्को समालोचनामा भट्टले यथार्थवादी चित्रण र समाधान साहित्यमार्फत् हुनुपर्ने जरुरी ठानेका छन् । लेखकहरूले यथार्थमूल्यलाई आत्मसात गरी सत्य एवं तथ्यपूर्ण कुराहरू पाठकसमक्ष पुऱ्याउनुपर्ने, कुनै व्यक्तिवादी सङ्कीर्ण राजनीतिक गुटबन्दीमा नपरी जनताको न्याय र मुक्तिसँग सम्बन्धित विषयवस्तु पाठकमा राख्नुपर्ने विचार भट्टको छ । "खासगरी जनताको श्रद्धा चाहने, उनीहरूका बीचमा लोकप्रिय हुने आकाङक्षा राख्ने, सबैले आफ्ना रचना पढेको र ती रचनाबारे बोलेको हुनुपर्छ भन्ने मनमा रहर राख्ने तर व्यवहारमा जनतालाई अनपढ र मूर्ख सम्झने, उनीहरूसँग बोल्दा आफूलाई अलिमाथि राखेर बोल्ने, उनीहरूका समस्यातिर ध्यान नदिने, उनीहरूका माग लिएर लेख्ने-बोल्ने र वकालत गर्ने ग्यारेन्टी मैले लिएको छैन भन्ने जस्ता कार्य गरी उत्तरदायित्वविहीन भएर जनविरोधी खेमामा उभिई होटलमा रक्सीका प्यालाहरू तन्काउँदै सार्त्र-इलियटका कुराहरू गर्ने तथा नेपालमा बसी बेलायत र फ्रान्सको प्रशंसा गर्ने खालका अराजकतावादी लेखकहरूलाई आफ्नो देशको वास्तविकताको अध्ययन गर्न, जनताका समस्यासँग परिचित हुन, पश्चिमी विकृत परिवेशका साहित्यकारहरूको नक्कल गरी बरालिएर नहिँड्न, देश र जनताको आवश्यकतामा सहायक हुने साहित्य लेख्न आग्रह गरी भोलिका स्थितिमा कि त आफूलाई सपार्नु पर्ने कि त कलमै बिसाउनुपर्ने भन्दा अर्को तेस्रो बाटो यी लेखकहरूको नभएको जानकारी गराइको छ (अधिकारी, २०५६:१३४) ।"

यस समीक्षात्मक लेखद्वारा भट्ट पाश्चात्य साहित्यका कतिपय विकृत, जनविरोधी संस्कृतिहरू नेपाली जनमानसमा पाच्य नहुने र मौलिक नेपाली परम्परा सुहाउँदा मूल्यमान्यतालाई प्रश्रय दिनुपर्ने निचोड निकाल्दछन् ।

**"हामी किन बाँचेका छौं ?"** भन्ने लेख अस्तित्ववादी दर्शनलाई आधार बनाएर जीवनलाई परिभाषित गर्ने कतिपय साहित्यकारहरूको धारणालाई खण्डन गर्ने सन्दर्भमा भट्टद्वारा लेखिएको हो । यसमा अस्तित्ववादी मूल्यमान्यताहरूको चर्चा गरी जीवनलाई आशा, भरोशा र उत्साहमा नहेर्ने अस्तित्ववादलाई हाम्रा धेरै फेसनदार साहित्यकारहरूले अनुकरण गर्न खोजेपनि हामी जीवनलाई निराशा, व्यक्तिविद्रोह, कुण्ठा, पलायनमा विसर्जन गर्न सक्तैनौं भन्ने कुरा स्पष्ट ढङ्गले अघि सारिएको छ ।

पाश्चात्य अस्तित्ववादी दर्शनको चिरफार र नेपाली साहित्यकारहरूमा यसले पारेको नकारात्मक प्रभावलाई प्रस्तुत गर्ने काम भट्टले गरेका छन् । वास्तवमा व्यक्तिगत स्वार्थले प्रेरित

हुनेहरू अन्ततोगत्वा समाजबाट तिरष्कृत बनी निस्सहाय बन्दछन् भन्ने विचार भट्टको छ । निम्नवर्गीय जनताका पक्षमा साहित्य लेखिनुपर्दछ भन्ने उद्देश्य यस लेखमार्फत भट्टले प्रस्तुत गरेका छन् ।

**"कविता, कल्पना र यथार्थ"** भन्ने समालोचनात्मक लेखमा भट्टले भाषा, साहित्य र कलाको प्रकृति जीवन र समाजसित जोडिनुपर्ने विचार व्यक्त गरेका छन् । "कविता, कल्पना र यथार्थ जीवन, यथार्थजगत् र साहित्य वा कविताको सम्बन्ध देखाउने समालोचनात्मक लेख हो । यसमा जीवन र साहित्य वा कविताको सम्बन्ध यथार्थजगत्सँग जोडिने हुन्छ भन्ने देखाउन कतिपय विद्वान्हरूका कवितासम्बन्धी परिभाषा पनि अघि सारिएको छ र कवि वा साहित्यकारलाई जीवनवादी र यथार्थवादी हुन आग्रह गरिएको छ (अधिकारी, २०५६:१३५)" भन्ने रविलाल अधिकारीको मूल्याङ्कन सही देखिन्छ ।

भट्टका विचारमा जीवनको विकास गर्ने साहित्य नै साहित्य हो, जीवनलाई विकृत दृष्टिले हेर्ने वा यसलाई विकृत पार्ने साहित्य स्वयंमा विरोधाभास हो भन्ने रहेको छ । सामाजिक समस्या र अन्तर्द्वन्द्वप्रति सचेत भएर परिवर्तनकारी विचारको सम्प्रेषण गर्नु सच्चा कविको धर्म हो भन्ने विचार भट्टको पाइन्छ । समालोचनाको भूमिका निर्णायक हुने भएकाले यो उत्तरदायित्वपूर्ण हुने ठहर भट्टले गरेका छन् ।

**"वीर एन्टियसको सम्झना र आधुनिक नेपाली कला"** भन्ने समालोचनात्मक लेखमा राष्ट्रियताप्रति प्रतिवद्ध रहन साहित्यकारहरूलाई सचेत गराइएको छ । समाज र राष्ट्रलाई बिर्सिएर वाह्य विचारको खोक्रो अनुकरणमा लाग्नाले असली साहित्यको निर्माण हुन नसक्ने राय भट्टको छ । यस लेखमा वीर एन्टियस र हर्क्युलसको कथाको सम्झना गर्दै देशको माटो समातुञ्जेल वीर एन्टियस हर्क्युलसद्वारा पराजित बन्न नसकेको तर देशको माटो समाउन नसक्दा एन्टियसलाई हर्क्युलसले सहजै पराजित गरेको प्राचीन ग्रिसेली कथाको प्रसङ्गद्वारा भट्ट साहित्यकारहरूले देशभक्ति र जनताको प्रेमरूपी माटो समात्नु पर्ने विचार प्रस्तुत गर्दछन् । "यसमा एन्टियसलाई राष्ट्रियताका प्रतीकका रूपमा लिएर हाम्रा कलाका साथमा र साहित्यका साधक बनेका प्रतिभाहरूले आफ्नो देशको वास्तविकता नबुझेसम्म उनीहरूको कला र साहित्य प्रभावकारी, जीवन्त र जनताको सरोकार भएको हुन नसक्ने यथार्थ मूलरूपमा बुझाउन खोजिएको छ ( अधिकारी, २०५६,१३५) ।"

नेपाल जस्तो पिछडिएको मुलुकका साहित्य र कलाका साधकहरूले वास्तविक समस्यालाई पहिचान गरी राष्ट्रिय उत्थानमा सहायक हुने कार्यतर्फ प्रवृत्त हुनुपर्दछ । केवल विदेशीको नक्कल गरी साम्राज्यवाद र उपनिवेशवाद विरोधी गौरवमय नेपाली ऐतिहासिक परम्परालाई बिर्सेर, हाम्रो

राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको प्रश्नलाई पन्छाई पश्चिमको अन्धो नक्कल गर्नु सांस्कृतिक दासता र आत्मगौरवहीनता हो, जुन स्वतन्त्र नेपालका वीर कलाकारहरूलाई नसुहाउने कुरा हो भन्ने विचार भट्टको छ । नेपाली कलाकारहरू अन्तर्राष्ट्रिय स्तरका छन्, केवल उनीहरूले नेपाली माटो, हावापानी, समाज, जनता र उनीहरूका वास्तविक समस्याको पहिचान गरी यस्ता समस्याहरूबाट शोषित-पीडित निम्नवर्गीय जनताको मुक्तिमा सहायक हुने साहित्य कलाको निर्माण गर्नुपर्दछ । राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र सार्वभौमिकताको गान गाउँदै विश्वभरिका जनताको मुक्तिमार्गमा अगाडि बढ्न सकिन्छ । सस्तो लोकप्रियताका लागि पश्चिमी अन्धानुकरणतर्फ नलागी सच्चा जनसाहित्यको निर्माणमा जुटे नेपाली कलाकारहरूले आफ्नो राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वलाई पूरा गर्न सक्दछन् भन्ने निष्कर्ष भट्टले दिएका छन् ।

समग्रमा प्रगतिशील, जनमुखी, जनउत्तरदायित्वपूर्ण तथा निम्नवर्गीय जनताको पक्षमा लिखित साहित्य नै सच्चा साहित्य हुने र त्यस्ता स्रष्टाहरू नै राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका छन् भन्ने भट्टको विचार वर्तमान् परिप्रेक्षमा पनि त्यत्ति नै उचित छ । **“प्रगतिवाद र मानवतावाद”** शीर्षकको समालोचनात्मक लेखमा भट्टले प्रगतिवादीहरू नै सच्चा मानवतावादी हुन् भन्ने विचार प्रस्तुत गरेका छन् । पूँजीवादीहरूले आफू मानवतावादी भएको दावी गरेता पनि निम्नवर्गीय वहुसंख्यक जनताका पक्षमा कलम चलाउने प्रगतिवादीहरू नै खास मानवतावादी हुन् भन्दै मानवतावाद वर्गसापेक्ष हुने ठहर भट्टले गरेका छन् । “समाजमा सामन्ती शोषण, पूँजीवादी दमन र साम्राज्यवादी अतिक्रमण र युद्ध रहिरहुन्जेल ती भावुक कविका दिवास्वप्न मात्र रहनेछन् । यस यथार्थ र वास्तविक तथ्यलाई स्वीकार गरेर शोषक वर्गको पूर्ण विनाश र शोषित वर्गको पूर्ण मुक्तिका लागि अनवरत इमान्दार संघर्ष गर्नेहरू साँचो अर्थमा जनताका कल्याण र प्रगतिका चिन्तक अर्थात् प्रगतिशील र मानवतावादी चिन्तक हुन् (पाण्डेयः शोधः २०५५,७१) ।”

भट्टको विचारमा साम्राज्यवाद, सामन्तवादका विरुद्ध शोषित-पीडित जनसमूहको सङ्घर्षमा साथ दिने प्रागतिवादी मानवतावाद नै साचो मानवतावाद हो । वास्तवमा प्राचीनतावादीहरू र आधुनिकतावादीहरू क्रमशः सामन्तवाद र पूँजीवादका समर्थक हुने कुरा उनीहरूका व्यावहारबाट स्पष्ट हुने गर्दछ । उनीहरूको सेवा र कार्यबाट केवल सामन्ती र पूँजीपतिहरूको मात्रै कल्याण हुन्छ । सामन्ती र पूँजीवादी विचारधारा र व्यवस्थालाई टिकाइराख्ने साहित्यलाई उनीहरू जनकल्याणकारी र प्रगतिवादी साहित्य मान्दछन् । परन्तु आजसम्मको विश्व इतिहासले देखाएको सत्य भनेको सामन्तवाद र पूँजीवादबाट वहुसङ्ख्यक जनता दुःख, कष्ट र दासताको सिकार मात्र हुन्छन् र उन्नति र प्रगतिका सट्टा प्रतिदिन झन्झन् दरिद्र र भोकानाङ्गा हुँदै तलतल खस्दै जान्छन् किनकि सामन्तवाद र पूँजीवाद अल्पसङ्ख्यक शोषकवर्गद्वारा बहुसङ्ख्यक जनताको निर्मम शोषण र दमनमा टिकेको व्यवस्था हो । सामन्तवादमा मुठीभर जमिनदार र कुलीनवर्ग व्यापक

किसानहरूमाथि अन्याय गर्दछन् भने पूँजीवादमा अल्पसङ्ख्यक पूँजीपतिहरू व्यापक श्रमजीवि जनतालाई नाफा र पूँजी थुपार्नका लागि कुकुरले हाड चुसेझैं चुस्तछन् । तर प्रगतिवादीहरू यी दुबै किसिमका जनविरोधी व्यवस्थाहरूलाई उदङ्ग्याउने, निन्दा गर्ने र निर्मूल पार्ने साहित्यसिर्जना तथा प्रचारप्रसार गर्न चाहन्छन् । प्रगतिवादीहरूका दृष्टिमा जनताको कल्याण र प्रगतिको अर्थ केवल शोषितवर्गभित्र पर्ने जनताको कल्याण र प्रगति मात्र हो । तर प्राचीनतावादी र आधुनिकतावादीहरूले मानवतावादको खोल ओडेर केवल पाँच प्रतिशत जनताको सेवा गरी पञ्चानब्बे प्रतिशत जनताका समस्यातर्फ आँखा चिम्लिएका हुन्छन् । यसर्थ एक सच्चा प्रगतिवादी मात्रै सच्चा मानवतावादी हुन सक्दछ भन्ने निष्कर्ष भट्टले निकालेका छन् ।

**"अघाएको साहित्य र भोकाएको साहित्य"** शीर्षकको लेखमा निबन्धात्मक शैलीद्वारा अघाएका वा सुविधाभोगी शोषकहरूको साहित्य र कला सुन्दरताका नाममा अल्मलिएको दिशाहीन र निस्क्रिय हुने तथा श्रमजीवीहरूको साहित्य स्पष्ट दिशावोध भएको र बढी सक्रिय हुने ठहर भट्टको छ । प्रगतिवादी साहित्य वहुसङ्ख्यक जनताको हितअनुकूल हुने तथा यसले व्यक्तिमा जोस, जाँगर र उत्साह भरिदिने गर्दछ । अघाएकाहरू अल्छी, जुम्सा र निष्क्रिय हुने हुँदा भोकाएका व्यक्तिहरूबाट लिखित साहित्य नै सच्चा साहित्य हुने विचार भट्टले प्रस्तुत गरेका छन् ।

यसर्थ भोकाएकाहरू अर्थात् निम्नवर्गीय शोषितपीडित जनताहरू जो सदियौंदेखि अघाएकाहरू अर्थात् ठालु, सामन्त, नोकरशाह, दलाल पूँजीपति साथै प्रतिक्रियावादीहरूको निरङ्कुश हैकमबाट मुक्तिको निमित्त संघर्षरत हुन्छन् । परन्तु शोषकहरू आफ्नो एकछत्र निरङ्कुश शासन टिकाई राख्ने माध्यमका रूपमा साहित्य र कलालाई हतियार बनाएर निम्नवर्गीय जनतामा भ्रम फिंजाइरहेका छन् । तर आफ्नो न्याय र मुक्तिका लागि लाखौं-करोडौंको सङ्ख्यामा क्रान्तिकारी अभियान आँधीबेहरीझैं बढ्दै आइरहेको छ । विजुली वेग र चट्याङझैं गर्जदै अघि बढ्ने अदम्य साहसका खानी शोषितपीडित जनताहरूको यस अभियानमा स्वागत र समर्थन गर्ने साहित्य नै भोकाएकाहरूको आफ्नो साहित्य हो भन्ने निष्कर्षद्वारा प्रगतिवादी साहित्य नै नेपालको सन्दर्भमा एकमात्र उचित, योग्य, जनपक्षीय तथा समयसापेक्ष आधुनिक साहित्य हो जुन निम्नवर्गीय जनताहरूको मुक्तिमा सहायक हुन्छ भन्ने भट्टको विचार सही छ ।

**"पाश्चात्य विचारधारा र हाम्रो राष्ट्रिय चिन्तन"** भन्ने लेख डा. कुमारबहादुर जोशीको 'पाश्चात्य साहित्यका प्रमुख केही वाद' पुस्तकको समालोचनाका रूपमा पाश्चात्य साहित्यिक परिवेशलाई व्यापक चित्रण गरी लेखिएको छ । पन्ध्र पृष्ठ लामो यस समालोचनात्मक लेखमा प्रगतिवादबाहेक पाश्चात्य साहित्यिक समालोचना सिद्धान्तहरू मूलतः निराशा, पलायन, कुण्ठा, निस्सारता र जीवनविरोधी भएको ठहर भएको छ । युरोपमा पूँजीवादको विकासपछि शोषण र

नाफालाई सर्वोपरि मानवीय मूल्यदृष्टिले कला, साहित्य र दर्शन व्यापारका वस्तु बनेको विचार भएको छ । सामाजिक उत्तरदायित्वबाट बञ्चित यस्ता समाजविरोधी छाडावाद, अराजकतावाद तथा विसङ्गतिवादी चिन्तन पश्चिमको दासतामा रहेको यथार्थ पनि यस लेखमा व्यक्त गरिएको छ । मूलतः विश्वविद्यालयका प्राध्यापक, समालोचक तथा साहित्यकारहरू यस्ता नकारात्मक चिन्तनका शिकार बनी नेपाली मौलिक परम्परा तथा चिन्तनलाई विनाश गरिरहेको कारण सबैले बेलैमा सचेत बनी पूर्वीय मौलिक परम्पराको रक्षा गर्नुपर्ने विचार भट्टको छ ।

प्रगतिवाद मात्र त्यस्तो दर्शन हो, जसले पूँजीवादी समाजका अन्तर्विरोध र समस्याहरूको निराकरण गर्न सक्तछ साथै वैज्ञानिकता, जनउपयोगिता र प्रभावकारिताका दृष्टिबाट प्रगतिवाद नै बीसौं शताब्दीको सर्वोत्कृष्ट वाद हो भन्ने ठहर भट्टको छ । पाश्चात्य संसारमा च्याउझैं उम्रदै र मर्दै गर्ने विभिन्न वाद, चिन्तन र प्रणालीका तुलनामा वैज्ञानिक तथ्यहरूलाई आधार मानेर वहुसङ्ख्यक निम्नवर्गीय जनसमुदायका हितको प्रतिनिधित्व गर्ने प्रगतिवाद अद्यापि एकमात्र सर्वश्रेष्ठ र सर्वशक्तिशाली विचारधारा भएको निचोड भट्टको छ । प्रगतिवादले प्रतिक्रियावादी, यथास्थितिवादी, अधोगामी, निराशावादी अस्वस्थ र जनविरोधी रचनाहरूको मात्र विरोध गर्दछ । कलात्मक सौन्दर्यद्वारा अलङ्कृत वास्तविक सत्यको उद्‌घाटन गर्दै निम्नवर्गीय सर्वहारावादी वहुसङ्ख्यक जनताको पक्षमा लेखिने साहित्य नै प्रगतिवादी साहित्य हो । प्रगतिवादबाट नै व्यक्तिको बौद्धिक विकास तथा समाजको सर्वाङ्गीण प्रगति सम्भव छ । प्रस्तुत रचनामा विश्वसाहित्यमा देखिएका विभिन्न वादहरूको सकारात्मक तथा नकारात्मक असरहरूको चर्चा गर्दै यथार्थवादी, आलोचनात्मक एवं क्रान्तिकारी रचनाहरूले नै समाजविकासमा सकारात्मक भूमिका खेल्ने निष्कर्ष निकालेका छन् ।

लेखक जोशीले द्वन्द्वात्मक भौतिकवादको व्याख्या गर्दा त्यसलाई हिगेलको द्वन्द्वात्मक प्रत्ययवाद र फायरबाखको यान्त्रिक भौतिकवादद्वारा प्रभावित भएको दर्शन भनी गरेको व्याख्याका सम्बन्धमा उपर्युक्त दुबै दर्शनहरूको खण्डन गरेर नै द्वन्द्वात्मक भौतिकवादको जन्म भएको उल्लेख भट्टले गरेका छन् । भट्टका विचारमा समाजको मूख्य आर्थिक प्रणाली र त्यसबाट निर्धारित राजनीतिक पद्धति नै कुनै पनि युगको संस्कृतिको मूल निर्णायक तत्व हो । नेपालको ऐतिहासिक, भौगोलिक र सामाजिक कारणहरूले गर्दा नेपाली संस्कृतिको मूलचरित्र यथार्थवादी र प्रगतिवादी रहेको छ । सामाजिक जीवनका द्वन्द्व र संघर्षका ठोस भूमिमा नै कुनै साहित्य वा दर्शनको वृक्ष जन्मन्छ । त्यसकारण दर्शन वा साहित्य कुनै आधारभूमि विना शून्यमा रहने वस्तुहरू होइनन् । समाज र समाजका मानिसहरूको संघर्षको कथा र द्वन्द्वको मर्म सम्बन्धित समाजको दर्शन वा साहित्यले बोकेको हुन्छ । यसर्थ नेपाली चिन्तन परम्पराको सन्दर्भमा भट्ट भन्दछन्, "नेपालको स्वाधीनताको संरक्षण गर्ने दिशामा भौतिक, मानसिक एवं नैतिकरूपबाट बल पुऱ्याउने, राजनैतिक

दासता, आर्थिक शोषणदोहन तथा सांस्कृतिक हीनताबाट मुक्त हुनेतर्फ बहुसङ्ख्यक नेपालीहरूलाई सचेत, सक्षम र सक्रिय तुल्याउने, उनीहरूमा वैज्ञानिक प्रवृत्ति र सामूहिकताको भावना विकसित गर्ने विश्वदृष्टिकोण भएको चिन्तनपद्धति नै हाम्रो राष्ट्रिय चिन्तनपद्धति हुनुपर्दछ (पाश्चात्य विचारधारा र हाम्रो राष्ट्रिय चिन्तन) ।" यसर्थ नेपाली संस्कृतिभित्रका अवैज्ञानिक तथा असामाजिक प्रवृत्तिहरूको खण्डन गर्दै र विदेशी दर्शन भएपनि त्यसबाट उपयोगी कुराहरू समेटी राष्ट्रिय चिन्तनपद्धतिलाई समृद्ध, सशक्त र युगानुकूल बनाउनु पर्दछ । यही चिन्तन नै आधुनिक र प्रगतिशील चिन्तन पनि हो ।

यस लेखमा भट्टद्वारा भूत, वर्तमान र भविष्य तीनै कालका निम्ति विश्वसाहित्यका विभिन्न वाद, प्रणाली तथा विचारहरूका सापेक्षतामा प्रगतिवाद एकमात्र उत्कृष्ट विचार हो भन्ने निष्कर्ष दिइएको छ । प्रगतिवादी आलोचनाको मूलमा जीवन, समाज तथा कलासाहित्यलाई तिनको सापेक्षतामा हेर्ने र मूल्याङ्कन गर्ने मार्क्सवादी दृष्टिकोण हुनुपर्दछ साथै प्रगतिवादी व्याख्या गर्ने क्रममा प्रगतिवादी साहित्य द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादी दर्शनप्रति प्रतिवद्ध, सर्वहारावर्गको यथार्थ चित्रण तथा रूपान्तरणमा प्रतिवद्ध हुनुपर्ने जस्ता विशुद्ध प्रगतिवादी मान्यताहरूलाई स्पष्ट प्रस्तुत गर्न नसक्नु आदि सीमाहरू देखिए पनि यस लेखमा भट्टद्वारा समालोचक जोशीमाथि गरिएको मूल्याङ्कन विशुद्ध प्रगतिशील रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**'साहित्यमा विश्वदृष्टिकोणको प्रश्नबारे'** भन्ने लेखमा वैज्ञानिक विश्वदृष्टिकोण नै आजको युगको मूलधार रहेको तथा अधिभौतिक विश्वदृष्टिकोणको प्रतिक्रियावादी भूमिकाका विरुद्ध वैज्ञानिक विश्वदृष्टिकोणको प्रगतिशील कदमहरूको वर्चस्वलाई स्वीकार गरिएको छ । पूर्वीय आध्यात्मिक परम्पराबाट कुण्ठित र अवरुद्ध बनेको नेपाली साहित्यलाई विश्वस्तरमा पुऱ्याउन स्रष्टा एवं द्रष्टा दुबैले आफ्ना चिन्तनप्रणालीमा यथार्थता, गहनता, सजीवता र गतिशीलता ल्याई जडता, एकपक्षीयता तथा अवैज्ञानिकता जस्ता क्षेत्रहरू हटाउनु पर्ने राय भट्टको छ । द्वन्द्वात्मक भौतिकवादी जीवनदर्शन आज संसारका करोडौंकरोड शोषित दलित जनसमुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक दासताबाट मुक्त गराउन सक्षम रहेको तथा मानव इतिहासमा अभूतपूर्व क्रान्तिकारी रूपान्तरण ल्याइदिने अद्वितीय, अजेय र लोकप्रिय जीवनदर्शनका रूपमा स्थापित भएको कुरा व्यक्त गरेका छन् ।

भट्टका विचारमा विज्ञान तथा राजनीतिले मनुष्यसमाजमा ऐतिहासिक र युगान्तकारी परिवर्तन ल्याएको सन्दर्भमा कुनै पनि साहित्यकार यी दुवै कुराबाट अलग रहन सक्दैन । साहित्यसम्बन्धी सौन्दर्यशास्त्रीय धारणा, समालोचनात्मक मूल्याङ्कनका पद्धतिहरू, साहित्य र कलाका विषयवस्तु एवं शैली यी सबै मनुष्यसमाजमा लामो समयको श्रमसंघर्ष, प्रयोग, अनुभव र

द्वन्द्वात्मक क्रियाप्रतिक्रियापछि क्रमशः उत्पन्न भई विकसित भएका हुन्; यी कुनै दैवी उत्पत्तिका अज्ञेय र रहस्यपूर्ण वस्तु होइनन् । यसर्थ विज्ञान तथा राजनीतिको प्रभावबाट साहित्य मुक्त रहन नसक्ने विचार भट्टको छ । वैज्ञानिक विश्वदृष्टिकोणबाट मात्रै नेपाली साहित्य र साहित्यकारहरू विश्वस्तरमा पुग्ने तथा यस्तै साहित्यबाट मात्रै नेपाली समाज, साहित्य र नेपाली जनतालाई सदियौंदेखिको सामन्ती दासताबाट मुक्ति मिल्ने निष्कर्ष भट्टले दिएका छन् ।

**'नेपाली कविताबारे केही विचार गर्दा'** भन्ने लेखमा नेपाली कविता समसामयिक युगमा आएर प्रशंसनीय बनेको विचार व्यक्त भएको छ । इतिहासका प्रत्येक चरणमा सामान्य नेपाली जनताका आवाजहरूलाई मुखरित गर्ने अभिभारा कविहरूले लिएका थिए । यसरी कविहरूले विश्वस्तरको व्यापक दृष्टिकोण बनाई त्यसमा समयसापेक्ष निखार ल्याएर जनताका यथार्थ आवाजहरू पस्कनु पर्ने विचार भट्टको छ । नेपाली साहित्यमा आफ्नै राष्ट्रिय शैलीगत विशिष्टता र चरित्र रहनुपर्दछ जुन परम्परागत मूल्य र मान्यतालाई परिमार्जन गर्दै विश्वस्तरका सकारात्मक पक्षहरूको ग्रहणबाट बन्ने विचार प्रस्तुत गरेका छन् । पाश्चात्य साहित्यको नक्कल गरी आफूलाई ठूलो कवि वा साहित्यकार भनाउने नक्कली मयुरहरू वास्तवमा सच्चा साहित्यसेवी हुन सक्दैनन् । निम्नवर्गीय जनताका पक्षमा कलम चलाई समाज रूपान्तरणमा सकरात्मक भूमिका निर्वाह गर्नु असली कविको धर्म हो । नेपालीहरू जातैले कविताप्रेमी हुन्छन् । मन परेका कविताहरूलाई कण्ठ गर्न र जीवन व्यतीत गर्ने क्रममा बेलाबखत तिनको प्रयोग गर्दै सकरात्मक सन्देश ग्रहण गर्न पोख्त छन् । यसर्थ कविताप्रति नेपाली पाठकहरूको मोहलाई उच्च मूल्याङ्कन गर्दै यथार्थमा मौलिक नेपालीपनसहितको जनमुखी कविता लेख्ने आग्रह भट्टको रहेको देखिन्छ ।

### ४.२.२ व्यावहारिक समालोचना

गोविन्द भट्टको कृतित्वको अध्ययनअन्तर्गत व्यावहारिक समालोचनाको अध्ययन यस उपशीर्षकअन्तर्गत गरिएको छ । प्रगतिवादी साहित्यसम्बन्धी व्यापक चिन्तन गर्नुका साथै उनका समालोचनाहरू कविता, कथा, उपन्यास, निबन्ध तथा अन्य विविध विधासँग सम्बन्धित रहेका छन् । भट्टका व्यावहारिक समालोचना पुस्तकाकार कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेको पाइन्छ । उपर्युक्त लिखित विधासँग सम्बन्धित समालोचनात्मक रचनाहरूमा प्रस्तुत गरिएका उद्देश्य, विषय, वैचारिक पक्ष, निष्कर्ष एवं तिनको शैलीपक्षका बारेमा अध्ययन, विश्लेषण र मूल्याङ्कन यहाँ गरिएको छ । भट्टद्वारा लिखित "गोविन्द भट्टका समालोचना" कृतिभित्रका चौधवटा व्यावहारिक समालोचनाहरूलाई दुईवटा उपशीर्षकहरूमा समेटी निम्नानुसार अध्ययन अनुशीलन गरिएको छ ।

#### ४.२.२.१ प्रतिभासम्बन्धी समालोचनाहरू

**'भानुभक्त र आजको नेपाल'** समालोचनात्मक लेखमा भट्टले मार्क्सवादी प्रगतिवादी मान्यताका आधारमा भानुभक्तको मूल्याङ्कन वैज्ञानिक र वस्तुवादी ढङ्गले गरेका छन् । भट्टका विचारमा भानुभक्त समयप्रवाहका क्रममा कतिपय समयमा सामाजिक चेतनाका दृष्टिले असचेत, परम्परावादी कवि हुन् । वि.सं. १९१४ मा कानुनीरूपमा बन्द भइसकेको सतीप्रथाको १९१९ मा लिखित **'बधू-शिक्षा'** मा समर्थन गरेको घटनालाई भानुभक्तमा सामन्ती संस्कारगत विकृति रहेको ठहर भट्टको छ । भानुभक्तको रामायण उनको प्रतिभा वा मौलिकताबाट भन्दा पनि सामन्ती रूढिवादी सांस्कृतिक वातावरण र व्यापक जनसमूहको अचेतन अवस्थाको तत्कालीन स्थितिले गर्दा नै भानुभक्तको महिमा र उनको साहित्यको प्रचारप्रसार बढेको ठहर भट्टको छ । भानुभक्तकालीन नेपाल सामन्ती र अर्धऔपनिवेशिक थियो । आफ्नो समयका पढालेखा, टाठाबाठा, पण्डित, देशविदेश घुमेका स्रष्टा आचार्यका कृतिहरूमा तत्कालीन समाजको सामान्य झलकसम्म पाउन नसक्नु, नेपाली जनताको दुरावस्थातर्फ भन्दा कवि आचार्य आफ्नै सिद्धि, कीर्ति र आध्यात्मिक शान्तितर्फ बढी आकर्षित, अन्तर्मुखी र धार्मिक पाखण्डमा लिप्त रहेको धारणा भट्टको छ । भट्ट भन्दछन् "नेपाली रामायण, भक्तमाला र वधूशिक्षाले नेपाली समाजमा ल्याएका भयङ्कर मानसिक र सांस्कृतिक क्षति तथा दुष्परिणामहरू साथै विशेषगरी तल्लावर्गका बीच नेपाली रामायणले फिँजाएको भक्तिवादलाई देख्दा कहिलेकाहीँ त कतिसम्म नरमाइलो लाग्न थाल्छ भने यिनै आदर्शवादी रचनाहरूलाई व्यापकस्तरमा फिँजाउनका लागि नेपाली भाषा समात्नु थियो भने बरु भानुभक्तले दुरुह र क्लिष्ट संस्कृतमै लेखेको भए बेस हुन्थ्यो होला । निष्क्रिय र आत्मसमर्पणवादी बनाउने वेदान्ती विचारहरूको विखालु प्रभावबाट बिचरा सर्वसाधारण जनता त जोगिन्थे (पूर्ववत्, पृ:६५) ।" भट्टका उपर्युक्त विचारहरूप्रति असहमति जनाउँदै कतिपय प्रगतिवादी समालोचकहरूले फरक मत पनि प्रस्तुत गरेका छन् ।

**'कला, साहित्य र सौन्दर्य समीक्षा'** नामको आफ्नो अप्रकाशित पाण्डुलिपिको **'भानुभक्तः जनताका लागि अभिषाप वा वरदान ?'** शीर्षक लेखमा मोदनाथ प्रश्रित भट्टका भानुभक्तप्रतिका उपर्युक्त धारणाका सम्बन्धमा यसो भन्दछन् - "नेपालको प्रगतिशील लेखन र समालोचनाको क्षेत्रमा शीर्षस्थानमा रहेका र समालोचनालाई वस्तुवादी र ऐतिहासिक भौतिकवादी धारबाट प्रस्तुत गर्न चाहने गोविन्द भट्टजस्ता विद्वान्ले भानुभक्तको बारेमा यस प्रकारको अति नकारात्मक धारणा व्यक्त गरेको कुरा जब मैले २०२८ मा प्रकाशित **'भानु'** (भानुभक्त विशेषाङ्क)मा पढेको थिएँ, म निकै आश्चर्यचकित भएको थिएँ" । प्रश्रितका विचारमा तत्कालीन नेपाललाई विश्वस्तरका तत्कालीन कविहरूसँग तुलना गर्नु भट्टको कमजोरी हो । इतिहासको एउटै घडीमा भारतमा अङ्ग्रेजी उपनिवेश राज्य स्थापित हुनु प्रतिक्रियावादी कुरा हो नेपालमा केन्द्रीय सामन्ती राज्य

खडा हुनु प्रगतिशील कुरा हो । सबै नेपालीलाई एउटा भाषा र साहित्यको माध्यमबाट बलियो राष्ट्र बन्ने दिशातिर नजिकै लैजाने काममा भानुभक्तको साहित्यले महत्वपूर्ण भूमिका खेलेको थियो । प्रश्रितका विचारमा संस्कृत साहित्यका आदिकवि वाल्मीकिले तत्कालीन दासस्वामी समाजका समर्थक भएर पनि आदिकविको उपाधि ससम्मान पाए भने भानुभक्तले किन नपाउने ? यसर्थ भट्टका उपर्युक्त विचारहरू अवैज्ञानिक, अदूरदर्शी, अवस्तुवादी र अपरिपक्व छन् जसले नवोदित र उदीयमान साहित्यकर्मी तथा वुद्धिजीविहरूको विशाल पंक्तिमा ठूलो असर पार्न सक्छ ।

भट्टका बिचारमा कुनै पनि कवि, लेखक वा साहित्यकार अर्कै लोकबाट छुट्टै प्रतिभा लिएर एक्कासि उदाउने वस्तु होइन, ऊ त यही समाजको उपज हो , त्यसैले प्रत्येक स्रष्टाले आफ्नो धरातललाई बिर्सन मिल्दैन । परन्तु भानुभक्तको रामायणले तत्कालीन नेपाली समाजमा विद्यमान सामन्ती राज्यव्यवस्था, आर्थिक शोषण, उत्पीडन र थिचोमिचोबाट क्लान्त निम्नवर्गीय नेपालीहरूको दुर्दमनीय अवस्थाप्रति पूरै आँखा चिम्लिएको छ । यसर्थ साहित्यभन्दा समाज प्रमुख ठान्ने समालोचक भट्टका विचारमा **'बडो दुर्लभ् जानोस् भरतमुनिको जन्मजनले'** भनी साम्राज्यवादी, विस्तारवादी भारतको गुणगान गाउने भानुभक्त भाषिक एकीकरणकर्ता नभएर दासमनोवृत्तिका पृष्ठपोषक मात्र हुन् ।

यसैगरी समालोचक रविलाल अधिकारी **'गोविन्द भट्ट र उहाँको समालोचना जगत्'** (पूर्ववत्, पृ:१९५) शीर्षक लेखमा सतीप्रथालाई वधूशिक्षाले नैतिक र उचित ठहऱ्याएको तथा **'भरतभूमि'** भन्ने शब्दले भारतमात्र नजाउने कुरा प्रस्तुत गर्दै भट्टका निष्कर्षलाई जायज मान्न नसकिने विचार व्यक्त गर्दछन् । परन्तु "**'भानुभक्त र आजको नेपाल'** भन्ने समालोचनामा भट्टद्वारा भानुभक्तको ऐतिहासिक रूपमा मूल्याङ्कन गर्दै उनका विशिष्टता र कमजोरीतर्फ सङ्केत गरिएको छ । यसले भट्टको मूल्याङ्कन गर्ने प्रगतिवादी आधारलाई स्पष्ट रूपमा देखाउँछ (पूर्ववत्, पृ:१३७)" भनी भट्टलाई मूल्याङ्कन गर्ने अधिकारीको उपर्युक्त गुनासोले खासै महत्व नराख्ने तथा दोहोरो मापदण्डलाई सङ्केत गर्ने देखिन्छ । त्यसैगरी मार्क्सवादी चिन्तक तथा प्रगतिवादी समालोचक गोविन्द भट्टद्वारा भानुभक्तमाथि गरिएको मूल्याङ्कन 'प्रगतिवादी आधारलाई स्पष्टरूपमा देखाउने समालोचनात्मक लेख हो' भन्ने समालोचक रविलाल अधिकारीको निष्कर्षलाई आधार मान्दै प्रश्रितद्वारा व्यक्त भट्टसंगका विमतिहरूलाई केलाउने हो भने प्रश्रितको यो विचार प्रगतिवादी कित्तावाट पलायन तथा भानुभक्तप्रतिको अन्धमोह साथै भट्टप्रतिको मनोगतवादी कुटिल आक्रमणका रूपमा रहेको छ ।

भट्टका विचारमा भानुभक्त संसारलाई आध्यात्मिक दृष्टिबाट हेर्ने धार्मिक प्रकृतिका व्यक्ति भएकाले उनको मुख्य उद्देश्य अध्यात्मवाद र धर्मको प्रचार गर्नु मात्र थियो । भानुभक्तको

व्यक्तिगत चेतनाको स्तर, विश्वदृष्टिकोण र वर्गीय स्वरूपबाट पनि उनले त्यसबेला सामन्तवाद र साम्राज्यवादको खुल्ला विरोधका रूपमा रामायण लेखे होलान् भन्नु आधारहीन कुरा हो । भट्ट अझ अगाडि भन्दछन्, नेपाली समाज र जनजीवनमा अध्यात्मवाद र हिन्दुधर्मलाई राष्ट्रव्यापी आधार दिने काम उनको नेपाली रामायणले गरेको छ । त्यसैले व्यक्तिवादी, पराश्रयी, परम्परावादी विश्वदृष्टिकोणको साङ्लामा नेपाली जनतालाई नराम्ररी अल्झाई, अल्मल्याइदिएर स्वतन्त्र नेपाली चिन्तनको विकासमा ठूलो तगारो तेर्स्याइएको छ । परन्तु भाषासाहित्यको उत्थानमा भानुभक्तको महत्वपूर्ण योगदान रहेको साथै रसिक कृष्णलाई भन्दा व्यवहारवादी रामलाई प्रमुख पात्र चयन गरेको कारण साहित्य साहित्यका लागि मात्र नभएर जीवनका लागि हो भन्ने सिद्धान्तका उनी अनुयायी हुन् भन्ने भट्टको निष्कर्ष सही छ ।

**'कविशिरोमणिलाई फर्केर हेर्दा'** लेखमा भट्टद्वारा संक्षिप्त रूपमा कवि पौडेलको मूल्याङ्कन गरिएको छ । कवि पौडेलमा सामाजिक चेतनाको अभाव, जनताका पीडा, आकांक्षा साथै सामाजिक सङघर्षका स्वरहरूलाई सुन्न नसक्ने कमजोरी, आधुनिक चिन्तनशैली, वैज्ञानिक जीवनदृष्टि तथा युगपरिवर्तनकारी विचारधारासित अपरिचित, संस्कृत साहित्य तथा वेदान्त दर्शनमा मात्र सीमित रही आभिजात्य वा उच्च कुलीन वर्गीय क्लासिकल साहित्यप्रतिको एकोहोरो झुकाव जस्ता कमजोरीहरूको ठहर भएको छ । तथापि उन्नत र प्रगतिशील विषयवस्तुका अभावमा पनि सुन्दरता र शास्त्रीय परिमार्जनका दृष्टिले लेखनाथका कविता पठनीय छन् भन्दै नेपाली भाषासाहित्यको क्षेत्रमा उनको योगदानको उचित मूल्याङ्कन भट्टद्वारा गरिएको छ ।

**'मैले चिनेबुझेका बालकृष्ण सम'** लेखमा भट्टले सममा विज्ञानप्रतिको मोह भएपनि विशुद्ध भौतिकवादी नभई उनमा अध्यात्म र भौतिकता दुबैको मिश्रित रूप रहेको कुरा उल्लेख गरेका छन् । भट्टले समको वौद्धिकता तथा वहुमुखी प्रतिभाप्रति नतमस्तक रहेको स्वीकारोक्ति यस लेखमा गरेका छन् । समको अतिशय वौद्धिकता र भावगत दुरुहता उनको लोकप्रियतामा बाधकतत्व बने पनि नेपाली साहित्यलाई विश्वस्तरमा पुऱ्याउने काममा महत्वपूर्ण योगदान रहेको विचार भट्टको छ । नाटककार सम शेक्सपीयरसँग तुलनीय रहेको निष्कर्ष पनि भट्टले दिएका छन् ।

**'वाढी, आगो र युद्धको सौन्दर्यशास्त्र'** लेख समालोचक भट्टद्वारा कवि युद्धप्रसाद मिश्रसँग गरिएको कुराकानीमा आधारित छ । जसमा कवि मिश्रको साहित्यिक, राजनीतिक जीवनदर्शनका सम्बन्धमा अध्ययन तथा वैचारिक प्रतिबद्धताका सम्बन्धमा अनि नेपाली समाजको मूल्याङ्कनजस्ता विविध पक्षमा भट्टद्वारा प्रष्ट पार्ने काम गरिएको छ । विगतका सम्पूर्ण सांस्कृतिक उपलव्धिहरूलाई पूर्णतः नकारेर व्यक्तिगत विचारधारा तयार पार्न वा विकसित गर्न सकिदैन । मार्क्सवाद अथवा प्रगतिवादका नाममा जडसूत्रवाद वा आत्मप्रदर्शनवाद खराब पक्ष हो भन्ने मिश्रको विचारमा भट्ट

सहमत देखिन्छन् । मिश्र उद्देश्यहीन लेखन र व्यक्तिवादी मनोवृत्तिका कट्टर आलोचक हुन् । निरन्तर साधना, तपस्या तथा अध्यवसाय व्यक्तित्व निर्माणका महत्वपूर्ण आधार हुन् । आफूलाई आदर्शच्यूत र भ्रष्ट पार्नु, सिद्धान्तबाट विचलित हुनु निन्दनीय छ । सिद्धान्त र नैतिक दृढता महत्वपूर्ण कुरा हो भन्ने मिश्रका विचारसँग सहमत हुँदै सैद्धान्तिक अटलता र चारित्रिक स्वच्छता, वैचारिक विचलन वा पदप्रतिष्ठाको आकर्षणका शिकार नबनेका तथा विचार र व्यवहार दुबैमा प्रगतिवादी कवि मिश्र हाम्रा निम्ति आदर्श हुन् भन्ने ठहर भट्टको छ ।

भौतिकवाद अनिवार्य र अपरिहार्य छ, त्यसबाट अलग रहेर एकछिन पनि वाँच्न सकिदैन । हाम्रो समाज वर्गीय छ, त्यसैले साहित्यमा वर्गीय छाप रहनुपर्दछ । आन्तरिक द्वन्द्व र वर्गसंघर्षले गर्दा समाज सदा गतिशील रहन्छ भन्ने मिश्रको विचारमा भट्ट सहमति जनाउँदछन् । नयाँ युगको आह्वान् सुनी जनताको श्रम, त्यसको सपना र संघर्षको महानतालाई राम्ररी अनुभव गर्नु, जनआकांक्षाको स्पन्दन नभएको कविता कविता होइन, त्यो त शब्दहरूको थुप्रो मात्र हो, आफ्ना रचनाहरूद्वारा दलित पीडितहरूको आहत स्वाभिमान र सपनाहरूलाई व्यक्त गर्नुपर्दछ भन्ने कवि मिश्रको जीवन हेर्दा "मार्क्सवादी क्रान्तिकारी जीवनदर्शनमा साँच्ची नै असीमित उर्जा हुँदो रहेछ, त्यसको अमृत पिएर मानिस सधैँ ताजा र तरुण, सधैँ जीवन्त र जुझारु भइरहन सक्दो रहेछ (पूर्ववत्, पृ:८७)" भन्ने निष्कर्षमा भट्ट पुग्दछन् ।

**'मुक्ति रामायण'** (२०२७) र **'मुक्त सुदामा'** (२०२९) जस्ता महत्वपूर्ण कृतिहरूमा स्रष्टा मिश्रका विचारमा ऐतिहासिक सांस्कृतिक उपलब्धिहरूलाई आत्मसात गर्दै नवीन विचारधाराको निर्माण गर्नुपर्दछ । यान्त्रिक बनेर परम्परागत सकारात्मक मूल्य र मान्यताहरूलाई ठाडै अस्वीकार गर्दा नेपालजस्तो धार्मिक परम्परावादी अशिक्षित मुलुकका सामान्य जनताले त्यस्तो उग्रतालाई पचाउन सक्दैनन् । बरु त्यसबाट त उल्टै प्रतिक्रियावादीहरूलाई नै मार्क्सवाद, प्रगतिवादका विरुद्ध जनता भड्काउन र भ्रम फिँजाउन सजिलो हुन्छ । त्यसका लागि उग्रक्रान्तिकारी तथा आत्मप्रदर्शनवादी प्रवृत्ति नकारात्मक कुरा हो त्यसैले यान्त्रिक भौतिकवादी नबनी देशकाल र परिस्थितिको मूल्याङ्कन गर्दै हामीले हाम्रा विचारहरू प्रस्तुत गर्नुपर्दछ भन्ने मिश्रको विचारसंग भट्टको स्वीकारोक्ति छ । यदि व्यक्ति आफ्नो सिद्धान्तप्रति दृढ र इमान्दार छ भने घोरविरोधीहरू पनि उसका सामु एकदिन झुक्न आइपुग्छन् । हामीले आफ्नो लक्ष्यका लागि निरन्तर तपस्या र साधना गरिरहनु पर्दछ, आफूलाई सैद्धान्तिक र नैतिकरूपमा दृढ राख्नुपर्दछ भन्ने मिश्रद्वारा व्यक्त विचारका सन्दर्भमा भट्टलाई लाग्दछ, "वास्तवमा अत्यन्त दृढनिश्चयी, नैतिक अडान भएको अनि कुनै पनि किसिमका दासमनोवृत्ति तथा चाकरीचुक्लीहरूबाट मुक्त रहेको चरित्रवान व्यक्ति औपनिवेशिक र अर्धऔपनिवेशिक मुलुकका जनतामाझको यौटा अमूल्य रत्न हो (पूर्ववत्, पृ:८४) ।"

भट्टका विचारमा कवि मिश्र भौतिकवादका कट्टर समर्थक थिए । मिश्रका विचारमा भौतिकवाद जीवनको अपरिहार्य र अनिवार्य दर्शन हो यसबाट अलग रहेर बाँच्न कदापि सकिंदैन । अध्यात्मवाद केवल कल्पना मात्र हो । त्यसमा न त विज्ञान छ, न कुनै क्रमवद्धता वा तार्किकता नै । अध्यात्मवादीले भन्ने **"वसुधैव कुटुम्वकम"** वर्गविहीन समाजमा मात्र सम्भव हुने कुरा हो । नेपाल जस्तो वर्गविभाजित समाजमा त्यो केवल खोक्रो उद्‌गार मात्र हो । मुक्ति वा मोक्ष भन्ने कुरा जीवित अवस्थामै प्राप्त गरिनुपर्दछ, मरेपछिको मुक्तिको अर्थ रहँदैन । यसर्थ मिश्र प्राचीन वेदपुराणका विषयप्रसङ्ग तथा पात्रहरूको गम्भीर अध्ययन गरी भौतिकवादी व्याख्या गर्ने सन्दर्भमा स्पष्ट, सरल र व्यावहारिक दृष्टान्तहरू दिन निपुण थिए भन्ने उल्लेख भट्टले गरेका छन् । आफ्नो काव्ययात्राको पछिल्लो चरणमा आएर मात्रै प्रगतिवादी, क्रान्तिकारी भएका भएपनि व्यवहार, विचार तथा लेखन तीनैक्षेत्रका निख्खर प्रगतिवादी मिश्रको सैद्धान्तिक अटलता अनि चारित्रिक स्वच्छता वर्तमान पुस्ताका लागि मार्गदर्शक बनेको निचोड भट्टको छ ।

**'लक्ष्मीप्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति'** समालोचनामा लक्ष्मीप्रसाद देवकोटामा विद्यमान गरिव, किसान तथा निम्नवर्गीय जनताप्रतिको झुकाव तथा सहानुभूतिलाई क्रान्तिकारी प्रवृत्तिको रूपमा प्रस्तुत गरिएको छ । ठूलाठालुहरूलाई हास्यास्पद र घृणित जीवका रूपमा चित्रण गर्नु देवकोटाको क्रान्तिकारिता हो भन्ने ठहर भट्टको छ । वहुमुखी प्रतिभासम्पन्न देवकोटाको व्यक्तित्व असाधारण प्रतिभा, सिर्जनात्मक मौलिकता र असीमित मानवीयताले गर्दा अलौकिक आकर्षण र क्रान्तिकारी बनेको महसुस गरिएको छ । दीन, दुःखी र दरिद्रहरूको मौलिकहकको आह्वान गर्ने देवकोटा समाजको यथार्थ चित्रण गर्न सक्षम छन् भन्ने विचार भट्टको छ ।

नेपाली साहित्यको विकासका सन्दर्भमा देवकोटामा आएको विद्रोही स्वभाव नै क्रान्तिकारी प्रवृत्तिको परिचायक हो । उनमा साम्राज्यवाद तथा उपनिवेशवाद विरोधी स्वस्थ परम्परालाई हुर्काउने सचेत द्रष्टा व्यक्तित्व रहनु, लोकसाहित्यको संरक्षण र विकासमा टेवा दिनु, व्यवहार र चरित्रमा इमान्दार बन्नु, सुरुदेखि अन्त्यसम्म भौतिकवादी विचारलाई प्रश्रय दिनु जस्ता दृष्टान्त दिदै देवकोटामा विद्यमान मानवतावादी, सुधारवादी, यथास्थितिका विरुद्ध व्यङ्ग्य र विद्रोह गर्ने स्वभावलाई भट्ट क्रान्तिकारिता हो भनी ठोकुवा गर्दछन् । देवकोटाद्वारा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यिक सभा, सम्मेलनहरूमा व्यक्त कतिपय विचारहरू मूलतः राष्ट्रवादी, जनपक्षीय तथा साम्राज्यवाद अनि उपनिवेशवाद विरोधी रहनु, **'रावण-जटायु युद्ध'** मा जटायुले आत्मसमर्पण नगरी सत्य र न्यायको पक्षमा लडिरहनु, प्रायजसो कविताहरूले तत्कालीन नेपाली जनताका हृदयभित्रको क्रान्तिज्वालालाई मुखरित गर्दै क्रान्तिकारी चेतना र संघर्षलाई उकास्नु, आध्यात्मिक मुक्तिभन्दा भौतिकवादी मुक्तिप्रति झुकाव राख्नु, धन, प्रतिष्ठा र शक्तिका आधारमा कसैका सामु घुँडा नटेक्नु, प्रजातान्त्रिक संघर्षको महान् यात्रामा देवकोटाको कलम र कला पूर्णतः

समर्पित रहनु लगायत यसमा पाइने गहिरो जीवनवादी र विद्रोही स्वर आदि कारणहरूद्वारा देवकोटा आफ्नो युग, नेपाली साहित्य र समाजका एक महत्वपूर्ण क्रान्तिकारी व्यक्ति हुन् भन्ने निष्कर्ष भट्टको छ । सुरुमा आदर्शवादी, अतिरोमान्टिक र प्रकृतिवादी देवकोटाको काव्यात्मक विकास पछि गएर यथार्थवादी तथा सुधारवादी बनेको हो । वि.सं. २००४ सालदेखि प्रकाशित **'युगवाणी'** पत्रिकाद्वारा नेपाली साहित्यले विद्रोही र प्रगतिवादी स्वर प्राप्त गरेको हो । यही पत्रिकामा आफ्ना कविता छपाई देवकोटाले नेपाली जनताको सङ्घर्षलाई सघाउन थालेको उल्लेख भट्टले गरेका छन् । सामन्ती राज्यव्यवस्थाको थिचोमिचोमा परेका निरीह नेपाली जनतालाई सहनशीलता, सेवा र त्यागको ठाउँमा संघर्ष र सशस्त्र युद्धसम्मको शिक्षा देवकोटाले आफ्नो **'कृषिबाला'** गीतिनाटकमार्फत् दिएको प्रसङ्ग उल्लेख गर्दै देवकोटा केवल क्रान्तिकारी वैचारिक धरातलमा अडिएका मात्र नभई व्यवहारमा पनि क्रान्तिकारी थिए भन्ने निचोड भट्टको छ ।

उपर्युक्त दृष्टान्तलगायत देवकोटाको संघर्षपूर्ण जीवनगाथाका विविध प्रसङ्गहरू उल्लेख गरी भट्ट देवकोटामा क्रान्तिकारी र भौतिकवादी प्रबृत्तिको प्रचुरता देखाउन प्रयत्नशील छन् । भट्ट "नेपाली साहित्यमा प्रजातन्त्रविरोधी र प्रजातन्त्रसमर्थक प्रगतिवादी र प्रतिक्रियावादीहरूका माझ सधैं नै खुला र गुप्त, सोझो र घुमाउरो संघर्ष चल्दै आएको छ । यी दुई पक्षका माझको संघर्ष, द्वन्द्व नेपाली समाजभित्र चलिरहेका विभिन्न जनपक्षीय र जनविरोधी वर्गहरूको संघर्ष, द्वन्द्वकै प्रतिबिम्ब हो । नेपाली साहित्यमा पनि प्रतिक्रियावादीहरू तिनका समर्थकहरू र व्यक्तिवादीहरूले बारम्बार प्रगतिशील लेखकहरूमाथि प्रहार गर्ने र देवकोटाको साम्राज्यवाद-सामन्तवादविरोधी पक्षलाई लुकाउने वा त्यसबारे भ्रम र शङ्का उत्पन्न गर्ने प्रयास गर्दै आएका छन् (पूर्ववत्, पृष्ठः १०४)" भन्ने साहित्यकार श्यामप्रसादको विचार (पूर्ववत्, पृ:४१-४७) लाई उल्लेख गर्दै देवकोटाको योगदानलाई महत्वपूर्ण ठान्दछन् । परन्तु प्रगतिवादी सौन्दर्यशास्त्रीय मापदण्डभित्र समेटी समग्र देवकोटेली साहित्यको साङ्गोपाङ्ग अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन विना प्रगतिशीलता, क्रान्तिकारिता र देवकोटाबीचको दूरीलाई नप्रस्ट्याई अझै स्वच्छन्दतावादी कविचेतबाटै देवकोटाको प्रगतिशीलताले निर्माण प्राप्त गरेको यथार्थ अगाडि नसारी कतिपय सन्दर्भ र प्रसङ्गका आधारमा निष्कर्षमा पुगिहाल्नु प्रगतिवादी समालोचक गोविन्द भट्टको सीमा हो भन्दा अत्युक्ति नहोला तथापि विषय तथा विचार प्रतिपादनका दृष्टिमा भने यो लेख अपेक्षाकृत गहन र परिपक्व ठहर्दछ ।

भट्टले **'गोपालप्रसाद रिमालः आफ्नो युगका एक बेजोड योद्धा"** शीर्षकको लेखमा रिमाललाई आफ्नो युगका एक निश्वार्थ, सङ्घर्षशील, परिवर्तनका संवाहक, सामाजिक रूपान्तरण, न्याय, समानता र अग्रगमनका पक्षधर कवि तथा नाटककारका रूपमा चिनाएका छन् । आफ्नो अस्थिर मानसिकताको परिणामस्वरूप रिमालले राजनीतिक क्षेत्रमा सफलता पाउन नसके पनि

साहित्यकार रिमाल सफल रहेको ठहर भट्टको छ । जस्तोसुकै कठिन घडीमा पनि परिवर्तनलाई आत्मसात गर्दै निरन्तर प्रेरणादायी कार्यमा जुट्नु तथा विद्रोहात्मक चेतनालाई निरन्तरता, सघनता, तीब्रता र प्रखरतासाथ अभिव्यक्ति दिनु रिमालको वैशिष्ठ्य हो भन्ने विचार भट्टको छ ।

नेपाली कवितालाई पुनर्जन्म दिने रिमालले आफ्ना कवितामा नेपालीको देशभक्ति र स्वाभिमान साथ बाँच्ने चाहाना, अत्याचार, अज्ञान, दरिद्रता र दासताका विरुद्ध लडेर मातृभूमिलाई पृथ्वीको स्वर्ग बनाउने अदम्य आत्मविश्वासको घोषणा गरेका छन् । नवीन कलात्मक अनुभूति, क्रान्तिकारी अन्तर्दृष्टि र बिम्ब, उपमा तथा प्रतीकका मौलिक सिर्जनात्मक प्रयोगद्वारा अतुलनीय काव्यात्मक आवेगको कुशल प्रयोगमा रिमालका कविताले विशिष्टता हासिल गरी विश्वसाहित्यकै बहुमूल्य निधि बनेको विचार भट्टको छ ।

पूर्ववर्ती नाटककारहरूका रोमान्टिक, आदर्शवादी र धर्मशास्त्रवादी दृष्टिकोणहरूको विरुद्धमा प्रथमपटक नेपाली नाट्यसाहित्यमा सामाजिक यथार्थवादजस्तो वैकल्पिक मूल्यको स्थापना गर्नु नाट्यजगतमा आएको क्रान्ति हो भन्ने भट्टको निष्कर्ष छ । महिलाहरूलाई खेलौना ठान्ने सङ्कीर्ण पुरुषप्रधान समाजको विरुद्ध आमाका रूपमा महिलाहरूको आधिकारिक स्थानलाई पुनर्प्रतिष्ठापित गर्नु रिमालको वैज्ञानिक र प्रगतिशील कार्यका रूपमा भट्टले मूल्याङ्कन गरेका छन् । नयाँ नेपाल निर्माणको सपना नै रिमालको सङ्घषशील जीवन र साहित्यरचनाको मूल प्रेरणा रहेको कारण एक युगमा एकदिन अवश्य पनि क्रान्तिपुरुषको आगमन हुने ऐतिहासिक सत्य रिमालद्वारा व्यक्त भएको ठहर भट्टको छ ।

रिमाललाई विभिन्न कोणबाट विभिन्न विचारका समालोचकहरूले आफ्नो स्वार्थअनुकूल व्याख्या गरी आफ्नो फाइदाको लागि प्रयोग गर्न चाहे पनि उनी तत्कालीन निरङ्कुश व्यवस्थाप्रति प्रचण्ड आक्रोश, घृणा र असन्तुष्टि व्यक्त गर्ने परिवर्तनकारी एक सच्चा प्रजातन्त्रवादी वा चरम सुधारवादी व्यक्ति थिए किनकि उनको क्रान्ति कुनै सुविचारित वैज्ञानिक सिद्धान्त वा कार्यक्रममा आधारित थिएन भन्ने निष्कर्ष भट्टको छ । अपेक्षाकृत न्यून सङ्ख्यामा कृतिहरूको रचना गर्नु तथा साहित्यक क्रियाशीलताका दृष्टिले छोटो अवधि रहेको भएपनि रिमालको भौतिक शैली, नवीन सिर्जनात्मक प्रयोग र भावात्मक तथा वैचारिक उत्कृष्टताका कारण दूरगामी प्रभाव प्रत्याभूत गरी उनी आफ्नो युगका एक शीर्षस्थ महारथी बन्न पुगेका हुन् । आधुनिक नेपाली काव्य तथा नाटकका क्षेत्रमा चिन्तन र रूप दुबैतर्फ नवीन युगको थालनी गर्ने महान् स्रष्टा, गद्यकविता र सामाजिक यथार्थवादका प्रवर्तक रिमाल २००० साल वरिपरिको प्रजातान्त्रिक सङ्घर्षकालका एकमात्र सांस्कृतिक ध्वजावाहक प्रतिनिधि प्रवक्ता र दिग्गज योद्धाका रूपमा प्रतिष्ठित भएका हुन् ।

त्यसैले अब लेखिने नेपाली साहित्यको इतिहासमा **'रिमाल युग'** का रूपमा छुट्टै समयनिर्धारण गरी ऐतिहासिक एवं न्यायिक दृष्टिबाट तर्कसङ्गत कार्य गर्नुपर्ने सुझाव पनि भट्टले दिएका छन् ।

भट्टका विचारमा रिमाल क्रान्तिकारी स्वच्छन्दतावादी र सामाजिक यथार्थवादी साहित्यकार हुन् । २००७ सालपछि प्रजातन्त्र र क्रान्तिको अर्थ क्रमशः बदलिँदै गयो र रिमालद्वारा सुरुगरिएको स्वच्छन्दतावाद र सामाजिक यथार्थवादका केही सकारात्मक पक्षहरूलाई अङ्गीकार गर्दै त्यसमा भएका अपूर्णता र कमजोरीहरूलाई हटाउनका साथै नेपाली साहित्यमा भएका अपूर्णता र कमजोरीहरूलाई पनि हटाउँदै नेपाली साहित्यमा प्रगतिवादको विकास भएको छ । रिमालकै सामाजिक यथार्थवादी गोरेटोमा हिँड्दै प्रगतिवादी कथाकार, नाटककार र उपन्यासकारहरू आलोचानात्मक यथार्थवाद र समाजवादी यथार्थवादको विकास गर्न सक्षम भएका हुन् । यसकारण रिमाल लामो समयसम्म बाँचिरहेका भए उनी प्रखर क्रान्तिकारी र समाजवादका अगुवाहरूका पङ्क्तिमा उभिने प्रगतिवादी कवि तथा नाटककार हुने थिए भन्ने भट्टको घोषणा सान्दर्भिक देखिन्छ । जे होस् भट्टले रिमालमाथि गरेको मूल्याङ्कन अन्य स्रष्टाहरूको सापेक्षतामा बढी स्पष्ट, यथार्थपूर्ण र प्रगतिवादी कोणबाट सही देखिन्छ ।

**'हृदयचन्द्रको विचार र दर्शन'** शीर्षक लेखमा हृदयचन्द्रद्वारा जीवन र जगत्लाई प्रगतिशील दृष्टिकोणवाट हेरिएको तथा यसका दुर्बलता र दुराचारको खुब संयमित र सूक्ष्मरूपबाट विवेचना गर्ने सफल प्रयत्न गरिएको धारणा अगाडि ल्याइएको छ । विश्व साहित्यवाद र आदर्शवादी मानवतावाद प्रधानको लक्ष्य भएपनि उनका कतिपय विचारहरूमा विरोधाभास पाइने ठहर भट्टको छ । साहित्य, इतिहास, धर्म, दर्शनलगायत शिक्षा, राजनीति तथा नारीसम्बन्धी प्रधानद्वारा व्यक्त विचारहरू प्रगतिशील रहेको निष्कर्ष भट्टको छ ।

भट्टका विचारमा शास्त्रीय वा शिक्षित दार्शनिक र साहित्यकारको दर्शनमा धेरै अन्तर पाइन्छ । दार्शनिकहरू समाजबाट माथि हुन्छन् भने साहित्यकार समाजको एक अभिन्न अङ्ग हुन्छ । साहित्यकार आफ्नो दृष्टिकोण साहित्यका विविध विधाहरू जस्तै नाटक, कथा, उपन्यास, कविता, निबन्ध, आलोचना इत्यादिबाट व्यक्त गर्दछ भने दार्शनिक वुद्धिवादी तर्कविवेचनाद्वारा प्रस्तुत गर्दछ । साहित्यकार प्रधान आफ्ना साहित्यमा बहुविध विषयवस्तुहरूलाई स्पष्ट, सुन्दर र यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने बैज्ञानिक दृष्टिकोण र जनवादी भावना भएका यथार्थवादी लेखक हुन् । शिक्षाको वास्तविक उद्देश्य स्वतन्त्र चिन्तन गर्न प्रेरणा दिनु र मानवताको सुरक्षा गर्नु हो भन्ने प्रधानले धार्मिक रूढिवादी संस्कारले ग्रसित नेपाली जनतालाई आधुनिक शिक्षा दिएर यथार्थवादी बनाउन महत्वपूर्ण कार्य गर्नुभएको ठहर भट्टले गरेका छन् । धर्म केबल झूट, भावुकता, अन्धविश्वास र मृतहितको भावना मात्र हो । हामीलाई धर्म, अध्यात्म तथा ईश्वरको पूजाको सट्टा नैतिकता,

वैज्ञानिकता र मनुष्यको सेवा चाहिएको छ । धार्मिक कट्टरवादले विश्वमा फुट, विभाजन, हत्याहिंसा तथा डरलाग्दा लडाइँहरू निम्त्याएको छ । यसर्थ धर्म राष्ट्रिय एकता, सामाजिक एकरूपता र विश्वभ्रातृत्वको विरोधी छ । **'गीता'** विवेचनशील र मननयोग्य ग्रन्थ भएपनि यसको अवतारवाद भुट्टो सान्त्वना मात्र हो जसले दैवीअधिकारको सिद्धान्त स्थापित गरेर निरङ्कुश राजतन्त्रको व्याख्या गरेको छ । यसर्थ अध्यात्मवाद, आत्मवाद, धर्मवादको सट्टा मानवतावादलाई आत्मसात गर्नुपर्दछ । मानवता नै परममोक्ष र कल्याणको विषय हो किनकि मनुष्यत्व नबाँचे मनुष्य पनि मर्नेछ । अन्ततोगत्वा अध्यात्मवादले बाँच्ने हो भने भौतिकवादकै आधारमा उभिनुपर्छ, विज्ञानले जीवनको उच्चता बढाउँछ भने अध्यात्मवादले रामनाम जपाएर जोगी बनाउँछ भन्ने प्रधानको विचारससँग भट्टले सहमति जनाएका छन् ।

राजनीतिक चेतना प्रत्येक व्यक्तिमा हुनुपर्ने नत्र समाज, कला, सम्पदा र संस्कृति पङ्गू बन्न पुग्दछन् । राजनीतिक चेतनाद्वारा नै मानवमुक्ति सम्भव हुन्छ । नारी स्वतन्त्रता र नारीमुक्ति जरुरी छ किनकि नारीमा मातृरूप छ यसका निम्ति नारीशिक्षा आवश्यक छ । साहित्य मानवअस्तित्वकालागि अपरिहार्य विषय हो, सत् साहित्यको सिर्जना जिम्मेवार, सच्चा, संवेदनशील तथा देश र जनताप्रति उत्तरदायी लेखकले गर्नुपर्दछ भन्ने प्रधानको धारणा छ । समग्रमा प्रधानका साहित्यिक, राजनीतिक, दार्शनिक, धार्मिक तथा नारीस्वतन्त्रतासम्बन्धी विचारहरू प्रगतिशील रहेका र यिनको महत्व नेपाली साहित्यिक तथा सांस्कृतिक उत्थानका दृष्टिले महत्वपूर्ण रहेको निष्कर्ष छ जुन उचित देखिन्छ ।

**"गोकुल जोशीः नेपाली जनताका आफ्ना कवि",** भन्ने लेख कवि गोकुलप्रसाद जाशीद्वारा लेखिएको **सिमानाको दिप** (२०३८) भन्ने काव्यकृतिको भूमिका हो । भट्टका विचारमा कवि जोशी नेपाली जनताका आफ्ना प्यारा कवि हुनुहुन्थ्यो । यो लेख कवि जोशीका साहित्यिक, सामाजिक, राजनीतिक, वैचारिक आदि विविध पक्षको मूल्याङ्कन गरी गहकिलो रूपमा लेखिएको छ । भट्टका विचारमा सङ्घर्षशील जीवन व्यतीत गरेका जोशीद्वारा विरचित क्रान्तिकारी साहित्य तत्कालीन इतिहासको एउटा सजीव र यथार्थ प्रतिबिम्ब हो । जोशीका कविता तथा गीतहरू घृणित सामन्ती राज्यव्यवस्थाद्वारा शोषित-पीडित जनताका यथार्थ भोगाइहरू हुन् जसमा त्यस्तो दानवीय व्यवस्थाको विषवृक्षलाई नै निर्मूल पारिदिने आव्हान पनि छ । कवि गोकुलप्रसाद जोशीको आविर्भाव नेपाली इतिहासको सङ्क्रमणकाल (वि.सं. २००७ को सेरोफेरो) मा भएको थियो भने विश्वव्यापीरूपमा जनवादी शक्तिहरूको प्रभाव पनि बढ्न थालिसकेको अवस्थामा भएको थियो भन्ने विचार भट्टको छ ।

संवत् २००७ को परिवर्तनसँगै देशविकासमा आफू पनि सहायक हुने सपना बोकेर जोशी नेपाल प्रवेश गर्दछन् परन्तु परिवर्तनलाई आत्मसात् नगरी पुरानै सामन्ती स्वाँग र ढर्रामा तत्कालीन शासकवर्ग आफ्नै फाइदाका लागि लडिरहेको देखेपछि समाजवादी शासनव्यवस्थालाई निर्विकल्प लक्ष्य ठान्ने अन्तिम निष्कर्षमा जोशी पुगेको विचार भट्टको पाइन्छ । कवि जोशीमा सामन्तवाद र साम्राज्यवादप्रति घृणा तथा शोषित-पीडित सर्वसाधारण जनताप्रति असीम आस्था थियो । कवि जोशी व्यवहार र विचारबीच सन्तुलन भएका नेपाली संस्कृतिका उत्तम प्रतीक हुन् । उनमा गहन उत्तरदायित्वपूर्ण सर्वहारावादी चेतना प्रखर थियो भन्ने विचार भट्टको रहेको छ । कवि जोशी देशलाई तीर्थस्थल मान्ने, दीनदुःखी श्रमिक तथा किसानप्रति पूर्ण विश्वास गर्ने साथै प्रकृतिको मानवीकरण वा सामाजिकीकरणमा सचेत राजनीतिक दृष्टिकोण भएका वैज्ञानिकता र सामाजितकताका सेतु हुन् भन्ने भट्टको मूल्याङ्कन छ । जोशी छोटो जीवनमा थोरै लेखेर पनि अमर बनेका दुर्लभ साहित्यकार हुन् ; उनका रचनामा कलात्मकरूपमा राजनीतिक सन्देश प्रस्तुत हुन्छ, साथै विषयवस्तु, भाषाशैली तथा प्रस्तुतीकरण पनि उत्कृष्ट रहेको छ भन्दै भट्ट अघि भन्दछन् - 'गोकुलप्रसाद जोशीले **"सिमानाको दीप"** बालेर पुरानो जर्जर समाजलाई भष्म गरिदिने र समाजमा सर्वत्र सल्बलाइरहेका रोग-शोकका कीटाणुहरूलाई निर्मूल पारिदिने आफ्नो मूल सन्देश असंदिग्धरूपमा व्यक्त गरेका छन् (सिमानाको दीव :भूमिकाखण्ड) ।' लोकभाषा तथा लोकलयको अभिव्यक्तिगत सरलता, निम्नवर्गीय जनताका पीडा-व्यथा, आँसु-रोदन आदिको संवेदनापूर्ण कवितात्मक प्रस्तुति आदि दृष्टिले कवि जोशीको स्थान नेपाली साहित्यमा उच्च रहेको विचार गोविन्द भट्टको छ ।

समालोचक गोविन्द भट्टका व्यावहारिक समालोचनाअन्तर्गत यस सङग्रहमा सङ्गृहीत समालोचनामा व्यक्तिलाई आधार बनाई स्रष्टाको समग्रतामाथि परिचयात्मक टिप्पणी गर्ने काम गरिएको छ । मूलतः भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, हृदयचन्दसिंह प्रधान जस्ता चर्चित नेपाली साहित्यसाधकहरूको प्रतिभापरक विश्लेषण गरेर समालोचना लेख्ने काम भट्टले गरेका छन् । सम्बन्धित प्रतिभाको योगदानमाथि ऐतिहासिक मूल्याङ्कन, सकारात्मक तथा नकारात्मक विशेषतासहित सामाजिक उपयोगितावादका कसीमा राखेर जोख्ने काम भट्टले गरेका छन् । स्रष्टाको समय, समाज, प्रवृत्ति, सांस्कृतिक चेतना, व्यवहार र विचारको सन्तुलन आदि विषयका आधारमा ऐतिहासिक बोधसहित तथ्यपूर्ण मूल्याङ्कन भट्टद्वारा गरिएको छ । तुलनात्मक रूपमा स्रष्टाका नकारात्मक पक्षभन्दा सकारात्मक पक्षतर्फ बढी जोड दिँदै मूल्याङ्कन गरेर बढी प्रगतिशील देखाउने प्रयत्न गर्दा कतै भट्टको कलम लड्खडाएको अनुभूत भएपनि समग्रमा ऐतिहासिक विश्लेषणसहितको मूल्याङ्कनले नेपाली प्रगतिवादी साहित्यको इतिहासलाई उजागर गर्ने काम प्रशस्त गरेको पाइन्छ ।

### ४.२.२.२ कृतिसम्बन्धी समालोचना

समालोचक गोविन्द भट्टका कृतिपरक व्यावहारिक समालोचनाहरू **'साहित्य सम्बन्धी दुईचार कुरा', 'शिरीषको फूल', 'तीन घुम्ती', 'आशमाया', 'सिंहदरबार' र 'सौता'** जस्ता नेपाली साहित्यका चर्चित कृतिहरूका विषयमा लेखिएका छन् । कृतिको स्वरूप, प्रस्तुत विचार, कलात्मकता, प्रभावमयता, आधुनिकता, प्रगतिशीलता, सामाजिक उपयोगिता साथै कृतिका सबलता र दुर्बलता आदिको व्याख्या तथा मूल्याङ्कन गरिएको छ । भट्टद्वारा विभिन्न समयमा विभिन्न कृतिमाथि विविध विचारहरू पनि व्यक्त भएका पाइन्छन् परन्तु यहाँ **'गोविन्द भट्टका समालोचना'** (२०५५) सङ्ग्रहमा सङ्कलित उपर्युक्त शीर्षकका समालोचनालाई मात्र मूल्याङ्कनको आधार बनाइएको छ ।

**'सौताः एक मूल्याङ्कन'** योगनाथ प्याकुरेलद्वारा लिखित **'सौता'** नाटकमा आधारित यो समालोचना भट्टको कृतिपरक व्यावहारिक समालोचना लेखनको प्रथम प्रयास हो । **'सौता'** एक सामाजिक नाटक हो । तत्कालीन निरङ्कुश जहाँनिया एकतन्त्री सामन्ती राणाकालीन राज्यव्यवस्थाअन्तर्गत् उच्च कुलीन समृद्ध परिवारको सदस्य रहेको 'कल्याण' जो उसका बाबुआमाको एक्लो छोरो पनि हो, कुसङ्गत, कुव्यसन र कुकर्ममा मन गडेको कारण क्रमशः पतनको खाडलमा भासिएको छ । आफ्नो श्रीमान्‌को जस्तोसुकै दुरचारलाई पनि सहेर बसेकी, बरु उल्टै सौतालाई पनि स्वीकार्न सक्ने 'उत्तरा' को महान् स्वार्थत्यागलाई लेखकले आदर्शवादी पुट दिएर प्रस्तुत गरेको विचार भट्टको छ । **'सहनशीला सुशीला'** र **'इन्दिरा'** कै स्तरकी **'उत्तरा'** लाई प्रमुख नारी चरित्रका रूपमा उभ्याएर लेखकले नारी जागृति र आन्दोलनतिर व्यावहारिक दृष्टि नदिएको ठहर गरेपनि उत्तराद्वारा व्यक्त गरिएको "यो शताव्दीको हरेक आविष्कारको एकएक मात्राले उहाँहरू (आमा बा) शरीरका रौँ दुम्सीको काँडा झैँ तुल्याउनु हुन्छ (पूर्ववत्, पृ:१५८)" भन्ने वाक्यांश भट्टको विचारमा प्रगतिशील छ । "उत्तराको आदर्श र कल्याणको यथार्थचित्रण प्रसंशनीय रहेको छ । उत्तरा आदर्श नेपाली नारीकी एक उज्ज्वल नमूना हो, सीता जन्मेकी देशकी एक अर्की ज्वलन्त उदाहरण । लोग्ने मान्छेहरू कल्याणलाई देखेर लाज मानून् । स्वास्नीमानिसहरूले उत्तराबाट शिक्षा लिऊन् (पूर्ववत्, पृ:१६०)" भन्ने भट्टको धारणा रहेको छ । भाषिक पूर्णदक्षता, शैलीगत नवीनता र हृदयग्राह्यता यस नाटकका विशेषता हुन् भन्ने भट्टद्वारा यस नाटकमा सामाजिकीकरणका पक्षहरूको उद्घाटन गरिएको छ ।

नाटकको विषयवस्तु, चरित्र, द्वन्द्व, कथोपकथन, भाषाशैली आदिको सवलता तथा दुर्बलताहरूको चित्रण गर्दै नाटकीय विषयवस्तुले अँगालेको प्रगतिशीलतामाथि प्रकाश पार्ने काम गरिएको छ । वि.सं.१९९९ सालमा प्रकाशित यस नाटकमाथि समालोचना लेखनको मूलभूत

उद्देश्य ऐतिहासिक अध्ययनलाई महत्व दिनु हो भन्ने स्पष्ट हुन्छ । यथार्थवाद र आदर्शवाद दुबैको समन्वयबाट नै सत्साहित्यको सिर्जना हुन सक्दछ र आलोचना गर्दा देशकाल र परिस्थितिमाथि साहनुभूतिपूर्ण निरपेक्ष दृष्टि दिनुपर्दछ भन्ने मापदण्डद्वारा मूल्याङ्कन गरिएको यस समालोचनामा नाटककार प्याकुरेलप्रति भट्टको सहानुभूति बढी देखिन्छ ।

भट्टद्वारा लिखित **"साहित्यसम्बन्धी दुईचार कुराः छोटो समीक्षा"** लेखले वरिष्ठ प्रगतिशील लेखक तथा साहित्यकार श्यामप्रसाद शर्माद्वारा लिखित वैचारिक निबन्धहरूको सँगालोभित्र समेटिएका निबन्धहरूले अँगालेको वैचारिक पक्षलाई विश्लेषण तथा मूल्याङ्कन गरेको छ । शर्माद्वारा लिखित १२ वटा विचारपूर्ण लेखहरूमा लेखकहरूको सङ्गठन, पुस्तकको प्रकाशन र वितरण सम्बन्धी व्यावहारिक विषयहरू समेटिएको उल्लेख भट्टले गरेका छन् । यस सङ्ग्रहका लेखहरूले युगीन समस्याहरू बुझी मनोरञ्जन तथा वौद्धिक विषयवस्तु अँगालेर जनतालाई सचेत पार्दै उनीहरूसँग घनिष्ट सम्बन्ध स्थापित गर्नुपर्ने, अभिव्यक्ति स्वतन्त्रताको मागलाई सचेत साहित्यकारहरूले पहिलो कर्तव्यको रूपमा लिनुपर्ने, कला केवल कलाका लागि भन्नेहरू जनविरोधी भएकाले जनपक्षीय साहित्यको वकालत गर्नुपर्ने, अष्पटता र कृत्रिमताबाट जोगिदै महत्वपूर्ण र उपयोगी विषयवस्तुलाई प्राथमिकतामा राखेर सामूहिक दायित्वको भावनाले अगाडि बढ्नुपर्ने, आर्थिक समस्या, स्वतन्त्र वातावरणको अभाव, आवश्यक साधनहरूको कमी, मनोरञ्जनका माध्यमहरूको अभाव आदि नेपाली लेखकहरूका समस्या भएपनि व्यक्तिगत, सामूहिक र सहकारीरूपले तिनको समाधान गर्न प्रयत्न गर्नुपर्दछ, किनभने- 'जनताका लेखकका सुख दुःख जनताको जीवनसित गाँसिएको छ ..... त्यसैले आफ्ना र जनताका मूल आवश्यकताहरूमा अभिन्नता छ भन्ने तथ्यलाई हृदयङ्गम गरेर असल विचारका लेखकजति साराले आपस्तमा मिलेर भविष्य सपार्ने सङ्घर्षमा लाग्नु पर्दछ । लेखकका सबै समस्याहरूलाई समाधान गर्ने मूलबाटो यही हो (पूर्ववत्, पृ:१६१)' भन्ने शर्माको **'सङ्गठनसम्बन्धी'** भन्ने लेखले प्रस्तुत गरेको १० सूत्रीय न्यूनतम कार्यक्रम भविष्यमा पनि एकताको आधार बन्न सक्ने विश्वास भट्टले गरेका छन् ।

शर्माको वैचारिक स्पष्टता, भाषिक गहनता र उपयोगी विषयवस्तुलाई सरल तथा सहज भाषाशैली, सतर्कतापूर्ण सैद्धान्तिक विश्लेषण तथा उत्तरदायित्वपूर्ण यथार्थवादी दृष्टिकोणद्वारा प्रस्तुत गरेका छन्, जुन आगामी पुस्ताप्रति मार्गदर्शक बन्ने ठहर भट्टको छ । आवश्यक र उपयुक्त समस्याहरूलाई उपयोगी सुझाउ र सल्लाहसहित प्रस्तुत गर्नु श्यामप्रसाद शर्माको विशेषता हो । भाषा र शैलीसँगै भाव र विचारलाई पनि उत्तिकै महत्व दिने शर्मामा साहित्यलाई सामाजिक उपयोगिताका दृष्टिले हेरी जनसाहित्यलाई महत्व दिने विशेषताहरू रहेको भन्दै सच्चा प्रगतिशील साहित्यकारको रूपमा शर्माको स्थान उच्च रहेको निष्कर्ष भट्टको छ ।

**'शिरीषको फूल कि कागजको फूल ?'** समालोचनात्मक लेख गोविन्द भट्टको मार्क्सवादी यथार्थवादी सैद्धान्तिक मूल्यद्वारा साहित्यकार पारिजातको उपन्यासमाथि गरिएको मूल्याङ्कन हो । भट्टका विचारमा विकृति, विसङ्गति, निराशा, कुण्ठा, पलायन आदि जीवनविरोधी विषयवस्तुहरूको प्रचुरताका कारण कृति मूल्यहीन, वास्नाहीन कागजको फूलसमान छ । उपन्यासका प्रमुख पात्रहरू **'सुयोगवीर'** र **'सकमबरी'** असामाजिक तथा गैह्रजिम्मेवार हुनु, संवाद अमूर्त र बौद्धिकभारयुक्त रहनु, सामाजिक मूल्य र मान्यताका विरुद्धमा पात्रहरूका क्रियाकलाप सीमित रहनु, यगीन प्रगति र सभ्यतालाई जडवादको नाउँ दिनु, मान्छेलाई भावनाहीन, यान्त्रिक तथा लाचार प्राणीका रूपमा प्रस्तुत गर्नु उपन्यासकारको पलायनवादी, निस्सारतावादी, निष्कृय र लाचार जीवनको आत्मकथा मात्र हो ।

भट्टका विचारमा हरेक वस्तुलाई हेर्ने नायिकाको नकारात्मक दृष्टि आफैँमा विरोधाभासपूर्ण छ । 'मृत्यु' र 'अन्त्य' शब्द प्रिय लाग्नु, ईश्वरमाथि नभएर ईश्वरत्वमाथि विश्वास गर्नु, सिद्धान्त र व्यवहार जीवनसँग अमिल्दो हुनु, अरुको पीडाप्रति अलिकति पनि वास्ता नगर्नु, प्रेम वाध्यता, आवश्यकता र अनिवार्य विषय होइन किनभने प्रेम, सहानुभूति र सहयोग जस्ता सामूहिक भावनाका कुराहरू निस्सार हुन् भन्ने ठान्नु, चरम व्यक्तिवादिता र तीब्र अहम्‌पनामा विश्वास गर्नु, जीवघातक सुनगाभाको थैलोमा निस्सासिएर मर्न लागेका कीटपतङ्गहरूलाई देखेर हाँस्नु शून्यवाद तथा निस्सारतावादको चरमोत्कर्ष हो । त्यसैले नायिका असामाजिक छे । त्यसैगरी उपन्यासको नायक सुयोगवीरका दृष्टिमा सब कुरा सारहीन छन् । विना योजना र उद्देश्य जीवन जिउने ऊ जीवन जसरी बित्छ त्यसरी नै बित्न दिन्छु भन्दै रित्तिसकेको भाँडाको रूपमा जीवनलाई परिभाषित गर्दछ । असन्तुलित जीवन जिएकाले आफूले बलात्कार गरेकालाई प्रेम गर्न नसकेको र प्रेम गरेकालाई बलात्कार गर्न नसक्ने अभिव्यक्ति दिँदै प्रेमको सामाजिक उत्तरदायित्व र विवाहप्रथालाई भर्त्सना गर्नु असामाजिक, विकृत, अराजक तथा स्वच्छन्द नागरिक हुनु हो भन्ने ठहर भट्टको छ ।

भट्टका विचारमा रहस्यवादलाई अस्तित्ववादी शब्द र परिभाषामा व्यक्त गरेर अनास्थावादको अस्वस्थ परम्परा हुर्काउने काम उपन्यासकारबाट भएको छ । शून्यवादी दर्शनलाई केन्द्रविन्दु बनाई सामाजिक एकता र सामूहिक उत्तरदायित्वबिहीन पात्रमार्फत् विकृत दृष्टिकोण र असन्तुलित विचार प्रस्तुत गरिएको **'शिरीषको फूल'** वास्तवमा कागजको फूल समान छ । उपन्यासका विशृङ्खल घटनाहरूले नेपाली सामाजिक राष्ट्रिय वातावरणको चित्रण गर्न सकेका छैनन् । अस्तित्ववादका सर्वमान्य सिद्धान्तहरूको व्याख्या गरिएको यस उपन्यासमा तारतम्यता र क्रमवद्धता नमिलाई केवल विचारलाई जबर्जस्त प्रयोग गर्न खोज्दा लेखिका वैचारिक विरोधाभासको खाडलमा भासिन पुगेकी छन् किनकि उनमा हरेक वस्तुप्रति नकारात्मक दृष्टि छ र अन्त्यमा कुनै पनि कुराको सत्ता स्वीकारिएको छैन ।

भाषा र शैली काव्यमय छ तर शैली आफैँमा साध्य होइन, यो साधन मात्र हो । त्यसकारण उच्चकोटिको भाषाशैलीमा सजिएको यो उपन्यास आकर्षक र कलात्मक बतलमा राखिएको जहर समान भएको ठहर भट्टको छ । "सुन्दर शैलीमा समाजको हानि गर्ने र मान्छेलाई नपुङ्सक बनाउने कृतिभन्दा नराम्रो शैलीको भएपनि मान्छेलाई प्रेरणा दिने र सान्त्वना दिने कृति नै ज्यादा उपयोगी र श्रेयस्कर हुन्छ । त्यसैले शिरीषको फूललाई सुन्दर तर गन्धहीन खोक्रो कागजको फूलसँग दाँज्ने अर्धेल्याइँ गरेको हुँ (पूर्ववत्, पृ: १६९)" भन्ने भट्टको निष्कर्ष उपयुक्त ठहर्छ ।

सं २०२३ मा लिखित यस समालोचनामा भट्टद्वारा तत्कालीन समयमा नेपाली पाठकहरूमा यस्ता कृतिले पार्न सक्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न तथा स्वस्थ र समुन्नत समाजनिर्माणमा यस्ता जनविरोधी आयातीत पाश्चात्य विचारहरूले बाधा पुग्ने ठानेर जीवनवादी, प्रगतिशील तथा अग्रगामी विचारलाई आत्मसात गर्न आह्वान गरिएको स्पष्ट हुन्छ । साहित्य जीवनमुखी हुनुपर्छ, प्रगतिवादी साहित्य मात्रै जनमुखी साहित्य हो, जुन नेपाली माटो र जनजीवन सुहाउँदो छ भनी मूलतः सं २०२० को दशकदेखि आफ्नो बलियो कलमद्वारा सकारात्मक दिशावोध गराउन उद्यत् भट्टद्वारा प्रस्तुत उपर्युक्त विचारहरू नेपाली प्रगतिवादी समालोचनामा निकै महत्वपूर्ण छन् साथै यस्तै कतिपय समालोचनात्मक लेखहरूले भट्टलाई प्रगतिवादी समालोचक भनेर चिनाएको यथार्थ यहाँ उल्लेखनीय छ ।

मार्क्सवादी सौन्दर्यशास्त्रीय समीक्षापद्दतिको कसीमा जोखिएको गोविन्द भट्टको चर्चित समालोचनात्मक लेख हो, **'तीन घुम्ती कि छाडावादलाई स्वीकृति'** । उपन्यासकार वि.पी. कोइरालाद्वारा लिखित **'तीन घुम्ती'** उपन्यासमा आधारित यस लेखमा नारीलाई केवल उपभोग्य वस्तुको रूपमा प्रस्तुत गरी मर्यादा विपरीत कार्य गर्नु कोइरालाको विज्ञानविरोधी तथा सामन्तवादी सोचको पराकाष्ठा हो भन्ने ठहर भट्टको छ । बहुसङ्ख्यक नेपाली शोषितपीडित जनताका छटपटी र व्याकुलताभन्दा पूरै विपरीत औपन्यासिक विषयवस्तुहरू प्रस्तुत गर्नु केबल उपन्यासकारका आन्तरिक कमजोरीहरूको प्रतिबिम्ब मात्र हुन् । यस्तो विचार व्यक्तिवाद, असरवाद र उपयोगितावादको ठाडो स्वीकृति हो भन्दै पुरुष र नारीबीचका यौन समस्याहरू पिछडिएका नेपाली समाजका प्रमुख समस्याहरू हुन सक्तैनन् भन्ने विचार भट्टको छ । गाँस, वास र कपासका समस्याहरूले ग्रसित निम्नवर्गीय नेपालीहरूको प्रतिनिधित्व उपन्यासका कुनै पनि पात्रले गर्न नसक्ने ठहर भट्टको छ । भट्टले कृतिमा प्रतिपादित विषयवस्तुले पाठकलाई छाडावादको खुला प्रचार गर्न र पथभ्रष्ट हुन सहयोग गर्ने विचार व्यक्त गरेका छन् । फ्रायडीय मनोविज्ञानका आधारमा नारीपुरुषहृदयको वैयक्तिक सम्वन्ध, प्रेम, यौन र रोमान्सका विकृत असङ्गतिहरूलाई औपन्यासिक

विषयवस्तुका रूपमा प्रस्तुत गरी उपन्यासकारले आफ्नो जिम्मेवारीवोध गर्न नसकेको पुष्टि गरिएको छ ।

उपन्यासकी प्रमुख नायिका 'इन्द्रमाया' लाई आदर्शनारीका रूपमा उभ्याउने प्रयत्न गर्दै ऊ भित्रको कामेक्षाजन्य समस्यालाई सामाजिकीकरण गर्ने उपन्यासकारको उद्देश्यलाई भट्टले तिरष्कार गरेका छन् । जुन अवैज्ञानिक, अदूरदर्शी, पथभ्रष्ट तथा नितान्त जनविरोधी रहेको निष्कर्ष दिएका छन् । प्रेम गर्नु नैसर्गिक अधिकार हो तर स्वतन्त्रताको नाममा एउटा पुरुषलाई पतिका रूपमा मान्दामान्दै अर्को पुरुषसँग सहवास गर्ने स्वीकृति दिनु नकारात्मक, ध्वंसात्मक तथा छाडावादी कुसंस्कृतिलाई नैतिक समर्थन दिनु हो । विकृत, अनि आत्मकेन्द्री र मतलबी 'इन्द्रमाया' पथभ्रष्ट, चरित्रहीन नारीहरूकी प्रतिनिधि चरित्र हो जुन समग्र विश्वसाहित्यलाई स्वीकार्य हुन सक्दैन साथै उपन्यासकारद्वारा प्रस्तुत सिद्धान्त र दृष्टिकोण समाजविरोधी, आत्मकेन्द्रित, मपाइँत्ववादी रहेको ठहर भट्टको छ । त्यस्तै हिन्दी र संस्कृतका किल्ष्ट र दुरुह शव्दहरूको अधिक प्रयोगले उपन्यासमा नेपालीपनको अभाव खट्किने कुरा पनि भट्टले व्यक्त गरेका छन् ।

संक्षेपमा प्रगतिवादी दृष्टिकोणबाट मूल्याङ्कन गर्दा फ्रायडवादी, अस्तित्ववादी उपन्यास **'तीन घुम्ती'** भित्र सम्पूर्ण कमीकमजोरीहरू मात्र पाउनु आश्चर्यपूर्ण नभएपनि तत्कालीन राजनीतिका शिखर व्यक्ति विश्वेश्वरप्रसाद कोइराला जो स्वयम् एकतन्त्री निरङ्कुश राणाशासनको विरुद्ध प्रजातान्त्रिक आन्दोलनका योद्धा रहेको सन्दर्भमा उनीद्वारा उपन्यासमा प्रस्तुत विचारले नेपाली जनतामा पार्ने नकारात्मक असलाई हेर्दा भट्टद्वारा गरिएको मूल्याङ्कन सही ठहर्दछ । त्यसमा पनि तत्कालीन कथित बुद्धिजीवी हौं भन्ने बुर्जुवा साहित्यकार, समालोचकहरूबाट विश्वस्तरको औपन्यासिक कृति भनी 'तीन घुम्ती' उपन्यासको अन्धो समर्थन "उच्चवर्गीय, उच्चमध्यमवर्गीय अनि पश्चिमी पूँजीवादी साहित्य र संस्कृतिको लहलहैमा लागेका केही 'इन्टलेक्चुअल'हरूले त्यसै हल्ला मच्चाएको (पूर्ववत्, पृष्ठः १७०)" गरेको देखेर भट्टद्वारा तिनीहरूको फोस्रो धाकलाई धुलो चटाई जनतालाई सचेत गराउन गरिएको प्रयास स्तुत्य छ । यस सन्दर्भमा प्रगतिवादी साहित्यकार खगेन्द्र सङ्ग्रौलाको "२० को दशकको सङ्कटपूर्ण घडी यहाँ प्रगतिवादको खोल ओडेका तथाकथित पलायनवादी समालोचक जस्तै कृष्णचन्दसिंह प्रधान, तारानाथ शर्मा आदिको सैद्धान्तिक परित्याग, पञ्चायती कठोर दमनको कालरात्रिमा मार्क्सवादी विचारको बीउ जोगाउने काम भट्टले गरेका हुन् (सङग्रौलाबाट प्राप्त जानकारी)" विचारले पनि भट्टको भूमिकालाई अझै स्पष्ट पार्दछ ।

**'आशमायालाई केलाएर हेर्दा'** भन्ने समालोचनामा प्रगतिवादी उपन्यासकार डी.पी. अधिकारीको उपन्यास **'आशमाया'** लाई प्रगतिवादी अर्थात् मार्क्सवादी, लेनिनवादी तथा माओवादी सौन्दर्यशास्त्रीय कसीमा जोखेर भट्टले यस उपन्यासलाई प्रगतिवादी उपन्यासको पगरी गुथाउन

नहुने स्पष्ट वैज्ञानिक निष्कर्ष निकालेका छन् । भट्टका विचारमा अधिकारीले यस उपन्यासमा प्रगतिवादी द्वन्द्वात्मक विकासक्रमलाई वस्तुवादी रूपमा पक्रन नसकेर गम्भीर सैद्धान्तिक त्रुटि गरेका छन् जसलाई आगामी दिनमा सच्याउनु नितान्त जरुरी छ ।

द्वन्द्वात्मक भौतिकवादी र ऐतिहासिक भौतिकवादको विकाससम्बन्धी वैज्ञानिक नियमानुसार क्रान्ति चरणहरूमार्फत् अघि बढ्ने वस्तुसत्यलाई उपन्यास अचानक टुङ्ग्याएर उपन्यासकारले प्रगतिवादी आधारभूत नियमलाई नै उल्लङ्घन गरेकाले 'आशमाया' प्रगतिवादी, क्रान्तिकारी उपन्यास हुन सक्तैन । सं.२००७ सालपछिको नेपाली समाज, जनजीवन एवं त्यसका गतिविधिहरूलाई यथार्थवादी विवेचनात्मक दृष्टिबाट हेर्न खोज्ने औपन्यासिक कृतिका रूपमा 'आशमाया' लाई भट्टले स्थापित गरेका छन् । सामाजिक, आर्थिक असमानताप्रति असन्तोष व्यक्त गर्दै निम्नवर्गीय पात्रहरूलाई प्रमुखता दिनु तथा शोषक र शोषितवर्गबीचको वर्गसंघर्षलाई प्रस्तुत गर्नु एक हदसम्म प्रगतिवादको सङ्केत मानेका छन् । परन्तु उपन्यासकी  प्रमुख पात्र आशमायामा मूलतः सामन्ती संस्कृतिकै रङ्ग तथा गन्ध पाइनुले उसमा वर्गीय चेतनाको पूर्णतः अभाव पाइने विचार भट्टको छ । वास्तवमा आशमायामा निहित निम्नमध्यमवर्गीय संस्कार, दुर्बलता, पूर्वाग्रहीपन, आत्मसमर्पण र परम्परावादी सोच र चिन्तनहरूका कारण ऊ निम्नवर्गकी भएपनि उसको विश्वदृष्टिकोण निम्न पूँजीवादी र मध्यमवर्गीय रहेको ठहर भट्टको छ ।

यसर्थ मुख्य नायिकामा वर्गीय चेतनाको अभाव हुनु, व्यक्तिगत ऐसआराम, सुख-सुविधा आदिप्रति उसको चाहना हुनु, सात सालपछिको क्रान्तिबाट प्राप्त परिणामको विरोध गर्नु बरु उल्टै निरङ्कुश राणाशासनको समर्थन गर्ने आशमायामा क्रान्तिकारी चरित्र उद्घाटन गर्न खोज्नु प्रगतिवादी लेखकलाई नसुहाउने तर्क भट्टको छ । आशमायामा देखिएको एकोहोरोपन केवल व्यक्तिगत आवेग वा तनावको रूपमा प्रकट हुने क्रियात्मक अभिव्यक्ति मात्र हो, जसले वर्गसंघर्ष र शोषित वर्गीय एकताको साहित्य नियमलाई विकृत पारी पाठकहरूलाई क्रान्तिप्रति निरुत्साहित बनाएको ठहर भट्टको छ । उपन्यासको नाटकीय अन्त्यद्वारा उपन्यास नकारात्मक र अन्यौलको स्थितिमा टुङ्गिदा पाठकहरूमा भ्रम सृजना भए पनि समकालीन अन्य औपन्यासिक कृतिहरूको तुलनामा आशमायाले केही नवीन विशेषता थपेको स्वीकारोक्ति भट्टले गरेका छन् ।

आशमाया निम्नवर्गीय किसान हो, जो एउटा सानो बारीको सागपात बेचेर नूनतेल चलाउँदै अरुका घरमा भाँडा माझेर भएपनि पेट भर्न बाध्य ४० वर्षे सहरिया आइमाई हो । विगतमा राणादरबारमा रानीसाहेबकी सुसारे बसी दरबार भित्रैबाट विवाहितसमेत बनेकी हुन्छे । मोटरबाटो बनाउने निहुँमा छिमेकी गुरुज्यूले कहिले बासै उठाउने त कहिले कुटुनीको दोष लगाउने गर्दै अन्त्यमा पुलिसको मद्दत लिएर घरबाट निकाल्न खोज्दा ऊ खुकुरी लिएर एक्लै भए

पनि जाइ लाग्दछे परन्तु घाइते हुन पुगी भुइँमा ढल्छे । यस्तो कथानक भएको उपन्यास आशमायाकी नायिका भट्टका विचारमा स्वयं अन्तर्विरोधी प्रवृत्तिहरूकी एक पुञ्ज मात्र हो । निम्नमध्यमवर्गीय संस्कार र दुर्बलताहरूकी पोको हो, क्रान्तिकारी होइन "क्रान्ति एक अनिवार्य नियम हो, सर्वहारावर्गको स्वभाव हो, वर्गसंघर्षका अकाट्य सामाजिक र आर्थिक अन्तर्विरोधहरूबाट उत्पन्न हुने एक व्यापक राजनीतिक सङ्घर्ष हो; जसको मुख्य उद्देश्य शोषकवर्गको राज्यसत्ताका ठाउँमा शोषितवर्गको राज्यसत्ता कायम गर्नु हो । वर्गस्वार्थका दृष्टिबाट हेर्दा कुनै पनि वर्गको एक व्यक्तिले गर्ने सङ्घर्ष त्यस सम्पूर्ण वर्गकै सामान्य सङ्घर्षसित गाँसिएको हुन्छ ; जसमा ऊ पनि रहेको हुन्छ तर यस उपन्यासमा सिरानदेखि पुछारसम्म आशमायालाई बिल्कुलै एक्लो किसिमले सङ्घर्ष गरिरहेकी एक पात्रका रूपमा मात्र चित्रित गरिएको छ । यो अतिशयोक्तिपूर्ण आदर्शवादी दृष्टिकोण हो (पूर्ववत्, पृ. १८२) ।" बरु व्यक्तिवादी प्रतिशोध वा रुन्चे घुर्कीका आधारमा विरोधीहरूको विनाश होस् भनी पशुपति र गुह्येश्वरी पुकार्ने वर्गचेतना तथा क्रान्तिप्रति विश्वास नभएकी दक्षिणपन्थी आत्मसमर्पणवाद र व्यक्तिवादी दुस्साहसवादको स्पष्ट छाप भएकी चरित्र भएकीले लेखकको उद्देश्यपूर्तिमा स्वयं बाधक बनेकी छ । उपन्यासको अन्त्यमा शोषकवर्ग नै बढी शक्तिशाली, विजयी बन्दछ भने गरिबगुरुबाहरूको केही लाग्दैन र उनीहरू शोषकवर्गका अगाडि घुँडा टेक्न पुग्दछन् । तसर्थ पनि यो उपन्यास प्रगतिवादी उपन्यास नभएर पलायनवादी बनेको निचोड भट्टको छ ।

अन्त्यमा डी.पी अधिकारी जस्तो वरिष्ठ प्रगतिवादी साहित्यकार भनेर चिनिएका व्यक्तिबाट लेखिएको कुनै पनि कृतिले खास महत्व राख्ने भएकाले पाठकहरूका माझ चाख र चासो रहनु स्वाभाविक हो । तसर्थ अधिकारीका कृतिहरूको मूल्याङ्कन गर्दा त्यसका सैद्धान्तिक पक्षहरू तथा त्यसबाट फिँजिन सक्ने सकारात्मक र नकारात्मक दीर्घकालीन प्रभावलाई ख्याल गरी भट्टद्वारा सतर्कतापूर्वक आशमायालाई मूल्याङ्कन गरिएको देखिन्छ । आफूलाई एक सचेत प्रगतिवादी पाठक मात्र ठान्ने भट्टले प्रगतिवादको खोल ओडी नकारात्मक प्रचारवाजीमा लागेका तथाकथित जनपक्षीय साहित्यकारहरूले आफ्नो छिपछिपे ज्ञानलाई गहन र गम्भीर अध्ययन नगरी जनतामाझ प्रस्तुत हुँदा पर्न सक्ने गलत प्रभावको न्यूनीकरण गर्न यो लेख लेखिएको स्वीकारे पनि प्रगतिवादइतरका साहित्यिक कृतिहरूले मात्र नभई प्रगतिवादी भनिएका रचनाहरूले पनि जनतालाई कसरी भ्रममा पार्न सक्दा रहेछन् भनी भ्रम निवारण गर्ने जस्तो महत्वपूर्ण कार्य पनि भट्टबाट भएको छ जुन नेपाली प्रगतिवादी साहित्यको निम्ति गम्भीर प्राप्ति पनि हो ।

**'सिंहदरबारभित्र चाहादा'** लेखमा कवि भीमनिधि तिवारीको कविता सङ्ग्रह **'सिंहदरबार'** का कविताको सामाजिक उपयोगितासम्बन्धी अध्ययन भट्टले गरेका छन् । भट्टका विचारमा **'सिंहदरबार'** नेपाली सामन्तवादी र नोकरशाही समाजव्यवस्थाको तस्विर हो, जसले त्यहाँ भित्रका

कर्मचारीहरूको मनपरीतन्त्र, भ्रष्टाचार, नैतिकहीनता, लाचारी तथा कमजोरी र बाध्यतालाई प्रस्तुत गरेको छ । व्यङ्ग्यकवि तिवारीको कलम सामन्ती समाज वा प्रशासनव्यवस्थाको चित्रण गर्न सफल छ । संघर्षलाई मूलभूतरूपमा प्रस्तुत गरिएको छ । संघर्ष प्रकृति, जीवन र मानवसमाजको मुख्य आधार भएकाले सबैलाई संघर्षवादी बन्न प्रेरित गरिएको छ ।

कृतिले सामन्तवादी नोकरशाही प्रशासनबाट पीडित समस्त कर्मचारीवर्गको प्रतिनिधित्व यथार्थवादी ढङ्गले प्रस्तुत गरेको ठहर भट्टको छ । वि.सं. २००७ सालअघि सिंहदरबार एकतन्त्री जहानियाँ हैकमवादको गढ थियो भने प्रजातन्त्र आएपछि त्यो नातावाद, कृपावाद, ढिलासुस्ती, चाकरी र भ्रष्टाचारले भरिपूर्ण घृणित संस्था बनेको तथ्यलाई कविताले व्यक्त गरेको उल्लेख गरिएको छ । 'सिंहदरबार' भित्रका कवितामा स्वयं तिवारीद्वारा भोगिएका प्रताडना, दुर्व्यवस्था, मनपरी, दाउपेच, दासप्रवृत्ति तथा थिचोमिचोलाई कवितात्मक अभिव्यक्ति दिने कार्य भएको तथा तिनमा अनुभूतिगत तीव्रता, प्रष्टता, निर्भीकता र शैलीगत मार्मिकता रहेको ठहर भट्टले गरेका छन् ।

भट्टका विचारमा आकर्षक भाषाशैली, बिम्ब र प्रतीकहरूको प्रयोगमा नेपालीपन आदिले काव्य रोचक र कलात्मक बने पनि वैचारिक दृष्टिले विद्रोह गर्न नसकी वियोग, गुनासो र पलायन बन्न पुग्नु तिवारीको कमजोरी हो । सामाजिक सेवा प्रदायक संस्था तथा प्रशासनिक व्यवस्थाको उदाङ्गो प्रस्तुतिलगायत नेपाली समाजव्यवस्थाको यथार्थ चित्रणका कारण 'सिंहदरबार' भित्रका कवितालाई भट्टले यथार्थवादी रचनाका रूपमा उभ्याएका छन् ।

### ४.२.३ निष्कर्ष

गोविन्द भट्टले सैद्धान्तिक समालोचनाका माध्यमद्वारा साहित्यको उपयोगिता, साहित्यकारको दायित्व र जिम्मेवारी, देश र जनताप्रति साहित्यकारको घनिष्ठता, प्रेम, जनपक्षीय मानवतावादी दृष्टिकोण, साहित्यको निम्नवर्गीय र विश्वदृष्टिकोण, नेपाली भूगोल र जनता बिर्सिएर पाश्चात्य विचारधाराप्रतिको दासत्व, कविताका प्रकृति र प्रवृत्तिहरूलाई प्रगतिवादी दृष्टिले व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्ने काम गरेका छन् । यिनै मूल्यहरूका आधारमा प्रगतिशील समालोचक भट्टको सैद्धान्तिक दृष्टिकोणले पहिचान प्राप्त गर्न सक्दछ । गोविन्द भट्टद्वारा लेखिएका कृतिसम्बन्धी व्यावहारिक समालोचनाहरूले नेपाली प्रगतिवादी समालोचना क्षेत्रमा सं.२०२० को दशकमा महत्वपूर्ण भूमिका निर्वाह गरको तथ्य प्रमाणित भइसकेको छ । कृतिको स्वरूप, प्रस्तुत विचार, लेखकको उद्देश्य तथा त्यसले पाठकमा पार्ने प्रभावको विषयमा सचेत भई भट्टले नेपाली साहित्यका चर्चित केही साहित्यकार र उनीहरूका विशेष कृतिहरूको बारेमा कलम चलाएको पाइन्छ । कृति र कृतिकारको ऐतिहासिक विश्लेषण र मूल्याङ्कनसँगै तत्कालीन समयको साहित्यिक प्रवृत्ति, रूप तथा अन्तर्वस्तु आदिलाई छानबिन गरेर व्याख्या, विश्लेषण गरी मूल्याङ्कन गर्ने काम गरेको पाइन्छ । चर्चित साहित्यकारहरू श्यामप्रसाद शर्मा, पारिजात, विश्वेश्वरप्रसाद कोइराला, डी.पी. अधिकारी, भीमनिधि तिवारी आदिका कृतिहरूमाथि मूलरूपमा भट्टले समालोचना गरेका छन् । प्रगतिवादी र गैरप्रगतिवादी दुबै खेमाका साहित्यिक कृतिहरूमाथि कलम चलाई भट्टले प्रगतिवादी साहित्यकार र उसको कृतिले प्रगतिवादी दृष्टिकोण नै प्रदान गर्दछ भने गैरप्रगतिवादी साहित्यकार र उसको कृतिले आधुनिकताका नाममा छाडा संस्कृतिलाई प्रश्रय दिई जनताहरूमा अलमल तथा भ्रम सिर्जना गर्दछ भन्ने कुरालाई टडकारो रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी आफूलाई प्रगतिवादी भन्नेहरूले पनि प्रगतिवादी मूल्य र मान्यतामा दरिलोसँग अडिन नसक्दा गलत प्रचार गर्न सक्दछ भने गैरप्रगतिवादी भएपनि देश र जनताप्रति संवेदनशील हुन सके सकारात्मक सन्देश र यथार्थकुरा आफ्ना कृतिवाट दिन सक्दछ भन्ने गम्भीर निचोड भट्टका उपर्युक्त कृतिपरक व्यावहारिक समालोचनाहरूको अध्ययनबाट निकाल्न सकिन्छ ।

### ४.३ **गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू** कृतिको अध्ययन

**'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू'** २०५९ गोविन्द भट्टद्वारा लिखित विभिन्न वैचारिक, दार्शनिक चिन्तनमूलक लेखहरूको सङ्ग्रह हो । समयसमयमा भट्टद्वारा साहित्य र सामाजिक सरोकारका विषयहरूमाथि चिन्तनमनन, अध्ययन-अनुसन्धान तथा गम्भीर विश्लेषणसहित लेखिएका यी लेखहरूले मार्क्सवादी चिन्तनलाई नेपाली परिवेशमा ढालेर उचित निष्कर्ष दिने काम गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित उन्नाइसवटा लेखहरूमध्ये पाँचवटा लेखहरू **'गोविन्द भट्टका**

**समालोचना'** २०५५ मा पहिले नै प्रकाशित भइसकेका हुन् । त्यसैले यहाँ बाँकी चौधवटा लेखहरूभित्रका समालोचनात्मक मूल्यलाई पहिल्याउने काम गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित चौधवटा लेखहरूमध्ये ६ वटा लेखहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियक्षेत्रका ख्यातिप्राप्त साहित्यकारहरू र उनीहरूका साहित्यिक योगदानलाई संस्मरणात्मक शैलीमा राम्ररी विश्लेषण गर्ने काम गरिएको छ भने अन्य आठवटा साहित्य, संस्कृतिलगायत सामाजिक सरोकारका अन्य विषयवस्तुहरूको गम्भीर विश्लेषणमा आधारित वैचारिक, दार्शनिक, चिन्तनमूलक, समालोचनात्मक निबन्धहरू रहेका छन् । यसर्थ यस सङ्ग्रहमा सङ्गृहीत ६ वटा लेखहरूलाई **'संस्मरणात्मक निबन्धहरू'** उपशीर्षक दिएर अध्ययन गरिएको छ भने अन्य बाँकी निबन्धहरू भित्रका समालोचनात्मक मूल्यलाई पनि **'वैचारिक निबन्धहरू'** उपशीर्षकअन्तर्गत विश्लेषण र मूल्याङ्कन निम्नअनुसार गरिएको छ ।

### ४.३.१ संस्मरणात्मक निबन्धहरू

**'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू'** २०५९ भित्र रहेका ६ वटा लेखहरू जस्तै **'युगकवि सिद्धिचरणः केही विचार र संस्मरण'**, **'देशभक्त मनीषीः महानन्द सापकोटा'**, **'सत्तरी वर्षको बूढो सुगा र यौटा सिकारु गाइने'**, **'मैक्सिम गोर्की, हाम्रो गाउँ र नेपाली साहित्य'**, **'देशभक्त लेखक तथा विचारक लुसुन र वहाँको विश्वदृष्टिकोण'** तथा **'एउटा अँध्यारो सहर र केही जूनकिरीहरू'** जस्ता संस्मरणात्मक निबन्धहरूभित्रका समालोचनात्मक मूल्यलाई निम्नअनुसार व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

गोविन्द भट्टले **'युगकवि सिद्धिचरणः केही विचार र संस्मरण'** लेखमा सिद्धिचरण श्रेष्ठको समग्र योगदानलाई मूल्याङ्कन गरी युगकविको उपाधि सिद्धिचरणका निम्ति उपयुक्त रहेको निष्कर्ष दिएका छन् । सिद्धिचरणले नेपाली काव्यक्षेत्रमा सामाजिक यथार्थवाद र प्रगतिवादी मानवतावादको नवीन चिन्तन सूत्रपात गरी नयाँ पुस्तालाई पथप्रदर्शन गरेको ठहर भट्टको छ । व्यवहारमा सहृदयी, शिष्ट र विनम्र श्रेष्ठ नयाँ पुस्ताका निम्ति आत्मीय अभिभावक थिए भने अतिशय संवेदनशीलता र भावुकताका कारण बेलाबखत अनिर्णय र अनिश्चित बन्न पुग्दा विवादको घेरामा परे पनि भट्टको विचारमा उनी प्रगतिवादी मानवतावादका उत्कृष्ट दृष्टान्त तथा आधुनिक नेपालको सांस्कृतिक क्षेत्रका मूर्धन्य मनीषी हुन् ।

कवि श्रेष्ठका काव्यबाट जीवनमुखी चेतना, सामाजिक यथार्थवोध, राष्ट्रिय चेतना र देशभक्तिका साथै सहज मानवीय अनुभूति आदि मूल्यहरू नेपाली साहित्यले प्राप्त गरेको छ । श्रेष्ठ मूलतः कवि हुन् र उनका व्यक्तित्वका अन्यपक्षहरू त्यस मूलचरित्रकै विस्तारीकरण हुन् भन्ने विचार भट्टको छ । कतिपय समालोचकहरूले एकपक्षीय ढंगले मूल्याङ्कन गरी भाषाशैलीगत

अशुद्धता र अपूर्णता जस्ता दोषहरू श्रेष्ठमाथि लगाएको कुरा भट्टलाई अस्वीकार्य छ । मूलतः संस्मरणको रूपमा लेखिएको यस लेखमा भट्टले श्रेष्ठको योगदानलाई महत्वपूर्ण उपलब्धि मान्दै एक असल व्यक्तिको रूपमा मूल्याङ्कन गरेका छन् ।

**'देशभक्त मनीषीः महानन्द सापकोटा'** भन्ने संस्मरणात्मक लेखमा भट्टले बहुमुखी व्यक्तित्वका धनी सापकोटाले देशभक्तिपूर्ण आह्वानद्वारा राष्ट्रिय पुनर्जागरणको नवचेतना जगाउने कार्य गरी महत्वपूर्ण योगदान दिनुका साथै आफ्नै हृदयमा पनि गहिरो छाप पार्न सफल भएको उल्लेख गरेका छन् । सापकोटाका कविताहरूले स्वतन्त्र नेपाल र नेपालीको वीरतापूर्ण इतिहासप्रति स्वाभिमान र गौरवको भावना, सामाजिक आर्थिक विषमताप्रति असन्तोष अनि सुखी, समृद्ध र शक्तिशाली नेपालको कामना गरेका छन् । धर्मको नाममा गरिब जनताहरूलाई नठग्न र राष्ट्रिय अखण्डतालाई अक्षुण्ण राख्न आह्वान गरेका छन् प्रजातान्त्रिक मूल्यका पक्षपाती सापकोटाले शिक्षा भन्दै अवैज्ञानिक, अदूरदर्शी र रूढिवादी शिक्षाको सट्टा व्यावहारिक र वैज्ञानिक शिक्षा दिनुपर्ने राय दिएका छन् ।

भट्टका विचारमा सापकोटाले प्रस्तुत गरेका कतिपय कवितांशहरू प्रगतिशील विश्वसाहित्यका निम्ति पनि अमूल्य निधिका रूपमा रहेका छन् । आधुनिक नेपाली काव्यलाई लोकसाहित्यको ढाँचा दिनु, संस्कृतका छन्दहरूलाई पनि प्रगतिशील राष्ट्रवादी विचारधाराको अभिव्यक्ति दिने माध्यम बनाउनु, जनजाति, जनभाषा, जनसंस्कृति र जनजागृतिप्रति जीवनभर झुकाव राखी साहित्यिक अभिव्यक्तिदिने सापकोटा महान् विभूति हुन् ।

**'सत्तरी वर्षको बूढो सुगा र एउटा सिकारु गाइने'** लेखमा कविशिरोमणि लेखनाथ पौड्यालसँगको भेट तथा उनका कृतिहरूबाट प्राप्त मूल्यद्वारा भट्टमा परेका छापहरूलाई स्मरण गर्ने काम गरिएको छ । कवि लेखनाथलाई सत्तरी वर्षको बूढो सुगा र आफूलाई सिकारु गाइनेका रूपमा प्रतीकात्मक शीर्षकद्वारा प्रस्तुत गरिएको छ । लेखनाथबाट प्राप्त सहयोग सुझाव र सल्लाहहरूको स्मरण गर्दै नेपाली जनमानसमा भानुभक्तिपछि प्राप्त लेखनाथको साहित्यले तत्कालीन समयमा नवीन विचार ल्याएको उल्लेख गर्दै त्यसभित्रका अन्तर्विरोध, धर्म र वेदान्तका विषयहरूले नयाँ पुस्तालाई प्रभाव पार्न नसके पनि लेखनाथ नेपाली साहित्यको पर्याय बनेको निष्कर्ष भट्टको छ ।

**'मैक्सिम गोर्की, हाम्रो गाउँ र नेपाली साहित्य'** भन्ने लेखमा विश्वविख्यात रसियाली लेखक मेक्सिम गोर्की र उनको साहित्यिक मूल्यलाई प्रस्तुत गरिएको छ । भट्टका विचारमा वास्तविक साहित्य समस्त जनताको मनमष्तिकमा प्रभावकारी रूपमा रहन्छ । सरल र सहज भाषाशैलीमा प्रस्तुत जनमुखी साहित्यले जनतालाई असल बाटो देखाउनुका साथै भविष्यप्रति

आशावादी भावना जगाई सङ्घर्षप्रति जोस र जाँगर भरिदिन्छ । यथार्थलाई बुझ्ने, सामाजिक रूपान्तरणमा प्रवृत्त रहने, निम्नवर्गीय जनताको उत्थानमा क्रियाशील रहन प्रेरित गर्ने जस्ता मातृगुणले भरिपूर्ण साहित्य नै सच्चा साहित्य हो किनभने यसको प्रभाव र प्रेरणाबाट हजारौंहजार क्रान्तिकारी सन्तानहरू जन्मिई स्वस्थ र अग्रगामी समाजको निर्माण गर्दछन् ।

गोर्कीलेझैं सच्चा साहित्यकारले छाती खोलेर जनताभित्र पसी त्यसैबाट ज्ञानविज्ञान, साहित्य, कला आदिका मोतीहरू टिपेर बहुमूल्य पुस्तकहरू सिर्जना गर्नुपर्दछ तब जनताले गोर्कीलाई जस्तै प्यारो साहित्यकारको रूपमा आफ्ना मनमन्दिरमा सजाउँछन् भन्ने विचार भट्टको छ । प्रगतिशील विचारका पक्षधर कतिपय व्यक्तिहरूले **'आमा'** उपन्यास पढी राजनीतिक सङ्घर्षमा चाख बढेको, राजनीतिक सङ्गठन, क्रान्तिकारी कार्यप्रणाली, जनसङ्घर्ष आदिबारे प्रेरणा पाएको चर्चा गरेको उल्लेख पनि भट्टले गरेका छन् । गोर्की व्यक्तिवादको विरोधी, समाजवादी भएकाले समाजवाद र विज्ञान दुबैको आधारमा नै प्रगतिशील जनसंस्कृतिको निर्माण गर्न चाहने, स्वआलोचनाको प्रवृत्ति र जनसमूहप्रति आस्थावान, जनताका विद्यार्थी, दृढ, सरल, जनप्रिय, महान् व्यक्तित्व थिए भन्ने निष्कर्ष भट्टको छ ।

विश्वसाहित्यका महान् साहित्यकार मेक्सिम गोर्कीको संस्मरणमा आधारित यस लेखमा नेपाली साहित्यले नेपाली समाजका यथार्थ र अन्तर्विरोधहरूलाई प्रस्तुत गर्न नसकेको प्रसङ्ग उल्लेख गर्दै गोर्कीको **'आमा'** उपन्यासझैं सच्चा जनमुखी साहित्यको रचना गर्न तथा यथार्थलाई बुझी समाजलाई फेर्न नयाँ पुस्ताले लाग्नुपर्ने सल्लाह भट्टको छ ।

**'देशभक्त लेखक तथा विचारक लुसुन र उहाँको विश्वदृष्टिकोण'** भन्ने लेखमा लुसुन संवेदनशील स्वप्नद्रष्टा, प्रगतिवादी क्रान्तिकारी साहित्यकार भएकाले आफ्नो राष्ट्र र श्रमजीवी जनतालाई सम्पूर्ण वैचारिक दासता र आर्थिक शोषणबाट मुक्त हुन सङ्घर्षको बाटो देखाउने यथार्थवादी साहित्यकार भएको ठहर भट्टको छ । साहित्य राष्ट्र र जनताको पक्षमा हुनुपर्ने विचार नेपाली साहित्यकार र सचेत बुद्धिजीवीहरूलाई जानकारी गराउने उद्देश्य भट्टको देखिन्छ । चीनियाँ क्रान्तिमा मूलतः सैद्धान्तिक रूपमा लुसुनको योगदान उल्लेख्य रहेको थियो । संसारको प्रत्येक वस्तुमा परिवर्तनको प्रक्रियाको क्रमसँगै हुँदै जान्छ भन्ने प्रगतिशील विकासवादको सिद्धान्तका अनुयायी लुसुन थिए भन्ने विचार भट्टको छ । साहित्य निम्नवर्गीय जनताको पक्षमा हुन्छ, त्यस भन्दामाथि वा बाहिर जान सक्तैन भन्ने लुसुनको वर्गीय पक्षधरतालाई स्पष्ट पारिएको छ । वास्तवमा जागृत र विकसित हुँदै अघि बढ्ने सर्वहारा वर्ग नै भोलिको मालिक बन्नेछ भन्ने लुसुनका विचारसँग भट्टले सहमति जनाएका छन् । लुसुनको विश्वदृष्टिकोण क्रमशः ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी भएको र यही नै भविष्यको एकमात्र वैज्ञानिक, वस्तुवादी साथै सर्वहारावादी विश्वदृष्टिकोण भएकाले हामीले यही आदर्शको अनुकरण गर्नुपर्ने निष्कर्ष भट्टको छ ।

लगभग २०/२२ वर्षसम्म खारिदै, माझिदै, विविध वैचारिक लडाइँ तथा सङ्घर्ष गर्दै आफ्नो मानसिक जगतलाई फेरेर अटुट दृढतासहित लक्ष्यमा पुग्न सफल लुसुनको जीवन हाम्रा लागि पनि सङ्घर्षको माध्यमबाट सत्यमा पुग्न सिकाउने प्रेरणादायी कथा हो । साहित्यकार, विचारक तथा क्रान्तिकारी योद्धा लुसुनका बहुमुखी व्यक्तित्वहरूमध्ये वैचारिक पक्षलाई यस लेखमा भट्टद्वारा व्याख्या, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । तत्कालीन चीनमा रहेको अर्द्धसामन्ती, अर्द्धऔपनिवेशिक राज्यव्यवस्थाअन्तर्गत सामन्तवाद र साम्राज्यवादको विरोध गर्नु जनक्रान्तिको मूल उद्देश्य भएकाले क्रान्तिकारीजनवादी साहित्य र साहित्यकारहरूको एकमात्र उद्देश्य नौलो जनवादी संस्कृतिको निर्माणमा सहायक बन्ने सन्दर्भमा लुसुनले खेलेको अग्रगामी भूमिका महत्वपूर्ण छ । चीनमा विद्यमान प्राचीन यथार्थवादी र आलोचनात्मक यथार्थवाद अपूर्ण भएकाले समाजवादी यथार्थवाद आवश्यक बन्न पुग्यो । लुसुन पनि क्रमशः यथार्थवादी र आलोचनात्मक यथार्थवादी हुँदै अन्त्यमा समाजवादी यथार्थवादी बन्न पुग्छन् । अब उनी सामन्तवादी तथा बुर्जुवा विचारधाराहरूका विरुद्ध आफ्ना साहित्यिक अभिव्यक्तिहरूद्वारा प्रचण्ड सङ्घर्ष गर्दै चीनियाँ क्रान्तिलाई अमूल्य योगदान गर्न सक्षम हुन्छन् भन्ने उल्लेख भट्टले गरेका छन् । अध्यक्ष क. माओद्वारा प्रशंसित तथा विभिन्न विशेषणहरूद्वारा विभूषित लुसुन चीनियाँ क्रान्तिलाई नवीन कार्यदिशा दिन सक्षम व्यक्तित्व हुन् भन्दै उनीद्वारा प्रदर्शित कार्यदिशाकै उपलब्धिहरूको भऱ्याङ चढेर क्रान्तिपछिको चीनियाँ कला र सौन्दर्यशास्त्रीय चिन्तनपरम्पराले गतिशीलता प्राप्त गरेको निष्कर्ष भट्टले दिएका छन् ।

**'एउटा अँध्यारो सहर र केही जूनकिरीहरू'** भन्ने लेख पनि चीनियाँ साहित्यकार लुसुनका साहित्यिक मूल्यहरूका सम्बन्धमा गरिएको छलफलमा आधारित छ । पुरानो चीनियाँ जनवादी र नौलो जनवादी क्रान्तिलाई जोडेर सङ्क्रमणकालीन अवधिमा सेतुको काम लुसुनले गरेको प्रसङ्ग उल्लेख गर्दै उनको साहित्य तत्कालीन चीनको ऐना भएको ठहर गरिएको छ । कुनै पनि समाजको आमूल परिवर्तन जटिल कार्य भएकाले चारित्रिक दृढता र सैद्धान्तिक निष्ठा अनि अटलतालाई परिवर्तनका पक्षधरहरूले कहिल्यै त्याग्न नहुने कुरा लुसुनका कृतिहरूले प्रस्तुत गरेको निष्कर्ष निकाल्दै नेपाली समाज रूपान्तरणका सन्दर्भमा पनि लुसुनद्वारा व्यक्त विचार महत्वपूर्ण हुने ठहर भट्टद्वारा गरिएको छ ।

### ४.३.२ वैचारिक निबन्धहरू

भट्टद्वारा लिखित वैचारिक निबन्धअन्तर्गत **'आफ्नू र विरानू'**, **'आजका नेपाली वुद्धिजीवीसँग दुईचार कुरा'**, **'को ठूलो र को सानो'**, **'नयाँ चिन्तन वैज्ञानिक दृष्टिकोण'**, **'विचारदृष्टि हाम्रो युगका केही अति महत्वपूर्ण प्रश्नहरू'**, **'नेपालभारत सम्बन्ध र हाम्रा विद्यार्थीहरू'**, **'विचारको दृष्टिमा**

**नेपाली राष्ट्रवाद वर्तमान र भविष्य'** जस्ता ८ वटा निबन्धभित्रका समालोचनात्मक, साहित्यिक मूल्यहरूलाई अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने काम गरिएको छ ।

निजात्मक शैलीमा लिखित **'आफ्नू र विरानू'** निबन्धमा गोत्र, थर आदिका आधारमा आफन्त छुट्याउने सामन्ती प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै पृथ्वीवासी सबै मानव सबैका आफन्त भएको निष्कर्ष भट्टको छ । शोषकवर्गले शोषितवर्गलाई कहिल्यै आफ्नो बराबरीको हुन नदिनुको कारण निरङ्कुश अत्याचारी र अधिनायकवादीहरूको आफ्नो भन्ने कोही पनि हुँदैन तर दुनियाँभरिका गरिब र दुःखीहरूको जात एउटै हुन्छ, आचार, व्यवहार र संस्कृति पनि एउटै हुन्छ । त्यसकारण सबै सर्वहारा वर्गीय समुदाय एक भई परिवर्तनको निम्ति क्रान्ति गर्नु बाहेक अर्को विकल्प छैन किनकि क्रान्ति अनिवार्य सत्य हो । यसकारण समाजका शिक्षित, बुद्धिजीवी, साहित्यकार, कलाकार आदि सबैले जनतालाई यसतर्फ प्रेरित गर्नु अनिवार्य छ भन्ने विचार भट्टको छ ।

**'आजका नेपाली बुद्धिजीवीसँग एक दुई कुरा'** निबन्धमा जुन कुरा बोल्दा वा लेख्दा वहुसङ्ख्यक जनताको पक्षमा हुन्छ, नेपाली बुद्धिजीवीहरूले पनि त्यही मात्र बोल्नु वा लेख्नु पर्दछ भन्ने विचार भट्टको छ । सरल भाषा र मोहक शैलीमा आफ्ना विचार जनसमक्ष प्रस्तुत गरी निम्नवर्गीय जनतालाई सचेत गराउनु बुद्धिजीवीको काम हो । हामी बुद्धिजीवीहरू राष्ट्रवादी हुनैपर्दछ , सच्चा राष्ट्रवादी भएर बाँच्दा अन्धो र साँगुरो हुनुहुँदैन । नेपालीहरूको जीवनदर्शन बुझेर, उनीहरूका समस्याहरूको उचित जवाफ दिनु आजका नेपाली अर्थशास्त्री, इतिहासकार, विचारक, लेखक, अन्वेषक र बिद्वानहरूको कर्तव्य हो भन्ने निष्कर्ष भट्टको छ ।

**'को ठूलो को सानो'** निबन्धमा भट्टले सामन्ती परम्परा र संस्कारका बिरुद्धमा प्रगतिशील सांस्कृतिक दृष्टिकोण प्रस्तुत गरेका छन् । आफूलाई जतिसुकै ठूलो भनेर गर्व गरेपनि शोषक, सामन्त, दलाल, पूँजीपतिवर्ग, उच्च ओहोदाधारी व्यक्तिलगायत जातीयता र धर्मको आडमा शोषितपीडित जनता ठग्नेहरू कहिल्यै पनि ठूला हुन सक्दैनन् । साथै तिनीहरूले लादेका विचारहरूपनि कदापि ठूला होइनन् परन्तु वैज्ञानिक तथ्यमा आधारित बहुसङ्ख्यक जनताको निम्ति लाभदायक विचार नै ठूलो, असल र माननीय विचार हो भन्ने निष्कर्ष भट्टको छ ।

**'नयाँ चिन्तन वैज्ञानिक दृष्टिकोण'** निबन्धमा विज्ञानलाई समाजको वर्गसङ्घर्ष र उत्पादनका लागि प्रकृतिसितको सङ्घर्ष र वैज्ञानिक दृष्टिकोणको आधारमा शोषितवर्गको मुक्तिका लागि प्रयोग गर्नुपर्दछ भन्ने विचार भट्टको छ । समाजविकासको लागि बैज्ञानिक चिन्तनलाई व्यावहारिक रूप दिनुपर्दछ । शिक्षा तथा संस्कृतिको उत्थानमा वैज्ञानिक चिन्तनपद्धतिको विकास हुनु पर्दछ । वैज्ञानिक साहित्यद्वारा जनतालाई सही शिक्षा दिनु साहित्यकारको दायित्व हो, जसका जागि विदेशी विज्ञानसाहित्यलाई नेपालीमा अनुवाद गरी जनसमक्ष लानुपर्ने राय भट्टको छ ।

**'विचारदृष्टि हाम्रो युगका केही अति महत्वपूर्ण प्रश्नहरू'** शीर्षकको निबन्धमा नेपाली बुद्धिजीवीहरूले लाखौँकरोडौँ शोषितपीडित जनसमूहको न्यायपूर्ण मुक्तिसङ्घर्ष र जनयुद्धमा समर्थन गर्नका लागि बहुतै गम्भीर यथार्थवादी र विवेकशील बनी आफ्नो वैचारिक पक्षधरतालाई सही दिशा दिनुपर्ने विचार भट्टको छ । समस्त शोषितपीडित मानवसमुदायको स्वतन्त्रता र मुक्तिमा नै हामी सबैको स्वतन्त्रता र मुक्ति निर्भर छ । समस्त नेपाली मजदुर र किसानसँग वैचारिक र व्यावहारिक दुबै रूपमा एकाकार भई क्रान्तिकारी बन्नु नै आजको युग र यसका बुद्धिजीवीवर्गको दायित्व हो भन्ने निष्कर्ष भट्टको छ ।

**'नेपालभारत सम्बन्ध र हाम्रा विद्यार्थीहरू'** भन्ने निबन्धमा भारतीय शोषकवर्गबाट नेपाल र नेपालीप्रति गरिएको दुर्व्यवहारलाई केवल सत्तोसराप वा क्षणिक आवेशमा निर्मूल गर्न चाहनु अवैज्ञानिक रहेको धारणा भट्टको छ । भारतमा बसेर अध्ययन गर्ने नेपाली विद्यार्थीहरूले आफ्नै मुलुकका बहुसङ्ख्यक जनतालाई सङ्गठित गरेर विदेशी उपनिवेशवादका साथै स्वदेशी उपनिवेशवादको विरोधमा लगाउनु पर्दछ तब मात्र नेपाल राजनीतिक, आर्थिक एवं सांस्कृतिकरूपबाट एउटा सुखी, सम्पन्न र समृद्धशाली राष्ट्र बन्ने विचार भट्टको छ ।

**'नेपाली साहित्य, हाम्रो समाज र साहित्यसम्मेलनहरू'** भन्ने लेखमा भट्टले दिनदिनैजसो आयोजना गरिने साहित्यसम्मेलनहरू केवल औपचारिकताका निम्ति मात्र नभएर समाजलाई स्वस्थविचार, सामूहिकभावना र आनन्दको अनुभूति दिने हुनुपर्दछ भन्ने विचार प्रस्तुत गरेका छन् । यस्ता सम्मेलनहरूले जनताको आत्मसम्मान, आत्मनिर्भरता, आत्मविश्वास र आत्मआलोचनाको भावना जगाइदिनु पर्दछ । जनताका समस्याहरूको वैज्ञानिक विश्लेषण र समाधानतर्फ जागृत सङ्गठित गराउन महत्वपूर्ण भूमिका खेल्नुपर्दछ किनकि साहित्य सामाजिक चेतनाकै एउटा अङ्ग हो र यसको सिर्जना शून्यमा नभएर समाजमै हुने गर्दछ । त्यसैले साहित्य सम्मेलनको परम्परा सङ्कीर्णता र वैचारिक अस्पष्टताबाट माथि उठी स्वस्थ, वैज्ञानिक र यथार्थवादी ढङ्गले अगाडि बढ्नुपर्दछ भन्ने विचार भट्टको छ ।

**'विचारको दृष्टिमा नेपाली राष्ट्रवाद वर्तमान र भविष्य'** भन्ने निबन्धमा अन्तर्राष्ट्रियस्तरमा आफ्नो स्वाधीनता जोगाउन देशीय सामन्तीशोषण व्यवस्थालाई हटाउनु पर्ने राय भट्टको छ । जबसम्म नेपाली जनता साम्राज्यवाद र सामन्तवादका विरुद्ध एकताबद्ध हुँदैनन् तबसम्म नेपालको स्वाधीनता सुदृढ नहुने र देशको आर्थिक विकास पनि सम्भव नहुने भएकोले नेपालीहरू सामु राष्ट्रियता र राष्ट्रवादको सम्बन्धमा यो कुरा अहम् प्रश्न बनेको निष्कर्ष भट्टले निकालेका छन् ।

### ४.३.३ निष्कर्ष

भट्टद्वारा लिखित **'गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू'** भित्र विभिन्न समयमा लेखिएका वैचारिक, दार्शनिक चिन्तनमूलक निबन्धहरू सङ्कलित छन् । साहित्य र समाजका विविध क्षेत्रसँग सम्बन्धित चिन्तनमनन्, अध्ययन, अनुसन्धान तथा गम्भीर विश्लेषणसहित लेखिएका उपर्युक्त निबन्धहरूले तत्कालीन समाज, वातावरण, परिवेश र स्थितिको राम्रो चित्र उतारेका छन् । मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनपद्धतिलाई नेपाली परिवेशअनुकूल व्याख्या गर्न खप्पिस भट्ट आफ्ना निबन्धहरूमार्फत् साहित्यिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक तथा धार्मिक, आध्यात्मिक मूल्य मान्यतामाथि तीखो दृष्टि दिंदै सकारात्मक पक्षलाई आत्मसात् गर्न आह्वान् गर्दछन् भने सकारात्मक पक्षप्रति विद्रोह गरी नवीन मूल्य र मान्यताको स्थापना गर्न प्रेरित पनि गर्दछन् ।

राष्ट्रका समग्र साहित्यकार, कलाकार, नेता, बुद्धिजीवी, वकिल, डाक्टर, प्राध्यापक, शिक्षक लगायत अन्य विविध क्षेत्रमा आबद्ध उच्च पदाधिकारी व्यक्तिहरूले आफ्ना कार्यहरू निम्नवर्गीय नेपाली जनताका पक्षमा गर्नुपर्ने तथा नेपाल, नेपाली जनता र नेपाली राष्ट्रियताप्रति सचेत बनेर आफ्ना धारणाहरू प्रस्तुत गर्नुपर्ने कुरा भट्टका प्रायशः निबन्धहरूले औंल्याएका छन् । आफ्ना निबन्धहरूमा नेपाली समाजको वर्गीयस्वरूपको रेखाङ्कन गर्दै शोषक, सामन्त, दलाल पूँजीपतिवर्ग, प्रतिक्रियावादी तथा यथास्थितिवादीहरूप्रति सधैं सचेत रहेर जनतालाई यिनीहरूका विरुद्धमा क्रान्ति गर्न पनि भट्टका कतिपय निबन्धहरूले आह्वान गरेका छन् । त्यसैगरी व्यक्तिगत सुखसयल, पदप्राप्ति तथा इज्जत र प्रतिष्ठा प्राप्तिको पछि नलागी सबै नेपालीको फायदामा आधारित कार्य गर्नुपर्ने विचार पनि भट्टको छ ।

पञ्चायती कुसंस्कार, भ्रष्टाचारी प्रवृत्ति, शिक्षा र अर्थतन्त्रमा देखिएका सामाजिक विकृति, मानवीय मूल्य र मान्यतामा आएको त्रास, प्रशासनभित्रको नाङ्गोपन, भ्रष्टाचार तथा असमानतापूर्ण अमानवीय व्यवहारको कटु आलोचना पनि निबन्धहरूमा महत्वपूर्ण विषयका रूपमा रहेका छन् । सचेत द्रष्टा बनेर यथार्थमाथि मौलिक चिन्तन र दृष्टिकोणहरू विवेचनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरी सरल, स्पष्ट अनि भावपूर्ण निबन्ध लेख्नु निबन्धकार भट्टको सबलता हो । संस्मरणात्मक निबन्धहरूमा देशी तथा विदेशी महान् प्रतिभाहरूका व्यक्तिगत स्वभावलाई सामाजिकीकरण गर्ने भट्टका निबन्धहरूमा काव्यिक भाषा, उत्कृष्ट शैली, यथार्थ चित्रण र दृष्टिकोण, क्रान्तिकारिता तथा स्वच्छन्दतावादी सौन्दर्यचेतना प्रतिबिम्बित भएका छन् । आफ्ना निबन्धहरूमार्फत् वर्गीयचेतनाको उद्‌वोधन गर्दै निम्नवर्गीय जनताका लागि लेखिएको साहित्यलाई मात्रै यथार्थ साहित्यको रूपमा लिनुपर्ने विचार राख्ने भट्ट मूलतः वैचारिक एवं दार्शनिक निबन्धकार हुन् भने मार्क्सवादी चिन्तनअनुरूप नेपाली परिवेशसापेक्ष नवीन मूल्यमान्यता स्थापित गरी

राष्ट्रनिर्माणमा कटिवद्ध भट्टका निबन्धहरूले उनलाई खारिएका निबन्धकारका रूपमा स्थापित गरेका छन् ।

### ४.४ गोविन्द भट्टका भूमिकाहरूको अध्ययन, वर्गीकरण तथा मूल्याङ्कन

#### ४.४.१ विषय प्रवेश

वि.सं. २०२४ देखि भूमिका लेखनमा सक्रिय गोविन्द भट्टले आजसम्म लगभग तीन दर्जनजति कृतिहरूमा भूमिका लेखिसकेका छन् । स्रष्टा र सृष्टिका सबल-दुर्बल पक्षहरूको संयक प्रस्तुति पाइने भट्टका भूमिकाहरूलाई समालोचनाकै पूरक मानेर अध्ययन गर्नु सान्दर्भिक हुन्छ । योजनावद्ध र अध्ययनपूर्ण ढंगले भूमिका लेख्ने भट्टका भूमिकाहरूलाई आफ्ना कृतिमाथि आफैंले लेखेको भूमिका र अरुका कृतिमाथि लेखिएका भूमिका गरी दुई भागमा राखी तिनलाई पनि विधागत रूपमा वर्गीकरण गरेर अध्ययन विश्लेषण गरिएको छ ।

#### ४.४.२ भट्टद्वारा आफ्ना कृतिमाथि आफैं लेखिएका भूमिकाहरूको अध्ययन

गोविन्द भट्टले आफ्ना प्रकाशित एक लघुकविताकृति र समालोचनाकृतिमा भूमिका लेखका छन् । यिनै दुई कृतिका भूमिकाहरूलाई यहाँ विधागत आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

##### ४.४.२.१ कविताविधा

**क) शान्तिसन्देश (वि.सं. २०२४ र ०२८) का भूमिकाहरूको अध्ययन**

साहित्यका सिर्जना र समालोचना दुबै विधाका सशक्त सर्जक गोविन्द भट्ट कवि तथा लघुकाव्यकार पनि हुन् । शान्त, स्वतन्त्र र समानतापूर्ण जीवनयापनका लागि युद्ध अनिवार्य भएको सन्देश पौराणिक पात्रका माध्यमबाट प्रस्तुत गरिएको यस कृतिमा **निवेदन** र **दोस्रो संस्करणको भूमिका** भन्ने शीर्षकहरूमा कवि भट्टका दुईवटा भूमिकाहरू रहेका छन् । यस कविताकृतिमा युद्ध र शान्तिको समस्यालाई यथार्थ ढंगबाट व्यक्त्याउने प्रयत्न आफूले गरेको ठान्ने भट्ट अघि भन्छन् - “सिद्धान्तहीन शान्ति अर्थात् अन्यायको शान्ति भन्दा सिद्धान्तयुक्त युद्ध अर्थात् न्यायपूर्ण युद्ध नै स्वागतयोग्य हुन्छ भन्ने कुरा तर्क र नैतिकता  दुबै दृष्टिबाट अकाट्य छ (शान्तिसन्देश: निवेदन) ।” भट्टका विचारमा स्थायी शान्तिको प्राप्ति मनचिन्ने आदर्शवादबाट नभएर यथार्थपूर्ण संघर्षबाट मात्रै सम्भव हुन्छ । यसका निम्ति युद्ध-पिपासु शोषक वर्ग विरुद्ध एकजुट भएर अन्तिम विजय नपाउञ्जेल सम्झौताहीन संघर्ष गर्नैपर्दछ । भट्टका विचारमा ऐतिहासिक साक्ष्यका आधारमा युद्धका मुख्य कारण साम्राज्यवाद र सामन्तवाद नै हुन् र संसारमा क्रान्तिको अस्तित्व रहुन्जेल युद्धको अन्त्य पनि नहुने र शान्ति पनि स्थापना हुनसक्ने छैन । आफू शान्तिवादी भएपनि शान्तिको

स्थापनाको निम्ति सम्झौताहीन युद्धलाई एकमात्र कारकतत्व स्वीकार्ने भट्ट आफ्नो कविता शान्तिसन्देश विभिन्न बहानामा थोपरिने दासता र आत्मसमर्पणका विरुद्ध छ भन्दै आक्रमणकारीका विरुद्ध युद्ध नै एक मात्र हतियार भएको ठान्दछन् । भट्टका विचारमा पौराणिक कथानक रहेको यस काव्यले पाठकमा रूढिवादी आस्था जगाइदिने कतिपय पाठक तथा समालोचकको विचार निराधार छैन । परन्तु काव्यको  पौराणिक पृष्ठभूमि र चरित्रसम्बन्धी विषयलाई गौण ठान्दै यसको सन्देशलाई नै प्राथमिकता दिएर हेर्न पाठकहरूलाई द्वितीयचरणको भूमिकामा निवेदन पनि गर्दछन् । काव्यमा कलापक्ष र विचारपक्षमा खोटहरू रहेको स्वीकार्दै तर्कहरूलाई चाहेजति कलात्मकताका साथ प्रस्तुत गर्न नसकेकोमा पाठकहरूसँग क्षमा मागी उचित सल्लाह र सुझावको अपेक्षा पनि गर्दछन् ।

### ४.४.२.२ **समालोचनाविधा**

**क) गोविन्द भट्टका समालोचना** (२०५५)को भूमिकाको अध्ययन

**"अलिकति स्पष्टीकरण र केही गन्थनमन्थन पनि ......"** शीर्षक दिएर भट्टले यस कृतिमा भूमिका प्रस्तुत गरेका छन् । यस भूमिकामा भट्टले नेपाली साहित्यमा प्रचलित रहिआएको 'समीक्षा' वा 'समालोचना' को परम्परागत रूढ अवधारणाभन्दा आफ्ना समालोचनात्मक लेखहरू केही पृथक रहेको कुरा औँल्याएका छन् । नेपाली साहित्यको तत्कालीन कालखण्डमा उठेका सैद्धान्तिक विवाद, पुराना र नयाँ साहित्यकारहरूको मूल्याङ्कनमा देखिएका समस्या एवं त्यस अवधिमा प्रकाशित चर्चित केही प्रतिनिधि कृतिहरूका बारेमा भट्टद्वारा प्रस्तुत वैचारिक प्रतिक्रियालाई यसमा समावेश गरिएको उल्लेख छ । प्रकाशित साहित्यिक पुस्तक र पत्रपत्रिका पाएसम्म अध्ययन गर्ने भट्ट आफूलाई समालोचक नभनेर केवल एक सचेत पाठक मात्र भएको स्वीकार्दछन् । भट्ट लेखनलाई आफ्नो अधिकार, नैतिक दायित्व र कर्तव्यबोध तथा गम्भीर सामाजिक क्रियाकलाप ठान्दछन् । आफ्ना रचनाहरू प्रकाशन लगत्तै व्यापक चर्चा र विवादमा आउनु अनि नेपाली साहित्यका प्रमुख समालोचकहरूको लहरमा आफूलाई उभ्याइनुका पछाडि प्रस्तुत वैचारिक अडान र सैद्धान्तिक मान्यताले प्रमुख भूमिका खेलेको विचार भट्टको छ । भट्ट समालोचनालाई वैचारिक द्वन्द्व वा सैद्धान्तिक सङ्घर्षको एक प्रभावकारी हतियार मान्दछन् । तत्कालीन एकदलीय निरङ्कुश पञ्चायती शासनको गतिरोधपूर्ण राजनीतिक-आर्थिक परिवेशले उत्पन्न गरेको भ्रष्ट साँस्कृतिक वातावरणले भित्र्याएका निराशा, पलायन, अस्तित्व, छाडा, शून्य, अध्यात्म, स्तुति, रूप, प्रयोग आदि वादरूपी बकवादको प्रतिकारस्परूप यी लेखहरू प्रतिबिम्बित भएको ठनाइ भट्टको रहेको पाइन्छ । उपर्युक्त विसङ्गतिको विरुद्धमा सङ्घर्ष गरेर नै मानवीय, वैज्ञानिक तथा समष्टिवादी जनसंस्कृतिको निर्माण गर्ने र युक्तिसङ्गत तर्कवितर्कद्वारा नै वैचारिक प्रतिद्वन्द्वितामा आफ्नो

श्रेष्ठता गर्ने वैज्ञानिक शैलीको आवश्यकता महसुस गर्दछन् । “अनावश्यक रूपमा बढी उदारवादी भएको आरोप सहनुपरे पनि साहित्यमा नारावाजी व्यक्तिगत घोचपेच, गालीगलौज वा राजनीतिक नारावाजीभन्दा सैद्धान्तिक र वस्तुवादी समालोचना नै विरोधी विचारलाई पराजित गर्न सक्षम र उपयोगी हुने विचार भट्टको रहेको पाइन्छ । नवोदित रचनाकारप्रति अलिक उदार, बीचप्रति आलोचनात्मक सहिष्णु तर दुराग्रही, कट्टर, जडसूत्रवादी जस्ता अहङ्कारीहरूमाथि भने निर्ममतापूर्वक प्रहार गर्नु भट्ट आफ्नो आलोचनात्मक स्वभाव रहेको स्वीकार्दछन् । यसै परिप्रेक्षमा यस सङ्ग्रहमा सङ्गृहीत दुईचार लेखहरूमा तीखो व्यङ्ग्य प्रहार गर्न बाध्य भएको स्वीकारोक्ति पनि भट्टको रहेको पाइन्छ ।

तत्कालीन समयमा नेपाली साहित्यका लेखक तथा पाठकहरूमाझ वैचारिक सचेतता जगाई सैद्धान्तिक बहस चलाउने उद्देश्य लिएर यी लेखहरू लेखिएको कुरा भट्टले प्रकट गरेका छन् । यसर्थ यी लेखभित्र प्रशस्त अपूर्णता रहेपनि त्यस बेलाका पत्रपत्रिकाहरूमा निकै तीब्र प्रतिक्रियाहरू आएका अनि सयौं मित्र र शत्रुहरू पनि कमाएका भट्ट आफ्नो सीमित उद्देश्य फलीभूत भएकोमा भने सन्तोष प्रकट गर्दछन् । भट्ट आफ्ना रचनाहरू प्रबुद्ध पाठकका लागि खास महत्वका नभए पनि एक समयको ऐतिहासिक अभिलेखका रूपमा केही प्रौढता आए पनि साहित्यको सामाजिक भूमिका र प्रगतिवादी समीक्षापद्धतिबारेका पुराना अडानहरूमा भने कुनै परिवर्तन नआएको विचार प्रकट गर्दछन् ।

भट्टद्वारा आफ्ना समालोचनात्मक मूल्य र मान्यताहरूलाई व्यापक तथा गहन रूपमा प्रस्तुत गरिएको यस भूमिकाको आयाम पनि पूरै पाँच पृष्ठ लामो रहेको छ । दर्शनशास्त्रको अध्ययनमा रुचि भएकाले अङ्ग्रेजी, हिन्दी, र नेपाली भाषाका त्यस्ता रचनाहरू पढ्ने सन्दर्भमा कृतिको विषय र यथार्थजीवनबीच ठूलो अन्तरालको अनुभव गर्न पुग्दछन् । प्राचीनतामुखी, पाश्चात्य साहित्यको अन्धानुकरण, समाजमुखी चिन्तनमननविहीन स्वतःस्फूर्त व्यक्तिगत स्वच्छन्द अभिव्यक्तिद्वारा समाजको बौद्धिकस्तर उन्नत नहुने विचार भट्टको रहेको पाइन्छ । वास्तवमा यथार्थवादी विचार नै स्थायी महत्वको हुने तथा हाम्रो अस्तित्वको सर्वाङ्गीण विकासमा सहायक हुने भएकोले भट्टमा तत्कालीन साहित्यिक अवस्थाप्रति आन्तरिक असन्तुष्टि पैदा भएका कारण उनी समीक्षालेखनतर्फ आकृष्ट भएको उल्लेख गर्दछन् । समग्र नेपाली साहित्यको अध्ययन गर्दा मोटामोटीरूपमा यथास्थितिवादी र प्रगतिवादी गरी दुई विचारधारा पाइने धारणा भट्टको रहेको छ ।

परम्परागत प्राच्य समीक्षा प्रणाली र आधुनिकताको अन्धानुकरणमा पैठारी गरिएको पाश्चात्य समालोचना प्रणाली दुबै अपर्याप्त छन् । यी दुबैको विकल्पका रूपमा नेपाली साहित्यलाई नेपाली समाज र इतिहासको अविच्छिन्न अङ्गका रूपमा मूल्याङ्कन गर्ने प्रगतिवादी

समीक्षासिद्धान्त राष्ट्रिय यथार्थप्रति बढी सचेत र व्यापक जनआकाङ्क्षाप्रति बढी संवेदनशील भएको विचार भट्टको पाइन्छ । ढिलोचाँडो प्रगतिवाद नै नेपाली साहित्यको मूल प्रवाह हुने धारणा पनि भट्टको रहेको पाइन्छ । आफ्ना समालोचनात्मक मान्यतालाई भट्टले यसरी प्रस्तुत गरेका छन्, "क) वर्तमान नेपाली साहित्यभित्र वैचारिक संघर्षको अभियान चलाउनु, ख) समीक्षाका क्षेत्रमा रहेका परम्परावादी शास्त्रीय सिद्धान्त र पाश्चात्य समालोचना प्रणालीको खण्डन गर्दै हाम्रो आफ्नो वास्तविकतामा आधारित प्रगतिवादी समीक्षासिद्धान्तलाई विकल्पका रूपमा प्रस्तुत गर्नु र ग) नेपाली साहित्यले नेपाली समाज र संस्कृतिको रूपान्तरण गर्ने दिशामा एक सशक्त रचनात्मक भूमिका खेल्नुपर्दछ भन्ने मान्यता स्थापित गर्न खोज्नु (पूर्ववत्, : भूमिका खण्ड) ।

उपर्युक्त लक्ष्यहरूको औचित्यमा पूर्ण विश्वास रहेका तर यो एउटा दीर्घकालीन संघर्षको यात्रा पनि हो भन्ने विचार प्रकट गर्दै भट्ट पुस्तक प्रकाशन गर्ने संस्था र सम्पादकलाई धन्यवाद दिई आफ्नो भूमिका पूरा गर्दछन् ।

### ४.४.३ गोविन्द भट्टद्वारा अन्य स्रष्टाका कृतिहरूमाथि लेखिएका भूमिकाहरूको अध्ययन

आफ्ना कृतिहरूमाथि आफैँले भूमिका लेखी स्वयंमा देखिएका सबल-दुर्बल पक्षहरूलाई प्रस्तुत गर्ने गोविन्द भट्टले अन्य स्रष्टाहरूका दर्जनौँ कृतिहरूमाथि पनि प्रशस्त भूमिका लेखेका छन् । आफ्ना कृतिहरूमा लेखिएको भूमिकाहरूद्वारा आफ्ना साहित्यिक समालोचनात्मक वैचारिक धारणाहरू प्रस्तुत गर्ने भट्ट अन्य स्रष्टाका सिर्जनाहरूमा लेखिएका भूमिकाहरूमा चाहिँ आफ्नो समालोचकीय दृष्टिकोणबाट मूल्याङ्कन गर्दछन् । अन्य स्रष्टाका कृतिहरूमाथि भट्टद्वारा लेखिएका भूमिकाहरूलाई निम्नलिखित उपविभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

#### ४.४.३.१ कविताविधा

**नरेश शाक्य "निरज" का कविता र गीतहरू** (२०४९) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

कवि नरेश शाक्यद्वारा रचित **"नरेश शाक्य 'निरज' का कविता र गीतहरू"** कवितासङ्ग्रहमा मिति २०४०-२०४७ सम्म रचिएका जम्मा २९२ वटा कविता तथा गीतहरू सङ्कलित छन् । यस कृतिको भूमिकामा **"यौटा घाइते योद्धाको सपना र नरेश शाक्यका केही कविताहरू"** शीर्षकको पन्ध्र पृष्ठ लामो टिप्पणीका माध्यमबाट भट्टले कविको विगत र वर्तमान जीवनका रहस्यहरू साथै कृति र कृतिकारको मूलभूत विशेषता पनि औँल्याएका छन् । भूमिकाको सुरुमा कवि शाक्यसँगको भेटघाट, छलफल, कविताको अध्ययन तथा कविमा आएको विक्षिप्तता र उनको भविष्यबारे भट्टमा छाएको सहानभूति बारे उल्लेख भएको छ । उपत्यका बाहिरका कविको कृति प्रकाशनप्रति गौरव अनुभूत गर्नुले भट्टमा मोफसलप्रति प्रेम झल्किएको पाइन्छ । नरेश शाक्यका कविताहरूलाई सुगन्धित फूलका रूपमा स्वीकार्ने भट्टका विचारमा शाक्यका कवितामा

विषयवस्तु र हेराइमा प्रगतिवादिता, रूप तथा सौन्दर्यमा कलात्मकता, अनुभूतिमा तीब्रता, संवेदनात्मक सूक्ष्मता, चिन्तनमा गहनता तथा कल्पनामा व्यापकता आदि विशेषता रहेका छन् । शाक्यलाई विद्रोही कविका रूपमा चिनाउँदै उनको कवित्व उच्च रहेको स्वीकार्ने भट्ट अघि भन्दछन्- "उनको शैलीमा परिष्कार, प्रभावकारिता र काव्यात्मक मनमोहकताको समुचित सामाञ्जस्य पाइन्छ, उनका रचनाहरूको वातावरणमा समसामयिक समस्याहरूको वास्तविकताले छाप पारेको छ र उनका सम्पूर्ण मान्यताहरू मानवतावादी मूल्यहरूबाट निर्दिष्ट रहेका छन् । उनका बिम्ब, प्रतीक, उपमा, व्याख्यान र उद्धरणहरूमा राष्ट्रिय परिवेश निकै राम्ररी समावेश भएको छ (नरेश शाक्य 'निरज' का कविता र गीतहरू : भूमिकाखण्ड) ।" कवि शाक्य स्वयंद्वारा प्राक्कथनमा लिखित उनका कविताहरू काव्यको कुनै निर्दिष्ट सिद्धान्तमा नअटाएको प्रसङ्गमा पाब्लो नेरुदा, नाजिम हिक्मत, आइ छिङ्, फैज अहमद फैज, पौल शेक्सन, मायाकोब्स्की, नागार्जुन नजरुल इस्लाम, देवीप्रसाद 'किसान', गोकुल जोशीका साथै अन्य रचनाकारहरूका लोकप्रिय कृतिहरूको उदाहरण दिँदै कुनै वाद वा सिद्धान्तमा प्रतिबद्ध रहेर पनि हृदयस्पर्शी कविताहरू लेख्न सकिने विचार भट्ट व्यक्त गर्दछन् । यद्यपि कोरा सिद्धान्तबाट निर्देशित रचनाहरूमा पाडित्यपूर्ण नैतिक प्रवचन वा खोक्रो नाराबाजी रहने कुरालाई पनि अस्वीकार गर्न नसकिने धारणा भट्टको रहेको छ ।

यसै कृतिमा सङ्गृहीत केही उल्लेखनीय रचनाहरूको नाम लिँदै कविद्वारा छनोट गरिएको विषयवस्तु मुटु छुने भएको साथै समाजका पाखण्ड र विकृतिहरूको मुखुण्डो च्यातिदिने तीखो व्यङ्ग्य-उपहास सबै रचनाहरूमा पाइने भट्टको विचार छ । प्रगतिवादी नेपाली साहित्यमा देखिएका अन्योलहरूको प्रसङ्ग कोट्याउने क्रममा पार्टी नेतृत्वकारीहरूको हठधर्मी चिन्तनले वामपन्थी लेखनलाई सङ्कीर्ण र यान्त्रिक बनाएको दाबी गर्न पनि भट्ट चुकेका छैनन् । परन्तु कविहरू कुनै न कुनै सिद्धान्तमा बाँधिनै पर्ने बाध्यतालाई स्वीकार्दै विचार र व्यवहार बीचको सन्तुलनमा भट्टको जोड रहेको छ । अन्त्यमा नरेश शाक्यलाई प्रखर, प्रतिभाशाली र असल देशभक्त कवि मान्दै कविको शीघ्र स्वास्थ्यलाभ र चीरायुको कामना गरी **'सुन्दरता एक कविता'** शीर्षकबाट एउटा कविता उद्धृत गर्दै भट्टले आफ्नो लामो भूमिकाको अन्त्य गरेका छन् । यो भूमिका कवि शाक्यको वैचारिकता, व्यावहारिकता, सामाजिक-साँस्कृतिक धरातल, लेखकीय पक्षधरता तथा कविको व्यक्तिगत जीवनको विगत र वर्तमान परिप्रेक्षको मूल्याङ्कनमा फैलिएको छ ।

**शताब्दीको पहिलो बिहानी** (२०५९) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

कवि झलनाथ खनालद्वारा रचित **"शताब्दीको पहिलो बिहानी"** कवितासङ्ग्रहमा जम्मा बयालीसवटा कविताहरू सङ्कलित छन् । यस भूमिकामा "लालीगुँरास फुल्ने देशका सपनाहरू"

शीर्षकको दश पृष्ठ लामो टिप्पणीका माध्यमबाट भट्टले कृतिको गहकिलो मूल्याङ्कन प्रस्तुत गरेका छन् । भूमिकाको सुरुमा नेपाली साहित्यको इतिहासको विवेचना गर्दै विभिन्न चाप र प्रतिचापबीचमा प्रगतिवादी कवि र कविता गुज्रिनु परेको कुरा उल्लेख भएको छ । प्रगतिवादी साहित्य एकातिर जडसूत्रवादी रोगबाट ग्रसित रहेको साथै यो रोग हटाउने नाउँमा स्वच्छन्दतावादी प्रयोगको अर्को महारोगले त्यतिनै गाँजिरहेको पृष्ठभूमिमा यी दुबै अस्वस्थ प्रवृत्तिबाट सचेत रहनुपर्ने उल्लेख भट्टले गरेका छन् । प्रसिद्ध मार्क्सवादी समीक्षक र चिन्तक क्रिष्टोफर कड्वेलको भनाइ उद्धृत गर्दै भट्ट भन्दछन् 'नयाँ समाज रचना र नयाँ मनुष्यको आविर्भावसँगै कविता आफ्नो चरम-उर्जाका साथ मनुष्यको साथी भएर बाँचिरहेनेछ' ।

कवि खनालको प्रस्तुत कृति पञ्चायतकाल, २०४६ सालको सेरोफेरो तथा त्यसपछिको दशक गरी तीन कालखण्डमा समेटिएको उल्लेख भट्टले गरेका छन् । कविका जीवनमा आएका उतार-चढाव, घटना-दुर्घटना, जेल-जीवन राजनीतिक सङ्घर्ष, कम्युनिष्ट पार्टीको संलग्नता, देश विदेशका यात्राविवरण, स्वतन्त्रता, प्रजातन्त्र, देशभक्ति, आर्थिक, सामाजिक विकास, समाजवादका प्रश्नहरू, महिला-मुक्ति, एक्काइसौँ शताब्दीका चुनौति आदिबारेका चिन्तनहरूबाट प्रस्तुत कृतिभित्रका कविता प्रेरित रहेको कुरा भट्टले प्रस्तुत गरेका छन् । भट्टका विचारमा यस सङ्ग्रहले कविलाई नेता, लेखक, वक्ता आदिमात्र नभएर एक सहृदय भावुक कवि पनि रहेको प्रमाणित गरेको छ । कवि खनाल मिति २०२५ सालपछिदेखिनै वैज्ञानिक समाजवादको सिद्धान्तमा प्रतिवद्ध रहेर लेखनकार्यमा लागेको कुरा भट्टले उल्लेख गरेका छन् । भट्टका विचारमा कवि खनाल सामाजिक रूपान्तारणमा सृक्रय एक योद्धा हुन् । त्यसैले यस सङ्ग्रमा एक कवि र एक योद्धा समानान्तर रूपमा सामाजिक रूपान्तरणको लागि द्वन्द्वात्मक प्रकृयामा संलग्न भएका छन् । कवि खनालका कविता भावनाप्रधानभन्दा बढी विचारप्रधान छन् र तिनको मूल प्रयोजन सामाजिक यथार्थलाई उदङ्ग्याउँदै त्यसमा आमूल परिवर्तन ल्याउने चेतना जगाउनु हो । कवि खनालका कवितामा नेपाली साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने चेतना, सामाजिक-धार्मिक रूढिबादीहरूप्रति असहमति, वातावरण विनासबाट उत्पन्न ठूलो प्राकृतिक प्रकोप र खतराहरूको खबरदारी, वैज्ञानिक-औद्योगिक क्रान्तिहरूले हाम्रो सोच र जीवनशैलीमा पारिरहेको प्रभाव तथा तिनका चुनौति, राष्ट्रप्रेम लगायत जनपक्षीय शक्तिहरू बीचको भ्रातृत्व र ऐक्यबद्धता जस्ता विषयहरू प्रस्तुत भएको विचार भट्टको छ । कविले आजको विश्व परिप्रेक्षमा लेखेका केही कविताहरू यस सङ्ग्रहमा उल्लेखनीय उपलब्धि रहेको विचार भट्टको छ । जसमा मार्क्सवादी-लेनिनवादी विश्वदृष्टिकोण र अन्ततोगत्वा संसारमा समाजवादी व्यवस्थाको विजय हुने ऐतिहासिक अनिवार्यताप्रति अटल आस्था प्रकट गरिएको छ । 'महापर्खालभित्रको नवीन सभ्यता' तथा 'मस्को' जस्ता कविताहरू ऐतिहासिक भौतिकवादको राजनीतिक दर्शनबाट प्रेरित रहेका र उत्कृष्ट

कलात्मक कविताको उदाहरणको रूपमा प्रस्तुत गरेका छन् । कविताका प्रतीक, बिम्ब, सूक्ति आदिको चर्चा पनि भट्टले गरेका छन् । कतैकतै देखिएका भाषिक त्रुटिहरू, अतिशयोक्तिपूर्ण विचारलाई उल्लेख गर्दै सकारात्मक सुझाव पनि दिएका छन् । त्यसैगरी कतिपय कविताको शीर्षक उल्लेख गर्दै ती कविताहरूमा यथार्थवादी अन्तर्दृष्टि बढो राम्ररी प्रकट भएको विचार प्रस्तुत गरेका छन् । यी कविताहरू महत्वाकांक्षी कविबाट लेखिएका नभई एकसचेत, परिवर्तनकामी, संवेदनशील योद्धाका यथार्थ अनुभूतिहरू भएकोले त्यही कोणबाट अध्ययन तथा मूल्याङ्कन गरिएको र गर्नुपर्ने सुझाव पनि भट्टको रहेको छ । भट्टका विचारमा प्रस्तुत कृति मूल्याङ्कनमा चाहिने एक वस्तुगत, वैज्ञानिक र ऐतिहासिक दृष्टिले सम्पन्न प्रगतिवादी समीक्षा- प्रणालीको अनुकरणीय दृष्टान्तका रूपमा रहेको छ । अन्त्यमा विगत चार दशकका नेपाली यथार्थताका महत्वपूर्ण पक्षहरूलाई प्रतीकात्मक शैलीमा सजीव अभिव्यक्ति दिने खनाललाई धन्यवाद दिँदै प्रगतिवादी कविताको मित्रमण्डलीमा उनलाई अङ्कमाल र स्वागत गरौँ भन्ने आह्वान गर्दछन् । प्रायशः सङ्ग्रहका उत्कृष्ट कविताहरू उल्लेख गरिएको यस भूमिकामा समालोचक भट्टको समालोचकीय चिन्तनले बढी स्थान पाएको छ । यसर्थ यो भूमिका समालोचनाको निकट रहेको पुष्टि हुन्छ ।

**(ग) आफन्तलाई सम्बोधन** (२०६०) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

**"आफन्तलाई सम्बोधन"** कवि वासुदेव अधिकारीको कवितासङ्ग्रह हो । यसमा गोविन्द भट्टद्वारा **"आशा, आक्रोश र आस्थाको कविता"** शीर्षकमा भूमिका प्रस्तुत भएको छ । अन्य कृतिका भूमिकाहरूमाझैँ यहाँ पनि भट्ट नेपाली साहित्यको इतिहास, त्यसमा देखिएका उतारचढाव, नेपाली प्रगतिवादी कविहरूले झेल्नुपरेको समस्या, प्रगतिवादी कविहरूमा देखिएको जडसूत्रवादी चिन्तन, राजनीतिक नारावाजी, एकोहोरोपन आदिको उल्लेख गर्दै जनवादी साहित्यको रचना गर्ने हो भने जडवादी चिन्तन र कार्यशैलीबाट मुक्त हुन सुझाव दिन्छन् । भट्ट अगाडि भन्छन् - "सधैँभरि बम, बारूद र बन्दुकका गर्जन, उत्तेजनात्मक राजनीतिक फलाको वा आगो, भुँइचालो, बाढी र हुरीबतासका उग्रविप्लवी घोषणामात्र क्रान्तिकारी प्रगतिशील कविताका पहिचान हुन सक्दैनन् । त्यसमा हाम्रा जीवनका सुकुमार र सुन्दर रचनात्मक पक्षहरूप्रति पनि मानवीय संवेदना जगाउन सक्ने वैचारिक तथा कलात्मक क्षमता हुनै पर्दछ (आफन्तलाई सम्बोधनः पृ.च) ।"

बाह्र पृष्ठ लामो यस भूमिकामा भट्टले समग्र प्रगतिवादी साहित्यिक पृष्ठभूमिको चर्चा गरी यसमा देखिएका कमी कमजोरी उल्लेख गर्दै कवि वासुदेव अधिकारीको प्रवेशलाई उपलब्धिपूर्ण मानेर कवि र कविताको मूल्याङ्कन गरेका छन् । भट्टका विचारमा कवि अधिकारी बन्दुक र खुकुरीको बलभन्दा शब्दशक्तिको बलनै समाज रूपान्तरणमा प्रभावशाली हुने विचार भएका कवि हुन् । महान् दार्शनिक कार्लमार्क्सको भनाइ "प्रगतिशील विचारहरू जनताको हृदयमा प्रवेश गरेर

त्यहाँ आफ्नो छाप पार्न थालेपछि एक भौतिक उर्जाका रूपमा परिणत भई नयाँ समाजको सिर्जना गर्नमा सक्षम हुन पुग्दछन्" (पूर्ववत्) उद्धृत गर्दै भट्ट यस वाणीको मनन वर्तमानमा अत्यावश्यक रहेको कुरा व्यक्त गर्दछन् ।

भट्टका विचारमा कवि अधिकारीको दुई दशक लामो समयावधिमा समेटिएका तीतामीठा अनुभूतिहरूको अभिव्यक्तिका रूपमा यसको जन्म भएको हो । जसमा आफ्नो काव्ययात्राका ६ वटा अर्न्तदृष्टिहरूलाई स-साना अनुच्छेदरूमा विभाजन गरी प्रस्तुत गरिएको छ । **'जूनकिरी'**, **'सुवास'**, **'जलन'**, **'भास्सिएको धरातल'**, **'सन्दर्भ'** र **'स्पर्श'** जस्ता छवटा अन्तर्दृष्टिहरूलाई ६ अनुच्छेदमा समेटिएको छ । **'जूनकिरी'**, र **'सुवास'** जस्ता सुरुवातका अंशहरूमा २०४६ अघिपछिको वातावरण र मनस्थितिको प्रस्तुति छ भने तेस्रो अंश **'जलन'** मा २०४६ को परिवर्तनपछि पनि यथास्थितिमै रहनुपर्ने पीडाको प्रस्तुति रहेको छ । त्यसैगरी **'भास्सिएको धरातल'** र **'सन्दर्भ'** जस्ता अंशहरूमा क्रमशः झन्झन् बिग्रदै गएको राज्यको राजनीतिक, आर्थिक अवस्था, हिंसात्मक संघर्षको बिस्तार, सीमा अतिक्रमण तथा महत्वपूर्ण अन्तर्राष्ट्रिय घटना जस्ता विषयहरूलाई लिइएको छ । अन्तिम वा छैठौँ अंश **'स्पर्श'** भित्र स्वदेशविदेश दुबैतिर देखिएका केही सोचनीय घटनाप्रवाह र प्रवृत्तिहरूको अवलोकन, तत्कालीन राष्ट्रिय सङ्कटको पूर्वानुमानमा आफैँद्वारा भएका कमजोरीहरू, तस्करी, लुटपाट, हत्याहिंसाका माध्यमबाट पाइने विजयको निरर्थकताको अनुभूतिले उब्जाएको युद्धविरामको आवश्यकतालगायत जनताद्वारा स्वतस्फूर्तरूपमा देखाइएको जुझारु साहसजस्ता जल्दाबल्दा विषयलाई कविले प्रस्तुत गरेको विचार भट्टको छ ।

भट्टका विचारमा यी विविध अंशहरूले फराकिलो समयसीमाभित्र रहेर संक्षिप्त प्रस्तुति दिएकोले तत्कालीन जटिल अवस्थाका यथार्थ पक्षहरू पर्याप्त मात्रामा प्रतिबिम्बित नभएको अपूरो आभाष पाठकले गर्नेछन् । प्रजातन्त्रको प्राप्तिपछि यसका नायकहरूको खलनायकीद्वारा देशले ठूलो रक्तपात व्यहोर्नु परेको विचारलाई कविताले स्पष्टरूपमा प्रस्तुत गरेको धारणा भट्टको छ । यस सङ्ग्रहका निकै कविताहरूले हाम्रो सामाजिक-राजनीतिक जीवनका मानवीय आयामहरूप्रति हामीलाई भावनामय बनाइदिनुका साथै कर्मनिष्ठ हुनतर्फ पनि प्रेरित गरेका धारणा भट्टको छ । प्रस्तुत कृतिभित्रका कविताहरूले हाम्रो श्रमजीवी महिलाहरूको हृदयस्पर्शी चित्रण, तत्कालीन राजनीतिक यथार्थको सारतत्व प्रस्तुत गरी युगानुकूल सन्देश दिएको उल्लेख भट्टले गरेका छन् । यसमा सङ्गृहीत **'अफ्रिकाबाट'** र **'संवादको सवाल'** भन्ने शीर्षकका कविताहरूले कविको अन्तर्राष्ट्रवादी दृष्टिकोणको सुन्दर र सशक्त अभिव्यक्ति दिएको उल्लेख गरेका छन् । आफ्ना रचनारूलाई अझै परिष्कृत बनाउने सल्लाह दिँदै भट्टले कतिपय कविताहरू अकविताका हाराहारी रहेका भएपनि यथार्थको ज्ञान र वैचारिक अडानका कारण पछिल्लो समयमा कवि प्रौढ बनेको उल्लेख गरेका छन् । कतिपय कविताहरू सामान्य, भावुक उद्‌गारका र विवरणात्मक प्रकृतिका

भएका तथ्य, केहीचाहिँ आफ्नै प्रकारका बिम्ब, उपमा वा प्रतीकात्मकताका कारणले अलिक बौद्धिक र सांकेतिक हुन पुगेका भएपनि अन्य कतिपय प्रयोगशील, बौद्धिक, दुरुह र बोझिला कविताहरूका सापेक्षतामा अधिकारीका कविताले आफ्नै वैशिष्ट्य प्राप्त गरेको उल्लेख गरेका छन् । भट्टका विचारमा कवि अधिकारी पलायन, निराशा, निस्सारता, यथास्थिति र व्यक्तिकेन्द्री लीलावादी, उत्तरआधुनिकतावादी, विनिर्माणवादी स्वच्छन्द लेखन जस्ता आयातीत सिद्धान्तका विरोधी हुन् । त्यस्तै जडसूत्रवादी अडानबाट मार्क्सवादी दर्शनको व्याख्या गर्दै साहित्य र कलामा कट्टरता लागू गर्ने यान्त्रिकतावादी विचारका पनि विरोधी कवि हुन् भनी अधिकारीको मूल्याङ्कन गरेका छन् । जनकवि जन्माउन अत्यावश्यक भइसकेको उल्लेख गर्दै नेपाली जनताका ढुकढुकीहरूलाई प्रतिबिम्बित गर्ने गद्य, पद्यका साथै लोकलयमा काव्यकृतिको प्रकाशनतर्फ पनि चासो दिन आग्रह गर्दै भट्ट आफ्नो भूमिकाको अन्त्य गर्दछन् ।

(घ) **क्षितिजभित्रका गाउँहरू** (२०५०) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

युवाकवि बलभद्र भारतीको "क्षितिजभित्रका गाउँहरू" उनन्तीसवटा सामान्य छन्द र लोकलयमा लेखिएका कविताहरूको सङ्गालो हो । यस सङ्ग्रहका भूमिका लेखक गोविन्द भट्टले युवा सर्जकको सिर्जनामाथि सचेततापूर्वक भूमिका लेखी आफ्नो उद्देश्य पूरा गरेका छन् । **क्षितिजभित्रको गाउँहरूमा पुगेर** ...... शीर्षकको प्रस्तुत भूमिकामा भट्टले सर्वप्रथम कविको जन्मथलो सुर्खेतको साँस्कृतिक महत्व झल्काएका छन् । कविको जन्म र पारिवारिक पृष्ठभूमिको सामान्य उल्लेख गर्दै वि.सं २०४२ देखि कविताक्षेत्रमा प्रवेश गरेका भारती यसै बेलादेखि प्रगतिवादी विचारतर्फ आकर्षित भएको उल्लेख गरेका छन् । राहुल साँस्कृत्यायन, म्याक्सिम गोर्की र लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूको अध्ययनले कवि प्रभावित भएको प्रसङ्ग पनि उल्लेख गरेका छन् । भारती सिद्धान्त र व्यावहारलाई सन्तुतिल ढङ्गले अघि बढाउँछन् भन्दै "भरोसालाग्दा सुर्खेती प्रतिभा" भन्ने जीवन्द्रदेव गिरीको मूल्याङ्कनमा भट्टले सही थापेका छन् । समसामयिक युगचेतना र जनमुखी अभिव्यक्तिकालागि संस्कृतका प्रचलित छन्दहरूलाई सफलतापूर्वक प्रयोग गर्नु भारतीको वैशिष्ट्य हो भन्ने विचार भट्टको रहेको पाइन्छ । कवि भारतीमा क्रान्तिकारी स्वच्छन्दतावाद र सामाजिक यथार्थवादको सम्मिलन पाइने कुरा उल्लेख गर्दै उनमा देवकोटाको कोमलता र युद्धप्रसाद मिश्रको क्रान्तिकारी आवेग तथा मानवमुक्तिको अदम्य आकांक्षा मुखारित भएको उल्लेख गर्दछन् ।

भारतीय कविता संसारका पात्रहरू निम्नवर्गीय भएकोले पात्रअनुरूपकै भाषाको प्रयोग गर्दा कहिलेकाहीँ धेरैका लागि कविता नभई राजनीतिक घोषणा वा क्रान्तिकारी भाषणको भान हुने विचार भट्टको छ । कविले छन्द र लयमा कविता लेख्नुको उद्देश्य जनताका बीच जनताकै भाषामा

पुग्ने उनको मनशाय हो भन्ने ठम्याइ भट्टको छ । कतिपय कवितांशलाई उल्लेख गरी कवि भारती रूपलाई भन्दा अन्तर्वस्तुलाई महत्व दिन्छन् भनेर भट्टले पुष्टि गरेका छन् । भट्ट अघि भन्दछन् - "कवि यथार्थवादी छन् र स्वप्नको दुनियाँबाट मेरा वास अलग छ भन्ने उनको भनाइ त्यसको ज्वलन्त प्रमाण हो । वर्तमान नेपाली समाजका अस्तव्यस्तता र दुर्दशाहरूबाट उनी अलिकति पनि हतोत्साहित र निराश भएका छैनन् । त्यस्तो दुर्दशाबाट त उनलाई अझ कम्मर कसेर, हातमा नाङ्गो खुकुरी लिएर शोषक वर्गसित जुझ्ने र नेपाल आमाको आँसु पुछेर छाड्ने, हिमाली टाकुरामाथि आफ्नो राष्ट्रलाई उठाउने प्रेरणा पो मिलेको छ । बलभद्र भारतीको आशावाद अजेय छ र उनको आत्मविश्वास पनि असीम छ (क्षितिजभित्रका गाउँहरू : पृ.घ) ।" प्रगतिशील कवि र कलाकर्मीहरूलाई वैचारिक उग्रता त्यागेर सन्तुतिल र संयमित बन्न अनुरोध गर्दै भट्ट कवि भारतीका कवितामा भाषा, छन्द र पुनरुक्तिका दोषहरू प्रशस्त पाइएपनि जीवन भोगाइका क्रममा यस्ता त्रुटिहरू हटेर जाने विश्वास गर्दै भूमिकाको अन्त्य गर्दछन् ।

**(ङ) म बिउँझिएँ** (२०५१) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

कवि सोमनाथ भण्डारीद्वारा लिखित **"म बिउँझिएँ"** कवितासङ्ग्रहमा लामाछोटा गरी जम्मा पैँतालीसवटा कविता-मुक्तकहरू समेटिएका छन् । यस कृतिमा **'मनले भनेका कुराहरू'** शीर्षकमा भट्टले आफ्नो छोटो भूमिका लखेका छन् । कवि भण्डारीलाई समाजसुधारवादी तथा मानवतावादी कविका रूपमा उल्लेख गर्दै भट्टले उनका कवितामा कृत्रिमताको गन्ध नपाइने तथा स्पष्ट एवं खुलस्त प्रस्तुति पाइने कुरा बताएका छन् । अवकाश प्राप्त जीवनका स्वस्फूर्त विचारहरूको सहज प्रस्तुति नै यी कविताहरूको मौलिकता, विशेषता र सुन्दरता हो भन्ने भट्टको विचार छ । कवितामा जीवनजगत्, धर्म, दर्शन, राजनीति, शिक्षा, अर्थतन्त्र, समाज, पर्यावरण आदि विषयहरूको खिचडी पाइने उल्लेख भट्टले गरेका छन् । कवितामा भाषा र शैलीको अनेकौं अपूर्णता र अस्पष्टता पाइए पनि यसमा अनौठो किसिमको रोचकता रहेको कुरा उल्लेख गर्दै एकपटक यी कविताहरूको अध्ययन हामीले गरिदिएमा कविको परिश्रम र आशा सार्थक हुने विचार भट्टले अन्त्यमा प्रस्तुत गरेका छन् ।

**(च) मध्यान्हको सपना** (२०५२) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

**"बादलभित्र लुकेको घाम खोज्ने यी कविताहरू !"** शीर्षक दिएर भट्टले यस कृतिमा भूमिका लेखेका छन् । सामाजिक विषयवस्तु भएका शाहका कविताको शैलीमा सरलता एवं सहजता भएको विचार भट्टले गरेका छन् । पैँतीसवटा कविताहरू सङ्कलित यस सङ्ग्रहमा सं २०१३ देखि २०२६ सम्मका प्रारम्भिक कविताहरू रहेका छन् । एक अज्ञात कविका रूपमा रहेका शाहका कविताको विषय बहुपक्षीय र व्यापक तथा शैली सहज एवं स्वस्फूर्त छ भनेर भट्टले

मूल्याङ्कन गरेका छन् । केही निकै लामा र केही छोटा आयामका शाहका कवितामा आशा, निराशा, असन्तोष, छटपटी, विद्रोह सँगसँगै उच्च मानवीय मूल्य र आदर्श अनि कठोर संघर्षपूर्ण वास्तविकताबीचको पीडाजनक अन्तर्द्वन्द्व, क्षोभ, व्यङ्ग्य र मनोविनोद आदि कलात्मक रूपमा व्यक्त भएको विचार प्रस्तुत गरेका छन् । कवि शाह राष्ट्रवादी, आशावादी, मानवतावादी, जीवनवादी र परिवर्तनवादी रचनाकार हुन् भन्ने विचार भट्टको छ । यी रचनाहरूमा भाषिक त्रुटि र अपूर्णता साथै ठाडो विद्रोह र क्रान्तिको आव्हान भएपनि शाहका पछिल्ला रचनाहरूमा सुधार भएको स्वीकार भट्टले  गरेका छन् । अन्त्यमा आफ्नो अन्तर्मनमा गाँसिन पुगेका केही कवितांशहरू उधृत गर्दै शाहका कविताले आनन्दानुभूतिका साथै संघर्षमा बाँच्ने प्रेरणा दिने भएकोले सबैलाई पढ्न अनुरोध गरी भूमिकाको अन्त्य गर्दछन् ।

**(छ) जराको स्वर** (२०६०) कवितासङ्ग्रहको भूमिको अध्ययन

**"जराको स्वर"** कवि राम विनयको कविता सङ्ग्रह हो । जसमा सं २०४८ देखि २०६० सम्म लेखिएका जम्मा सैंतीसवटा रचनाहरू सङ्गृहीत छन् । यो कविको दोस्रो कविताकृति हो । यस कृतिमा गोविन्द भट्टको **"एक चिन्ताग्रस्त देश र केही सान्त्वनाका स्वरहरू"** शीर्षक भूमिका रहेको छ । भूमिकाको सुरुमा भट्टका अन्य भूमिकाहरूमाझैं नेपाली साहित्यको इतिहास, त्यसमा देखिएका विभिन्न स्वरहरू, राजनीतिक उतारचढाव र त्यसले भित्र्याएका सङ्गति-विसङ्गति, वैचारिक अडान तथा विचलनलाई प्रस्तुत गर्दछन् । उपर्युक्त घटना-प्रतिघटनाका बीचबाट निःसृत नवचेतनाले प्रगतिवादी तथा प्रगतिवादइतर दुबै धाराका अनुयायीलाई आफ्नो पुराना जडसूत्रवादी सोच र शैलीमा युगानुकूल सुधारहरू गर्ने गरी दबाब दिइरहेको सन्दर्भमा सबैमा नयाँनयाँ यथार्थवादी चेतना, गतिशीलता र सिर्जनात्मक उत्साह पहिलेको तुलनामा अहिले बढेको विचार भट्टको पाइन्छ । कवि राम विनयको जन्म, अध्ययन तथा कवितालेखनको सुरुवातसम्बन्धी उल्लेख गर्दै भट्ट प्रगतिशील साहित्य र संस्कृतिको विकासमा उनको योगदानको चर्चा गर्दछन् । कवि विनय आफ्नै परिवेशलगायत विभिन्न वरिष्ठ साहित्यिक व्यक्तिहरूको संसर्गमा आई मार्क्सवादी दर्शन र साहित्यको क्षेत्रमा प्रवृत्त भएको उल्लेख भट्टले गरेका छन् ।

कवि विनय आफ्नो प्रथम कृतिमाभन्दा यस दोस्रो कवितासङ्ग्रहमा विचार र शैलीमा परिष्कृत भएका छन् भन्ने विचार भट्टको छ । कवि विनयका कविताले समसामयिक विसङ्गत, विशृङ्खल, भ्रष्ट तथा विकृत अवस्थाको यथार्थ प्रस्तुति गरेका छन् तर कविमा भविष्यप्रति प्रशस्त आशा रहेको कुरा भट्टले उल्लेख गरेका छन् । कवि विनयका कवितामा हामी कर्फ्यु लागेको भयङ्कर रातमा घरभित्रै छट्पटाएर बस्दै बिहानीको उज्यालो पर्खिरहेको भयभीत व्यक्तिको अवस्थामा रहेको प्रसङ्ग भट्ट उल्लेख गर्दछन् । कविताका विषयहरू दैनिक जीवनका घटना, अनुभव,

अन्तर्राष्ट्रिय विषयहरूको प्रभाव तथा राष्ट्रिय राजनीति, वामपन्थी आन्दोलनमा आएको उत्साह-निराशा आदि भएको उल्लेख भट्टको छ । सरल र सुन्दर कविता लेख्नु विनयको खास विषेशता हो भन्दै भट्ट अन्य समालोचकद्वारा कविमाथि गरिएको टिप्पणीलाई प्रस्तुत गर्दै यसो भन्दछन् - "मन्द गतिमा लेख्ने, ओझेलमा परेका अनि यदाकदा मात्र पत्रपत्रिकाहरूमा देखा पर्ने भएपनि आफ्ना यथार्थवादी र जनपक्षीय आग्रहले गर्दा उनका रचनाहरूप्रति हाम्रा साहित्यप्रेमी र समालोचकहरूको ध्यानदृष्टि आकर्षित हुने गरेको छ र यता आजका उल्लेखनीय कविताहरूको नामावलीमा उनले पनि आफ्नो स्थान बनाइसकेका छन् (जराको स्वर : पृ. १३) ।" अन्त्यमा एउटा कवितांश उद्धृत गरी जनवादी साहित्य र संस्कृतिको निर्माणमा विनयबाट धेरै आशा गर्न सकिने विश्वाससहित भट्ट आफ्नो आठ पृष्ठ लामो भूमिकाको अन्त्य गर्दछन् ।

**(ज) तुवाँलोभित्र र तुवाँलोबाहिर** (२०५४) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

युवाकवि आर.आर. चौलागाईंको **"तुवाँलोभित्र र तुवाँलोबाहिर"** तीसवटा कविताहरूको सङ्ग्रह हो । दुई भागअन्तर्गत तुवाँलोभित्र पन्ध्रवटा कविता र तुवाँलोबाहिर पन्ध्रवटा कविताहरू समेटिएका छन् । **"काँडाघारीबाट वसन्तको आह्वान"** शीर्षकको प्रस्तुत भूमिका आफैँमा प्रतीकात्मक बनेको छ । देशको सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक, धार्मिक आदि विविध क्षेत्रमा देखिएका अन्याय, अत्याचार, भ्रष्टाचार, विकृति विसङ्गति आदि काँडाघारी हुन् भने त्यसबाट मुक्तिको आह्वान वसन्त हो । काँडाघारीबीच बाँच्न विविध व्यक्तिको अनुभूतिलाई व्यक्त गर्ने कवि चौलागाईंका इच्छाहरू सामाजिक-सांस्कतिक, राजनीतिक आदि क्षेत्रमा विद्यमान खराबीहरूको निर्मूल गरी स्वस्थ, समानतामूलक समाजको स्थापनातर्फ आकृष्ट छन् । यसर्थ शीर्षक पढ्दै काव्यको मूलभावको सूत्रात्मक अभिव्यक्ति मिल्नु भूमिका लेखक भट्टको खुबी हो साथै भूमिको शीर्षकचयनमा देखिएको प्रौढता र विशेषता पनि हो ।

गोविन्द भट्ट आफ्ना प्रायशः भूमिकाको सुरुमा आफ्नै प्रकारको भूमिका बाँधी त्यसलाई पूर्णता दिने काम गर्दछन् । भट्ट यहाँ पनि दुई पृष्ठ लामो पृष्ठभूमिद्वारा आफ्नो भूमिकाको शीर्षकलाई प्रष्ट पार्दछन् । साहित्यिक क्षेत्रमा स्रष्टाको प्रवेश, स्रष्टाद्वारा भएगरेका कार्य वैचारिक निरन्तरता तथा कृतिले ओगटेको क्षेत्रलगायत स्रष्टाका शक्ति र सीमालाई शालीन रूपले प्रस्तुत गर्नु भट्टको मौलिक विशेषता हो जुन यस भूमिकामा स्पष्टै देखिन्छ । भट्टका विचारमा कवि चौलागाईंले रोजेको बाटो डरलाग्दो र कष्टपूर्ण भएपनि सार्थक लाग्दछ अनि सूर्यभन्दा पनि उज्यालो र फूलभन्दा पनि सुन्दर संघर्ष-पथमा कवि अगाडि बढेका छन् । भट्टका विचारमा चौलागाईंका कविताका विषयवस्तु वरिपरिको समाज, दैनिक जीवनको भोगाइका अनुभव, विसङ्गत राष्ट्रिय र सामाजिक पीर-मर्काहरू हुन् जसलाई कविले सरल, बोधगम्य र यथार्थवादी ढंगले

कवितात्मक अभिव्यक्ति दिएका छन् । चार पृष्ठ लामो भूमिकामा भट्ट गहन, परिष्कृत, मौलिक, नवीन र कलात्मक कवितालेखनमा निखार ल्याउन सल्लाह दिँदै भन्दछन् - "हामीले जनतालाई दिन खोजका विचार वा सन्देशहरू आफैँमा जतिसुकै उपयोगी र युगानुकूल भएपनि, कलात्मक प्रस्तुतीकरणको अभावमा ती निष्फल र प्रभावहीन हुन पुग्दछन् भन्ने सौन्दर्यशास्त्रीय तथ्यलाई पनि श्री चौलागाईंले राम्ररी हृदयङ्गम गर्नुपर्ने देखिन्छ (तुवाँलोभित्र र तुवाँलोबाहिर : भूमिकाखण्ड) ।"

(झ) **घाँसका फूल** (२०६१) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

कवयित्री मनोहराद्वारा रचित **"घाँसको फूल"** कवितासङ्ग्रहमा जम्मा छत्तीसवटा कविताहरू सङ्कलित छन् । यस भूमिकामा **"नेपाली साहित्यलाई एक नयाँ कोसेली"** शीर्षकको आठ पृष्ठ लामो टिप्पणीका माध्यमबाट लेखकले कृति र कृतिकारको मूलभूत विशेषता प्रस्तुत गरेका छन् । भूमिकाको सुरुमा नेपाली साहित्यमा महिला स्रष्टा र तिनीहरूको अवस्थालाई प्रस्तुत गर्दै भट्ट कवयित्री मनोहराले २००४ सालदेखि साहित्यमा प्रवेश गरेपनि समयसँगै बिर्सिएको अनुहार भनी उल्लेख गर्दछन् । भट्टका विचारमा कवयित्री मनोहरा बाक्लो जंगलको अन्तर-कुन्तरमा घना घाँसपातले ढाकिएर ओझेलमा परिराखेकी एक सुगन्धित वनफूलझैँ नेपाली साहित्यकी एक अदृश्य नारी प्रतिभा हुन् । कविताद्वारा मान्छेले आफ्नो आत्मालाई प्राप्त गर्दछ भन्ने कडवेलको भनाइ उल्लेख गर्दै भट्ट मनोहरा पनि आफ्ना रचनामा आत्मालाई प्राप्त गर्ने प्रयासमा प्रवृत्त कवयित्री हुन् भनी उल्लेख गर्दछन् ।

भट्ट यस भूमिकामा कृति र कृतिकारका कमीकमजोरीहरूप्रति सहजै आँखा चिम्लिदिन्छन् । यसर्थ उनी नचिनिएका लेखकलाई प्राथमिकता दिई बाहिर ल्याउने तथा गुणको बढी तारिफ गर्दै दुर्गुणलाई केवल सुझावका रूपमा प्रस्तुत गर्ने भूमिकालेखक हुन् भन्ने प्रमाणित हुन्छ ।

(ञ) **चिता जलिरहेछ** (२०५३) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

**"चिता जलिरहेछ"** कवि शीतविन्दुद्वारा रचित कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा लामा-छोटा गरेर जम्मा तीसवटा कविताहरू सङ्गृहीत छन् । यस भूमिकामा **"आँसु, रगत र आगोमा जन्मेका कविता"** शीर्षकको चार पृष्ठ लामो टिप्पणीका माध्यमबाट लेखकले स्रष्टा र सृष्टिको शक्ति र सीमालाई यथार्थवादी दृष्टिले मूल्याङ्कन गरेका छन् । मूलत : २०४६ को परिवर्तन पश्चात पनि यथार्थतः देशमा परिवर्तनको कुनै आभास नमिल्नु, गाउँ र पाखाहरूमा अन्धकार छाइरहनु, जनताका आँखामा मुस्कान नदेखिनु आदि विसङ्गत अवस्थाको चित्रण सफलरूपले गरिएको प्रसङ्ग भट्टले उल्लेख गरको छन् । भट्ट कृति र कृतिकारको बारेमा भन्दछन् - "उनको कविता आँसु, रगत र आगोका लप्काहरू, हुरीबतास र हिमाली अभियानहरूमा जन्मेको छ । उनी सहिद र योद्धाहरूका गायक हुन् । उनलाई देशभक्ति र जनमुक्तिका, विद्रोह र क्रान्तिका उद्घोषक भन्न सकिन्छ । उनी

असाहय, विधवा, दीनदुःखीका सहृदय साथी तर साम्राज्यवादी, शोषक र सामन्तीहरूका भने कठोर शत्रु हुन् (चिता जलिरहेछ : भूमिकाखण्ड) ।" भट्टका विचारमा शीतविन्दु सरल, सहज र स्वाभाविक भाषा, उपमा र बिम्बको प्रयोग गर्ने प्रस्तुतिमा यथार्थता, विचारमा क्रान्तिकारीपन भएका लयात्मक कविताका सर्जक हुन् । क्रान्तिकारी गम्भीरताका साथै व्यङ्ग्यात्मक प्रहारमा सक्षम कवि शीतविन्दुले विचारको ठाडो आरोहण, उपदेश, आह्वान तथा भाषाप्रतिको आशक्ति र विषयगत पुनरावृत्ति आदि पक्षमा परिष्कार गर्नुपर्ने राय भट्टको छ । यो भूमिका भट्टद्वारा नयाँ लेखकलाई जनसमक्ष ल्याउने उद्देश्यअनुरूप भएको प्रष्ट हुन्छ ।

**(ट) यक्ष प्रश्नहरू** (२०५६) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

मनरूप नेप्च्युनद्वारा लिखित **"यक्ष प्रश्नहरू"** कवितासङ्ग्रहका भूमिका लेखक भट्ट **"बाध्यता, विवशता र विद्रोहका स्वरहरू"** शीर्षक भूमिकामा नेप्च्युनलाई आलोचनात्मक यथार्थवादी सफल कविका रूपमा मूल्याङ्कन गर्दछन् । नेप्च्युनका कविताले नेपाली समाजका बहुआयामिक यथार्थताको सुन्दर, कलात्मक प्रस्तुतीकरणद्वारा संघर्षपूर्ण युगप्रति संवेदनशील रहन आह्वान गरेको विचार भट्टको छ ।

भट्टका विचारमा कवि नेप्च्युनका कवितामा वेदना, सहानुभूति र युगवोधको तीव्र चेतना सरल र सहज भाषाशैलीका माध्यमबाट हृदयश्पर्शी बनेका छन् । जसमा वैचारिक पेलान, यान्त्रिकता तथा कृत्रिमता भन्दा कलाकुशलताद्वारा पाठकलाई सामाजिक परिवर्तनको सन्देश दिन सफल भएकोले यी कविताले रिमाल, आइछिङ, भूपि र विमल निभाका कविताको सम्झना दिलाउने निचोड भट्टको छ । आत्मकेन्द्रित भन्दा विश्वजनीन हुन तथा यथार्थवादी दृष्टिबाट ऐतिहासिक भौतिकवादी सौन्दर्यचेतनाको गहनीकरण गरेर जनपक्षीय प्रतिबद्धतालाई सन्तुलित राख्दै अघि बढे नेप्च्युनका कविताले सफलताको धुरी छुने शुभेच्छा भट्टको देखिन्छ । यस भूमिकाद्वारा भट्ट साहित्यलाई सामाजिक रूपान्तरणको प्रभावकारी साधन मान्ने भूमिकालेखक हुन् भन्ने कुरा पनि प्रमाणित हुन्छ ।

(ठ) **बहुलाको हातमा बन्दुक** (२०५६) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

कवि राममान तृषितद्वारा रचित **"बहुलाको हातमा बन्दुक"** कविता सङ्ग्रहमा त्रिपन्नवटा कविताहरू सङ्गृहीत छन् । **"मेरो दृष्टिमा राममान तृषित"** शीर्षक भूमिकामा टिप्पणीकार भट्टले कवि राममान रोमान्सबाट परिष्कृत-परिमार्जित र यथार्थवादी बन्दै गएका छन् भन्दै वैचारिक अस्पष्टता र अनिश्चितताका माझमा पनि समसामयिक विषयमाथिको संवेदनशीलताका कारण उनका रचनाहरू प्रभावकारी भएको मूल्याङ्कन गरेका छन् । केवल प्रेम र प्रकृतिका पुजक तृषित सुन्दर सुखमय कल्पनालोकबाट एक्कासि यस दुःखमय जगत्मा उपस्थित हुनु सकारात्मक संकेत

हो भन्ने यस निचोडले भट्ट विरोधी पक्षका कृति र कृतिकारका पनि राम्रा कुराको प्रशंसा गर्ने भूमिकालेखक हुन् भन्ने कुरालाई प्रमाणित गरेको छ ।

(ड) **बन्दुक र बाँसुरी** (२०६०) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

**"बन्दुक र बाँसुरी"** कवि चन्द्रमणि अधिकारीद्वारा लिखित कवितासङ्ग्रह हो । दुई भागमा विभाजित यस कृतिमा पहिलो भागमा पद्यकविताअन्तर्गत एक्काइसवटा कविता र दोस्रो भागमा गद्य कविताअन्तर्गत जम्मा उन्नाइसवटा कविताहरू सङ्कलित छन् । **"एउटा घाइते देश, शान्तिको सपना र मायाप्रीतिका गीतहरू"** शीर्षकमा भट्टद्वारा लेखिएको यस भूमिकाले अधिकारीको कवि व्यक्तित्व र कविताको मूल्याङ्कन गरेको छ । अन्याय, अत्याचार, विद्रुपता, विसङ्गति आदिका कारण देश घाइते भएको बेला कवि शान्तिको कामना गर्दै मायाप्रेमका गीत गाउन चाहन्छन् भन्ने कुरा भूमिकाको शीर्षकबाटै स्पष्ट हुन्छ । यस्तो प्रतीकात्मक शीर्षक चयन भट्टको मौलिक खुबी पनि हो । भाषासाहित्यइतरको व्यवस्थापन र अर्थशास्त्रसँग आबद्ध अधिकारीको साहित्यक्षेत्र प्रवेशलाई स्वागत गर्दै भट्टले एक संवेदनशील स्रष्टा, विवेकशील बुद्धिजीवी, मानवतावादी अर्थशास्त्री र समाजसेवी अर्थविद्को रूपमा उनको मूल्याङ्कन गरेका छन् । प्रगतिशील झुकाव भएका अधिकारीको कवि वर्गनिरपेक्ष मानवतावाद वा वर्ग समन्वयवादी आदर्शवादकै चौगिर्दाभित्र घुमिरहे पनि यसले राष्ट्रिय यथार्थताप्रति संवेदनशील र सचेत बन्न सघाएको निचोड भट्टको छ ।

(ढ) **मातेको मान्छे र प्रजातन्त्र** (२०५३) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

नरायणप्रसाद शर्माद्वारा लेखिएको **"मातेको मान्छे र प्रजातन्त्र"** कवितासङ्ग्रहमा भूमिका लेखक गोविन्द भट्टको **"सत्य बोलेका छन् यी कविताहरूले"** शीर्षकको छ पृष्ठमा संरचित भूमिका छ । आफ्ना अघिल्ला भूमिकामाझैँ यस भूमिकामा पनि कृतिको परिचय, यसको उपलब्धि, विशेषता, सीमाका साथै सर्जकको पारिवारिक, शैक्षिक, साहित्यिक, व्यावसायिक आदि पक्षको चर्चा अनि मित्रताको प्रसङ्ग पनि यहाँ उल्लेख गरेका छन् ।

कवि शर्मालाई रोमान्टिक आदर्शवादबाट मुक्त भई आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादतिर प्रवृत्त कविका रूपमा मूल्याङ्कन गरेका छन् । शोषण, दमन, थिचोमिचो, अन्याय, अत्याचारको विरुद्धमा लाग्दा कवि श्रमजीवी मानवतावादलाई आत्मसात् गर्दछन् अनि लौकिक मनुष्यतामा विश्वास गरी पृथ्वीलाई स्वर्ग बनाउने आदर्श भएका कवि हुन् भन्ने मूल्याङ्कन गरेका छन् । प्रचलित छन्द र केही गद्यशैलीमा लेखिएका सत्ताइसवटा कविताहरू सङ्गृहीत यस सङ्ग्रहका कविताद्वारा कविले धारिलो व्यङ्ग्यमार्फत आफूलाई प्रजातन्त्रका ठेकेदार ठान्ने गफाडीहरूका साथै विकसित शक्तिशाली राष्ट्रका कुकृत्यहरूको धज्जी उडाएका छन् भन्ने विचार भट्टको छ । कवि शर्माका रचनाहरूको मूल्याङ्कन गर्दै भट्ट अघि भन्दछन् - "वहाँका रचनाहरू

प्रगतिवादी काव्यपरम्परामा प्रायशः पाइने यान्त्रिक एकरूपता, यौटै विषयवस्तु वा शैलीको परिधिभित्र खुम्चिएर केही खास मापदण्डहरूका मातहत चल्ने जडशास्त्रीयताबाट पनि मुक्त छन् । वहाँ नयाँनयाँ प्रयोग र अभिव्यक्तिहरूमार्फत नयाँ कुराहरू भन्न रुचाउनु हुन्छ । काव्यद्वारा जनचेतना तिखार्ने र सामाजिक परिवर्तन ल्याउने आफ्नो सोद्देश्य लेखनधर्मीताप्रति वहाँ अत्यन्त सचेत रहनु हुन्छ । नेपाली बिम्ब र उपमा अनि नेपाली इतिहासका पात्रहरूलाई पनि वहाँले प्रशस्त उपयोग गर्नुभएको छ । यथार्थ चेतनालाई काव्यात्मकरूपमा प्रस्तुत गर्दै वहाँ पाठकको मन छुन सक्नुहुन्छ (मातेको मान्छे र प्रजातन्त्रः भूमिका पृ.ज) ।" कवि शर्माजस्ता प्रखर जनवादी स्रष्टाहरूको आवश्यकता नेपाली साहित्यमा सधैँ रहिरहने विचार राख्ने भट्टले आफ्ना केही सुझावहरूसहित यस भूमिकाको अन्त्य कविकै दुई पंक्ति कविताद्वारा गरेका छन् । यसरी यस भमिकालाई हेर्दा भट्ट स्रष्टाको समग्र साहित्यिक शक्ति र सीमालाई पनि कृतिको भूमिकामार्फत मूल्याङ्कन गर्ने क्षमता राख्दछन् । भूमिका लेखकलाई हौसला बढाइदिने तथा सचेत गराउने खालको लेख्नुपर्ने निष्कर्ष पनि यसको अध्ययनबाट निकाल्न सकिन्छ ।

**(ण) ए समुद्र !** (२०६३) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

इन्दिरा प्रसाईंद्वारा लेखिएको **"ए समुद्र !"** कवितासङग्रहमा **"यौटा लामो समुद्र र अशान्त मनका व्यथाहरू"** शीर्षकको गोविन्द भट्टद्वारा लिखित बीस पृष्ठ लामो भूमिका छ । जसमा भट्टले प्रसाईंका समग्र प्रकाशित काव्यकृतिबारे आफ्ना विचार प्रस्तुत गरेका छन् । प्रसाईंका पूर्वप्रकाशित कृतिहरूहरूो परिचय, उपलब्धि, विशेषता तथा सीमाको उल्लेख गर्दै उत्तरोत्तर उनको काव्यमा निखार आउँदै गएको अनि काव्यवस्तुले पनि एकरूपता पाएको भट्टको विचार छ । समुद्रलाई शक्तिसम्पन्नहरूको प्रतीक बनाई आधुनिक सहरिया सभ्यताका पाखण्डहरूमाथि व्यङ्ग्य गर्ने प्रसाईंको निर्वैयक्तिक प्रसङ्गहरूलाई वैयक्तिक अनुभूतिमा समाहित गर्ने सम्प्रेषणकौशलको प्रशंसा गरिएको छ । भट्ट नेपाली साहित्यमा नारीलेखनअन्तर्गत इन्दिराको प्रतिभा अन्तर्राष्ट्रियस्तरको छ भनी मूल्याङ्कन गर्दछन् । यसरी यस भूमिकालाई हेर्दा भट्ट सैद्धान्तिक विषयलाई आफ्ना भूमिकामा प्रस्तुत गर्दा केबल सम्बन्धित कृति र कृतिकारको समग्रतालाई भूमिकामा उल्लेख गर्ने लेखक हुन् भन्ने स्पष्ट हुन्छ । भट्ट मोफसलझैँ नारीस्रष्टाप्रति पनि हौसला, उत्साह र प्रेरणा दिन लागिपर्ने भूमिकालेखक हुन् भन्ने विचार पनि यस भूमिकाको अध्ययनबाट प्राप्त हुन्छ ।

**त) आजका स्वरहरू** (२०५४) कवितासङ्ग्रहको भूमिकाको अध्ययन

गद्य तथा पद्यलयबद्ध अठचालीसवटा लामाछोटा कविताहरूको सङ्ग्रह **"आजका स्वरहरू"** कवि सुरेन उप्रेतीद्वारा लिखित कृति हो । युवाकवि उप्रेतीको यस कृतिमा **"भविष्यका लागि वर्तमानसित जुधिरहेका एक कवि"** शीर्षकमा गोविन्द भट्टको चार पृष्ठ लामो भूमिका रहेको छ । कवि उप्रेतीको प्रथम प्रकाशित यस कृतिमा सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक आदि क्षेत्रका विकृति, विसङ्गतिप्रति तीखो व्यङ्ग्य गर्दै यस्ता समाज, जाति तथा प्रगतिविरोधी तत्वहरूको समूल नष्टपछि मात्रै यथार्थमा प्रजातन्त्रको सही अनुभूति हुने विचार व्यक्त भएको तथ्य भट्टले उल्लेख गरेका छन् । नेपालको उज्यालो भविष्यको कामना, पलायन र निराशावादी विचारको तिरष्कार गर्ने उप्रेतीको मूल्याङ्कन गर्दै भट्ट भन्दछन् - "श्री सुरेन उप्रेतीका कविताहरू २०४६ पछिको नेपाली समाजका जटिल वास्तविकताहरूबीच बाँचिरहेको एक सम्वेदनशील, सचेत, सहृदयी युवाका सहज भावनात्मक उद्‌गार हुन् (आजका स्वरहरू : भूमिकाखण्ड) ।"

यस भूमिकाको अध्ययनबाट एकातिर भूमिकालेखक भट्ट नयाँ र अपरिचित स्रष्टालाई महत्व दिन्छन् भन्ने कुरा प्रमाणित हुन्छ भने अर्कातिर त्यस्ता सिकारु लेखकहरूका गल्तीहरूलाई मात्र उल्लेख गरी हतोत्साहित गर्नुको सट्टा उत्साह बढाई अघि बढ्न सहयोग गर्दछन् भन्ने पनि स्वतः स्पष्ट भएको छ ।

**४.४.३.२ कथाविधा**

**क) आफन्तीका कथा** (२०६२)को भूमिकाको अध्ययन

डा. चन्द्रमान वज्राचार्यद्वारा अनूदित आफन्तीका कथा चीनियाँ उइगुर जातिका लोककथाहरूको सङ्गालो हो । यसमा गोविन्द भट्टले **"नेपाली हास्यव्यङ्ग्य र आफन्तीका कथाहरू"** शीर्षकमा सात पृष्ठ लामो भूमिका लेखेका छन् । यसमा सङ्कलित हास्यव्यङ्ग्यात्मक कथाहरू नेपाली पाठकका निम्ति प्रिय बन्नुको कारण शताब्दीयौंदेखि सामान्ती व्यवस्थाको चापमा मूलतः एशियाली मुलुकहरूले एउटै र यस्तै अनुभूति संगाल्नु हो भन्ने विचार भट्टको छ । समग्र कथाहरू पढ्नु र सुन्नुमा स्वादिला र पोषिला छन् भने प्रमुखपात्र नसरुद्धिन (आफन्ती) एक सफल हास्यव्यङ्ग्यकारका साथै एक प्रभावशाली र प्रगतिशील समाजसुधारक पनि भएको पुष्टि गरिएको छ । नेपाली लोकसाहित्य हास्यव्यङ्ग्य क्षेत्रमा समृद्ध रहिआएको तर उपयुक्त अध्ययन र अनुसन्धानको अभावले गर्दा अझै ओझेलमा रहेको उल्लेख गर्दै यसतर्फ ठोस योगदान गर्नुपर्ने राय पनि भट्टको छ । अन्त्यमा नेपालीहरूका माझ नसरुद्धिन (आफन्ती) लाई चिनाउने वज्राचार्यलाई धन्यवाद दिँदै एकदिन नेपाली नसरुद्धिन पनि जन्मन सक्ने अपेक्षासहित भूमिकाको अन्त्य गरिएको छ ।

**ख) सङ्घर्षतिर** (२०५५) कथाको भूमिकाको अध्ययन

विश्वेश्वरमान श्रेष्ठद्वारा रचित **"सङ्घर्षतिर"** कथासङ्ग्रहको **"आज दन्त्यकथाहरूभन्दा यस्तै सत्यकथाहरू चाहिन्छ"** शीर्षकको भूमिकामा भट्टले सामान्य र शास्त्रीय साहित्यबीच फरक छुट्याउँदै असाहित्यिक व्यक्तित्व श्रेष्ठको यस प्रयासले सामान्य जनताको चेतनास्तर उकास्न प्रशस्त सघाउ पुग्ने उल्लेख गरेका छन् । बाह्रवटा कथाहरू सङ्गृहीत यस सङ्ग्रहका कथाहरूले वर्तमान नेपाली समाजका विभिन्न पक्षहरूको स्पष्ट चित्रण गरेको भट्टको विचार छ । यस प्रकारको स्पष्ट दृष्टिकोण र सहज अभिव्यक्तिको प्रशंसा गर्दै भट्टले सामाजिक परिवर्तन र प्रगतिका लागि श्रेष्ठको कथाकारलाई उत्तम ठहराएका छन् । सामान्य सुझावसहित प्रगतिवादी परम्पराप्रति कथाकारको झुकावलाई उपलब्धिका रूपमा भट्टले हेरेका छन् । यस भूमिकाको अध्ययनले के स्पष्ट गर्दछ भने भट्ट नयाँ सिकारु साहित्यकारप्रति हौसला प्रदान गर्न भूमिका लेख्दछन् साथै समाजको प्रगति र उन्नतिमा प्रगतिवादी विचारले नै अहम् भूमिका खेल्ने धारणा पनि स्पष्ट पार्दछन् ।

**ग) नखनिएको खाडल** (२०५४) को भूमिकाको अध्ययन

कथाकार विवश वस्तीको **"नखनिएको खाडल"** कथासङ्ग्रहमा जम्मा सत्रवटा कथाहरू सङ्कलित छन् । यसमा **"हाम्रो बेथिति, व्यथा र विद्रोहका यी कथाहरू"** शीर्षकमा भट्टको सात पृष्ठ लामो भूमिका छ । अरु भूमिकामा झैँ भट्ट यसमा पनि नेपाली कथासाहित्यमा प्रगतिवादी कथाको स्थिति, उठान र महत्वलाई स्पष्ट पार्दै कथाकार वस्तीको प्रवेशलाई स्वागत गर्दछन् । यसमा सङ्गृहीत सम्पूर्ण कथाको मूलभूत विषयवस्तुको चर्चा गर्दै मूलतः २०४६ पछि प्रजातन्त्रको नाउँमा जनताले बेहोर्न परेको दुःख, पीडाको प्रस्तुतिका साथै सामन्तहरूको बेढङ्गी ऐश, आराम र मपाईंत्वप्रति सशक्त प्रहार गर्ने कथाकारको प्रगतिशील वैचारिक अडानलाई भट्टले उल्लेख गरेका छन् । यौनवादी, उपभोक्तावादी, व्यक्तिवादी मनोविज्ञान तथा फेन्टेसीलगायत अकथा र लीलाजस्ता नयाँ पुस्तालाई दिग्भ्रमित पार्ने समाजविरोधी वादबाट जोगिएर वस्तीले प्रगतिवादी कित्तामा पुऱ्याएको योगदान सकारात्मक रहेको विचार भट्टको छ । वस्ती ग्रामीण परिवेशबाट निम्नवर्गीय पात्र-चयन गरी वर्तमान समाजका समस्या र द्वन्द्वप्रति सम्वेदनशील रही जनपक्षीय दृष्टिकोण प्रस्तुत गर्ने एक यथार्थवादी कथाकार हुन् भन्ने धारणा भट्टको रहेको पाइन्छ । प्रगतिवादी कथाक्षेत्रमा भर्खर उदाएका नयाँ तारा वस्तीलाई यथार्थवादी विचारमा निखार ल्याउने सल्लाह दिँदै भट्ट आफ्नो भूमिकाको अन्त्य गर्दछन् । मौलिक र आकर्षक शीर्षकचयन गर्ने नवीन प्रवृत्तिका भूमिका लेखकको परिचय यो भूमिकाको शीर्षकले पनि प्रष्ट पार्दछ ।

#### ४.४.३.३ उपन्यासविधा

**क) बादलपारिको वस्ती** (२०५४) को भूमिकाको अध्ययन

उपन्यासकार कृष्ण धिमिरेको **"बादलपारिको बस्ती"** उपन्यासमा भूमिका लेखक गोविन्द भट्टको **"दुःखको आदिम बस्तीमा विगुल बजेको कथा"** शीर्षकको दश पृष्ठ लामो भूमिका छ । भूमिकाको प्रारम्भमा नेपाली साहित्यमा उपन्यासविधाको अवस्था, स्थिति र प्रभावको चर्चा भएको छ । उपन्यासको पूर्ण अध्ययनपछि लेखिएको यो भूमिका समीक्षात्मक ढङ्गबाट प्रस्तुत भएको छ । उपन्यासको पात्र, परिवेश, भाषाशैली, विषय, द्वन्द्व तथा उद्देश्य आदिलाई संक्षिप्तरूपमा प्रस्तुत गरिएको छ । भट्टले यस भूमिकामा मार्क्स, एङ्गेल्स आदिका विचारहरूको उल्लेख गर्दै प्रगतिवादी सौन्दर्यशास्त्रको समेत सामान्य उल्लेख गरेका छन् । यसमा उपन्यासको कथावस्तु र यसले समाजमा पार्ने प्रभावलाई विशेष जोड दिइएको छ ।

भूमिकाको शीर्षकको प्रसङ्गसँग मिल्ने रसुवा जिल्लाका विभिन्न ठाउँमा रहेका पिछडिएका जनजाति तामाङ्हरूको दैनन्दिनी, उनीहरूले भोग्नुपरेका विषम पीडा, धर्मका नाउँमा उनीहरूमाथि भएका शोषण-दमनलगायत अशिक्षा, अन्धविश्वास र दयनीय आर्थिकअवस्थाको यथार्थ प्रस्तुतिको चर्चा गरिएको छ । लेखकद्वारा लामो समय सम्बन्धित क्षेत्रमा बिताई गहिराइमा पुगेर समाजशास्त्रीय अन्तर्दृष्टिका साथै सौन्दर्यशास्त्रीय चेतनासहित यथार्थवादी ढंगले विषयवस्तुलाई हेर्ने कार्य सराहनीय रहेको चर्चा गरिएको छ । उपन्यासको मुख्य पात्र पासाङ्का सबलता, दुर्बलताको चित्रण गर्दै उसले अँगालेको वैचारिक धरातलको प्रसङ्ग उल्लेख गर्ने क्रममा ऊ भित्रको सैद्धान्तिक अस्पष्टताले पाठकहरूमा नकारात्मक प्रभाव पर्ने सङ्केत गर्दै भट्ट भन्दछन् - "लेखकले मुख्य नायकलाई नै कुनै न कुनै निश्चित सिद्धान्त र सङ्गठन विनाको विप्लवी अनि अस्थिर र अस्पष्ट चरित्रको व्यक्तिका रूपमा देखाएर यस उपन्यासको अन्त्य गरिदिनु यसको एक अत्यन्त दुर्बल र नकारात्मक पक्ष हुन गएको छ । यथार्थमा जनसंघर्षसम्बन्धी यस्तो स्वतस्फूर्तवादी, रोमान्टिक अवधारणा निम्न पुँजीवादी दृटिकोणकै अर्को रूप हो । उपन्यासको यस्तो अस्पष्ट निष्कर्षले हाम्रा पाठकहरूका मनका स्वच्छन्दविद्रोह वा क्रान्तिप्रति नै अनास्थाको छाप पारिदिन सक्ने सम्भावना पनि देखिन्छ । उपन्यासकारको अभिप्राय अवश्य नै त्यस्तो नभएपनि एक कृतिबाट उत्पन्न हुन सक्ने यस्ता नकारात्मक प्रभावहरूप्रति हामीले सचेत रहनै पर्दछ (बादलपारिको बस्ती : भूमिका खण्ड) ।"

नेपाली साहित्यका अन्य आञ्चलिक उपन्यासका सापेक्षतामा यसलाई उत्कृष्ट प्रगतिवादी आञ्चलिक उपन्यास ठहऱ्याउँदै नायक छनौटमा देखिएको नवीन प्रयोगको प्रशंसा गरेका छन् । वर्ण्य विषयमा कलात्मकता, मानवीय आवेग-संवेगहरूको प्रस्तुतिमा सूक्ष्मता साथै मार्मिकता र

चरित्रहरूको स्वभाविक प्रस्तुतिमा उपन्यासकारलाई सफलता मिलेको पनि चर्चा गरेका छन् । नेपाली दुर्गम क्षेत्रका जातिजनजातिहरू पनि सामान्ती व्यवस्था र त्यसलाई टिकाइराख्ने धर्म, संस्कृतिका बिरूद्ध आफ्नै बलबुताले विश्व हाँक्न सक्ने संकल्प बोकी बुलन्द आवाज उठाउँदै छन् भन्ने सन्देश उपन्यासकारले दिन चाहेको कुरा उल्लेख गर्दै भट्ट उपन्यासकारको उत्तरोत्तर प्रगतिको कामना गर्दै भूमिकाको अन्त्य गर्दछन् ।

**ख) बदला** (२०६३)को भूमिकाको अध्ययन

वीरबहादुर वाइवा (मानकाजी) द्वारा लिखित **"बदला"** सामाजिक उपन्यासमा गोविन्द भट्टको **"वेश्यालय, एड्स र महिलामुक्तिको कथा"** शीर्षकमा आठ पृष्ठ लामो भूमिका छ । भूमिकाको प्रारम्भमा नेपाली समाजमा विगतदेखि वर्तमानसम्म नारीहरूको अवस्था चित्रण गर्दै महिला जागरण र नारीसाहित्यको विकासमा योगदान दिने लेखकलाई धन्यवाद दिइएको छ । नेपालको पिछडिएको ग्रामीण वस्ती अनि त्यहाँका निम्नवर्गीय तामाङ्जातिहरूको सेरोफेरोलाई पृष्ठभूमि बनाएर चेलीबेटी बेचबिखन जस्तो संवेदनशील विषयमा उपन्यास केन्द्रित रहेको कुरा उल्लेख गरिएको छ । उपन्यासकी प्रमुख नारीपात्र आशाले जीवनमा भोल्नुपरेको नारकीय पीडा अनि त्यसबाट छुटकारा पाएपछि समाजसेवीको रूपमा उनले खेलेको भूमिका तथा प्रतिशोधको ज्वालामा सल्किएकी आशाले विगतको आफ्नो नारकीय जीवनको कारकतत्व कमललाई सार्वजनिक रूपमा छुरी प्रहार गरी गरेको हत्या जस्ता औपन्यासिक विषयलाई भट्टले उल्लेख गरेका छन् । आशाले यस कार्यलाई नारीमुक्ति र संघर्षको एक प्रेरणादायी कथाको रूपमा स्वीकारे पनि भट्ट यस्तो प्रतिशोधी मनोगत हिँसाबाट वास्तवमा नारीमुक्ति जस्तो गम्भीर कार्य संभव छैन भन्ने निष्कर्षमा पुगी लेखकलाई सैद्धान्तिक तथा वैचारिक दृष्टिकोणप्रति सचेत बन्ने सुझाव दिन्छन् । वास्तवमा सामान्ती राज्यव्यवस्थाअन्तर्गत असमानता र शोषणमा आधारित रहेको वर्तमान सामाजिक-आर्थिक प्रणाली नै चेलीबेटी बेचबिखन तथा महिलाको शोषण र दमनको प्रमुख कारण भएकोले यस्तो प्रणालीको परिवर्तनतर्फ लेखकको ध्यान केन्द्रित हुनुपर्ने भट्टको निष्कर्ष छ । यस भूमिकामा उपन्यासको सैद्धान्तिक तथा वैचारिक पक्षलाई विशेष ध्यान दिइएको छ । उपन्यासले समाजमा पार्ने प्रभाव र प्रेरणालाई प्रमुख विषय बनाई प्रस्तुत गरिएको छ । लेखकलाई सचेत बनाउँदै हौसला र उत्साह दिने उद्देश्य पनि स्पष्ट देखिन्छ ।

### ४.४.३.४ **नाटकविधा :**

**क) किसान हो !** (२००८) को भूमिकाको अध्ययन

**"किसान हो !"** नाटककार वासुपासाको संवत् २००७ सालमा प्रकाशित ६ अङ्के लघु आयामको नाटक हो । यस नाटकको तृतीय संस्करण (२०५७)मा गोविन्द भट्टले **"किसान, वासुपास र बाङ्गोटिङ्गो यात्रा"** शीर्षकमा चार पृष्ठ लामो भूमिका लेखेका छन् । वि.सं. २००९/२०१० सालतिर देशका विभिन्न ठाउँमा मञ्चित यस नाटकमा आफूले पनि अभिनय गरेको प्रसङ्ग कोट्याउँदै भट्टले भूमिको न्यायपूर्ण वितरणको विषयलाई नाटकले अँगालेको उल्लेख गरेका छन् । नाटककार वासुपासाको साहित्यिक जीवनयात्रालाई चर्चा गर्ने सन्दर्भमा उनीभित्र विगतमा देखिएको वैचारिक विचलनको उल्लेख गर्दै पासाको वैचारिकता भन्दापनि स्पष्टवादी स्वभाव, सरलता र कर्मठताको प्रशंसा गरेका छन् । यो भूमिका नाटककृतितर्फ भट्टद्वारा लेखिएको एकमात्र भूमिका हो । अन्य भूमिकामाझैं यसमा पनि सामाजिक परिवर्तनप्रति कृतिको योगदानलाई महत्व दिई भट्टले मूल्याङ्कन गरेका छन् ।

### ४.४.३.५ **निबन्धविधा**

**क) मातृत्व** (२०५२) भूमिकाको अध्ययन

विष्णुप्रभातको **"मातृत्व"** नारीमुक्तिसम्बन्धी वैचारिक प्रबन्धसङ्ग्रहमा गोविन्द भट्टले **"नारीवाद, महिला आन्दोलन र मातृत्व बारे"** शीर्षकको भूमिका लेखेका छन् । यसमा कृतिले अँगालेको वैचारिकता, विषयवस्तु तथा शैलीशिल्पको चर्चा गर्दै लेखकलाई वैचारिक स्पष्टता अँगाल्न सल्लाह पनि दिएका छन् । महिलाविकासमा बाधक तत्वसम्बन्धी माओको धारणालाई अघि सार्दै नेपालमा पनि यही समस्या विद्यमान रहको उल्लेख गरेका छन् । भट्टले लेखकको परिचयसँगै नारीमुक्तिसम्बन्धी प्रस्तुत सचेतताको प्रशंसा पनि गरेका छन् । लेखक र कृतिको मूल्याङ्कन गर्दै भट्ट भन्दछन् - "ऐतिहासिक विकासका दृष्टिबाट आफ्ना विषयहरूको तर्कपूर्ण र तथ्यपूर्ण प्रस्तुतीकरण, सरल भाषा, जनपक्षीय अडान, रूढिबद्ध औपचारिक सोचबाट मुक्त भएर स्वतन्त्र रचनात्मक चिन्तनमा जोडदिने प्रवृत्ति अनि सामाजिक विषयहरूमा जिज्ञासासाथ आफ्ना विचारहरू अघि सार्ने उत्सुकता वहाँको लेखनका विशेषताहरू हुन् । वहाँको यो पुस्तक पनि सर्वसाधारण नेपाली पाठकहरूलाई महिलाहरूका समस्याहरू र नारी आन्दोलनका विभिन्न पक्षहरूबारे सामान्य ज्ञान दिन सफल रहेको छ र विशेषतः नारी आन्दोलनमा अभिरुचि राख्नेहरूका लागि त यो यौटा उपयोगी सन्दर्भग्रन्थ नै हो (मातृत्वः भूमिका खण्ड) ।"

नेपालमा महिला स्वतन्त्रताका सम्बन्धमा भैरहेको विविध वैयक्तिक तथा संस्थागत प्रयासहरूको प्रशंसा गर्दै भट्ट वास्तविक महिलामुक्तिचाहिँ नारीहरूलाई राजनीतिक हक प्राप्तिपछि

मात्रै हुने विचार व्यक्त गर्दछन् । नेपाली महिलामुक्तिसम्बन्धी गहन विचार प्रस्तुत गरी लेखिएको यो भूमिका अन्य कतिपय भूमिकाभैँ रुचिपूर्ण साथै सङ्ग्रहणीय पनि रहेको छ ।

**ख) कला-साहित्य तथा भाषा संस्कृतिको क्षेत्रमा सातसालको परिवर्तनको प्रभाव र हाम्रो भविष्य** (२०४२) को भूमिकाको अध्ययन

साहित्यकार जनकप्रसाद हुमागाईँद्वारा लिखित यस कृतिमा गोविन्द भट्टको **"नेपाली संस्कृतिको वर्तमान र भविष्यबारे"** शीर्षकको ६ पृष्ठ लामो भूमिका रहेको छ । नेपालको संस्कृतिसँग सम्बन्धित विभिन्न क्षेत्रको स्वस्थ, सन्तुलित आलोचनात्मक मूल्याङ्कन हुमागाईँद्वारा भएको प्रसङ्ग भट्टले उल्लेख गरेका छन् । हुमागाईँको यो प्रयास सामयिक र प्रशंसनीय छ भन्ने विचार भट्टको रहेको छ । पाश्चात्य संस्कृतिको अन्धानुकरणबाट मुक्त भई स्वस्थ र लोक कल्याणकारी विशुद्ध नेपाली संस्कृतिको निर्माणका साथै जनमुखी साहित्यको प्रचारप्रसारमा हुमागाईँको भूमिकालाई भट्टले उच्च मूल्याङ्कन गरेका छन् ।

**ग) सिङ् न पुच्छर** (२०५३) भूमिकाको अध्ययन

नरनाथ लुँइटेलको **सिङ् न पुच्छर** हास्यव्यङ्ग्यसङ्ग्रहमा गोविन्द भट्टले **"सिङ् न पुच्छरको अर्थ लगाउन बस्दा"** शीर्षकमा भूमिका लेखेका छन् । निबन्धसङ्ग्रहमाथि टिप्पणी गर्दै निबन्धात्मक शैलीमा यो भूमिका प्रस्तुत गरिएको छ । भट्टले भूमिकामा निबन्धकारको परिचयसँगै नेपाली हास्यव्यङ्ग्य निबन्ध विधाभित्र देखिएका फरक-फरक धार अनि हास्यव्यङ्ग्य निबन्धको अवस्था, उपयोगिता साथै महत्वलाई पनि प्रस्तुत गरेका छन् । असल हास्यव्यङ्ग्य निबन्धकार बन्न चाहिने गुणहरूका सन्दर्भमा भट्ट भन्दछन् - "व्यङ्ग्य लेख्नु यौटा असजिलो काम हो र केही जोखिम पनि । धेरैजसो मानिसहरूमा आफ्नो गुणगान मात्र सुन्ने तर सानोभन्दा सानो आलोचना पनि नरुचाउने प्रवृत्ति हुन्छ । त्यसैले उसमा कूटनीतिज्ञहरूको चतुऱ्याइँ, अनुभवी योद्धाको अचूक निशानावाजी, सिद्धहस्त शल्यचिकित्सकको चिरफारकला, प्रबुद्ध विद्रोहीको आँट-हिम्मत र साहित्यकारको सहृदयता सबै हुनुपर्छ (सिङ् न पुच्छर : भूमिका खण्ड) ।" समग्र निबन्धको अध्ययन पछि लेखिएको भूमिकामा भट्टले लुइँटेलको निबन्धकारितालाई प्रस्ट्याउँदै उनी वर्तमान नेपालको वस्तुगत यथार्थतालाई सही राजनीतिक दृष्टिविन्दुबाट प्रस्तुत गर्ने प्रगतिशील व्यङ्ग्यकार हुन् भनी मूल्याङ्कन गर्दछन् । नौ पृष्ठको संरचनामा तयार गरिएको यस भूमिकामा कतै निबन्ध त कतै समालोचनाको छाप पाइन्छ । समग्रमा भूमिका पाठकीय दृष्टिबाट पनि रुचिपूर्ण र सङ्ग्रहणीय रहेको छ ।

**घ) चन्द्रज्योति** (२०४१) को भूमिकाको अध्ययन

कमल दीक्षितद्वारा लिखित ऐतिहासिक ग्रन्थ चन्द्रज्योतिमा गोविन्द भट्टले **"चन्द्रज्योतिमा इतिहास पढ्दा"** शीर्षकको भूमिका लेखेका छन् । चौध पृष्ठ लामो यस भूमिकामा भट्टले

चन्द्रज्योतिलाई इतिहास र साहित्यको सम्मिश्रणकारूपमा लिँदै यसबाट सम्पूर्ण नेपाली पाठक तथा इतिहासका अन्वेषकसमेत लाभान्वित हुने विचार व्यक्त गरेका छन् । भट्टले प्रस्तुत कृतिलाई इतिहासकारहरूमा सत्यको पक्ष लिएर लेख्ने, बोल्ने नैतिक चेतनाको उत्तरदायित्व निर्वाह गरेर लेख्ने इमान्दारिता हुनुपर्छ भन्ने नमुना कृतिका रूपमा लिएका छन् । तत्कालीन शक्तिशाली राणा प्रधानमन्त्री चन्द्रशमशेरमाथि लेखकको मनोगतवादी दृष्टिकोणको कारण जीवनीपरक इतिहाससम्बन्धी यस ग्रन्थमा केही अभावको महसुस भट्टले गरेका छन् । तर इतिहास जस्तो कठोर विषयलाई साहित्यमा परिणत गर्ने दीक्षितको क्षमतालाई भट्टले सराहना गरेका छन् ।

यसको अध्ययनबाट भट्ट आफ्ना कतिपय भूमिकालाई बृहत् आयाम पनि दिन्छन् भन्ने कुरा स्पष्ट हुन्छ । कृतिको भूमिकाकै सेरोफेरोमा समालोचनाको छाप प्रशस्त पाइने यस भूमिकाको अध्ययनबाट भट्टको समालोचक र भूमिका लेखक व्यक्तित्व सँगसँगै हिँडेको अनुभूति मिल्दछ ।

**ङ) मेरा अभिव्यक्ति विविध** (२०५८) को भूमिकाको अध्ययन

भवानी घिमिरेको **मेरा अभिव्यक्ति विविध** कृतिमा गोविन्द भट्टले **"भवानी घिमिरेको अभिव्यक्ति विविध र केही सान्दर्भिक कुराहरू"** शीर्षकमा भूमिका लेखेका छन् । यसमा कृतिभित्र समेटिएका फरक-फरक विधाका फरक-फरक रचनाहरूको समष्टिलाई क्वाँटी-साहित्यको उत्तम दृष्टान्त भएको विचार भट्टको छ । घिमिरेलाई प्रसिद्ध लेखक, पत्रकार तथा भाषासेवीका रूपमा सदाबहार चरित्र भन्दै एक संस्थाकोरूपमा परिचित गराइएको छ । कृतिको गहन अध्ययनका साथै लेखकको सैद्धान्तिक तथा राजनीतिक जीवनको विस्तृत विवेचनासँगै सुझावसहितको यो भूमिका भट्टको अन्य भूमिकाको तुलनामा समालोचकीय दृष्टिकोणले बढी यथार्थवादी, प्रखर तथा विचारोत्तेजक महसुस हुन्छ ।

कतिपय नेपाली प्रगतिवादी साहित्यकारहरूमा प्रायशः देखिने सैद्धान्तिक विचलनको प्रसङ्ग कोट्याउँदै पूर्वार्द्धका प्रखर प्रगतिवादी-क्रान्तिकारी साहित्यकार घिमिरेमा जीवनको उत्तरार्द्धसँगै अनायास आएको सैद्धान्तिक स्खलनलाई भट्टले गम्भीर भूलका रूपमा लिँदै यस्तो स्थितिले नयाँ पुस्ताका पाठकहरूमा पर्ने नकारात्मक प्रभावका विषयमा चिन्ता व्यक्त गरेका छन् । कृतिको सर्वाङ्गीण मूल्याङ्कनको सन्दर्भमा लेखकसँग कतिपय विवादास्पद विषयमाथि बहस गर्न आफू बाध्य भएको स्वीकारोक्ति भट्टको छ । आठ पृष्ठको यस भूमिकामा मूलतः नेपाली प्रगतिशील साहित्यमा देखिएका समस्या र चुनौतिहरूका सन्दर्भमा गम्भीर सैद्धान्तिक र व्यावहारिक प्रश्नहरू उठाउँदै प्रगतिवादी मापदण्डअनुसार लेखकीय मूल्यको निर्धारण हुन नसकेको निष्कर्ष भट्टको छ । भूमिकाको अन्त्यमा निबन्धकार घिमिरेको योगदानलाई अविष्मरणीय ठान्दै साहित्यको लेखन, प्रकाशन तथा जनपक्षीय संस्कृतिको निर्माणमा लाग्न अनुरोध पनि गरिएको छ ।

**च) 'लु स्युनका केही निबन्धहरू'** (२०२५) को भूमिकाको अध्ययन

शान्तदास मानन्धरद्वारा अनूदित **'लु स्युनका केही निबन्धहरू'** कृतिमा गोविन्द भट्टले **'यस सँगालोबारे'** शीर्षकको भूमिका लेखी चिनियाँ साहित्यकार लु स्युनको निबन्धकारितालाई मूल्याङ्कन गरेका छन् । तत्कालीन चीनमा लु स्युनको क्रान्तिकारी साहित्यले सामन्ती संस्कृतिको विरुद्धमा सशक्त ढङ्गले चेतना फिँजाउने काम गरेको थियो । चरणबद्धरूपमा विकसित लु स्युनको वैचारिक अवधारणा सामन्तवाद, साम्राज्यवाद, नोकरशाही पूँजीवाद र फासिस्टवादका खिलाफमा लडी साम्राज्यवाद-सामन्तवाद विरोधी नौलो राष्ट्रिय संस्कृतिको निर्माणमा महत्वपूर्ण रहेको विचार भट्टको छ ।

प्रस्तुत भूमिकामा तत्कालीन चीनको सामाजिक, साँस्कृतिक तथा राजनीतिक अवस्थाबारे जानकारी गराउँदै त्यसले लु स्युनमा पारेको प्रभाव र प्रेरणाका साथै समाजमा परेका असरहरूबारे भट्टले संक्षेपमा चर्चा गरेका छन् । लू स्युनका निबन्धहरूमा अभिव्यक्त विषयवस्तु र तत्कालीन चीनको सामाजिक-साँस्कृतिक, राजनीतिक अवस्थाबीच तादात्म्यता रहेको कुरा उल्लेख गर्दै तत्कालीन चीनले अख्तियार गरेका नीति तथा राष्ट्रिय सुधारमा लू स्युनको साहित्यले महत्वपूर्ण भूमिका निर्वाह गरेका ठहर भट्टको छ । 'लू स्युनका निबन्धहरू निम्नवर्गीय जनताको अवस्था उद्घाटन गर्नका लागि अत्यन्त प्रभावशाली छन्' भन्ने माओत्सेतुङ्गको विचारलाई भट्टले यस भूमिकाद्वारा पुष्टि गर्ने काम गरेका छन् ।

जम्मा १२ वटा निबन्धहरू सङ्कलित यस सङ्ग्रहका निबन्धहरूले लू स्युनको समग्र क्रान्तिकारितालाई चिनाउन नसकेपनि उनको प्रतिभा र जीवनदर्शनको प्रतिनिधित्व गरेको ठहर भट्टको छ । लू स्युनजस्ता जनताका सचेत लेखक र नयाँ संस्कृतिका जोदाहा सिपाहीद्वारा लिखित अमूल्य निबन्धहरू अनुवाद गरी नेपाली पाठकको हातमा सुम्पिदिने शान्तदास मानन्धरप्रति धन्यवाद दिँदै पुनः यस्तै काममा सक्रिय रहन पनि अनुरोध गर्दै भट्ट आफ्नो भूमिकाको अन्त्य गर्दछन् ।

**छ) मेरा कलाकार गुरुहरू** (२०५४) को भूमिकाको अध्ययन

वरिष्ठ चित्रकार कुलमानसिँह भण्डारीको **मेरा कलाकार गुरुहरू** नामक संस्मरण कृतिमा गोविन्द भट्टले **"कलालाई बैठकको खेलौना होइन, जनताको गहना बनाऔँ !"** शीर्षकको भूमिका लेखेका छन् । जम्मा नौजना अग्रज कलाकारलाई स्मरण गर्दै नौवटा लेखहरू सङ्गृहीत यो कृतिमा भट्टले पाँच पृष्ठ लामो भूमिका लेखी भण्डारीलाई जनवादी चित्रकारको रूपमा चित्रण गरेका छन् । सामान्ती संस्कार र पाश्चात्य पूँजीवादी कला सिद्धान्तको अन्धानुकरणले ग्रसित कलाक्षेत्रलाई सामान्तवाद-साम्राज्यवाद विरोधी जनचेतना जागृत गराउन भण्डारीद्वारा गरिएको संघर्षको उच्च

मूल्याङ्कन गर्दै भट्ट भन्दछन् - "राष्ट्रिय ख्याति आर्जन गरेर पनि सधैँ विनम्र र श्रमजीवीको जीवनशैलीमा रहने, पुरानो पुस्तालाई उचित सम्मान र नयाँ पुस्तालाई प्रोत्साहन दिनेहरूबाट सधैँ राम्रा कुराहरू सिकिरहन खोज्ने अनि आफ्नो कलालाई पूर्णतः शोषित जनताको मुक्तिका लागि समर्पित गर्ने श्री कुलमानसिँह सिद्धान्तमा मात्र हैन, व्यवहारमा पनि सच्चा जनकलाकार हुनुहुन्छ (मेरा कलाकार गुरुहरू: भूमिकाखण्ड) ।" सच्चा कलाकारमा हुनुपर्ने देशभक्तिपूर्ण भावना भण्डारीमा रहेको विचार व्यक्त गरिएको छ । कलाक्षेत्रको विकासमा व्यक्तिगत तथा संस्थागत दुबै योगदान गर्ने भण्डारीको जीवनको एक सानो खण्डमात्र कृतिले समेटेको विचार भट्टको छ । यसर्थ भट्ट साहित्यका जुनसुकै विधाको पनि सशक्त मूल्याङ्कन गर्न सक्ने समालोचक भएको तथ्य यस भूमिकाबाट मिल्दछ ।

### ४.४.३.५ समालोचनाविधा

**क) मानवता र मुक्तिका कवि गोकुल जोशी** (२०६२) को भूमिकाको अध्ययन

जनकप्रसाद हुमागाईंको "**मानवता र मुक्तिका कवि गोकुल जोशी**" सोध-खोज, विश्लेषण-विवेचना तथा चिनारीमूलक कृति हो । यसमा गोविन्द भट्टले **"एक अथक साहित्य-साधकको अविराम खोजयात्रा"** शीर्षकमा भूमिका लेखेका छन् । आठ पृष्ठमा संरचित भूमिकामा कृतिकारको संक्षिप्त परिचयसँगै जनकवि गोकुल जोशी सम्बन्धी भट्टको मूल्याङ्कन तथा समीक्षाग्रन्थको औचित्य, महत्व, प्राप्ति र सीमासमेत प्रस्तुत गरिएको छ । कवि जोशीको बारेमा भट्ट भन्दछन् - "उनले कवितालाई बैठककोठाको गोलघरबाट बाहिर ल्याएर सामाजिक सरोकार र सामूहिक अभियानको विषय बनाइदिएका छन् । उनका रचनाहरू कुनै बुद्धिजीवीका पाण्डित्यपूर्ण विचार नभएर एक साधारण नेपाली श्रमजीवीका भावनात्मक उद्‌गार हुन् र यही नै तिनको विशिष्टता पनि हो (मानवता र मुक्तिका कवि गोकुल जोशी: भूमिकाखण्ड) ।" कवि जोशीद्वारा देशभक्ति, नैतिकता, संवेदनशीलता, राष्ट्रियचेतना, मानवीय आदर्शका सपना र अन्तर्राष्ट्रिय भावनालाई कविताका आधारभूमि बनाएको धारणा प्रस्तुत गरिएको छ । यस्ता जनताका प्रियकविलाई मानवता र मुक्तिका कवि भन्ने हुमागाईंको विचारलाई उपयुक्त मानिएको छ । समालोचक हुमागाईं अविराम खोज-यात्राका अथक साधक भएको धारणा भट्टको छ । हुमागाईंको अधक साधना, कष्टसाध्य र दीर्घकालीन परिश्रमकै फलस्परूप कतिपय लोपोन्मुख विषयवस्तु पुस्तकमा समेटिएको भन्दै जोशीका प्रकाशित तर हराइसकेका तीनवटा पुस्तकहरूको खोजी गरेर बर्षौदेखि रहिआएको यौटा ठूलो त्रुटि पनि सच्याइदिएको विचार व्यक्त गरिएको छ । नेपाली प्रगतिवादी समालोचनासम्बन्धी विविध विचार पनि यहाँ आएका छन् । आफू भन्दा अग्रज स्रष्टाका बारेमा खोज-अनुसन्धानमा लाग्ने प्रेरणा जो कोही पाठकले प्राप्त गर्नु यस भूमिकाको महत्वपूर्ण पक्ष पनि हो ।

**ख) साहित्य : चिन्तन र विवेचन** (२०५०) को भूमिकाको अध्ययन

जगदीशचन्द्र भण्डारीद्वारा लेखिएको **साहित्यः चिन्तन र विवेचन** समालोचनात्मक कृतिमा भूमिकालेखक गोविन्द भट्टको **"साहित्य-समीक्षाको बाटोमा यौटा गहकिलो पाइला"** शीर्षकको आठ पृष्ठमा संरचित भूमिका छ । अन्य भूमिकामाझैँ यसमा पनि प्रगतिवादी समालोचनासम्बन्धी गहन चिन्तन प्रस्तुत भएका छन् । कृति र कृतिकारको परिचय तथा कृतिको उपलब्धि, विशेषता र सीमा पहिल्याई सुझावसमेत दिइएको छ । आधुनिक नेपाली प्रगतिवादी साहित्यक्षेत्रका प्रतिभाशाली कवि र समालोचकका रूपमा जगदीशचन्द्र भण्डारीलाई लिइएको छ । समालोचक भण्डारीको अन्तर्दृष्टि नेपाली साहित्यका समस्या र अन्तर्विरोध, सबलता-दुर्बलता तथा वैचारिक संघर्षहरूको पहिचान अनि विश्लेषणमा प्रभावकारी भएको विचार भट्टको रहेको छ । राजनीतिक, सामाजिक जीवनसितको अविच्छिन्नता अध्यापन र पत्रकारिताका साथै प्रगतिवादी आन्दोलन आदिको संलग्नताद्वारा परिष्कृत अनि परिमार्जित बन्दै गएका भण्डारीका समालोचनाले यस क्षेत्रको अभावलाई पूरा गर्ने विश्वास व्यक्त गरिएको छ । यस भूमिकाको धेरैजसो भागमा नेपाली प्रगतिवादी समालोचना र त्यसको स्थिति, यसभित्र देखिएका कमीकमजोरी र त्यसबाट मुक्ति, सामाजिक-साँस्कृतिक परिवतर्नमा यसको महत्व जस्ता विषय-प्रसङ्गहरूको उल्लेख गरिएको छ । अन्त्यमा पुस्तकको सटीक, सङ्क्षिप्त टिप्पणी गर्दै प्रस्तुत कृति नेपाली प्रगतिवादी समीक्षाको विकासमा यौटा गहकिलो पाइला भनी भूमिका टुङ्गिएको छ ।

प्रगतिवादी समालोचना मान्यताको प्रस्तुतिमा भूमिकालेखक पुनरावृत्तिदोषबाट मुक्त नपाइएपनि प्रशस्त मौलिकता दिन सफल भएकै छन् । समालोचनासम्बन्धी भट्टले व्यक्त गरेको गम्भीर अनि तर्कपूर्ण विचार यस्तो छ - "साहित्य तथा कला सामाजिक चेतनाको यौटा ज्यादै विशिष्ट र जटिल रूप भएकोले तिनको समीक्षा वा मूल्याङ्कन गर्दा समालोचकहरूले धेरै कुरामा आफ्नो सूक्ष्म दृष्टि पुऱ्याउनु आवश्यक हुन जान्छ । उदाहरणका लागि हाम्रा प्रगतिवादी समीक्षकहरूले प्रायः जसो प्रयोग गर्ने जनता, क्रान्ति, वर्गसंघर्ष, वर्गीय समाज, वर्गशत्रु, प्रतिक्रियावाद, प्रगतिजस्ता शब्दहरू कुनै निरपेक्ष वा अमूर्त कुरा नभएर ऐतिहासिक विकासको खास चरणसित गाँसिएका ठोस अवधारणा जनाउने शब्दहरू हुन् र तिनको अर्थ पनि रूढ तथा स्थिर नभएर वस्तुस्थितिको विकास एवं परिवर्तनसँग बदलिरहने गर्दछन् । समाजको द्वन्द्वात्मक विकासको यस तथ्यलाई बिर्सेर गरिएको कुनै पनि रचना वा समीक्षा मनोवेगवादी मात्र हुन जानेछ । त्यसैगरी वर्गीय समाजमा विभिन्न वर्गहरूको पारस्परिक सम्बन्ध र वर्गसंघर्षका प्रक्रियाहरू सामाजिक विकासका क्रममा रूपान्तरित भइरहने हुनाले हाम्रा लेखक तथा समालोचक दुबैले तिनको सूक्ष्म अध्ययन गर्नु आवश्यक हुन जान्छ (साहित्यः चिन्तन र विवेचनाः भूमिकाखण्ड) ।" त्यसैगरी मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यतामा आधारित प्रगतिवादी समीक्षा पद्धतिको महत्वलाई

उनले यसरी स्पष्ट पारेका छन् - "प्रगतिवादी साहित्यसमीक्षाको कार्य समाजमा चल्ने वैचारिक संघर्षको यौटा महत्वपूर्ण माध्यम हो । हाम्रो साँस्कृतिक जीवनको व्याख्या मात्र गर्ने हैन, त्यसलाई बदल्ने उद्देश्य पनि लिएको हुनाले त्यो आलोचनात्मक हुनुका साथै क्रान्तिकारी पनि हुन्छ र यसै उसले त्यो अन्य समीक्षापद्धतिहरूभन्दा गुणात्मक रूपबाट विशिष्ट, उच्चतर, बढी प्रभावकारी, वैज्ञानिक र लोककल्याणकारी ठहर्दछ (पूर्ववत्) ।"

यसरी कृति र कृतिकारको औचित्य, महत्व र प्रभावकारितालाई स्पष्ट पार्दै प्रगतिवादी साहित्यसिद्धान्तको प्रशस्त चर्चा गरिएकोले यो भूमिका सङ्ग्रहणीय रहेको पुष्टि मिल्छ ।

**ग) यथार्थवादी रचनादृष्टि र विवेचना** (२०५१)को भूमिकाको अध्ययन

**"प्रगतिवादी समीक्षा-सिद्धान्तको यौटा अनुपम कृति"** शीर्षकको भूमिका **यथार्थवादी रचना दृष्टि र विवेचना** पुस्तकमा गोविन्द भट्टको एघार पृष्ठमा संरचित भूमिका रहेको छ । यस कृतिका रचनाकार निनु चापागाइँ हुन् । यसमा भट्टले मार्क्सवादी साहित्य सिद्धान्तको विकासक्रम, गतिशीलता, प्रभावकारिता साथै विरोधीधारबाट लगाइएका आक्षेप आदि विषयमा गम्भीर बहस गरी सकारात्मक सुझावसमेत दिएका छन् । श्रमको विभाजनपछि कला र साहित्यले वर्गीय रूप लिई संघर्षको साधन बनेको उल्लेख गर्दै समाज विकासमा महत्वपूर्ण भूमिका खेल्ने मान्यता भट्टको रहेको छ । नेपाली साहित्यमा संवत् २००७ पछि सौन्दर्यशास्त्र तथा समीक्षापद्धतिमा मार्क्सवादी र मार्क्सवाद विरोधी दुई धारहरू संघर्षरत रहेको धारणा प्रस्तुत गरिएको छ । यसर्थ प्रगतिवादी समीक्षापद्धतिका दुर्बल पक्षहरूको गम्भीरतापूर्वक पहिचान गरी समस्याका स्रोतहरू पहिल्याउँदै व्यावहारिक-समाधानतर्फ अग्रसर हुन आह्वान गरिएको छ । नेपाली साहित्यमा मार्क्सवादी सौन्दर्यशास्त्रको व्यापक अध्ययन र प्रयोगको सन्दर्भमा देखिएका चुनौतिहरूको पनि उल्लेख गरिएको छ । लेखकको परिचय, समीक्षाग्रन्थको औचित्य, उपलब्धि तथा सीमाहरूसमेत प्रस्तुत गरिएको छ । यसै क्रममा समालोचक चापागाइँमाथि भट्टको मूल्याङ्कन यस्तो छ - "श्री निनु चापागाइँ सिद्धान्तनिष्ठ समालोचक मात्र हैन, मार्क्सवादी सौन्दर्यशास्त्रका गम्भीर अध्येता र व्याख्याकारका रूपमा पनि चर्चित हुनुहुन्छ । वहाँले विगत केही बर्षहरूदेखि यता, प्रगतिवादी साहित्य क्षेत्रमा उठेका विभिन्न विवादहरूको सैद्धान्तिक विवेचना, मार्क्सवादी सौन्दर्यशास्त्रका आधारभूत प्रस्थापनाहरूको विशुद्ध एवं सूक्ष्म व्याख्या अनि गैह्र-मार्क्सवादी र हाम्रै शिविरभित्र रहिआएको अनेकौं भ्रमात्मक विचार तथा रूढिहरूको खण्डन गर्दै द्वन्द्वात्मक भौतिकवादी सौन्दर्यशास्त्रको हाम्रो ज्ञानलाई अझै गहन र परिष्कृत तुल्याउने दिशामा अग्रसर भएर प्रशंसनीय योगदान गर्दै आउनुभएको छ (यथार्थवादी रचना दृष्टि र विवचेनाः भूमिकाखण्ड) ।"

भट्टका विचारमा यस पुस्तकमा तीन थरी विषयहरू समाविष्ट छन् । मार्क्सवादी सौन्दर्यशास्त्रको सैद्धान्तिक व्याख्या र प्रतिष्ठान, नेपालमा प्रगतिवादी/जनवादी साहित्यका समस्याहरू र तिनको विश्लेषण अनि केही पुराना-नयाँ लेखकहरूको समीक्षात्मक मूल्याङ्कनजस्ता विषयहरूमध्ये प्रथम श्रेणीभित्र पर्ने रचनाहरू सापेक्षितरूपमा महत्वपूर्ण र उल्लेखनीय रहेको ठहर गरिएको छ । कृतिको मूल्याङ्कन गर्दै भट्ट भन्दछन् - "वहाँका यी रचनाहरूले सामाजिक चेतनाको विविधतापूर्ण र अत्यन्त जटिल प्रक्रियाबारे निरन्तर स्मरण गराउँदै, रूप र अन्तर्वस्तु, कला साहित्य र विचारधाराजस्ता विषयहरूमा हाल हामीकहाँ पाइने एकपक्षीय, सरलीकृत तथा यान्त्रिक सोचाइका विचनलहरूबाट जोगिनेतर्फ हामीलाई सचेत तुल्याएका छन् । वहाँको यस संगालोले यथार्थको कलात्मक प्रतिबिम्बन सिद्धान्त र त्यसप्रतिको मार्क्सवादी दृष्टिकोण नै प्रगतिवादको मूल सैद्धान्तिक आधार हो भन्ने कुरालाई सशक्ततासाथ पुष्टि गरेको छ (पूर्ववत्) ।" विषयवस्तु तथा भाषाका दृष्टिबाट क्लिष्टता र सरलताको विचित्र संयोजन पाइने यो पुस्तक नेपाली प्रगतिवादी समीक्षाक्षेत्रमा आफ्नै किसिमको एउटा बेजोड कृति हो भन्ने ठहर भट्टको छ । कतिपय अपूर्णता, अस्पष्टता, भाषिक क्लिष्टता तथा निष्कर्षहरूमा असहमति भएपनि निम्नलिखित भनाइद्वारा भूमिकाको अन्त्य गरिएको छ ।  "श्री निनु चापागाईंको यस पुस्तकले हाम्रो समीक्षा विधालाई हालका विसङ्गतिहरूबाट मुक्त पारेर सिद्धान्तनिष्ठ पद्दतितर्फ अघि सार्ने , हाम्रा लेखक तथा कलाकारहरूलाई उच्च विषयवस्तुसहितका कलात्मक रचनाहरूको सिर्जना गर्नेतर्फ उत्साहित बनाउने, हाम्रा साँस्कृतिक कर्मीहरूलाई मार्क्सवादी सौन्दर्यशास्त्रसित परिचित गराउने अनि आजका नेपाली पाठकहरूलाई समाजवादी यथार्थवादी मूल्यहरूप्रति सचेत तुल्याउने दिशामा अलिकति र सानै भएपनि यौटा प्रक्रियाको शुभारम्भ गर्न सकेछ भने हाम्रो प्रगतिवादी साहित्य साँच्चिनै लाभान्वित हुनजानेछ (पूर्ववत्) ।

घ) **महेश प्रसाईंः व्यक्ति र कृति** (२०६३) को भूमिकाको अध्ययन

घनश्याम ओलीद्वारा लिखित **महेश प्रसाईंः व्यक्ति र कृति** साहित्यकार महेश प्रसाईंको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित छ । यसमा गोविन्द भट्टले **"एउटा गुप्त लिपिको शिलापत्र र त्यसको वर्णमाला"** शीर्षकमा दश पृष्ठ लामो भूमिका लेखेका छन् । आफ्ना अन्य भूमिकामाझैं यसमा पनि ऐतिहासिक विकासक्रमानुसार एकदलीय अधिनायकवादी पञ्चायती व्यवस्थाको चापद्वारा प्रजातान्त्रिक शक्तिहरूबीच बढ्दो अन्तर्द्वन्द्वका कारण अशान्त र संघर्षमय बनेको परिवेशकै उपजस्वरूप महेश प्रसाईंजस्ता प्रयोगवादी/बिम्बवादी कविले जन्म लिएको उल्लेख गरिएको छ । कवि प्रसाईंको परिचय, उनका लेखनका विशेषता र सुझावसमेत संगेटिएको यो भूमिका निकै व्यापक आयाममा फैलिएको छ । कवि प्रसाईं नेपाली कवितामा अमूर्तवादी र बिम्बवादी सम्प्रदायको नवलेखन धाराका एक सशक्त प्रतिनिधि हुन् भन्ने ठहर भट्टको छ । कवि

प्रसाईंको कवित्वको मूल्याङ्कन गर्दै भट्ट अघि भन्दछन् -"कवितामा अमूर्तता र क्लिष्टता समानार्थी नभएको, कविताको भाषामा शालीनता र आलङ्कारिकताको आवश्यकता रहने हुनाले सुगम र सरल कविताको आग्रहलाई नारा र पर्चावाजीको अर्थमा मात्र लिएको र कला कलाका लगि, साहित्य साहित्यका लागि भन्ने उही पुरानै विशुद्ध रूपवादी पुर्पक्ष गरेको पाइन्छ । त्यसैगरी उनले साहित्यलेखनको उनको खास उद्देश्य सर्वप्रथम आनन्द-आल्हाद हो भनेर कविताको सामाजिक भूमिकालाई अस्वीकार गर्दै आफूभित्रको कविले जे आदेश दिन्छ त्यसैको पालन गर्छु भन्दै कवितालाई नितान्त वैयक्तिक र भाववादी रूपमा परिभाषित गरेका छन् (महेश प्रसाईं : व्यक्ति र कृतिः भूमिका खण्ड) ।"

कवि प्रसाईं जीवनको झंकार र सृष्टिका सौन्दर्य तथा मानवीय संवेदनालाई साहित्यको मूलस्रोत ठान्दछन् भने उनी प्रेम, मानवतावाद, स्वतन्त्रताप्रति नैतिक समर्थन र कर्मवादी रचनात्मक चिन्तन भएका कवि हुन् भन्ने ठहर भट्टको छ ।

**ङ) भारतीय नेपाली कवितावृत्तमा डा. पवन चामलिङको योगदान- महेश प्रसाईं** (२०६२)

यस पुस्तकको टिप्पणी गर्दै भट्टले पवन चामलिङलाई भारतीय नेपाली साहित्यको काव्यफाँटका एक उत्कृष्ट स्रष्टाव्यक्तिका रूपमा चिनाएका छन् । आफ्नो समाजका रोग, भोक, शोक जस्ता विषयले उनलाई कवि बनाएको कारण उनी विगत चार दशकदेखि अनवरतरूपमा सुख, शान्ति र मुक्तिका प्रवक्ता एवं स्पप्नद्रष्टा बनेको प्रसङ्ग कोट्याएका छन् । उनी अघि भन्दछन् - "सामान्य जनजीवन र समसामयिक परिवेशबाट टिपिएका बिम्ब र उपमाहरू सरल शैलीमा र सहज भाषा अनि आजको युग चेतनाका असन्तुष्टि र आकांक्षाहरूको आत्मीक अभिव्यक्तिजस्ता विशिष्टताहरूका कारण उनका रचनाहरू भारत र नेपालका हजारौँ काव्यप्रेमीहरूमाझ निकै लोकप्रिय रहेको पाइन्छ । कला वा कविता स्वयंमा साध्य नभएर एक सभ्य, सुसंस्कृत र मानवीय समाजको नवनिर्माण गर्ने साधन मात्र हुन् भन्ने विचार मानेर पनि कवि पवन चामलिङले शिल्प सौन्दर्यको आफ्नै महत्व हुन्छ भन्ने तथ्यलाई स्वीकार गर्दै आफ्ना रचनाहरूमा सार र रूपको समुचित सन्तुलन कायम गर्नेतर्फ विशेष दृष्टि पुऱ्याएका छन् (भारतीय नेपाली कवितावृत्तमा डा. पवन चामलिङको योगदान- महेश प्रसाईंः दृष्टिकोण) ।" डा. पवन चामलिङझैं अतिशय सक्रिय राजनीतिक जीवनकै समानान्तर उत्तिकै सिर्जनशील साहित्यिक भूमिकाको पनि धर्म निर्वाह गर्न सक्ने प्रतिभा हामीकहाँ विरलै देखापर्ने ठहर भट्टको छ ।

४.४.३.६ **दर्शनशास्त्र**

**क) दर्शनशास्त्र परिचय** (२०५९) को भूमिकाको अध्ययन

वेदुराम भुसालद्वारा लिखित **दर्शनशास्त्र परिचय** (२०५९) मा गोविन्द भट्टद्वारा लिखित **"टाउकाले हैन खुट्टाले टेकेर हिड्ने दर्शनशास्त्र"** शीर्षकको चौध पृष्ठ लामो भूमिका रहेको छ । जम्मा दुई खण्डमा समेटिएको यस पुस्तकको खण्ड एकमा दर्शनशास्त्रको परिभाषा, उदय र वर्गीकरणदेखि लिएर दर्शनको विकासक्रममा देखिएका पूर्वीय तथा पाश्चात्य दुबै क्षेत्रका प्रमुख दार्शनिक धाराहरूको संक्षिप्त चर्चा छ भने खण्ड दुईमा मार्क्सवादी-लेनिनवादी दर्शनको केही विस्तृत व्याख्या गरिएको छ । भट्टका विचारमा नेपाली समाज भावनावादी/अधिभौतिकवादी दर्शनले जन्माएका समस्याहरूद्वारा ग्रसित छ । त्यसैले यस्ता भावनावादी दर्शनको आलोचना र खण्डनबाट नै समाधान निकाल्न सकिन्छ । तसर्थ हामीले सबै दरिद्रता र दासताहरू उत्पन्न गर्ने भावनालाई त्यागिदिएर नै समस्याहरूबाट मुक्त पार्न सक्ने द्वन्द्वात्मक भौतिकवादलाई नै रोज्नुपर्ने राय भट्टको छ । यस्तो महत्वपूर्ण कार्य गर्ने विद्वान् वेदुराम भुसाललाई धन्यवाद दिँदै भट्ट आफ्नो भूमिकाको अन्त्य गर्दछन् ।

**ख) पूर्वीय दर्शनमा भौतिकवाद** (२०६४) को भूमिकाको अध्ययन

रामराज रेग्मीद्वारा लिखित **पूर्वीय दर्शनमा भौतिकवाद** कृतिमा दक्षिण एशियाली हिमाली उपमहाद्वीपमा जन्मेका प्राचीन दर्शनका भौतिकवादी द्वन्द्ववादी पक्षमाथि चर्चा गरिएको छ । जसमा गोविन्द भट्टद्वारा लिखित **"पूर्वीय दर्शनमा भौतिकवाद र हाम्रो राष्ट्रिय चिन्तन"** शीर्षकको बाह्र पृष्ठ लामो भूमिका रहेको छ । यस कृतिमा पूर्वीय जगतका ६ वटा प्राचीन भौतिकवादी दर्शनको विशलेषणात्मक विवरण प्रस्तुत गरिएको उल्लेख भट्टले गरेका छन् । यी सबै दशर्नका प्रस्थापना र विशिष्टतालाई स-साना उप-शीर्षकअन्तर्गत राखेर संक्षेपमा प्रस्तुत गरिएकोले विषयवस्तु सम्प्रेषणीय बनेको ठहर भट्टको छ। नेपालमा जन्मिएका महान् भौतिकवादी चिन्तकहरू कपिल र बुद्धका दर्शनलाई प्रस्तुत गरी नेपाली दर्शन केवल भावनावादी भएको मान्ने मिथ्थावादीलाई झापट हान्न लेखक सक्षम भएको विचार भट्टको रहेको छ । लोकतान्त्रिक नयाँ नेपालको निर्माणमा जुटेका समग्र नेपालीहरूमा यो पुस्तक सहायक हुने ठहर गर्दै भट्ट आफ्नो भूमिकाको अन्त्य गर्दछन् ।

४.४.४ **निष्कर्ष**

यसरी गोविन्द भट्टले आफूलगायत अन्य विभिन्न साहित्यकारका कृतिहरूका भूमिकालेखनमा स्रष्टाहरूका बारे आफ्ना आलोचनात्मक विचारलाई समाजसापेक्षरूपमा निर्भीक ढङ्गले प्रस्तुत गरेका छन् । स्वयं सृजित कृतिहरूमाथि भूमिका लेख्ने सन्दर्भमा एकातिर भट्ट आफ्ना कमीकमजोरीहरूलाई कत्तिपनि ढाकछोप नगरी प्रस्तुत गर्दै पाठकबाट सल्लाह र सुझावको

अपेक्षासमेत गर्दछन् भने अर्कातिर आफ्ना समालोचकीय मान्यताहरूको पनि उल्लेख गर्दछन् । कुनै पनि स्रष्टाको समग्र अध्ययनमा स्वयं स्रष्टाद्वारा लेखिएका भूमिकाहरू पनि सहायक हुन्छन् भन्ने कुराको साक्षी भट्टका भूमिकाहरू रहेका छन् । यो भट्टको भूमिका लेखनको वैशिष्ट्य पनि हो ।

विभिन्न स्रष्टाहरूका फरक-फरक विधाका कृतिहरूका भूमिका लेखेका भट्टले कृति र कृतिकारको परिचयसँगै विधागत मान्यतालाई पनि अघि सारेका छन् । बहुमुखी व्यक्तित्वका धनी भट्ट स्रष्टाहरूका कृतिको अध्ययन, अन्वेषण र आस्वादन गरी आफ्नो दृष्टि राख्न सफल देखिन्छन् । प्रगतिशील विचारका पक्षपाती भट्ट सैद्धान्तिक मान्यताकै परिधिमा रही कृति र कृतिकारको पृष्ठभूमि, सामाजिक संघर्ष, परिस्थिति र प्रभावको साङ्गोपाङ्गो अध्ययनका क्षेत्रमा आफ्ना भूमिकाहरूलाई समेट्छन् । नयाँ तथा सिकारु साहित्यकारका कृतिको भूमिका लेखी प्रेरणा र हौसला प्रदान गर्न चाहने भट्टले अपरिचित र मोफसलका स्रष्टाहरूप्रति सहानभूति राखेको पाइन्छ । सिकारु स्रष्टाहरूलाई हौसला प्रदान गर्ने सन्दर्भमा गुणको बढी तारिफ गरी दुर्गुणहरूलाई सुझावका रूपमा प्रस्तुत गर्नु भट्टको भूमिका लेखनमा देखिएको मौलिक पन हो । युवालेखकदेखि स्थापित प्रौढलेखकसम्मका कृतिमा यिनले भूमिका लेखेका छन् । सामाजिक उपयोगिताका कसीमा कृति र कृतिकारको विश्लेषण गर्न खप्पीस भट्ट केवल प्रगतिशील कित्तामा सीमित नरही प्राप्त भएका सबै कृतिहरूमा इमान्दारीपूर्वक भूमिका लेख्दछन् । यसबाट उनको उदार व्यक्तित्व प्रमाणित हुन्छ । प्रतीकात्मक र सूत्रात्मक शीर्षकचयन गरी कतिपय कृतिको मूल मर्मलाई शीर्षकबाट नै प्रष्ट्याउन सक्षम भट्टले केही मध्यम र केही लामा गरी दुबै आयामका शीर्षकहरू चयन गरेका छन् । त्यस्तै मौलिक र आकर्षक शीर्षकचयन गर्ने नवीन प्रवृत्ति पनि भट्टमा पाइन्छ ।

साहित्यका प्रायशः सबै विधा अनि दर्शन, इतिहास, सँस्कृति आदि क्षेत्रसँग सम्बन्धित विविध क्षेत्रका कृतिहरूमा दरिलो टिप्पणीसहित भूमिका लेख्न सक्षम भट्टका भूमिकाहरू मूलतः व्यापक आयाममा समेटिएका छन् । सरल, सरस भाषाको प्रयोग गरी सामान्य शिक्षितसम्म भाषिक पहुँच विस्तार गर्न चाहनु भट्टको भूमिका लेखनको महत्वपूर्ण पक्ष हो । कतिपय पुनरावृत्तिदोषलाई छोडेर भन्ने हो भने समग्रमा भट्ट नेपाली साहित्यका एक सफल भूमिकालखेक व्यक्तित्वका रूपमा अग्रस्थानमा रहेका छन् ।

### ४.५ फुटकर समालोचनाहरूको अध्ययन

#### ४.५.१ विषय प्रवेश

गोविन्द भट्टका पुस्तकाकाररूप प्राप्त नगरेका कतिपय समालोचनात्मक लेखहरू नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा महत्वपूर्ण सामग्रीका रूपमा रहेका छन् । यस्ता कतिपय

व्यावहारिक तथा सैद्धान्तिक दुबै क्षेत्रका समालोचनाहरूको अध्ययन तथा विश्लेषण अपरिहार्य रहेको कारण यहाँ त्यस्ता तीनवटा महत्वपूर्ण समालोचनाहरूको अध्ययन निम्नानुसार गरिएको छ ।

### ४.५.२ मावचतुङको सौन्दर्यशास्त्र र नेपाली साहित्यको अध्ययन

**'मावचतुङको सौन्दर्यशास्त्र र नेपाली साहित्यको अध्ययन'** (प्रलेस ४,२०५३) लेख माओवादी सौन्दर्यशास्त्रमा आधारित वैचारिक लेख हो । यो लेख माओत्सेतुङ्गको **'ऐनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन'** भन्ने कृतिलाई मुख्य आधार बनाएर लेखिएको देखिन्छ जुन मुक्तिअघिको पुरानो चीनसँग सम्बन्धित भएकाले यसको महत्व वर्तमान नेपालका लागि ठूलो छ भन्ने ठहर भट्टको छ । मार्क्सवादी-लेनिनवादी सौन्दर्यचिन्तनको क्षेत्रमा देखिएका कतिपय अस्पष्टताहरू जस्तै निम्नपूँजीवादी विचार र कार्यशैली, सर्वहारावादी विचारधारा र गैरसर्वहारावादी विचारधारा माझको अन्तर्विरोध र त्यसबाट उत्पन्न हुन गएका विसङ्गतिहरूका साथै अन्य कतिपय भ्रान्तिपूर्ण प्रवृत्तिहरूको स्पष्ट र प्रभावकारी समाधान माओवादी सौन्दर्यशास्त्रले दिएको पाइन्छ । माओले चीनको दीर्घकालीन क्रान्तिकारी संघर्षताक चीनियाँ कम्युनिष्ट पार्टीभित्रका समस्याहरूको कसरी समाधान गर्दै जाने तथा वैचारिक प्रतिष्पर्धामा निम्नपूँजीवादी, पूँजीवाद र संशोधनवादका विरुद्ध आफ्नो सौन्दर्य चिन्तनलाई कसरी केन्द्रित गर्ने सन्दर्भमा यस क्षेत्रमा महत्वपूर्ण कार्य भएको कुरा प्रस्तुत गरिएको छ ।

साहित्य र कलाको स्थान राजनीतिको दाँजोमा गौण हुने भएपनि तिनको प्रभाव राजनीतिमाथि पनि महत्वपूर्ण रहने गर्दछ । यसर्थ "क्रान्तिकारी कला र साहित्य क्रान्तिका सम्पूर्ण उद्देश्यका अंश हुन्, हामीसित अत्यन्त सामान्य र व्यापक अर्थमा समेत कला र साहित्य नभएमा क्रान्तिकारी अभियानलाई विजयसम्म पुऱ्याउन सकिने छैन र यस कुरालाई राम्ररी नबुझ्नु एउटा भूल हुन जानेछ" भन्ने माओको भनाइलाई भट्टले उल्लेख गरेका छन् ।

भट्टले माओवादी सौन्दर्य चिन्तनका मूलभूत विशेषताहरू जस्तै **'पक्षधरताको सिद्धान्त'** अर्थात् साहित्य र कला कसका लागि हुन्, तिनले जनताको सेवा कसरी गर्न सक्दछन्, तिनलाई लोकप्रियका साथै स्तरीय पनि कसरी बनाउँदै जाने, त्यस्तै साहित्यसमीक्षाका मापदण्डहरू के हुन्, कला र साहित्यको फाँटमा पार्टीको काम कस्तो हुन्छ, साहित्यकार तथा कलाकर्मीहरूको संयुक्त मोर्चा कसरी गठन गर्ने, उनीहरूका निम्ति अध्ययन-प्रशिक्षणको व्यवस्था के कस्तो हुनुपर्दछ जस्ता समस्याहरूमाथि अध्यक्ष माओले गर्नुभएका खण्डन, आलोचनहरूलाई उल्लेख गरेका छन् ।

भट्टले **"साहित्य र कला कसका लागि"** भन्ने पक्षधरताको सिद्धान्तप्रति माओद्वारा प्रस्तुत विचारलाई उल्लेख गरेका छन् । वास्तवमा साहित्य र कला जनताका लागि अर्थात् क्रान्तिमा संघर्षरत ज्यामी, किसान र सिपाहीहरूका लागि हुनुपर्दछ । साहित्य र कलामा गैरपक्षधरताको

पक्षपोषण गर्ने गलत चिन्तन हुनुहुँदैन । साँच्ची नै जनताको सेवा गर्ने हो भने त्यस्ता गलत संस्कारहरूमा सुधार ल्याउन लामो र कठिन प्रक्रियाबाट पुनर्शिक्षित हुनैपर्दछ , आफ्ना सबै पछौटे विचार, आचार-व्यवहार, आनीबानी र दृष्टिकोणहरूलाई बदल्नै पर्दछ, मार्क्सवादको अध्ययन गरी समाजमा जानुपर्दछ, आफ्नै अनुभव, श्रम र व्यावहारिक कार्यकलापहरूबाट वर्ग-संघर्षमा सहभागी भएर नयाँ नयाँ रचनाहरूको सिर्जना गर्नुपर्दछ । यथार्थमा व्यापक जनसमुदायको जीवन नै क्रान्तिकारी कला र साहित्यको एक मात्र स्रोत हो । तर त्यस्तो साहित्य वा कला जनजीवनको ठाडो अनुकरण वा यान्त्रिक प्रतिलिपि नभएर सामान्य जीवनभन्दा व्यापक, उच्चत्तर अझै माथिल्लो तहको, आदर्श मूल्यहरूको नजिक पुगेको आकर्षक र प्रभावकारी, इतिहासको गतिलाई अगाडि बढाउन र सामाजिक परिवर्तन ल्याउन सक्षम तथा प्रतिक्रियावादी, विस्तारवादी आक्रमणकारीहरूको प्रतिरोध गर्ने दिशामा एकताबद्ध तुल्याउने हुनुपर्दछ भन्ने प्रगतिवादी-क्रान्तिकारी साहित्यको पक्षधरतामाथि प्रकाश पारिएको कुरालाई पनि भट्टले प्रस्तुत गरेका छन् ।

अर्कोतर्फ “जनताको चेतनास्तरलाई माथि उठाउनु, सुसंस्कृत पार्नु र क्रान्तिमा सहभागी गराउनु, सहयोगी पृष्ठपोषण दिनु कलासाहित्यको प्रयोजन हो (माओ, १९६९:२६७)” भन्ने माओको विचारलाई पनि भट्टले उल्लेख गरेका छन् । यसरी सामान्य जनतालाई मनपर्ने सरल, स्वाभाविक र प्रेरणादायी रचनाहरूकै प्रचार गर्नु पर्दछ किनभने सामन्ती शोषणले गर्दा सर्वसाधारण नरनारीहरू अशिक्षित र अपरिष्कृत नै हुन्छन् र उनीहरूलाई तत्काल सामान्य शिक्षा र व्यापक ज्ञान, सूचना आदिका साथै आफ्नो संघर्षको विजयमा आशावादी, आश्वस्त र एकगठ तुल्याउने साहित्य तथा कलाको खाँचो परेको हुन्छ । त्यसैले उनीहरूको त्यस प्राथमिक आवश्यकतालाई जडिरहनु भन्दा हिउँ परिरहेका मौसममा दाउरा-काठपातहरू पुऱ्याइदिने काम गर्नुपर्दछ । तर रचनाको स्तर उठाउने र तिनलाई जनप्रिय बनाउने कामकुरा एकअर्कासित गाँसिएकाले ती अभिन्न छन् । निम्नवर्गीय जनताको स्तर उठाउनु भनेको सर्वहारा प्रगतिको मार्गदिशातिर अघि बढ्ने गरी माथि उठाउँदै लग्नु हो भन्ने कला-साहित्यको प्रयोजनसम्बन्धी कुरालाई पनि भट्टले माओद्वारा व्यक्त कला-साहित्यको समालोचनाका दुई मापदण्ड हुन्छन्-राजनीतिक र कलात्मक, जसअनुसार साहित्य र कलाका प्रमुख पद्दतिहरूमध्येको एक हो र त्यस समस्याको समाधान गरेपछि नै अरु समस्याहरूको समाधान गर्न सकिने हुनाले त्यसमा विशेष ध्यान दिनु जरुरी छ भन्ने कुरा प्रकाश पारेका छन् । राजनीतिक मापदण्ड मुताविक जनताका तत्कालीन शत्रुहरूका विरुद्ध चलाइएको संघर्षमा सहायक हुने, जनतालाई सबल र एकजुट पार्ने, प्रगतिको क्रमलाई अगाडि बढाउने र अगाडिको विरोध गर्ने साहित्यलाई राम्रो मान्नुपर्दछ भने त्यसो नगर्ने साहित्य वा कलालाई नराम्रो भन्नु पर्दछ । कलात्मक मापदण्डअनुसार कलाको विज्ञानका आधारमा उच्च कलात्मक गुण भएका

रचनाहरूलाई लिनुपर्दछ भन्ने माओवादी साहित्य-समीक्षाका दुई मापदण्डहरूमाथि पनि भट्टले प्रकाश पारेका छन् ।

कला र साहित्यका फाँटमा पार्टीको क्रियाकलापबारे माओको विचारलाई भट्टले अघि सारेका छन् - "कला र साहित्य राजनीतिका अधीन हुन्छन् । विचारधारात्मक र कलासाहित्य सम्बन्धी पार्टीका क्रियाकलापहरूले पाटीको मूल राजनैतिक कार्यक्षेत्रमा यौटा निश्चित र निर्दिष्ट स्थानग्रहण गर्दैछन् र कुनै खास क्रान्तिकारी अवधिताक ती पार्टीका निर्धारित क्रान्तिकारी कार्यभारका मातहतमा पर्दछन् । यस नीतिका विपरीत चल्दा नै द्वैतवादी वा बहुलवादी प्रवृत्तिहरूले जन्म लिएर क्रान्तिकारी कार्यमा गोलमाल उत्पन्न हुन्छ । कला र साहित्य सर्वहारा क्रान्तिरूपी मेसिनका दाँती र पेचहरू हुन् । तिनले पनि आफ्ना तर्फबाट राजनीतिलाई प्रशस्त मात्रामा प्रभावित गर्दछन् । ती क्रान्तिकारी उद्देश्यका अपरिहार्य अङ्ग हुन् ।" यसर्थ क्रान्तिकारी उद्देश्यका लागि साहित्य र कलाका क्षेत्रमा संयुक्त मोर्चाको अत्यन्त ठूलो महत्व हुन्छ र राजनीतिमाभ्रैं त्यसमा पनि कम्युनिष्ट पार्टीको नेतृत्वअन्तर्गत रहेर पार्टीबाहिरका लेखक एवं कलाकारहरूसित एकताबद्ध हुने र त्यसका सँगसँगै उनीहरूका गलत विचारहरूका विरुद्ध संघर्ष पनि गर्दै जाने नीतिको कार्यान्वयन गर्नैपर्दछ भन्ने कलासाहित्य र पार्टीको सम्बन्धमा माओको विचारबारे पनि भट्टले प्रकाश पारेका छन् ।

उपर्युक्त सैद्धान्तिक समस्या र अन्तर्विरोधहरूको समाधान प्रस्तुत गरिसकेपछि माओले तत्कालीन चीनमा देखिएका अन्य गैरसर्वहारावादी विचारहरूलाई पनि खण्डन गर्नुभएको उल्लेख गर्दै त्यस्ता हानिकारक र भ्रमात्मक धारणाहरूलाई सांस्कृतिक क्षेत्रका प्रतिक्रियावादीहरू आफ्ना साहित्य, कला र समीक्षा सिद्धान्तमार्फत् चीनका बिभिन्न भागहरूमा जोडतोडले फैलाइरहेका थिए । जसको प्रभाव ऐनानमा बस्ने निम्नपूँजीवादी पृष्ठभूमिबाट आएका प्रगतिवादी लेखकहरूमाथि पनि पर्न गएको थियो जस्तो त्यसबेला ऐनानका केही लेखकहरू **'मानव-स्वभावको सिद्धान्त'** तथा **'मानवजातिप्रति प्रेम'** वा **'मानव प्रेम'** लाई नै साहित्य लेखनको आधार बनाउनु पर्दछ भन्ने कुरामा विश्वास गर्दथे । सो विचारको विश्लेषण गर्दै माओले दिनुभएको विचारमाथि भट्टले प्रकाश पारेका छन् । वास्तवमा "मानव स्वभाव अमूर्त नभएर मूर्त रूपमा खास वर्गीय स्वरूपमा मात्र प्रकट हुन्छ । वर्गीय छापबाट मुक्त वा वर्गभन्दा माथि उठेको शोषकवर्गमा पर्ने जमिन्दार र पूँजीपतिहरूको मानव स्वभाव पनि आफ्नै किसिमको हुन्छ । तर शोषकवर्गहरू आफ्नो वर्गीय स्वभावलाई लुकाउन र त्यो नै एकमात्र मानवस्वभाव हो भन्ने कुरा देखाउन चाहन्छन् । निम्नपूँजीवादी बुद्धिजीवीहरूले बुझेको वा प्रचार गरेको मानव स्वभाव पनि बहुसङ्ख्यक श्रमजीवी जनताको मानव स्वभाव भन्दा फरक छ । अझ त्यो शोषितवर्गको मानवस्वभावको उल्टो पनि छ र यथार्थमा त्यो पूँजीवादी व्यक्तिवादमा अडेको छ । प्रगतिवादी लेखकहरू सर्वहारावर्ग र व्यापक

जनसमुदायको मानव स्वभावलाई महत्व दिन्छन्" भन्ने माओको विचारलाई भट्टले प्रस्तुत गरेका छन् ।

भट्टले **'मानवजातिको प्रेम'** वा **'मानवप्रेम'** सम्बन्धी माओको विचारलाई प्रस्तुत गर्दै प्रेमको धारणा मनोगत नभएर वस्तुगत व्यवहारका क्रममा विकसित हुँदै जाने, वर्गसमाजमा प्रेम पनि आ-आफ्नो वर्गीयस्वभावअनुसार आ-आफ्नै किसिमको हुने, वर्गीय विभाजन र वर्गशोषण समाप्त भएपछि मात्र वास्तविक अर्थमा मानवजातिको प्रेमले मूर्तरूप लिने, वर्गशत्रु र तिनले गर्ने कुकृत्यहरूलाई समाजका शोषक र उत्पीडकहरूलाई मानव-प्रेमका नाउँमा स्वीकार गर्न नसकिने किनकि प्रगतिवादीहरू सर्वहारावर्गलाई माया-प्रेम गर्दछन् भन्ने माओको विचारलाई उल्लेख गरिएको छ । त्यसैगरी तत्कालीन चीनका एकथरी लेखकहरूको "कला र साहित्यले अँध्यारो र उज्यालो यी दुबै पक्षलाई निश्पक्षताका साथ देखाउनु पर्दछ र तिनको काम सत्यको उद्घाटन गर्नु हो । प्रशंसा र गुणगान गरिहिँड्नु ठीक छैन, उज्यालो पक्षलाई देखाउने सबै रचनाहरू अनिवार्यतः तल्लो दर्जाका हुन्छन्" भन्ने विचारप्रति माओको धारणालाई भट्टले अगाडि सारेका छन् । वास्तवमा क्रान्तिकारी र प्रगतिवादी लेखकहरूले जनतालाई दुःख कष्ट दिने सबै नराम्रा कुराहरू उदाङ्ग्याउनै पर्दछ र तिनका सबै न्यायोचित संघर्षहरूको गुणगान गर्नुपर्दछ । वुर्जुवा लेखकहरूले आफ्नो वर्गको प्रशंसा र जनताको निन्दा-तिरष्कार गर्दछन् । जनपक्षीय लेखकहरूले समाजका सबै शोषकहरू र तिनले गरेका अत्याचार तथा अपराधहरूलाई नाङ्गो पार्नै पर्दछ । उनीहरूले जनतामा पाइने दुर्वल पक्षहरूलाई देखाई जनताको श्रेणीभित्रै आलोचना र आत्म-आलोचनाको पद्दति अपनाउनु पर्दछ । जनतालाई शिक्षित र सचेत पार्दा आफ्ना रचनाहरू, कार्यहरू सम्पूर्ण हृदयदेखि नै इमान्दारपूर्वक गरिएका हुनुपर्दछ । जनताको दृष्टिबिन्दुबाट कुनै पनि कार्यको आलोचना गरिनु पर्दछ भन्ने कुरालाई भट्टले उल्लेख गरेका छन् । यदि लेखक सर्वहारावादी छ भने उसले सर्वहारावर्गको र बुर्जवा छ भने वुर्जुवा वर्गको मात्र गुणगान गाउँदछ भन्ने माओको स्पष्ट अभिव्यक्तिमाथि प्रकाश पार्ने सन्दर्भमा प्रशंसा वा निन्दा, उज्यालो वा अँध्यारो पक्षको उद्घाटनजस्ता धारणाहरू लेखकको विश्वदृष्टिकोणमा निर्भर रहने ठहर भट्टको छ ।

यस्तै गरी मार्क्सवाद विरोधीहरूको मार्क्सवादी लेखकहरू द्वन्द्वात्मक भौतिकवादी सूत्रहरूलाई साहित्यमा दोहोऱ्याउने गर्दछन् किनकि मार्क्सवादले स्रष्टाको सिर्जनात्मक भावनालाई दमन गर्ने र प्रतिभालाई कुण्ठित पार्ने काम गर्दछ भन्ने तर्कका सम्बन्धमा मार्क्सवादको अध्ययन गर्नुको उद्देश्य हामीले साहित्य, कलालाई दार्शनिक ग्रन्थका रूपमा प्रस्तुत गर्नु होइन । यो त हाम्रो वर्ग, समाज अनि संसारभर साहित्य एंव कलाको निरीक्षण-अवलोकन गर्ने क्रममा द्वन्द्वात्मक भौतिकवादी तथा ऐतिहासिक भौतिकवादी दृष्टिविन्दुको प्रयोग गर्नु हो भन्ने माओको धारणालाई भट्टद्वारा प्रकाश पारिएको छ । भट्टले माओत्सेतुङ्को **'ऐनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन'**

कृतिभित्रका माओवादी सौन्दर्यशास्त्रीय सिद्धान्तहरूको चर्चा पछि यी सौन्दर्य चिन्तनहरूको महत्वलाई प्रकाश पार्ने काम गरेका छन् । भट्टका विचारमा कला र साहित्यसम्बन्धी माओको ऐनान प्रवचन चीनियाँ क्रान्तिको विशिष्ट समस्याहरूको समाधान गर्ने क्रममा मार्क्सवादी-लेनिनवादी पद्दतिको प्रयोगको उत्कृष्ट दृष्टान्त हो । शास्त्रीय र जटिल सैद्धान्तिक विषयलाई सरल भाषा र व्यावहारिक शैलीमा सर्वसाधाराण जनताका साथै लेखक र कलाकर्मीहरूलाई बोधगम्य हुने किसिमबाट गम्भीर विषयलाई सजिलोपाराले प्रस्तुत गरिएको वास्तविक जनपक्षीय साहित्य-समीक्षा हो । विश्वसाहित्यलगायत आफ्नो मुलुकका प्राचीन कला साहित्य, इतिहास, दर्शन, पौराणिक गाथा र लोकसाहित्यको गम्भीर अध्ययन गरी मार्क्सवादी-लेनिनवादी सौन्दर्यशास्त्रलाई पचाइसकेपछि जुन विशिष्ट शैलीको निर्माण माओले गर्नुभयो, उहाँको यसै शैलीलाई मार्क्सवादी सौन्दर्यशास्त्रको सिर्जनात्मक विकास गर्ने र चीनियाँ विशिष्टता भएको समाजवाद निर्माण गर्ने प्रक्रियाको एउटा कडी भन्न सकिने ठहर भट्टको छ ।

माओ मूलतः यस युगका प्रमुख सर्वहारावादी राजनेता, सिद्धहस्त लेखक र उत्तम दर्जाका कवि हुनुहुन्थ्यो भन्दै नेपाली राजनीति र साहित्यमा उहाँको सौन्दर्यशास्त्रीय विचारधाराको प्रयोग हुँदै आएको तर मार्क्सवाद-लेनिनवादका मूल सिद्धान्तहरूलाई प्रयोग गर्दा उहाँले अँगाल्नुभएको वैज्ञानिक पद्दतिबाट शिक्षा लिनुपर्ने धारणा प्रस्तुत गरिएको छ । माओको ऐनान प्रवचनले उहाँमा एकपक्षीय कठोर क्रान्तिकारी भयानक व्यक्ति मात्र हेर्न खोज्नेहरूलाई उहाँको व्यक्तित्वमा जनवादी, मानवीय र कोमल तथा सौन्दर्यप्रेमी पक्षहरूलाई बुझ्न ठूलो सहयोग गर्ने विचार भट्टको छ । माओको विचारधारा उग्रपन्थको समानार्थक छ भन्ने सामान्य निम्नपूँजीवादी दृष्टिकोणका विरुद्ध कलाको विज्ञान, समाजको वस्तुगत अवस्थाको यथार्थज्ञान, मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक अध्ययन एवं प्रयोग, सिद्धान्त र व्यवहारको मेल आदिमा जोड दिँदै राजनीति र कला यी दुबैको एकताको आग्रह गर्ने माओको विचारलाई सही परिप्रेक्षमा राखेर अध्ययन गर्नु जरुरी छ भन्ने धारणा अघि सारिएको छ । मार्क्सवाद-लेनिनवादको प्रकाशमा चीनियाँ क्रान्तिका व्यावहारिक अनुभवहरूको वैज्ञानिक निष्कर्षका रूपमा विकसित माओवादी सौन्दर्य चिन्तन द्वन्द्वात्मक भौतिकवादी अध्ययन नमूना हो भन्ने ठहर गरिएको छ । यस सिद्धान्तलाई हाम्रो जस्तो अविकसित कृषिप्रधान मुलुकमा निर्देशक सिद्धान्तको रूपमा प्रयोग गरिए क्रान्तिकारी विजयको लक्ष्यसम्म पुऱ्याउन सकिने कुरा हाम्रा क्रान्तिकारी बुद्धिजीवीहरूले हृदयङ्गम गर्नुपर्दछ साथै माओझैँ हामी पनि अन्धानुकरण र यान्त्रिक प्रयोगका विरुद्ध रही नेपाली परिवेशअनुरूप सिर्जनात्मक प्रयोगतर्फ अग्रसर हुनुपर्ने निष्कर्ष भट्टले निकालेका छन् ।

**४.५.३ कवि भूपि शेरचन र केही टिप्पणीहरू** लेखको अध्ययन

**'कवि भूपि शेरचन र केही टिप्पणीहरू'** (यथार्थवादी नेपाली समालोचना:२०६२) समालोचक गोविन्द भट्टद्वारा लिखित पछिल्लो समालोचनात्मक लेख हो । आधुनिक नेपाली गद्यकविता क्षेत्रका चर्चित कवि भूपि शेरचनको काव्यिक मूल्य निरूपण गर्ने सन्दर्भमा कवितात्मक विषय वस्तु र शिल्पविधानका दृष्टिले शेरचनद्वारा नवीन युगको सुरुवात भएको ठहर भट्टको छ । गोपालप्रसाद रिमालभन्दा अघि बढेर नेपाली गद्यकवितालाई परिष्कृत तुल्याई छन्दकविताकै समानान्तरमा उभ्याइदिने काम भूपिले गरे । अन्य समीक्षकको भनाइलाई स्वीकार्दै नेपाली कविताले राजनीतिक नाराबाजीको रूप ग्रहण गरिरहेका बेला भूपिले नारालाई कविताको रूप र स्वादिष्टता प्रदान गरेर प्रगतिशील साहित्यलाई स्तरीयता र शास्त्रीय परिष्कारका साथ अन्य साहित्यहरूसितको प्रतिद्वन्द्वितामा टिक्न सक्ने एक सशक्त र लोकप्रिय साधन बनाइदिएका छन् भन्ने धारणा भट्टको छ ।

भट्टको विचारमा भूपिको **'घुम्ने मेचमाथि अन्धो मान्छे'** आधुनिक नेपाली साहित्यको कालजयी रचना हो । जसमा सङ्कलित कविताहरूमा इतिहासको गौरववोध र वर्तमानको दुर्दशा, सामाजिक-आर्थिक भेदभाव, तत्कालीन शीतयुद्ध, देशभक्ति, विश्वप्रभुत्ववादी र विस्तारवादी शक्तिराष्ट्रहरूको अतिक्रमण तथा हस्तक्षेपविरुद्ध अन्तर्राष्ट्रिय ऐक्यबद्धता, अनाथ र विधवाहरू, विदेश जाने लाहुरे र भ्रष्ट, अयोग्य हाकिमतन्त्र, बिदेशी संस्कृतिबाट पथभ्रष्ट आधुनिक युवायुवतीहरू, सडकपेटीका मगन्ते र भरियाहरू आदिका साथै अन्तर्राष्ट्रिय क्षेत्रका विसङ्गतिहरू पनि सजीवतासाथ प्रतिबिम्बित भएका छन् ।

मानवीय चरित्रका दुर्बलता र पाखण्डी रूप अनि देशको लज्जाजनक र अपमानजनक अव्यवस्थाप्रति शिष्ट र सौम्य तर कठोर र मर्मभेदी व्यङ्ग्यात्मक आक्षेपहरूद्वारा हाम्रो अन्तस्करणलाई नै घोच्दै र हल्लाउँदै नेपाली अस्मिताको नवोन्मेषको उद्बोधन गरिएको छ । यसरी भूपिशेरचन आधुनिक नेपाली जनजागरणका एक सशक्त प्रवक्ता, एक लोकप्रिय युगकविकै रूपमा देखा पर्दछन् भन्ने राय भट्टको छ ।

भट्टले भूपिका आफ्नो युगका मूल प्रवृत्तिहरूको पहिचान गर्ने यथार्थदृष्टि, सामाजिक जीवनसित गाँसिएको सिर्जना, समसामयिक संघर्षहरूबाट अलग्गिएर आफ्नै मनोजगत्मा गुडुल्किदै बस्ने प्रवृत्तिहरूका विपरीत निर्वैयक्तिकताका साथै युग परिवर्तनलाई आत्मसात गर्न सक्ने अनुभूति जस्ता काव्यप्रवृत्तिहरू रहेको निरुपण गरेका छन् । आधुनिक भाषा र शैलीको नयाँ गद्यकविताद्वारा यथास्थितिका कुरूप पक्षहरूप्रति सचेत तुल्याउँदै युगपरिवर्तनको आवश्यकताबोध गराउने दिशामा भूपि शेरचनका रचनाहरूको महत्वपूर्ण योगदान रहेको ठहर भट्टको छ ।

भट्टले आजसम्म भूपिका सम्बन्धमा गरिएका अध्ययनहरू केवल एकपक्षीय भएकोले समग्रमा उनका गुण-दोषलाई आधार बनाएर समीक्षात्मक मूल्याङ्कन गर्नुपर्ने राय व्यक्त गरेका छन् । एक उच्चवर्गीय सुविधासम्पन्न परिवारका सदस्य भूपिको जीवन विरोधाभासपूर्ण र विवादास्पद थियो र आजसम्म रहेको ठहर भट्टको छ । भूपिका कविताकृतिहरू भन्दा उनको राजनीतिक व्यक्तित्व अझ उनको वामपन्थी विचार र प्रतिवद्धताकै कारण उनी विवादास्पद बन्न पुगेका छन् । आफ्नो साहित्यिक जीवनको पूर्वार्द्धमा खाँटी प्रगतिवादी बनेका कवि शेरचन उत्तरार्द्धमा आएर पलायनवादी बनेको प्रसङ्ग कोट्याउँदै भट्ट भन्दछन् "विशेष गरी एक विकासशील देशको दलीय राजनीतिका जटिलताहरूबीच उनी जस्ता स्पष्टवक्ता, हक्की, संवेदनशील र सुरुदेखिकै स्वच्छन्द प्रकृतिका स्रष्टालाई एक कम्युनिष्ट पार्टीको कठोर अनुशासनमा बाँधिएर बसिरहनु त्यत्ति सजिलो पनि थिएन । त्यसैले केही दिन सक्रिय कम्युनिष्ट कार्यकर्ताको प्रमुख काव्यरचनाहरूको माध्यमबाट हाम्रो समाजका विषमता र बिवेकहीनतालाई उदाङ्ग्याउने, यथास्थितिका विरुद्ध व्यङ्ग्यात्मक प्रहार गर्ने र आफ्ना ती पुराना आदर्शहरूलाई साकार पार्ने दिशामा उनको योगदान निरन्तर कायमै रहिरहेको थियो । सामान्यतः आफ्ना अन्य समकालीन स्रष्टाहरूभन्दा उनी प्रगतिशील पक्षतर्फ नै बढी प्रतिबद्धरहेका थिए (पृष्ठः४१) ।"

यसरी भट्टले भूपिलाई प्रगतिशील कविका रूपमा मूल्याङ्कन गरेका छन् । त्यसैगरी भूपि शेरचनजस्ता वर्गीय पृष्ठभूमि र उन्मुक्त चरित्रका स्रष्टाबाट विशुद्ध क्रान्तिकारी जीवनको अपेक्षा गरिहाल्नु, उनमा सतप्रतिशत विशुद्धता खोजी हिँड्नु र त्यो नपाएमा उनको निन्दा बहिस्कार गर्ने नीति अँगाल्नु स्वयंमा द्वन्द्वात्मक भौतिकवादी चिन्तन नभएर एक आदर्शवादी, अवैज्ञानिक चिन्तन हो भन्ने निष्कर्ष भट्टको छ । कतिपय प्रगतिवादी समालोचकहरूको भूपिप्रतिको दृष्टिकोणमा खोट देखिएको सन्दर्भ उल्लेख गर्दै भट्टले उपर्युक्त तर्क अगाडि सारेको देखिन्छ । परन्तु भूपिको कम्युनिष्ट पार्टीसँगको सम्बन्ध तथा पूर्वार्द्धका प्रगतिवादी कविताको अध्ययन मूल्याङ्कन र उत्तरार्द्धको पलायनवादी प्रवृत्ति साथै काव्यकृतिहरूको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी वैज्ञानिक मूल्यका आधारमा मूल्याङ्कन गरी निष्कर्ष दिने हो भने अन्य प्रगतिवादी समालोचकहरूको अगाडि भट्टको निष्कर्ष विरोधाभासपूर्ण देखिन्छ ।

### ४.५.४ **ओयाङ हाइको गीतका लेखकसँग तीनघण्टा** लेखको अध्ययन

**'ओयाङ हाइको गीत का लेखकसँग तीनघण्टा'** गोविन्द भट्टले आफ्नो चीन बसाइका क्रममा **'ओयाङ हाइको गीत'** उपन्यासका लेखक चिन् चिङ माइसँग तीनघण्टासम्म गरेको वार्तालापमा आधारित समालोचनात्मक लेख हो । जसबाट उपन्यासको पृष्ठभूमि तथा उपन्यासकारको सफलतापछि रहेका वास्तविक रहस्यहरूको बारेमा जानकारी मिल्दछ । **'ओयाङ**

**हाइको गीत'** उपन्यासको प्रकाशनलाई साहित्यको संसारमा एउटा क्रान्तिकारी घटनासित दाँजिएको प्रसङ्ग उल्लेख गर्दै चीनियाँ समाजवादी साहित्यले नौलो ऐतिहासिक अध्यायभित्र प्रवेश गरेको नौलो पाइलोको रूपमा सुविख्यात यथार्थवादी, क्रान्तिकारी उपन्यासको रूपमा प्रशंसा गरेको कुरा भट्टले उल्लेख गरेका छन् । उपन्यासकारले व्यक्त गरेका विचारहरू गम्भीर, प्रभावशाली तथा सर्वहारावादी साहित्यिक दृष्टिबाट अनुपम र अविस्मरणीय रहेको ठहर भट्टको छ । यस्तो युगान्तकारी, क्रान्तिकारी उपन्यासका लेखक माइ स्वंयममा पनि नम्र, सरल, अहंकारहीन र प्रष्टवादी भएकै कारण यस्तो महान् कार्य सफल भएको निष्कर्ष भट्टको छ ।

आफ्ना आलोचकहरूलाई स्वागत गर्नु, प्रशंसक, प्रचारकहरूबाट टाढिनु साथै जनतालाई आफ्नो गुरु र आफूलाई सधैं जनताको शिष्य सम्झेर सर्वहारावर्गको सांस्कृतिक उत्थानमा मरिमेट्ने व्यक्ति माइसँगको साक्षात्कारलाई भट्टले महान् अवसरका रूपमा लिएका छन् । चीनियाँ क्रान्तिका वीर योद्धा **'ओयाङ हाइ'** को वीरतामा आधारित  यस उपन्यासका लेखकको जनप्रियता, वर्गीय पक्षधरता, व्यावहारिक आदर्श तथा निरन्तरको कठिन प्रयत्नजस्ता गुणहरू नेपाली साहित्यकारहरूका निम्ति प्रेरणाको स्रोत रहेको ठहर भट्टको छ । वास्तवमा 'जीवन नै सबै कला र साहित्यको एक महान् मुहान हो' भन्ने अध्यक्ष माओको भनाइलाई आत्मसात गरेको स्वीकारोक्तिले पार्टीको नेतृत्व, लेखकहरू र जनसमुदाय-यी तीनवटा पक्षको संयुक्त प्रयासबाट मात्र सफल साहित्यको निर्माण हुन सक्ने लेखकको विचारप्रति भट्टले सहमति जनाएका छन् । मुख्य पात्र हाइको जीवनका साना साना कुराहरूको चित्रणद्वारा मानिसको वर्गचरित्र छर्लङ्गिने बिचारसँग पनि भट्टले सहमति जनाएका छन् । त्यसैगरी कुनै पनि चरित्र वा वीर आफ्नो वर्ग र युगबाट बेग्लिएर छुट्टिएका व्यक्ति हुँदैनन् । समाज, राष्ट्र, पार्टी र युगबाट बेग्लिएर हेर्नु असत्य, अपूर्ण र अवैज्ञानिक हुन्छ तथा युगका समस्यालाई वर्गीय र वर्गसंघर्षको दृष्टिकोणबाट नहेरी यथार्थवादी क्रान्तिकारी उपन्यास लेख्न नसकिने उपन्यासकारको विचार हाम्रा निम्ति बहुमूल्य रहेको स्पष्ट हुन्छ । आफ्ना देशका शोषित-पीडित जनतालाई आफ्नो **'वर्ग-भाइवाद'** को दृष्टिले हेरी उनीहरूको मुक्तिका लागि ज्यानसमेत अर्पण गर्न तयार रहन सक्नुपर्दछ किनकि हाम्रा हरेक काम क्रान्तिको लक्ष्यतर्फ अग्रसर हुनुपर्दछ भन्ने उपन्यासको निष्कर्ष नेपाली क्रान्तिनायकहरूका निम्ति गुरुमन्त्र भएको निष्कर्ष यस लेखबाट निकाल्न सकिन्छ ।

# पाँचौं अध्याय

# उपसंहार निष्कर्ष

## ५.१ उपसंहार

नेपाली साहित्यका विविध फाँटका उर्वर स्रष्टा गोविन्द भट्ट वि.सं. २०१७ सालपछि समालोचनाका क्षेत्रमा प्रवेश गर्दछन् । **"हृदयचन्द्र विचार र दर्शन"** (२०१७) लेखद्वारा यसक्षेत्रमा प्रवेश गरेका भट्ट **'सौता एक मूल्याङ्कन'** (२०१९) लेखद्वारा कृतिपरक समालोचनाको पनि आरम्भ गर्दछन् । त्यसैगरी समालोचकीय मूल्यका दृष्टिले उत्कृष्ट भूमिकाहरू लेखी भट्टले स्रष्टाका कृतिहरूको अध्ययन, अन्वेषण र मूल्याङ्कन गर्ने काम गरेका छन् । प्रगतिशील सैद्धान्तिक मान्यतालाई आत्मसात गर्दै कृतिको सूक्ष्म विश्लेषण तथा कृति र कृतिकारको पृष्ठभूमि, सामाजिक संघर्ष, परिस्थिति र प्रभावको समग्र अध्ययन पछि मात्र निष्कर्ष दिएका छन् । सामाजिक उपयोगिताका आधारमा स्रष्टा र उसका रचनाको गम्भीर अध्ययन पछि निष्कर्षमा पुगेका भट्टका भूमिकाहरू समालोचनाका सन्निकट रहेकै कारण समालोचक भट्टको अध्ययनमा उनका भूमिकाहरूको अध्ययन पनि आवश्यक ठानिएको हो ।

वि.सं. २०२४ सालदेखि भूमिका लेखनमा सक्रिय भट्टले आजसम्म लगभग तीन दर्जनभन्दा बढी कृतिहरूमा भूमिका लेखिसकेका छन् । योजनाबद्ध र गम्भीर अध्ययनगरी लेखिएका भूमिकाहरू आफ्ना कृतिमाथि आफैले लेखेका भूमिका र अरुका कृतिमाथि लेखिएका भूमिका गरी दुई भागमा बाँड्न सकिन्छ । भट्टले स्वयं लिखित कृतिहरूमाथि भूमिका लेख्ने सन्दर्भमा एकातिर आफ्ना कमीकमजोरीहरूलाई कत्तिपनि ढाकछोप नगरी प्रस्तुत गर्दै पाठकहरूबाट सल्लाह र सुझावको अपेक्षासमेत गरेका छन् भने अर्कातिर आफ्ना समालोचकीय मान्यताहरूको पनि उल्लेख गरेका छन् । अरु विभिन्न स्रष्टाका विभिन्न विधाका कृतिहरूमाथि भूमिका लेख्दा भट्ट कृति र कृतिकारको परिचयसँगै विधागत मान्यतालाई पनि अघि सार्दछन् । नवीन तथा सिकारु साहित्यकारका साथै मोफसलका स्रष्टाहरूप्रति सहानुभूति राख्दै उनीहरूका कृतिहरूमाथि भूमिका लेखी प्रेरणा प्रदान गर्ने काम भट्टले गरेका छन् । प्रगतिशील साहित्यकार तथा समालोचक भट्टले केवल प्रगतिशील साहित्यकारका कृतिहरूमाथि मात्रै भूमिका नलेखी प्राप्त भएका सबै कृतिहरूमाथि इमान्दारीपूर्वक भूमिका लेखेका छन् । भट्टले भूमिकामा समालोचनासम्बन्धी आफ्ना मान्यताहरू निकै तार्किक र बौद्धिक ढङ्गले व्यक्त गरेका कारण यिनका भूमिकाहरू अध्ययनीय बनेका छन् । भाषाशैलीका दृष्टिले यिनका भूमिकाहरू निबन्धात्मक, प्रबन्धात्मक भए पनि कृति र कृतिकारको साङ्गोपाङ्ग अध्ययनपछि मूलभूत प्राप्ति र अप्राप्तिलाई ठम्याई विश्लेषण साथ प्रस्तुत गरिएकाले यी भूमिकाहरू समीक्षात्मक नै छन् । निष्कर्षमा भट्टका भूमिकाहरूमा सरल र सरस

भाषाशैली, प्रतीकात्मक शीर्षकचयन, सिर्जनको विधागत परिभाषीकरण, समालोचकीय मूल्यमान्यताको तार्किक प्रस्तुति, सामाजिक उपयोगिताको अपेक्षा, प्रगतिवादी चेतनाको सम्प्रेषण, नयाँ र मोफसलका स्रष्टाहरूप्रति सम्मान र सहानुभूति जस्ता महत्वपूर्ण उपलब्धिहरू रहेका छन् ।

वि.सं. २०१७ देखि २०२८ सालसम्म अर्थात् नेपाली प्रगतिवादी समालोचनाको दोस्रो चरणमा आफ्नो समालोचना यात्राको सुभारम्भ गर्ने भट्टले यसै अवधिभित्र आफ्ना महत्वपूर्ण समालोचनाहरू लेखेको पाइन्छ । चार दशकभन्दा लामो समालोचना यात्रा पार गरी सकेका समालोचक भट्टले प्रगतिवादी नेपाली समालोचनाको विकासमा महत्वपूर्ण योगदान यसै अवधिमा गरेको देखिन्छ । भट्टको हालसम्म केवल एउटै मात्र **'गोविन्द भट्टका समालोचना'** (२०५५) समालोचना कृति प्रकाशित भएको छ । यसभित्रका समालोचनाहरूले वि.सं.२०२० को दशकतिर नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । वि.सं. २०१७ सालमा प्रकाशित **'हृदयचन्द्र विचार र दर्शन'** देखि **'प्रगतिवाद र मानवतावाद', 'अघाएको साहित्य र भोकाएको साहित्य', 'भानुभक्त र आजको नेपाल'** जस्ता वि.सं. २०२८ सालमा प्रकाशित उत्कृष्ट समालोचनाहरू यसै सङ्ग्रहमा प्रकाशित भएका छन् । वि.सं.२०२८ पछि वि.सं.२०३९/४० सालतिरबाट मात्रै भट्ट पुनः लेखनकार्यमा लाग्दछन् । यसरी लगभग १०/१२ वर्षसम्म निष्कृय रही पुनः सकृय बनेको भट्टको लेखनी अब समालोचना लेखनभन्दा भूमिका लेखनतिर बढी क्रियाशील बनेको पाइन्छ जुन अद्यापि जारी छ ।

भट्टले सैद्धान्तिक र व्यावहारिक दुबै किसिमका समालोचना लेखेका छन् । भट्टद्वारा मूलतः सैद्धान्तिक र अंशतः व्यावहारिक समालोचनाहरू लेखिएका छन् । संख्यात्मक लेखनभन्दा गुणात्मक लेखन रुचाउने भट्टको गम्भीर लेखन व्यापक छ । भट्टद्वारा छनोट गरिएका विषय, स्रष्टा तथा कृति प्रगतिवादइतरका पनि रहेका छन् । प्रगतिवादी प्रतिभामा मात्र सीमित नरही पाएसम्मका कृतिहरूको अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गर्नु भट्टको मौलिक विशेषता हो । उनी आफ्ना समालोचनामा सामाजिक उपयोगिता, राष्ट्रवादी भाव, प्रगतिशीलता तथा रूपान्तरणकारी भूमिकाका आधारमा कृतिलाई सफल र असफल ठानी विश्लेषण गर्दछन् । भट्टका सैद्धान्तिक समालोचनाहरूमा वैचारिक मार्क्सवादी सौन्दर्यशास्त्रीय मूल्यहरू अभिव्यक्त भएका छन् भने व्यावहारिक समालोचना तत्कालीन परिस्थितिको आवश्यकतालाई मध्यनजर गरी लेखिएको पाइन्छ । मूलतः भट्ट सैद्धान्तिक समालोचनाक्षेत्रका सशक्त समालोचक हुन् ।

भट्टले आफ्ना समालोचनामार्फत् प्रखर राष्ट्रवादी स्वर अगाडि सारेका छन् । साहित्य सामाजिक वस्तु हो त्यसैले साहित्यको उद्देश्य देशविकास र देशवासीको चरित्रनिर्माण गर्ने हुनुपर्दछ । सामाजिक उपयोगिता नै साहित्य जोख्ने प्रमुख कसी हो । प्रगतिवादी मूल्यमान्यताले देशविकासमा

सही दिशानिर्देशन गर्नुपर्दछ भन्ने ठहर उनको छ । यसरी भट्टका राष्ट्रवाद र प्रगतिवाद एक अर्कामा पूरक बनेका छन् । भट्ट राष्ट्रवाद र प्रगतिवादको अन्योन्याश्रित सम्बन्ध स्थापित गर्न प्रयत्नरत समालोचक तथा चिन्तक हुन् । प्रगतिवाद र अग्घोर राष्ट्रवादको समन्वयबाट मौलिक नेपाली सौन्दर्यशास्त्रको निर्माण गर्ने अभीष्ट भट्टको रहेको देखिन्छ । यही समन्वयवादी चिन्तनकै कारण भट्टका समालोचनाले दह्रो ढङ्गले प्रगतिवादी सौन्दर्यशास्त्रीय मूल्यलाई आत्मसात नगरेको स्पष्ट देखिन्छ । भट्ट महाकवि लक्ष्मीप्रसाद देवकोटामा क्रान्तिकारी र भौतिकवादी प्रवृत्तिको प्रचुरता देखाई यसै धारमा उनको मूल्याङ्कन गर्दछन् । योगनाथ प्याकुरेलद्वारा लिखित **'सौता'** नाटकलाई कतिपय सन्दर्भकै आधारमा प्रगतिशील ठान्दछन् । भीमनिधि तिवारीद्वारा लिखित **'सिंहदरबार'** कवितासङ्ग्रहका कविताहरूलाई यथार्थवादी रचनाको पगरी गुथाउँछन् । त्यस्तै इन्दिरा प्रसाईँका कविताहरू अन्तर्राष्ट्रियस्तरका छन् भनी मूल्याङ्कन गर्दछन् । तर उपन्यासकार डी.पी. अधिकारीद्वारा लिखित **'आशमाया'** उपन्यासलाई भने प्रगतिवादको नाममा गरिएको नकारात्मक प्रचारवाजी भन्दै तिरस्कार गर्दछन् ।

मूलतः भट्टले प्रगतिवादी सौन्दर्यशास्त्र, सिद्धान्त र व्यावहारबीच समन्वय नखोज्नु, वर्गीय पक्षधरताको धरातलसम्म पुग्न नसक्नु, मार्क्सवादी सौन्दर्यशास्त्रीय विधि र दृष्टिकोणभन्दा प्रखर राष्ट्रवाद तथा सामाजिक उपयोगितावादका कसीमा सीमित रही समग्र कृतिको मूल्याङ्कन गर्दै मौलिक नेपाली प्रगतिवादी सौन्दर्यशास्त्रको अपेक्षा गर्नु आदि कारणहरूद्वारा उनले प्रगतिवादी सौन्दर्यचिन्तनलाई पूर्णतः आत्मसात गर्न नसकेको स्पष्ट देखिन्छ । तसर्थ भट्टको समालोचनाको सैद्धान्तिक आधार शुद्ध प्रगतिवादी नभई प्रगतिशील र प्रगतिवाद दुबैको समष्टिगत रूप हो ।

### ५.२ निष्कर्ष

वि.सं.१९९४ साल साउन २ गते नारायणी अञ्चको रौतहट जिल्लामा जन्मिएका गोविन्द भट्ट वि.सं.२००८ सालमा वनारसबाट प्रकासित हुने **'युगवाणी'** पत्रिकामा **'शोषित पुकार'** शीर्षकको कविता प्रकाशन गरी सिर्जना क्षेत्रमा प्रवेश गरेका हुन् । उनी सक्रिय रहेको प्रमुख विधा समालोचना हो । वि.सं. २०१७ सालमा **'हृदयचन्द्र विचार र दर्शन'** लेख लेखी उनी समालोचनाको क्षेत्रमा प्रवेश गर्दछन् । नेपाली प्रगतिवादी समालोचनाको क्षेत्रमा पुराना पुस्ताका महत्वपूर्ण समालोचकको रूपमा उनको स्थान सुरक्षित छ । कुनै पनि कृतिको समालोचना गर्दा उनले प्रगतिशील मूल्य-मान्यताद्वारा कृति र कृतिकारको पृष्ठभूमि, सामाजिक उपयोगिता, सामाजिक यथार्थ र संघर्षको चित्रण, रूढिवादी परम्परा तथा धार्मिक अन्धविश्वासप्रतिको विरोध, राष्ट्रप्रेमको चर्चा, राष्ट्रविरोधी शक्तिप्रति घृणा, परिवर्तनप्रति मोह र आस्थाको अभिव्यक्ति, जडसूत्रवाद तथा यान्त्रिकताप्रति विरोध र मौलिकताको अपेक्षा जस्ता विशेषता भट्टका समालोचनामा पाइन्छन् ।

समालोचकीय मूल्यले ओतप्रोत प्रशस्त भूमिकाहरू लेखेर भट्टले आफूलाई सफल भूमिका लेखकका रूपमा पनि उभ्याएका छन् ।

भट्टले सैद्धान्तिक तथा व्यावहारिक दुबै किसिमका समालोचना उत्तिकै सशक्त ढङ्गले लेखेका छन् । सैद्धान्तिक समालोचनाअन्तर्गत प्रगतिवादी साहित्य सिद्धान्तको अध्ययन अनुशीलन गरेका छन् भने व्यावहारिक समालोचनाअन्तर्गत कथा, कविता, उपन्यास, निबन्ध, नाटक, समालोचना तथा दर्शनजस्ता विविध विधासम्बन्धी गहन अध्ययन गरेका छन् । सैद्धान्तिक समालोचनाअन्तर्गत भट्टले मार्क्सवाद तथा प्रगतिवादको दार्शनिक आधार, पृष्ठभूमि, प्रमुख मान्यता र चिन्तन परम्परामाथि प्रकाश पारेका छन् । त्यस्तै पूर्वीय एवं पाश्चात्य चिन्तन परम्परा साथै नेपाली साहित्यमा प्रचलित अवधारणाका आधारमा पनि अध्ययन तथा मूल्याङ्कन गरेका छन् । व्यावहारिक समालोचनाअन्तर्गत कविता, निबन्ध, उपन्यास विषयक समालोचनामा राम्रो समीक्षात्मक सीप प्रस्तुत गरेका छन् । नेपाली साहित्यमा प्रमुख प्रतिभाहरूको मूल्यनिर्धारण गर्दा राष्ट्रिय, जातीय र सामाजिक चेतनाका आधारमा गरेका छन् । समाजशास्त्रीय चिन्तनलाई व्यावहारिक रूप दिँदै स्तरीय भाषिक रूप प्रस्तुत गरेका छन् ।

साहित्यभन्दा समाजलाई प्रमुखता दिएर लेखिएका भट्टका समालोचनाहरूले सामाजिक उपयोगितालाई विश्लेषणको आधार बनाएका छन् । लेखक र कृतिको पृष्ठभूमिसहित समग्रतामा अध्ययन गर्ने सन्दर्भमा प्रगतिवादी साहित्यको ऐतिहासिक झलक पनि भट्टका समालोचनाले दिएकै छन् । भट्टले प्रगतिवादका सैद्धान्तिक र व्यावहारिकतालाई ध्यानमा राखेर समालोचना गर्दा इतिहासबोध जस्तो गम्भीर पक्षलाई अन्य समालोचकका तुलनामा गम्भीर ढङ्गले प्रस्तुत गरेका छन् जुन प्रगतिवादी समालोचनामा महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ । मूलतः सैद्धान्तिक वैचारिक समालोचना लेखनमा भट्टको खुबी झल्किएको छ । प्रगतिवाद र प्रगतिवादइतरका स्रष्टा र कृतिहरूलाई समेत समेटेर मूल्याङ्कन गरी प्रगतिवादी दृष्टिकोणको आधार निर्माण गर्नु भट्टको प्राप्ति हो भने उचित तथ्य र प्रमाण विना कतिपय लेखक तथा कृतिहरूलाई प्रगतिवादी कित्तामा सहजै स्वीकार्नु भट्टको कमजोरी हो ।

## सन्दर्भसामग्रीसूची

### क) पुस्तक तथा पत्रपत्रिकाहरूको सूची


अधिकारी, रविलाल, नेपाली समालोचनाको रूपरेखा, पोखरा : लेकाली प्रकाशन, २०५१ ।

......................... प्रगतिवादी नेपाली समालोचना, पोखरा : लेकाली प्रकाशन, २०५६ ।

अधिकारी, हेमाङ्गराज पूर्वीय समालोचना सिद्धान्त, काठमाडौं साझा प्रकाशन, २०५० ।

अर्याल, मुरारी मार्क्सवादी सौन्दर्य विधान र आलोचना, काठमाडौं (प्र.सं.) सृष्टि प्रकाशन, २०४७ ।

उपाध्याय, केशवप्रसाद, रिमाल व्यक्ति र कृति (ते.सं), काठमाडौं : साझा प्रकाशन, २०४९ ।

......................... नेपाली साहित्यको इतिहास, काठमाडौं : नवीन प्रकाशन, २०५१ ।

......................... साहित्य प्रकाश, (ते.सं.), काठमाडौं, साझा प्रकाशन, २०३० ।

एटम, नेत्र, समालोचनाको स्वरूप (प्र.सं.) ललितपुर साझा प्रकाशन, २०६१ ।

कडवेल, क्रिस्टोफर विभ्रम और यथार्थ (अनु. भगवान सिंह) नयाँ दिल्ली: राजकमल प्रकाशन, सन् १९९० ।

कँडेल, घनश्याम नेपाली समालोचना, काठमाडौं साझा प्रकाशन, २०५५ ।

गौतम, कृष्ण, आधुनिक आलोचना : अनेकरूप, अनेकपठन, ललितपुर : साझा प्रकाशन, २०५० ।

......................... दिनेश अधिकारीको कविता : विपठनका दृष्टिले सिर्जनाको सुवास, काठमाडौं : साझा प्रकाशन, २०५३ ।

चापागाईं, निनु यथार्थवादी रचना दृष्टि र विवेचना, काठमाण्डौ : दिल वरदान र महिम चापागाईं, २०५१ ।

चैतन्य मार्क्सवादी कलादृष्टि र समीक्षा, काठमाडौं : चिन्तन प्रकाशन, २०५४ ।

जी.वी. प्लेखानोभ आर्ट एण्ड सोसियल लाइफ, नयाँ दिल्ली : पिपुल्स पब्लिसिङ हाउस सन् १९५३ ।

ढकाल, घनश्याम, मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना, पोखरा : विजय ढकाल, २०५४ ।

.........................(सं.) यथार्थवादी नेपाली समालोचना, पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

त्रिपाठी, बासुदेव, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०३६ ।

थापा, मोहन हिमांशु साहित्य परिचय, ललितपुर (दो.सं.) : साझा प्रकाशन, २०५० ।

पाण्डेय, ताराकान्त, प्रगतिवाद र कविता, काठमाडौं : शीला योगी, २०५० ।

......................... कला साहित्य : भूमिका र मूल्याङ्कन, काठमाडौं : चिन्तन प्रकाशन, २०५३ ।

पौडेल, गोपीन्द्र, सौन्दर्यवोध र समीक्षा विविध, काठमाडौं : उर्मिला पौडेल, २०५९ ।

पौडेल, हेमनाथ, प्रगतिवादी नेपाली कविता : पृष्ठभूमि, परम्परा र प्रवृत्ति, ह्यूमानिटिज एण्ड सोसियलसाइन्सजर्नल, रत्न राज्य क्याम्पस, २०६० ।

पौड्याल, हीरामणि शर्मा, समालोचनाको बाटोमा, चितीपानी : इन्दिरा शर्मा, पौड्याल, २०४१ ।

......................... परिक्रमा, चितीपानी : इन्दिरा शर्मा पौड्याल, २०४४ ।

......................... रचना र विवेचना, पर्वत : इन्दिरा शर्मा पौड्याल, २०४६ ।

पौडेल, हेमनाथ, कृष्णमणि साहित्य पुरस्कारद्वारा सम्मानित स्रष्टाहरू, कृष्णमणि साहित्य पुरस्कार व्यवस्थापन समिति, २०६४ ।

प्रधान, कृष्णचन्द्रसिंह, भञ्ज्याङ्गनिरै, काठमाडौं : लेखक स्वयं, २००८ ।

......................... साझा समालोचना, काठमाडौं : साझा प्रकाशन, २०२५ ।

प्रभात, विष्णु, चिन्तन र सौन्दर्य, काठमाडौं : कल्पवृक्ष प्रकाशन, सन्: १९९१ ।

......................... प्रलेसको संक्षिप्त इतिहास, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६३ ।

बराल, ऋषिराज, प्रगतिवाद र नेपाली उपन्यास, विराटनगर : प्रभात जनसाहित्य परिवार, २०४० ।

......................... मार्क्सवाद र उत्तर आधुनिकतावाद, विराटनगर : सविता वराल, २०५२ ।

भट्ट, गोविन्द, गोविन्द भट्टका समालोचनाहरू, वगर फाउन्डेशन : रविलाल अधिकारी, २०५५ ।

........................ गोविन्द भट्टका मार्क्सवादी चिन्तनहरू, काठमाडौं : दोभान प्रकाशन, २०५९ ।

........................ दीपशिखा, अभिमत, (अङ्क २), दीपशिखा साहित्यिक परिवार, हेटौंडा, २०६३, कार्तिक-पौष ।

........................ नेपाली साहित्य, अभिमत, (अङ्क २/३), कार्तिक-पौष, पृ: २७ ।

........................ मावचतुङको सौन्दर्यशास्त्र र नेपाली साहित्य, प्रलेस (अङ्क ४), काठमाडौं, २०५३ ।

........................ नेपाललाई बुझ्ने समस्याः एक लामो र कठिन प्रक्रिया, काठमाडौंः नव आलोक प्रकाशन, २०४३ ।

........................ (अनु), अन्तर्विरोध बारे, नेपाल-चीन मैत्री सङ्घ, काठमाडौं, २०२५ ।

भट्ट, आनन्ददेव, व्यावहारिक समालोचना, काठमाडौं, भारद्वाज प्रकाशन, २०४८ ।

भट्टराई, घटराज, नेपाली साहित्यकार परिचय कोष, काठमाडौं : नेपाल रिसर्च एसोसिएट्स, २०५१ ।

भण्डारी जगदीशचन्द्र साहित्य : चिन्तन र विवेचन, काठमाडौं : मुन्नी भण्डारी, २०५० ।

........................ प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण, काठमाडौं : मुन्नी भण्डारी, २०५५ ।

..........र संजीवदास श्रेष्ठ, (अनु), साहित्य र यथार्थ, काठमाडौं : निमित्त जन साहित्य प्रकाशन केन्द्र, २०५६ ।

........................ पृथक् सृजन : पृथक् निरूपण, काठमाडौं : मुन्नी भण्डारी, २०६० ।

बराल, ऋषिराज, प्रगतिवाद (प्र.सं.), विराटनगर : हाम्रो साहित्य सदन, २०४९ ।

भिक्टर, आफानास्थेभ, अनुवाद राजेन्द्र मास्के, दर्शनशास्त्रको प्रारम्भिक ज्ञान (दो.सं.), काठमाडौंः सहभागी प्रकाशन, २०५४ ।

मिश्र, शिव कुमार, मार्क्सवादी साहित्य चिन्तन, भोपाल : मध्यप्रदेश, हिन्दी ग्रन्थ अकादमी, सनः १९७३ ।

माओत्सेतुङ, येनान प्रवचन (सन् १९६९), चुने हुए लेख (अनु रामआसारे वर्मा), काठमाडौं प्रगति प्रकाशन

मार्क्स, कार्ल तथा फ्रेडरिक एङ्गेल्स, (सन् १०८४), साहित्य और कला, (अनु तथा सम्पा रमेश सिन्हा), लखनउः इन्डिया पब्लिसर्स ।

लम्साल, शक्ति, मार्क्सवाद, समाज र साहित्य, नेपाल : जनदिशा प्रकाशन, २०६१ ।

लुइँटेल, हरिगोविन्द, जनएकता साप्ताहिक, अंक २६, भानुभक्त र मानुभक्तहरू, २०६२, पुस ।

वैद्य, निरञ्जनगोविन्द, (अनु), मार्क्स, एङगेल्स कम्युनिष्ट पार्टीको घोषणापत्र काठमाडौं : प्रगति प्रकाशन, २०४८ ।

शान्तदास, (अनु), ओयाङ हाइको गीत, काठमाडौं... चीन मैत्री सङ्घ, २०२४ ।

शर्मा, तारानाथ, नेपाली साहित्यको इतिहास, दो.सं., काठमाडौं : संकल्प प्रकाशन, २०३९ ।

शर्मा, मोहनराज र लुँइटेल खगेन्द्र, शोधविधि, काठमाडौं साझा प्रकाशन, २०५२ ।

........................ पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

श्रेष्ठ, कृष्णदास, मार्क्सवादका विचारधारात्मक स्रोतहरू, काठमाडौं : प्रगतिशील पुस्तक भण्डार, २०४२ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०४० ।

श्रेष्ठ, दयाराम, साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ, काठमाडौंः त्रिकोण प्रकाशन, २०५९ ।

सुवेदी, अभि, पाश्चात्य काव्य सिद्धान्त, काठमाडौं : ने.रा.प्र.प, २०४८ ।

सुवेदी, राजेन्द्र नेपाली समालोचना परम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन, २०६१ ।

सिंह नामवर, इतिहास और आलोचना (दो.प्र), नयाँ दिल्ली : राजकमल प्रकाशन प्रा.लि., सन् १९९१ ।

**ख) शोधपत्रहरूको सूची**

ए.सी., विमलकुमार, "युद्धप्रसाद मिश्रका कवितामा प्रगतिवादी", अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०५२ ।

खनाल, दुर्गाप्रसाद, "प्रगतिवादी समालोचनामा जगदीशचन्द्र भण्डारीको योगदान", शोधपत्र, पाटन संयुक्त क्याम्पस, २०६३ ।

पाण्डेय, ताराकान्त, "प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ", अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, त्रि.वि. कीर्तिपुर २०५५ ।

पाण्डेय, हुमकुमारी, "साहित्यकार गोविन्द भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन", शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०५५ ।

भण्डारी, जगदीशचन्द्र, "प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास", अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, त्रि.वि. कीर्तिपुर, २०५३ ।

भुषाल, ऋषिराम, "प्रगतिवादी समालोचना र नेपाली समालोचनामा यसको प्रयोग" अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, त्रि.वि. कीर्तिपुर, २०३८ ।

राई, देवविक्रम, "प्रगतिवादी नेपाली कवितामा कलम पत्रिकाको योगदान", अप्रकाशित स्नाकोत्तर शोधपत्र, रत्नराज्य लक्ष्मी क्याम्पस, २०५८ ।